केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौ
इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५
हटलाइन ०१ ५० १० ०००

क्षेत्रीय कार्यालयहरू

विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर,
फोन ०४१ ५२७८११, ५२७८१२
फ्याक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६३८२२
फ्यायाक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१५२५६२३

उपक्षेत्रीय कार्यालयहरू

खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४
रूपन्देही, बुटवल, फोन ०७१ ५४६९११
जुम्ला, खलङ्गा, फोन ०८७ ५२०२२२

सशस्त्र द्वन्द्वमा मानव अधिकार र शवोत्खनन

सशस्त्र द्वन्द्वमा
मानव अधिकार र शवोत्खनन

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

सशस्त्र द्वन्द्वमा
मानव अधिकार र शवोत्खनन

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर
२०७१

प्रकाशक : राष्ट्रिय मानव अधिकार आयोग
प्रकाशन मिति : १४ भदौ, २०७१ (३० अगस्ट, २०१४)
संस्करण : पहिलो
प्रति : १०००
प्रकाशन नं. : रामाअआ १८३
आवरण तस्वीर : गोदार शवोत्खनन
मुद्रण : एपेक्स प्रिन्टीङ्ग प्रेस प्रा.लि., तीनकुने, फोन नं. ०१-४१११८११
सर्वाधिकार : राष्ट्रिय मानव अधिकार आयोग, नेपाल

आयोगको पूर्व-स्वीकृतिविना यस प्रतिवेदनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू मात्र साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

लेखन/सम्पादन

वासुदेव बजगाईं, श्यामबाबु काफ्ले, कैलाशकुमार सिवाकोटी, रेगम महर्जन

भूमिका

शवोत्खनन, फौजदारी न्याय प्रक्रियामा प्रमाण सङ्कलन गर्ने वैज्ञानिक विधि हो । शवोत्खनन गर्ने कार्य गैरन्यायिक हत्या वा बलपूर्वक बेपत्ता पारेर व्यक्तिहरूलाई मारी उनीहरूको शव गाड्ने जस्ता मानव अधिकार उल्लङ्घनका गम्भीर घटनाहरूको न्याय निरूपण गर्ने क्रममा गरिन्छ । मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाको प्रमाण सङ्कलन गर्न यस्तो कार्य सामान्यतः सशस्त्र द्वन्द्वपछिको सङ्क्रमणकालीन अवधिमा गर्ने गरिएको पाइन्छ । मानव अधिकारको आधारभूत मान्यता र यिनै अभ्यासका आधारमा नेपालमा पनि मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित यस किसिमका घटनाहरूमा शव उत्खनन गर्ने कार्य भएका हुन् । नेपालमा यस्तो कार्य फौजदारी मुद्दाको अनुसन्धानका क्रममा नेपाल प्रहरीबाट पनि हुने गरेको छ ।

मानव अधिकार उल्लघङ्नका घटनाहरूमा यस किसिमको कार्य राष्ट्रिय मानव अधिकार आयोगले सशस्त्र द्वन्द्वको अवधिमा रामेछाप जिल्लाको दोरम्बामा भएको गैरन्यायिक हत्यासम्बन्धी घटनाबाट सुरु गरेको हो । गैरन्यायिक हत्यासम्बन्धी दुईवटा र बलपूर्वक बेपत्ता पारी मारेर गाडिएको भनिएका नौवटा गरी एघारवटा शवोत्खनन कार्यमा आयोग संलग्न भएको छ । हालसम्म गरिएका उत्खननमध्ये बलपूर्वक बेपत्तापछि मारेर गाडिएका नौ र गैरन्यायिक हत्याका बिस गरी जम्मा उनन्तिस जना व्यक्तिहरूको मृत्युको कारण वैज्ञानिक रूपमा पुष्टि भएको छ । बलपूर्वक बेपत्ता पारिएका नौ जना व्यक्तिहरूको अवस्था सार्वजनिक भएको छ र ती घटनामा मृतकका आफन्तहरूको घटनाका बारेमा “सत्य जान्न पाउने” अधिकारको सम्मान भएको छ । यस प्रतिवेदनमा उल्लेख भएका अधिकांश घटनाहरूमा बेपत्ता व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगले गर्नुपर्ने भनिएको सत्य पत्ता लगाउने कार्य पनि भएको छ ।

शवोत्खननको प्रत्यक्ष सम्बन्ध मानवीय संवेदनासँग हुन्छ । यस्तो संवेदनील विषयमा पीडित तथा तिनका परिवारजनहरू तथा सम्बन्धित सरोकारवालाहरूलाई जानकारी गराउनु आयोगको कर्तव्य हो । यसै परिप्रेक्ष्यमा बलपूर्वक बेपत्ता पारिने कार्यविरुद्धको अन्तर्राष्ट्रिय दिवस (अगस्ट ३०) को सन्दर्भमा यस वर्ष यो “सशस्त्र द्वन्द्वमा मानव अधिकार र शवोत्खनन्” एकीकृत प्रतिवेदन प्रकाशन गरिएको हो । यस एकीकृत प्रतिवेदनले शवोत्खनन गरी अनुसन्धान भएका वियषहरूलाई दस्तावेजीकरण गर्दै शवोत्खनन सम्बन्धमा आयोगको संलग्नतामा भएका कार्यहरूको जानकारी सर्वसाधारण तथा सरोकारवालाहरूलाई गराउने उद्देश्य राखेको छ । यस प्रतिवेदनले भविष्यमा गठन हुने भनिएको बेपत्ता व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगसमेतको

कार्यलाई पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ । प्रतिवेदनको प्रकाशनले पीडितहरूको मानव अधिकारको सम्मान र संरक्षण एवम् दोषीहरूउपर कानुनी कारबाही गर्ने गराउने कार्यमा नेपाल सरकारलाई पनि पर्याप्त सहयोग पुग्ने विश्वास छ । साथै, यस किसिमको कार्यमा निरन्तर सहयोग गर्न मानव अधिकारको क्षेत्रमा कार्यरत व्यक्ति/सङ्घसंस्थाहरूलाई पनि प्रतिवेदनले सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

अन्त्यमा, यस प्रतिवेदनको लेखन तथा सम्पादन गरी प्रतिवेदनलाई यस रूपमा ल्याउन अथक प्रयास गर्नुहुने आयोगका अधिकृतहरू वासुदेव बजगाईं, श्यामबाबु काफ्ले, कैलाशकुमार सिवाकोटी, रेगम महर्जन र अनुसन्धान महाशाखाका प्रमुख यज्ञप्रसाद अधिकारी लगायत सबैलाई विशेष धन्यवाद दिन चाहन्छु । शवोत्खनन कार्यमा सक्रियता र संलग्नता जनाउनुहुने आयोगका पूर्व सदस्यहरू, अनुगमन तथा अनुसन्धान कार्यमा संलग्न आयोगका कर्मचारीहरू, पीडित परिवारजन, स्थानीय मानव अधिकारकर्मी तथा सञ्चारकर्मीहरू, शवोत्खनन टोलीका सम्पूर्ण सदस्यहरू, विशेषज्ञ तथा सुरक्षाकर्मीहरू एवम् यस कार्यमा सहयोग पुऱ्याउनुहुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधि एवम् विशेषज्ञहरूप्रति पनि आयोगका तर्फबाट विशेष धन्यवाद ज्ञापन गर्दछु ।

वेदप्रसाद भट्टराई
का.मु.सचिव
३० अगस्ट, २०१४

विषयसूची

१.१ शवोत्खननको परिचय १
१.२ मानव अधिकार संरक्षणमा शवोत्खननको आवश्यकता र महत्त्व........................३
  १.२.१ पीडितलाई न्याय ३
  १.२.२ बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको पहिचान ४
  १.२.३ पीडितहरूको साँस्कृतिक अधिकारको संरक्षण ५
  १.२.४ द्वन्द्वकालीन घटनाको अभिलेखन ५
  १.२.५ पीडितको मानव अधिकार र कानुनी अधिकारको सम्मान ५
१.३ प्रतिवेदनको उद्देश्य..६
१.४ प्रतिवेदन तयारी विधि..६
१.५ प्रतिवेदनको सीमा ७
२.१ शवोत्खननसम्बन्धी कानुनी व्यवस्था ९
  २.१.१ राष्ट्रिय कानुनमा भएका व्यवस्थाहरू..९
  २.१.२ राष्ट्रिय मानव अधिकार आयोग, शवोत्खनन मार्ग निर्देशिका, २०६९................११
  २.१.३ अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरू..१२
३.१ शवोत्खनन विधि १५
  ३.१.१ शवोत्खननपूर्व १६
  ३.१.२ शवोत्खननको क्रममा..१७
  ३.१.३ शवोत्खननपछि १७
  ३.१.४ कानुनी र वैज्ञानिक विधिको संयोजन १८
४.१ आयोगको संलग्नतामा भएका शवोत्खनन..१९
  ४.१.१ गैरन्यायिक हत्याका घटनामा भएका शवोत्खनन २०
  ४.१.१.१ घटनाको सङ्क्षिप्त ब्यहोरा २०
  ४.१.१.२ आयोगले गरेको अनुसन्धान २१
  ४.१.१.३ शवोत्खनन प्रक्रिया र प्राप्त तथ्यहरू २२
  ४.१.१.४ आयोगबाट भएको निर्णय २५
  ४.१.२ कुमरी घटना..२५
  ४.१.२.१ घटनाको सङ्क्षिप्त ब्यहोरा २५
  ४.१.२.२ आयोगले गरेको अनुसन्धान..२६
  ४.१.२.३ आयोगबाट भएको निर्णय २७

४.२ बलपूर्वक बेपत्ता पारिएका घटनाहरूमा भएका शवोत्खनन २७
४.२.१ केवलपुर घटना २७
४.२.१.१ घटनाको सङ्क्षिप्त ब्यहोरा र आयोगले गरेको अुसन्धान २७
४.२.१.२ उत्खननबाट प्राप्त तथ्यहरू.. २९
४.२.१.३ आयोगबाट भएको निर्णय ३०
४.२.२ चलाल गणेशस्थान घटना.. ३०
४.२.२.१ घटनाको सङ्क्षिप्त ब्यहोरा र आयोगले गरेको अनुसन्धान ३०
४.२.२.२ उत्खननबाट प्राप्त तथ्यहरू.. ३२
४.२.२.३ आयोगबाट भएको निर्णय ३३
४.२.३ छत्रेदेउराली घटना..३३
४.२.३.१ घटनाको सङ्क्षिप्त ब्यहोरा र आयोगले गरेको अनुसन्धान..........................३३
४.२.३.२ प्राप्त तथ्यहरू ३५
४.२.३.३ आयोगबाट भएको निर्णय ३५
४.२.४ मलेखु घटना ३६
४.२.४.१ घटनाको सङ्क्षिप्त ब्यहोरा र आयोगले गरेको अनुसन्धान.......................... ३६
४.२.४.२ प्राप्त तथ्यहरू ३७
४.२.४.३ आयोगबाट भएको निर्णय.. ३७
४.२.५ पाँचखाल घटना ३७
४.२.५.१ घटनाको सङ्क्षिप्त ब्यहोरा.. ३७
४.२.५.२ प्राप्त तथ्यहरू ३८
४.२.५.३ आयोगबाट भएको निर्णय ३९
४.२.६ रामशिखरझाला घटना.. ४०
४.२.६.१ घटनाको सङ्क्षिप्त ब्यहोरा र आयोगले गरेको अनुसन्धान ४०
४.२.६.२ प्राप्त तथ्यहरू.. ४१
४.२.६.३ आयोगबाट भएको निर्णय ४२
४.२.७ द्वारी घटना ४३
४.२.७.१ घटनाको सङ्क्षिप्त ब्यहोरा र आयोगले गरेको अुसन्धान ४३
४.२.७.२ प्राप्त तथ्यहरू.. ४४
४.२.७.३ आयोगबाट भएको निर्णय ४५
४.२.८ शिवपुरी घटना.. ४६

४.२.८.१ घटनाको सङ्क्षिप्त ब्यहोरा ४६
४.२.८.२ आयोगद्वारा भएको अनुगमन एवम् अनुसन्धानबाट प्राप्त तथ्यहरू ४७
(क) थुनुवा केन्द्र र बन्दीहरूको सङ्ख्या ४७
(ख) थुनुवा केन्द्रको पहिचान तथा परीक्षण ४८
(ग) थुनाको अवस्था ४९
(घ) हिरासतभित्र यातना ५०
(ङ) हिरासतभित्र मृत्यु ५१
(च) हिरासतबाट बेपत्ता ५२
(छ) शिवपुरी क्षेत्रबाट बेपत्ता ५४
४.२.८.३ शिवपुरी क्षेत्रमा शवोत्खनन ५५
४.२.८.४ आयोगबाट भएको निर्णय ६०
४.२.९ गोदार घटना ६१
४.२.९.१ घटनाको सङ्क्षिप्त ब्यहोरा र आयोगबाट भएको अनुसन्धान ६१
४.२.९.२ गोदार शवोत्खनन ६४
४.२.९.२.१ पहिलो चरणको शवोत्खनन ६४
(क) शवोत्खननपूर्व ६४
(ख) शवोत्खननको क्रममा ६७
(ग) शवोत्खननपछि ६८
४.२.९.२.२ दोस्रो चरणको शवोत्खनन ७१
(क) शवोत्खननपूर्व ७१
ख) शवोत्खननको क्रममा ७१
ग) शवोत्खननपछि ७२
४.२.९.३ प्राप्त तथ्यहरू ७४
४.२.९.४ आयोगबाट भएको निर्णय ७७
४.२.१० अन्य घटनाहरू ७८
५.१ चुनौतीहरू ७९
५.२ निष्कर्ष ८०
५.३ सुझावहरू ८४
५.४ सहकार्य र समन्वय ८४
अनुसूचि – १ .... ८६

अनुसूची – २ .... ८७
अनुसूची – ३ .... ९४
अनुसूची – ४ .... १०२
अनुसूची – ५ .... ११०
अनुसूची – ६ .... ११७
अनुसूची – ७ .... ११८
अनुसूची – ८ .... १२३
अनुसूची – ९ .... १२७
अनुसूची – १० .... १३७
अनुसूची – ११ .... १४१

परिच्छेद-१

परिचय

१.१ शवोत्खननको परिचय

शवोत्खनन कानुनी प्रक्रिया पूरा गर्न वैज्ञानिक प्रविधिबाट सावधानीपूर्वक प्रमाण सङ्कलन तथा त्यसको परीक्षण गरिने एक महत्त्वपूर्ण विधि हो । व्यक्तिको शव गाडिएको अवस्थामा सो विषयमा अनुसन्धान गर्नुपर्ने आवश्यकता भएमा त्यस्तो शवलाई व्यवस्थित र प्रक्रियागत रूपमा उत्खनन गरी सो विषयमा वैज्ञानिक अनुसन्धान गर्ने कार्यलाई शवोत्खनन भनिन्छ । गैरकानुनी रूपमा मारेर गाडिएको वा बेपत्ता पारिएको व्यक्तिको मृत्यु भई अवस्था सार्वजनिक हुन नसकेको अवस्थामा त्यस्ता व्यक्तिको पहिचान गर्नका लागि शवोत्खनन गर्नुपर्ने हुन्छ । मानव अधिकार संरक्षणका सन्दर्भमा कुनै पनि कारणले हराएको वा बलपूर्वक बेपत्ता पारिएको वा गैरन्यायिक रूपमा हत्या गरेर शव गाडिएको अवस्था भएमा त्यस्तो शव जमिनबाट उत्खनन गरी यसको वैज्ञानिक अनुसन्धान गर्नुपर्ने आवश्यकता पर्दछ । यसबाट हराएका व्यक्तिको पहिचान गर्नुको साथै मृत्युको कारण पत्ता लगाउन र कोबाट कसरी मारिएको हो भन्ने लगायतका कुराहरूको अन्वेषण गर्ने प्रयास गरिन्छ जसबाट पीडितको सत्य जान्न पाउने अधिकारको संरक्षण हुनुको साथै दोषीमाथि फौजदारी कानुनी कारबाही गर्न आवश्यक पर्ने प्रमाणहरू सङ्कलन गर्न मद्दत मिल्दछ ।

सामान्यतः शवोत्खनन भन्नाले मारेर गाडिएका मानिसका शवहरूको उत्खनन गर्ने कार्यलाई बुझिन्छ । यसलाई अर्को अर्थमा तथ्य लुकाउने उद्देश्यले बदनियतपूर्वक वा लापर्बाहीपूर्ण तरिकाले वा अन्य कुनै कारणले कानुनबमोजिमका प्रक्रिया नपुऱ्याई मृतक व्यक्तिको शव गाडिएको र त्यस्ता घटनाहरूमा मृतकको मृत्युको कारण वा मृतकको पहिचान गर्न अनुसन्धान गर्नुपर्ने हुँदा सो प्रयोजनको लागि शव उत्खनन गरिने कार्यलाई शवोत्खनन भनिन्छ । शवोत्खनन सम्बन्धमा पुरिएको शवलाई खनेर निकाल्ने कार्य[१] जमिनमा गाडिएको वस्तुलाई उत्खनन गरेर निकालिने कार्य[२] मेडिकल अनुसन्धानको लागि गाडिएको शवलाई उत्खनन गर्ने कार्य[३] शङ्कास्पद शवहरूको मृत्युको कारण पत्ता

---

[१] http://www.answers.com/topic/exhumation-2#ixzz1UKARfC00

[२] http://www.audioenglish.net/dictionary/exhumation.htm

[३] http://definitions.uslegal.com/e/exhume/

लगाउनको लागि अटोप्सी गर्ने उद्देश्यले गाडिएको स्थानबाट शव निकालिने कार्य[४] लाई समेत शवोत्खनन भनिन्छ भनी उल्लेख गरेको पाइन्छ । राष्ट्रिय मानव अधिकार आयोग शवोत्खनन मार्ग-निर्देशिका २०६९ मा बलपूर्वक बेपत्ता पारी मारिएका वा गैरकानुनी रूपमा मारेर गाडिएका तर पहिचान हुन नसकेका एक वा एकभन्दा बढी व्यक्तिहरूको शव गाडिएको आशङ्का भएको स्थानमा उत्खनन गरी मानव-अवशेषहरू र सोसँग सम्बन्धित प्रमाणहरूको सङ्कलन गर्ने तथा सोको परीक्षण गरी पीडितको पहिचान गर्ने, प्रमाणहरूको परीक्षण एवम् मूल्याङ्कन गर्ने कार्यसमेतलाई शवोत्खनन भनिन्छ[५] भनी उल्लेख गरिएको छ ।

उल्लिखित परिभाषाहरूबाट कुनै पनि व्यक्तिलाई गैरकानुनी रूपमा मारेर गाडिएको अवस्थामा मृत्युको कारण पत्ता लगाउन एवम् बलपूर्वक बेपत्तापछि मारी गाडिएका व्यक्तिको पहिचानका लागि विधिविज्ञानको मान्यताबमोजिम परीक्षण गर्ने प्रयोजनको लागि गरिने शव वा आशङ्कित शवको उत्खनन र प्रमाण सङ्कलन गर्ने कार्य नै शवोत्खनन हो भनी बुझ्न सकिन्छ । द्वन्द्वकालीन घटनाको शवोत्खनन नेपालमा नयाँ अभ्यास भए पनि ल्याटिन अमेरिकी मुलुकहरूमा यो कार्य बढी मात्रामा भएको पाइन्छ । ग्वाटेमाला, एल साल्भाडोर, कोलम्बिया र पेरुमा भएका आम नरसंहारका घटनाहरू पछि शवोत्खनन भएका थिए । चिली, अर्जेन्टिना, उरुग्वे, ब्राजिल र पाराग्वेमा बलपूर्वक बेपत्तापछि मारिएका व्यक्तिहरूको शवोत्खनन भएको थियो भने सामाजिक हिंसाको कारण भएका घटनामा भेनेजुयला, मेक्सिको र पनामा तथा प्रजातान्त्रिक शासन व्यवस्था भएका भनिएका इक्वेडोर र होन्डुरसमा पनि मानव अधिकार संरक्षणार्थ शवोत्खनन कार्य भएको पाइन्छ ।[६]

नेपालको सन्दर्भमा खासगरी २०५२ सालेखि २०६३ सालको अवधिमा भएको सशस्त्र द्वन्द्वको क्रममा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरू र गैरन्यायिक रूपमा हत्या गरेर शव गाडिएका व्यक्तिहरूको बारेमा अनुसन्धान गर्ने क्रममा शवोत्खननको आवश्यकता महसुस भएको हो । सशस्त्र द्वन्द्वको क्रममा भएका यस्ता मानव अधिकार हननका घटनाहरूमा पीडितलाई न्याय प्रदान गरी मानव अधिकार संरक्षण गर्ने सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न घटनाहरूमा शवोत्खनन गरी अनुसन्धान गर्ने वा यसरी अनुसन्धान गर्न नेपाल प्रहरीलाई निर्देशन दिने कार्य गरेको थियो । आयोगमा दर्ता भएका उजुरीहरूको सत्यतथ्य अन्वेषण गर्न, प्रमाण सङ्कलन गर्न, पीडित परिवारलाई आफ्ना प्रियजन तथा नातेदारको शव वा अवशेष उपलब्ध गराई आफ्नो धर्म, संस्कृति र परम्पराअनुरूप दाहसंस्कार गर्ने वातावरण सृजना गर्न शवोत्खनन गर्नु अपरिहार्य भएको हो । बेपत्ता वा मृत्युपश्चात्का विभिन्न कानुनी

---

[४] http://www.duhaime.org/LegalDictionary/E/Exhumation.aspx

[५] शवोत्खनन मार्ग निर्देशिका, २०६९ राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर, पृष्ठ १

[६] विस्तृत जानकारीको लागि हेर्नुहोस् www.psysr.org/jsacp/garcia-v2n2-10_48-81, Journal for Social Action in Counseling and Psychology : Volume 2, Number 2, Fall 2010

व्यवधान तथा अड्चनहरू हटाउन एवम् पीडितको पहिचान गरी अवस्था सार्वजनिक गर्ने र पीडकलाई फौजदारी कानुनी कारबाहीको दायरामा ल्याउन सहज होस् भन्ने उद्देश्यले आयोगद्वारा अनुसन्धानको क्रममा अन्य विभिन्न विधिका अतिरिक्त शवोत्खनन गर्नेसम्मका कार्यहरू गर्नुपर्ने आवश्यकता परेको हो । यसबाट पीडित व्यक्ति एवम् परिवारहरूको मानव अधिकारको सम्मान, संरक्षण र समग्रमा व्यक्तिको न्याय पाउने अधिकारलाई अति महत्त्वका साथ हेरिएको छ ।

सशस्त्र द्वन्द्वको क्रममा भएका घटनाहरूको अनुसन्धान गर्ने क्रममा आयोगको संलग्नतामा हालसम्म एघारवटा स्थानहरूमा शवोत्खनन भएका छन् । जसमा दुईवटा स्थानमा गरिएका शवोत्खननहरू गैरन्यायिक हत्याको अनुसन्धानसँग सम्बन्धित थिए भने अन्य नौवटा स्थानमा भएका शवोत्खननहरू बलपूर्वक बेपत्ता पारिएका घटनासँग सम्बन्धित थिए । यसरी आयोगको संलग्नतामा शवोत्खनन सम्पन्न गरी सो अनुसन्धानको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

१.२ मानव अधिकार संरक्षणमा शवोत्खननको आवश्यकता र महत्त्व

गैरकानुनी रूपमा हत्या गरेर शव गाडिएका वा बेपत्ता पारिएका व्यक्तिहरूलाई मारेर गाडेको पाइएमा अनुसन्धानका लागि प्रमाण जुटाउन शवोत्खनन अपरिहार्य हुन आउँछ । यसबाट घटनास्थल तथा मृतकको शारीरिक जाँच गरी विभिन्न किसिमका प्रमाणहरू सङ्कलन गरिन्छ । शवोत्खननबाट हराएको व्यक्तिको पहिचान तथा गैरकानुनी रूपमा मारेर गाडिएका व्यक्तिको मृत्युको कारणहरू पत्ता लगाइन्छ, जुन कुरा अनुसन्धानका लागि महत्त्वपूर्ण प्रमाणहरू हुन् । बुँदागत रूपमा उल्लेख गर्दा शवोत्खनन गर्नुपर्ने कारणहरूलाई निम्नबमोजिम उल्लेख गर्न सकिन्छ ।

१.२.१ पीडितलाई न्याय

गैरकानुनी तवरले मारेर गाडिएको व्यक्तिको मृत्युको कारण पत्ता लगाई पीडित पक्षलाई न्याय प्रदान गर्न प्रमाणहरू जुटाउन शवोत्खनन गर्नुपर्ने आवश्यकता पर्दछ । मृतकको पहिचान र मृत्युको कारण पत्ता नलाग्दासम्म घटना रहस्यपूर्ण रहने र न्याय प्रदान गर्ने क्रममा हुन सक्ने विवादको समाधानका लागि पनि यसको आवश्यकता हुन सक्दछ । शवोत्खननबाट बलपूर्वक बेपत्तापछि मारिएर गाडिएका एवम् अन्य तरिकाले मारेर गाडिएका व्यक्तिको मृत्युको कारणलगायतका तथ्यहरू पत्ता लगाउन सकिन्छ । यसका लागि शवोत्खनन गरी परीक्षणपश्चात् पुगिने निष्कर्षले पीडितको पहिचान भई पीडित परिवारलाई राहत, क्षतिपूर्ति, परिपूरणको व्यवस्था गर्न एवम् घटनामा संलग्न दोषीलाई कारबाही गर्न सहयोग पुग्ने हुन्छ । यस प्रयोजनका लागि शवोत्खननको आवश्यकता देखिन्छ । शवोत्खननका क्रममा सङ्कलन गरिने साक्षीहरूको बयान/सूचना, भौतिक

सबुत प्रमाणहरूको सङ्कलन एवम् विभिन्न अभिलेखहरूले फौजदारी न्याय सम्पादनको क्रममा गरिने अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन महत्त्वपूर्ण योगदान दिन्छ ।

१.२.२ बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको पहिचान

सशस्त्र द्वन्द्वको अवधिमा वलपूर्वक बेपत्ता पारिएका अझै पनि तालिकामा उल्लेख भएबमोजिम कम्तीमा ८४६ व्यक्तिहरूको अवस्था अज्ञात छ ।[७] यस्ता व्यक्तिहरूमध्ये कतिपयलाई मारेर गाडिएको विश्वास गरिएको छ । कतिपय घटनाहरूमा आयोगको अनुसन्धानबाट पनि बलपूर्वक बेपत्तापछि व्यक्तिलाई मारेर गाडिएको पुष्टि भएको छ । बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको पहिचानका लागि पनि शवोत्खनन गरिनु आवश्यक भएको छ । बेपत्ता पारिएका व्यक्तिका परिवार वा आफन्तले आफ्नो परिवारको सदस्यको अवस्थाका बारेमा जानकारी पाउने अधिकारको सम्मान त्यस्ता व्यक्तिको पहिचानपछि मात्र हुन सक्ने हुँदा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिलाई मारेर शव गाडिएको पाइएमा त्यस्ता व्यक्तिहरूको पहिचानका लागि शवोत्खनन गर्नुपर्ने अवस्था आउँदछ ।

तालिका नं. १ : राष्ट्रिय मानव अधिकार आयोगमा दर्ता भएका उजुरीहरूको आधारमा आफै वेपत्ता पारिएका भनिएका व्यक्तिहरूको सङ्ख्या

कार्यालयहरू	राज्यपक्षबाट	तत्कालीन नेकपा (माओवादीबाट)	अन्य समूहबाट	जम्मा
क्षेत्रीय कार्यालय, बिराटनगर	३२	३४	१२	७८
उपक्षेत्रीय कार्यालय, खोटाङ्ग	२	३	४	९
केन्द्रीय कार्यालय, ललितपुर	१५५	२५	४१	२२१
क्षेत्रीय कार्यालय, जनकपुर	३१	४	४	३९
क्षेत्रीय कार्यालय, पोखरा	७०	१०	११	९१
उपक्षेत्रीय कार्यालय, बुटवल	११	०	१६	२७
क्षेत्रीय कार्यालय, नेपालगञ्ज	२७६	४८	०	३२४
उपक्षेत्रीय कार्यालय, जुम्ला	८	५	२	१५
क्षेत्रीय कार्यालय, धनगढी	२१	१७	४	४२
जम्मा	**६०६**	**१४६**	**९४**	**८४६**

स्रोत : राष्ट्रिय मानव अधिकार आयोग, अनुसन्धान महाशाखा, २०७१

---

[७] स्रोत : राष्ट्रिय मानव अधिकार आयोग, अनुसन्धान महाशाखा, बेपत्ता इकाइ, २०७१ साउन ३१

१.२.३ पीडितहरूको साँस्कृतिक अधिकारको संरक्षण

मानिसहरूका आआफ्नै मौलिक संस्कारहरू रहेका हुन्छन् । यी संस्कारहरू विभिन्न धर्म, परम्परा र सँस्कृतिअनुसार फरक-फरक हुन्छन् । मृत्युपछि साँस्कृतिक परम्पराअनुसार हुने अन्तिम संस्कारका लागि व्यक्तिको मृत्यु भएको कुरा यकिन हुनु आवश्यक हुन्छ । यस्तो अवस्थामा विशेषतः बलपूर्वक बेपत्ता पारिएको व्यक्ति जीवित वा मृत के छ भन्ने तथ्य पत्ता लगाई मृत अवस्थामा भेटिएमा शवको पहिचान गरी मृतकको परिवारलाई हस्तान्तरण गर्न सकिन्छ । यसबाट मृतकको परिवारले आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार अन्तिम सँस्कार गर्ने अधिकारको उपभोग गर्न सक्दछन् । राष्ट्रिय मानव अधिकार आयोगको पहलमा हालसम्म भएका शवोत्खननपछि शव हस्तान्तरण गरिएपछि बलपूर्वक बेपत्तापछि हत्या गरिएका सात र गैरन्यायिक हत्या गरिएको बीस गरि जम्मा सत्ताइस जना मृतकहरूका परिवारहरूले आफ्नो साँस्कृतिक अधिकारको संरक्षण गर्दै धर्म संस्कृति बमोजिम मृतकको अन्तिम सँस्कार गरेका छन् ।

१.२.४ द्वन्द्वकालीन घटनाको अभिलेखन

शवोत्खनन गरिने विभिन्न कारणहरूमध्ये द्वन्द्कालीन अवस्थामा भएका मानव अधिकार हननका घटनाहरूको अभिलेखन पनि एक हो । सशस्त्र द्वन्द्को अवधिमा व्यक्तिहरूलाई कसले कसरी बेपत्ता पारिएको वा मारिएको थियो भनी घटनाको प्रवृत्ति र शैली (Trend & Pattern) को विश्लेषणका लागि पनि शवोत्खननको आवश्यकता पर्दछ । शवोत्खननले द्वन्द्वको अवधिमा कुन पक्षको कारण कसरी व्यक्तिको मृत्यु भएको हो भनी थाहा पाउन मद्दत पुग्ने हुन्छ । यसले पीडकलाई कानुनी कारबाही गर्ने कार्यमा सहयोग पुग्दछ । साथै शवोत्खननबाट सङ्कलन गरिने प्रमाणहरूले द्वन्द्वरत पक्षहरूको उत्तरदायित्व निर्धारण गर्ने कार्यमा पनि सहयोग पुऱ्याउने हुँदा समेत शवोत्खननको विशेष महत्त्व हुन गएको छ ।

१.२.५ पीडितको मानव अधिकार र कानुनी अधिकारको सम्मान

बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्थाबारे सत्यतथ्य जान्न पाउनु पीडितहरूको पहिलो अधिकार हो । शवोत्खनन गरिने विभिन्न कारण र आवश्यकताहरू मध्ये व्यक्तिको सत्य जान्न पाउने अधिकारको सम्मान र संरक्षण सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । दण्डहीनता विरुद्ध लड्ने कार्य मार्फत मानव अधिकारको संरक्षण र प्रबर्द्धनसम्बन्धी सिद्धान्तको सिद्धान्त नं. ४ ले कानुनी प्रक्रिया जे-जस्तोसुकै भए पनि उल्लङ्घन कस्तो परिस्थितिमा भयो भन्ने बारेमा र मृत्यु या बलपूर्वक बेपत्ता व्यक्तिको हकमा पीडितको स्थितिका बारेमा सत्य जान्ने पीडित तथा तिनका परिवारको स्वतःसिद्ध अधिकार हुने

उल्लेख गरेको छ ।[८] मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धि, १९६६ र बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि, २००६ ले व्यक्तिको न्याय पाउने अधिकार र यसको संरक्षणका लागि राज्यले प्रभावकारी अनुसन्धान गर्नुपर्ने दायित्वका बारेमा स्पष्ट रूपमा उल्लेख गरेका छन् । यसका साथै बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको वैवाहिक, पारिवारिक, सामाजिक, सम्पत्ति र पेशासम्बन्धी अधिकारलगायतका कानुनी सम्बन्धमा आइपर्ने समस्याहरूको निराकरण गर्नका लागि पनि बलपूर्वक बेपत्ता पारी व्यक्तिलाई मारेर गाडिएको अवस्थामा शवोत्खनन गरी व्यक्तिको अवस्था सार्वजनिक गर्नुपर्ने हुन्छ ।

१.३ प्रतिवेदनको उद्देश्य

आयोगको सक्रियतामा भएका शवोत्खननका घटनाहरूको एकीकृत प्रतिवेदन तयार गरी पीडितहरूको मानव अधिकार संरक्षणको सन्दर्भमा जिम्मेवार निकायहरूले भविष्यमा शवोत्खनन गर्दा त्यसलाई प्रचलित अभ्यासअनुरूप व्यवस्थित बनाउन मार्ग प्रशस्त गर्नु यस प्रतिवेदनको प्रमुख उद्देश्य हो । अनुसन्धानको यस्तो संवेदनशील विषयमा पीडित, पीडितका परिवार, नेपाल सरकार, मानव अधिकार क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा व्यक्तिहरू, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय, कानुन कार्यान्वयन गर्ने निकायहरू, सञ्चारजगत् लगायतका सरोकारवालाहरू समेतलाई जानकारी गराउनु पनि यस प्रतिवेदनको उद्देश्य रहेको छ । साथै विगतमा भएका गम्भीर प्रकृतिका मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गर्नेहरूलाई कानुनी प्रक्रियाको अवलम्बन गरी कानुनी कारबाही गर्नका लागि सम्बन्धित सबै निकायहरूलाई थप सहयोग पुर्‍याउनु र पीडितलाई न्याय प्रदान गर्ने कार्यमा सहयोग गर्नु यस प्रतिवेदनको प्रमुख उद्देश्य रहेको छ ।

१.४ प्रतिवेदन तयारी विधि

राष्ट्रिय मानव अधिकार आयोगको पहलमा देशका विभिन्न भागमा भएका एघारवटा शवोत्खननका घटनाहरूको प्रतिवेदन र त्यसका आधारमा आयोगबाट नेपाल सरकारलाई भएका सिफारिसहरू एवम् कार्यान्वयनको अवस्थाको अध्ययन गरी यो एकीकृत प्रतिवेदन तयार गरिएको छ । अनुसन्धानको क्रममा स्थलगत रूपमा प्राप्त अनुभवहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधिविज्ञान विशेषज्ञहरूका प्रतिवेदनहरूको अध्ययन गरी परामर्शसमेत लिइएको छ । नेपाल कानुनमा भएका व्यवस्थाहरू, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू, शवोत्खननसम्बन्धी प्रचलन एवम् प्रक्रियाहरूको अध्ययन गरिएको छ ।

---

[८] दण्डहीनताविरुद्ध विकसित अन्तर्राष्ट्रिय दस्तावेजहरू, मानव अधिकार तथा प्राजान्त्रिक मञ्च, २०६५ पृष्ठ २१२

प्रतिवेदन तयारीका क्रममा विशेषज्ञहरूसँग छलफल गरिएको थियो । शवोत्खनन कार्यमा विभिन्न स्थान र मितिमा संलग्न चिकित्सकहरू, पुरातत्वविद्, फरेन्सिक एन्थ्रोपोलोजिस्ट, वैज्ञानिकहरू, मानव अधिकारकर्मीहरू, सुरक्षाकर्मीहरू, सञ्चारकर्मीहरू, कानुन व्यावसायीहरू, न्यायका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरू समेतसँग छलफल र परामर्श गरिएको छ । यसबाहेक राष्ट्रिय मानव अधिकार आयोग शवोत्खनन मार्ग निर्देशिका, २०६९ को पनि अध्ययन गरिएको छ ।

१.५ प्रतिवेदनको सीमा

यस प्रतिवेदनमा सशस्त्र द्वन्द्वको अवधिमा गैरन्यायिक रूपमा हत्या गरी गाडिएका व्यक्तिहरूको मृत्युसम्बन्धी वैज्ञानिक कारण पत्ता लगाउन एवम् बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूलाई मारेर गाडिएको अवस्थामा फेला परेका मानव अवशेषहरूको राष्ट्रिय मानव अधिकार आयोग आफैं वा आयोगको संलग्नतामा २०६० सालदेखि २०६७ सालसम्म गरिएका एघारवटा शवोत्खननका प्रतिवेदनहरूका आधारमा यो प्रतिवेदन तयार गरिएको हो । अतः यो प्रतिवेदन उल्लिखित एघारवटा शवोत्खननसँग मात्र सम्बन्धित छ । आयोगले निर्णय गरिसकेका घटनाहरूमा भएका फैसलाहरूलाई अनुसूचीमा उल्लेख गरिएको छ । यस प्रतिवेदनमा उजुरीकर्ता एवम् साक्षीहरूको सुरक्षा तथा गोपनीयताको विश्लेषण गरी आवश्यकता अनुसार उनीहरूको नाम प्रकाशन गरिएको छैन ।

परिच्छेद- २

शवोत्खननसम्बन्धी कानुनी व्यवस्थाहरू

२.१ शवोत्खननसम्बन्धी कानुनी व्यवस्था

देशको सम्पूर्ण शासन व्यवस्था कानुनबमोजिम सञ्चालन हुनुपर्दछ । फौजदारी न्याय प्रणाली र मानव अधिकार संरक्षणको क्रममा गरिने अनुसन्धान प्रणालीअन्तर्गत अनुसन्धान गर्ने अधिकार, विधि र प्रक्रिया कानुनले निर्धारण गरेको हुन्छ । शवोत्खननसम्बन्धी कार्य पनि अधिकारप्राप्त निकायबाट कानुन बमोजिम मात्र गर्न सकिने हुन्छ । यसै सन्दर्भमा यस परिच्छेदमा शवोत्खननसम्बन्धी राष्ट्रिय र अन्तराष्ट्रिय कानुनी व्यवस्थाहरूका बारेमा सङ्क्षेपमा उल्लेख गरिएको छ ।

२.१.१ राष्ट्रिय कानुनमा भएका व्यवस्थाहरू

नेपालमा शवोत्खननसम्बन्धी छुट्टै कानुन छैन तर पनि छरिएर रहेका कतिपय कानुनहरूमा प्रत्यक्ष–अप्रत्यक्ष रूपमा शवोत्खनन गर्ने सम्बन्धमा केही व्यवस्थाहरू भएको पाइन्छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा तथा मेलमिलाप आयोग ऐनमा बेपत्ता पारिएको व्यक्ति मारी मृतकको शव कुनै स्थानमा गाडिएको छ भन्ने सम्बन्धमा आयोग विश्वस्त भएमा व्यवस्थित रूपमा उत्खनन गरी त्यस्तो शवको DNA वा शव परीक्षण गरी मृतकको परिवारलाई बुझाउन सक्ने[९] कानुनी व्यवस्था रहेको छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले सशस्त्र द्वन्द्वको अवधिमा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था पत्ता लगाउन छानबिन आयोगको गठन गरी सो आयोगको प्रतिवेदनको आधारमा पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने राज्यको दायित्व हुने[१०], सशस्त्र द्वन्द्वको क्रममा मारिएका व्यक्तिहरूलाई राहत उपलब्ध गराउने[११] उल्लेख छ । यी व्यवस्थाहरूले सिद्धान्ततः सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा छानबिन आयोग गठन गरी छानबिन गर्न सक्ने देखिन्छ ।

नेपालको अन्तरिम संविधान २०६३, को धारा १३२(१) मा मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुने उल्लेख छ ।

---

[९] बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा तथा मेलमिलाप आयोग ऐन २०७१ को दफा १४ ।

[१०] नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ (थ) ।

[११] ऐ. धारा ३३ (त) ।

सोही धाराको उपधारा २ मा मानव अधिकार उल्लङ्घनको उजुरीउपर छानबिन तथा अनुसन्धान गर्ने र उपधारा ३ मा मानव अधिकारको उल्लङ्घनबाट पीडित भएको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति दिन आदेश दिने आयोगको कर्तव्य हुने उल्लेख छ । विशेषतः वलपूर्वक बेपत्ता पारिएका व्यक्तिको अवस्थाबारे थाहा पाउने, क्षतिपूर्ति प्राप्त गर्ने बेपत्ता पारिएका व्यक्तिका परिवार वा आफन्तको अधिकार हो भने त्यसबारे जानकारी गराउने तथा क्षतिपूर्ति उपलब्ध गराउने राज्यको आधारभूत दायित्व हो । संविधानको धारा १६६ (३) सँग सम्बन्धित अनुसूची-४ मा समावेश गरिएको विस्तृत शान्ति सम्झौता, २०६३ को दफा ५.२.३ ले सशस्त्र द्वन्द्वको अवधिमा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था छ महिनाभित्र सार्वजनिक गरिसक्ने गरी भएको प्रतिबद्धतासँग पनि यसलाई जोडेर हेर्न सकिन्छ ।

मुलुकी ऐन, २०२०, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ र नेपाल प्रहरी ऐन, २०१२ समेतका आधारमा फौजदारी अपराधको अनुसन्धान गर्ने क्रममा नेपाल प्रहरीले शवोत्खनन गर्न सक्दछ । मुलुकी ऐन, २०२० ज्यानसम्बन्धीको महलको दफा ४ मा “... । लास जाँच भइ नसक्दै दबाउनका मतलबले लास जलाउने, गाड्ने, फाल्ने वा सो कुरा गर्न लाउनेलाई अरू कानुनले हुने सजायमा सो गरेबापत ५ महिना थपी कैद गर्नुपर्छ”[१२] भनी उल्लेख गरेको छ । यस व्यवस्थाले कैद गरिनुपर्ने व्यक्ति को हो ? र मृत्युको कारण के हो ? भनी वैज्ञानिक अनुसन्धानपछि मात्र निष्कर्षमा पुग्न सकिने हुन्छ । त्यसको आधारभूत वैज्ञानिक आधार शवोत्खनन नै हो । प्रहरी ऐन, २०१२ मा बेवारिसे शवको व्यवस्थापन प्रहरीबाट गरिनुपर्ने भन्ने उल्लेख छ ।[१३] सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ४ ले प्रहरीलाई आपराधिक घटनाहरूमा प्रमाणको सुरक्षा गर्ने जिम्मेवारी तोकिदिएको छ ।

मानव अधिकार उल्लङ्घनका उजुरी छानबिन तथा अनुसन्धानको क्रममा राष्ट्रिय मानव अधिकार आयोग र मुद्दाको सुनुवाइको क्रममा सर्वोच्च अदालतबाट पनि शवोत्खनन भएको छ । मानव अधिकार उल्लङ्घनको दृष्टिकोणबाट मानव अधिकार आयोग ऐन, २०५३[१४] को दफा ११ को उपदफा १(ङ) ले आफ्नो अधिकार क्षेत्रभित्र पर्न आएका उजुरीहरूको कारबाही गर्ने क्रममा आयोगलाई अदालतलाई भएसरहको अधिकार प्रयोग गरी प्रमाण बुझ्ने अधिकार प्रदान गरेको थियो । सो व्यवस्था बमोजिम आयोगले

---

[१२] मुलुकी ऐन २०२०, कानुन किताब व्यवस्था समिति, २०६६ साल चैत्र पृष्ठ २०६ ।

[१३] प्रहरी ऐन २०१२ दफा २२(क), नेपाल ऐन सङ्ग्रह, खण्ड ५, २०६७, कानुन किताब व्यवस्था समिति, पृष्ठ ९ ।

[१४] राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ जारी भएपछि मानव अधिकार आयोग ऐन २०५३ खारेज भइसकेको छ ।

गैरन्यायिक रूपमा मारिएका व्यक्तिहरू र बलपूर्वक बेपत्तापछि मारेर गाडिएका व्यक्तिहरूको शवोत्खनन गरी प्रमाण बुझ्ने कार्य गरेको छ । सर्वोच्च अदालतको आदेशबाट पनि शवोत्खननसम्बन्धी कार्य भएको पाइन्छ । सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरणको निवेदनमाथि सुनुवाइ गर्ने क्रममा कार्यदल गठन गरी शवोत्खनन गर्नेसम्मका कार्य भै न्याय सम्पादन गरेको पाइन्छ ।[१५]

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले पनि मानव अधिकार संरक्षण र सम्बर्द्धनका लागि आयोगलाई विभिन्न जिम्मेवारी तोकिदिएको छ । ऐनको दफा ४ ले मानव अधिकार संरक्षणको लागि आयोगले आवश्यक र उचित ठानेको कार्य गर्न वा गराउन सक्ने व्यवस्था गरेको छ । ऐनको दफा १० ले आयोगमा मानव अधिकार उल्लङ्घन वा दुरुत्साहन भएको विषयमा पीडित वा पीडितका तर्फबाट कसैले पनि उजुरी दिन सक्ने, दफा ११ र १२ ले त्यस्ता उजुरीहरूमा आयोगले छानबिन र अनुसन्धान गर्न सक्ने, छानबिनको क्रममा विशेषज्ञको सेवा लिन सक्ने एवम् दफा ८ ले कार्यसम्पादनको सिलसिलामा समिति वा कार्यदलसमेत गठन गरी अनुसन्धान गर्न सक्ने अधिकार प्रदान गरेको सन्दर्भमा पनि आयोगले शवोत्खननसम्बन्धी कार्यमा संलग्न हुँदै आएको छ ।

२.१.२ राष्ट्रिय मानव अधिकार आयोग, शवोत्खनन मार्ग निर्देशिका, २०६९

नेपालमा शवोत्खनन सम्बन्धमा स्पष्ट कानुनी तथा प्रक्रियागत दस्तावेजको अभाव महसुस भएको हुँदा राष्ट्रिय मानव अधिकार आयोगले शवोत्खनन मार्ग–निर्देशिकका, २०६९ जारी गरेको हो ।[१६] यो मार्ग निर्देशिका आयोगको २०६९ जेष्ठ १८ गतेको निर्णयबाट जारी गरेको हो । मार्ग निर्देशिकाले बलपूर्वक बेपत्ता पारी मारिएका वा गैरकानुनी रूपमा वा कुनै पनि कारणले मारेर जमिनमुनि गाडिएका तर पहिचान हुन नसकेका वा यस्तै प्रकृतिका घटनाहरूको अनुसन्धानका क्रममा अख्तियारप्राप्त निकायबाट शवोत्खनन गर्न सक्ने उल्लेख गरेको छ । आयोगले सम्बन्धित सरोकारवालाहरूसँग छलफल गरी जारी गरेको मार्ग निर्देशिकालाई शवोत्खननको क्रममा

---

[१५] सर्वोच्च अदालतले रिट नं. १०० (विपिन भण्डारीको हकमा निजको बुवा एकराज भण्डारीविरुद्ध, नेपाल सरकार, गृहमन्त्रालय) रिट नं. १०४ दिलबहादुर राईको हकमा निजको बुवा उदयबहादुर राईविरुद्ध, नेपाल सरकार, गृहमन्त्रालय) र रिट नं.३५७५, (अधिवक्ता राजेन्द्रप्रसाद ढकालको हकमा निजको सहोदर भाइ रविन्द्र ढकालविरुद्ध नेपाल सरकार, गृहमन्त्रालय) समेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा अदालतबाट बन्दी अनुसन्धान कार्यटोली गठन गर्ने आदेश भई सो टोलीबाट यससम्बन्धी कार्य भएको थियो ।

[१६] विस्तृत जानकारीका लागि राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित शवोत्खनन मार्ग निर्देशिका २०६९, हेर्नुहोला ।

प्रयोग गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र नेपाल प्रहरीले मातहतका निकायहरूलाई निर्देशन दिएको छ ।

मार्ग निर्देशिकाले कानुनी अधिकारप्राप्त निकायले शवोत्खनन गर्न सक्ने र शवोत्खनन गर्ने क्रममा शवोत्खननपूर्व, शवोत्खननको क्रममा र शवोत्खनन सम्पन्न भएपछि पुरा गर्नुपर्ने विधि र दायित्वका बारेमा विस्तृत व्यवस्था गरेको छ । एन्टिमोर्टम तथ्याङ्क फारम भर्नुपर्ने, शवोत्खनन टोलीमा कम्तीमा पनि फरेन्सिक प्याथोलोजिस्ट वा एन्थ्रोपोलोजिस्ट, घटनास्थल विशेषज्ञ र पुरातत्त्वविद्लाई न्यूनतम रूपमा सहभागी गराउनु पर्ने लगायतका अनिवार्य व्यवस्थाहरू मार्ग निर्देशिकामा रहेका छन् ।

मार्ग निर्देशिकामा शवोत्खनन अवधिमा उत्खनन स्थलको सुरक्षा, उत्खनन गर्दा ध्यान दिनुपर्ने विषयहरू, उत्खनन गर्ने विधि, उत्खननबाट प्राप्त मानव अवशेषको प्याकिङ गर्ने तरिका, चेन अफ कस्टडी कायम गर्नुपर्ने लगायतका व्यवस्थाहरू उल्लेख गरिएका छन् । शवको उत्खनन गरिसकेपछि पुरा गर्नुपर्ने प्रक्रिया र विधिहरूका बारेमा समेत निर्देशिकाले निर्देशित गरेको छ । प्रयोगशालामा गरिनुपर्ने कार्यहरू, उत्खननबाट प्राप्त मानव अवशेषको भण्डारण र सुरक्षा, परीक्षणपछि प्रतिवेदन दिने विधि, शव यकिन भइसकेपछि सम्बन्धित परिवारलाई हस्तान्तरण गर्ने विधि, पीडितका परिवारलाई अन्तिम संस्कारका लागि सहयोग गर्नुपर्ने लगायतका महत्त्वपूर्ण व्यवस्थाहरू मार्ग निर्देशिकामा उल्लेख गरिएको छ ।

मार्ग निर्देशिकामा कुनै पनि शवको उत्खनन भइसकेपछि पहिचान हुन नसकेमा त्यस्तो शवलाई बाह्र वर्षसम्म सुरक्षित राखी त्यसपछि बेवारिस लाससरह मानी प्रचलित कानुनबमोजिम अन्त्येष्टि गर्नुपर्ने, शवोत्खननका सबै चरणहरूमा पीडित, साक्षी, शवोत्खनन सहयोगी र शवोत्खनन टोलीसमेतको प्रभावकारी सुरक्षा व्यवस्था नेपाल प्रहरीले मिलाउनुपर्ने व्यवस्था पनि गरेको छ । यसबाहेक बलपूर्वक बेपत्ता पारिएको व्यक्तिको शवोत्खनन भई पहिचान भएमा त्यस्तो व्यक्तिको अवस्था सार्वजनिक भएको मानिने र पीडित परिवारलाई मनोसामाजिक विमर्श प्रदान गर्नुपर्ने लगायतका व्यवस्थाहरू मार्ग निर्देशिकाले गरेको छ ।

२.१.३ अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरू

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूमा व्यक्तिका विभिन्न अधिकारका बारेमा उल्लेख गरिएको छ । मानव अधिकार संरक्षणको सन्दर्भमा शवोत्खनन गर्दा त्यस्ता कानुनहरूले गरेका व्यस्थाहरू स्वतः आकर्षित हुन्छन् । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा ८ ले संविधान र कानुनद्वारा प्राप्त अधिकारको उल्लङ्घन

गर्ने कार्यविरुद्ध राष्ट्रिय अदालतहरूबाट प्रभावकारी उपचार पाउने व्यवस्था गरेको छ । उक्त व्यवस्था बमोजिम बेपत्ता पारी वा अन्य कुनै पनि तरिकाले व्यक्तिको जीवन हरण गरी गाडिएको अवस्थामा पीडित पक्षले प्रभावकारी रूपमा कानुनी उपचार प्राप्त गरी न्याय प्रदान गर्न शवोत्खनन समेतको कार्य गर्नुपर्ने हुन सक्दछ । बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि, २००६ को प्रस्तावनामा बेपत्ता पारिएको व्यक्तिको अवस्थाको बारेमा सत्यतथ्य जान्न पाउने पीडितको अधिकार हुने उल्लेख छ । महासन्धिको धारा ७ मा बेपत्ता पारिएको व्यक्ति मारिएको अवस्थामा दोषीलाई दण्डनीय बनाउनलाई सरकारले उपयुक्त उपयाहरू अवलम्बन गर्नुपर्ने, धारा १५ ले बेपत्ता पारिएको व्यक्तिको मृत्यु भएको अवस्थामा उसको शव उत्खनन गर्ने र पहिचान गर्नुपर्ने तर त्यसका लागि राज्यले बलपूर्वक बेपत्ताका पीडितहरूलाई सहयोग गर्नुपर्ने उल्लेख गरेको छ । महासन्धिको धारा १७(३) को खण्ड (छ) मा बेपत्ताको अवस्थामा भएको व्यक्तिको मृत्यु भएमा मृत्यु भएको अवस्थाको परिस्थिति, मृत्युको कारण र शव रहेको स्थानका बारेमा अद्यावधिक पञ्जिका हुनुपर्ने उल्लेख छ । धारा १८ ले बलपूर्वक बेपत्ता पारिएको व्यक्ति मारिएको भए कुन अवस्थामा मारिएको हो ? वा उसको कुन परिस्थितिमा मृत्यु भएको हो ? मृत्युको कारण के हो ? मृत्यु भएको व्यक्तिको शव कहाँ छ ? ती सबैको जानकारी गराउनुपर्ने पीडित पक्षको अधिकारका रूपमा स्थापित गरेको छ भने धारा २४ को उपधारा ३ मा हरेक राज्यले बेपत्ता पारिएका व्यक्तिहरूको खोजतलास भएको स्थान ठम्याउने तथा मुक्त गर्नका लागि र मृत्यु भएको घटनामा तिनको शव गाडिएका स्थान ठम्याउन, त्यसको सम्मान गर्न र फिर्ता गर्नका लागि उपयुक्त उपायहरू अपनाउनुपर्ने उल्लेख छ ।

यस महासन्धिको नेपाल पक्ष नभए तापनि सर्वोच्च अदालतले एक मुद्दामा यस महासन्धिले अन्य महासन्धिले स्थापित गरेका व्यवस्थाहरूभन्दा भिन्न मूल्य मान्यताको स्थापना नगरेकोले उक्त महासन्धिलाई मार्गनिर्देशक तत्त्वको रूपमा नेपाल राज्यले अङ्गीकार गर्न सक्ने उल्लेख छ ।[१७]

माथि उल्लिखित व्यवस्थाहरूका अतिरिक्त पीडितका न्यायसम्बन्धी आधारभूत सिद्धान्तहरूको घोषणापत्र सन् १९८५ ले मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरूमा सत्यतथ्य जानकारी पाउने अधिकार पीडितमा हुने उल्लेख गरेको छ । यस सन्दर्भमा विशेष गरी बलपूर्वक बेपत्ता पारिएका परिवारहरूले आफ्नो परिवारको सदस्यको स्थिति थाहा पाउने अधिकार राख्दछन् । दण्डहीनताविरुद्ध लड्ने कार्यमार्फत मानव अधिकारको संरक्षण र प्रबर्द्धनमा राज्यका सामान्य दायित्वअन्तर्गत मृत्यु या

---

[१७] अधिवक्ता राजेन्द्रप्रसाद ढकालको हकमा निजको भाइ रवीन्द्रप्रसाद ढकालसमेत विरुद्ध नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबार समेत, सर्वोच्च अदालत बुलेटिन, विशेषाङ्क, जेठ २०६४ ।

बेपत्ता पारिएको व्यक्तिको सम्बन्धमा पीडितको स्थितिका बारेमा सत्य जान्ने पीडित तथा तिनका परिवारको स्वतःसिद्ध अधिकार हुने उल्लेख छ ।[१८]

नेपालको सन्दर्भमा मारेर गाडिएका कतिपय व्यक्तिहरू सुरक्षा निकायको हिरासतमा रहेका र हिरासतमा रहेका व्यक्तिको कुनै कारणले मृत्यु भएमा त्यसको जानकारी आफन्तलाई गराउनु आवश्यक मानिन्छ । यस सम्बन्धमा बन्दीहरूमाथि न्यूनतम रूपमा गर्नुपर्ने व्यवहारसम्बन्धी नियमहरू १९५७, ले राज्यको नियन्त्रणमा रहेको (थुना केन्द्रमा राखिएको) कुनै पनि बन्दी वा थुनुवाको मृत्यु भएमा निजको नातेदार वा आफन्तलाई जानकारी गराउनुपर्ने भनी उल्लेख गरेको छ । यस अवस्थामा मृत्यु भएको वा मारेर गाडिएका व्यक्तिहरूको जानकारी गराउने कार्य नेपालमा विशेषतः सशस्त्र द्वन्द्वको अवधिमा हुन सकेन । यद्यपि सशस्त्र द्वन्द्वको क्रममा मारिएका र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूलाई मारी उनीहरूको शवको समेत जानकारी नगराएको अवस्था विद्यमान छ ।

शवोत्खननसम्बन्धी कानुनी व्यवस्थाको उल्लेख गरिरहँदा मिनिसोटा प्रोटोकल (Minnesota Protocal) एउटा महत्त्वपूर्ण दस्तावेज हो । यो गैरकानुनी एवम् स्वेच्छाचारी रूपमा भएका हत्याहरूको कानुनी अनुसन्धान गर्ने प्रक्रियाको आलेख हो । यसले उत्खननबाट प्राप्त मानव अवशेषहरूको समेत विश्लेषण गर्ने कार्यमा सहयोग गर्दछ । अन्य देशहरूको अभ्यास हेर्दा दक्षिण अफ्रिकाको Eastern Cape Province मा शवोत्खननसम्बन्धी कानुन निर्माण भएको देखिन्छ । Exhumations Act, 2004 नाम दिइएको उक्त कानुनबमोजिम शवोत्खनन हुनसक्ने उल्लेख छ । यस्तै दक्षिण अफ्रिकाको न्याय तथा संवैधानिक विकास विभागले पनि शवोत्खननसम्बन्धी नीति बनाएको थियो ।

---

[१८] दण्डहीनताविरुद्ध विकसित अन्तर्राष्ट्रिय दस्तावेजहरू, मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च, २०६५ पृष्ठ २१० ।

परिच्छेद- ३

शवोत्खनन विधि

३.१ शवोत्खनन विधि

कानुनबमोजिम फौजदारी अपराध अनुसन्धान गर्ने दायित्व नेपाल प्रहरीको हो । अनुसन्धानका लागि प्रहरीले आवश्यक देखेमा कुनै स्थानमा गाडिएको शव उत्खनन गरी अनुसन्धान गर्न सक्दछ । विशेष परिस्थितिमा राष्ट्रिय मानव अधिकार आयोग, शवोत्खनन गर्न भनी कानुनमा नै किटान गरिदिएका निकाय र न्यायिक निकायले पनि शव उत्खनन गर्न सक्दछन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १४ ले बेपत्ता पारिएको व्यक्ति मारी मृतकको शव कुनै स्थानमा गाडिएको छ भन्ने सम्बन्धमा आयोग विश्वस्त भएमा व्यवस्थित रूपमा उत्खनन गरी त्यस्तो शवको DNA वा शव परीक्षण गरी मृतकको परिवारलाई बुझाउन सक्ने व्यवस्था गरेको छ ।

बेपत्ता पारिएका घटनाहरूको सम्बन्धमा शव उत्खनन गरी अनुसन्धान गर्ने कार्य जटिल हुन्छ । यस्तो कार्य विधिविज्ञान विशेषज्ञहरूबाट मात्र गर्न सकिन्छ । शव उत्खनन गर्दा अधिकार प्राप्त व्यक्तिद्वारा घटनास्थल मुचुल्का तथा लासको प्रकृतिबारे मुचुल्का तयार गरी लिखत प्रमाणहरू तयार गर्नु आवश्यक हुन्छ । विशेषज्ञहरूले विशेष प्रक्रिया अवलम्बन गरी शवोत्खनन गर्दछन् । यसरी उत्खनन गरिएको शवलाई विशेषज्ञहरूले प्रयोगशालामा परीक्षण गरी आवश्यक प्रमाणहरू सङ्कलन गर्दछन् । जटिल किसिमका अनुसन्धानहरूमा फरेन्सिक एन्थ्रोपोलोजिस्टको सहभागिता भएमा प्रमाण सङ्कलन कार्यमा प्रभावकारिता आउँदछ । तर, नेपालमा यस किसिमको जनशक्तिको अभाव रहेको पाइन्छ । शवोत्खनन गर्ने विधिलाई सामान्यतः तिन किसिमले पुरा गर्न सकिन्छ ।

आयोगको पहलमा भएका शवोत्खननहरू अर्न्तराष्ट्रिय अभ्यास बमोजिम व्यवस्थित रूपमा भएका थिए । यसक्रममा हुने सानो त्रुटिबाट पीडितको न्याय प्राप्त गर्ने अधिकारमा व्यवधान उत्पन्न हुन सक्ने कुरालाई दृष्टिगत गरी विभिन्न क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेषज्ञको सहयोगमा विधिसम्मत ढङ्गबाट शवोत्खनन कार्य गरिँदै आएको छ । यसक्रममा अवलम्बन गरिएको प्रक्रियालाई निम्नबमोजिम उल्लेख गरिएको छ :

३.१.१ शवोत्खननपूर्व

शवोत्खनन कार्य सुरु हुनुपूर्व शव गाडिएको आशङ्कित स्थान र व्यक्तिका बारेमा तथ्य सङ्कलन गरिएको थियो । यसका लागि उत्खनन गरिने स्थलमा शव गाडिएको हो, होइन ? र हो भने उक्त शव कसको हुन सक्छ ? कहिले र कसले गाडेको हो ? भन्ने लगायतका कुरालाई स्पष्ट गर्न स्थानीय बासिन्दाहरू, प्रत्यक्षदर्शीहरू तथा घटनासँग सम्बन्धित सरोकारवालाहरूबाट प्रारम्भिक जानकारी लिई त्यसको विश्लेषण गरिएको थियो । पछिल्लो समयमा उत्खनन गर्नुपूर्व उत्खनन गरिने स्थलको अवलोकन गरी सम्भाव्यता अध्ययन गर्ने कार्यसमेत भएको छ ।

विश्लेषणबाट आशङ्कित स्थानमा शव छ भन्ने अधार प्राप्त भएमा सर्वप्रथम त्यसको सुरक्षाको व्यवस्था गरिनुपर्छ र सामान्यतः सुरक्षा नेपाल प्रहरीबाट हुने व्यवस्था गरिनुपर्छ । सुरक्षाको व्यवस्थापछि गाडिएको स्थान र व्यक्तिको शव हुन सक्ने देखिएको अवस्थामा एन्टिमोर्टम फाराम भर्नु आवश्यक हुन्छ । यो फाराम सामान्य व्यक्तिबाट भराउँदा आवश्यक सूचनाहरू प्राप्त हुन नसक्ने धेरै सम्भावना रहने हुनाले तालिमप्राप्त दक्ष व्यक्तिबाट मात्र भराउनु पर्दछ । एन्टिमोर्टम भनेको कुनै पनि व्यक्ति जीवित रहँदाको वा मर्नुभन्दा ठिक अगाडिको निजको शारीरिक एवम् अन्य आनिबानी र लवाइखवाइ समेतको विस्तृत विवरण सङ्कलन गरिने कार्य हो । एन्टिमोर्टम फारम भरिने विषय भावनात्मक हुने हुँदा एन्टिमोर्टम लिइने व्यक्तिको विश्वास जित्नु पनि आवश्यक हुन्छ । यसक्रममा पीडितको संस्कृति, परम्परा र भाषालाई समेत ध्यान पुऱ्याइनु पर्दछ ।

कुनै पनि शव उत्खनन गर्नुभन्दा पहिला गाडिएको शव कसको हो भन्ने जानकारी भएमा वा कुनै व्यक्तिको हो भन्ने आशङ्का भएमा सामान्यतः त्यस्ता व्यक्तिको परिवारको सहमति लिनु आवश्यक हुन्छ । शवोत्खनन गर्ने कार्य सुरु गर्नुपहिले सम्भव भएसम्म कम्तीमा फोरेन्सिक प्याथोलोजिस्ट, नेपाल प्रहरीको कम्तीमा प्रहरी निरीक्षक दर्जाको कर्मचारी, पुरातत्त्व विभागको उत्खननसम्बन्धी ज्ञान भएको कम्तीमा अधिकृत तहको कर्मचारी, राष्ट्रिय मानव अधिकार आयोगको कम्तीमा अधिकृत तहको कर्मचारी, फोरेन्सिक एन्थ्रोपोलोजिस्ट र राष्ट्रिय विधिविज्ञान प्रयोगशालाका कम्तीमा वरिष्ठ वैज्ञानिकसमेतको टोली भएमा उत्खननका समग्र पक्षलाई समेट्न सकिने हुँदा यसप्रकारको टोली गठन गर्न सकिएमा उत्तम हुने देखिन्छ । तर, नेपालका सन्दर्भमा फोरेन्सिक एन्थ्रोपोलोजिस्टको अभाव छ । शवोत्खनन टोलीको गठन भईसकेपछि टोलीबाट कार्यविभाजन हुनु पनि त्यतिकै आवश्यक छ । आयोगबाट भएका शवोत्खननमा दक्ष जनशक्तिद्वारा यस्ता विधिहरूको अवलम्न गर्ने कुरालाई उच्च महत्त्व दिइएको थियो ।

३.१.२ शवोत्खननको क्रममा

शवोत्खननको सबैभन्दा महत्त्वपूर्ण चरणको रूपमा यसलाई लिनुपर्दछ । शवोत्खनन गर्नेक्रममा उचित, होसियारी र सचेत नरहने हो भने शवोत्खनन गरिनुको कुनै महत्त्व रहँदैन । उपयुक्त तरिका र विधि प्रयोग नगरी शवोत्खनन गरिँदा प्राप्त गर्न चाहेको वस्तु र प्रमाणहरू प्राप्त नहुने एवम् प्राप्त भएका वस्तुहरू पनि शवोत्खननकै क्रममा नष्ट हुन सक्ने हुँदा यस अवधिमा अत्यन्त होसियारीपूर्व शवोत्खनन गरिनु पर्दछ । मानव अवशेषहरू प्राप्त भएको स्थानमा विशेषज्ञबाहेक अन्य व्यक्तिको प्रवेशले उत्खनन गर्ने र प्रमाण सङ्कलन गर्ने कार्यमा अवरोध हुने हुँदा उक्त स्थलमा निश्चित र सानो सङ्ख्यामा मात्र विशेषज्ञहरू बसी उत्खनन गर्नुपर्ने हुन्छ । शवोत्खनन स्थललाई दुई घेरामा कर्डन गरी बाहिरी घेराभन्दा भित्र असम्बन्धित व्यक्तिहरूको प्रवेश निषेध गरिनु पर्दछ । भित्री घेरा शवोत्खनन गरिने स्थलमा निश्चित गरिनु उपयुक्त हुन्छ । उत्खनन गरिएका हरेक घटनाहरूको सम्भव भएसम्म भिडियो, फोटो र लिखित अभिलेखन गर्नुपर्दछ । उत्खनन क्रममा टोलीमा रहेका सबै व्यक्तिहरूलाई जिम्मेवारी बाँडिनु पर्दछ । निर्देशित नियम तथा सिद्धान्तहरूको पालना गर्नुपर्ने हुन्छ । टोलीले शवोत्खनन गर्ने क्रममा आफ्नो कार्यादेशअनुसार टोलीनेताको समन्वयमा रही शवोत्खनन कार्य गर्नुपर्दछ । यसक्रममा कानुनबमोजिम गर्नुपर्ने घटनास्थल मुचुल्का र शव जाँच मुचुल्कालगायतका दस्तावेजहरू तयार गर्नुपर्दछ । हरेक प्रमाणहरू सङ्कलन गर्दा निश्चित रेफरेन्स प्वाइन्ट बनाई त्यसबाट नाप लिएर मात्र उठाउनु पर्दछ । शवोत्खननको क्रममा प्राप्त दसी प्रमाणहरूको सावधानीपूर्वक सङ्कलन र दस्तावेजीकरण आवश्यक हुन्छ । शवोत्खनन कार्य समाप्त भएपछि प्राप्त मावन अवशेषहरू र प्रमाणहरूलाई व्यवस्थित ढङ्गले सिलबन्दी गरी अनुसन्धानका लागि सम्बन्धित ल्याव र निकायमा पठाउनु आवश्यक मानिन्छ । शवोत्खनन अवधिमा उत्खनन गर्ने टोलीले शवको सम्पूर्ण भाग भए-नभएको यकिन गर्नुपर्दछ । आयोगको पहलमा भएका शवोत्खननमा यस्ता विधिसम्मत अभ्यासहरू अवलम्बन गरिएको थियो ।

३.१.३ शवोत्खननपछि

शवोत्खनन गरिसकेपछि सर्वप्रथम बाँकी प्रमाणहरू छैनन् भन्ने यकिन गरी उत्खनन गरिएको क्षेत्रमा भएका खाल्डाहरूलाई पुर्ने कार्य गर्नुपर्दछ । शवोत्खननको क्रममा प्राप्त शवोशेष तथा अन्य प्रमाणहरूलाई कानुनी प्रक्रियाबमोजिम व्यवस्थित रूपमा प्याकिङ गरी कानुनबमोजिम अधिकारप्राप्त निकायमार्फत प्रयोगशालामा पठाई अनुसन्धान गर्नुपर्ने हुन्छ । यसक्रममा प्रत्येक प्याकेटलाई सिलबन्दी गरिनु पर्दछ । सम्बन्धित प्रयोगशालाले अवशेषहरू प्राप्त भएपछि आवश्यक परीक्षण गरी सोको प्रतिवेदन परीक्षण गर्न पठाउने

निकायलाई उपलब्ध गराउनु पर्दछ । विशेषज्ञले एन्टिमोर्टम डाटा र पोस्टमोर्टम डाटाको तुलना गरी मृतक व्यक्तिको पहिचान गर्ने प्रयास गर्नुपर्छ । DNA वा ब्यालेस्टिक वा अन्य कुनै परीक्षण गर्नुपर्ने भएमा सो कुरा प्रतिवेदनमा उल्लेख गर्नुपर्दछ । परीक्षणबाट हराएको व्यक्तिको पहिचान भएमा मृतकका नजिकका हकवालालाई प्राप्त अवशेषहरू अन्तिम संस्कारका लागि हस्तान्तरण गर्नुपर्दछ । परीक्षणबाट हराएको व्यक्तिको पहिचान भएमा व्यक्तिको अवस्था सार्वजनिक भएको मानिनेछ । शवोत्खनन कार्यपछि विशेष गरी पीडित, साक्षी र उत्खनन कार्यमा संलग्न श्रमिकहरूको सुरक्षा व्यवस्थाप्रति नियमित रूपमा अनुगमन हुन आवश्यक छ । शवोत्खनन गरिनुको प्रमुख उद्देश्य पीडित परिवारलाई न्याय प्रदान गर्नु रहेको हुँदा पीडित परिवारले राज्यका तर्फबाट राहत, क्षतिपूर्ति वा परिपूरण प्राप्त गर्न सके-नसकेको वा पीडकको पहिचान भई कारबाही भए-नभएको विषयमा नियमित रूपमा अनुगमन गरिरहनु पर्दछ । शवोत्खननपछि ध्यान दिनुपर्ने महत्त्वपूर्ण कुरा प्रमाणको कडी (Chain of Custody) लाई यथार्थ र सही रूपमा व्यवस्थित गरिनु पर्दछ । आयोगको संलग्नतामा भएका शवोत्खननमा उल्लिखित कुराहरूको पूर्ण रूपमा अवलम्बन गरिएको छ । प्रमाण संकलनको प्रकृया र सम्बद्धताको कडी नै प्रमाणको प्रमाणीकता पुष्टी हुन सक्दछ । त्यसैले कानूनी उद्देश्य पूर्ति र न्यायको लागी यसको आवश्यकता अपरिहार्य हुन्छ ।

३.१.४ कानुनी र वैज्ञानिक विधिको संयोजन

शवोत्खनन कार्य कानुनी र वैज्ञानिक विधिको संयोजन पनि हो । कानुनद्वारा अधिकारप्राप्त निकायबाट मात्र शवोत्खनन हुन सक्दछ । आयोगको पहलमा भएका शवोत्खननहरूमा फौजदारी कार्यविध कानुनअन्तर्गत गर्नुपर्ने मुचुल्काहरू, Chain of Custody लगायतका प्रक्रियाहरूको अवलम्बन पूर्ण रूपमा गरिएको हुन्छ । आयोगबाट शवोत्खनन मार्ग निर्देशिका जारी भएपछि शवोत्खनन कार्यविधिमा थप प्रस्टता आएको छ । यस कार्यमा उत्खनन प्रतिवेदन, लास जाँच, DNA परीक्षण, ब्यालेस्टिकलगायतका प्रमाणहरूको परीक्षणजस्ता आधुनिक वैज्ञानिक परीक्षणको आवश्यकता पर्ने कुरालाई मध्यनजर गरी शवोत्खननमा आवश्यकता अनुसार उक्त विधिहरू अवलम्बन गरिएको थियो । यस कार्यमा आवश्यकता अनुसार फोरेन्सिक प्याथोलोजिस्ट, फोरेन्सिक एन्थ्रोपालोजिस्ट, आर्कियोलोजिस्ट र उत्खनन विज्ञजस्ता विशेषज्ञको सहभागिता रहेको थियो ।

परिच्छेद- ४

आयोगको संलग्नतामा भएका शवोत्खनन

४.१ आयोगको संलग्नतामा भएका शवोत्खनन

आयोगको संलग्नतामा हालसम्म देशका विभिन्न एघारवटा स्थानहरूमा शवोत्खनन भएको छ । आयोगले रामेछापको दोरम्बा र नुवाकोटको कुमरीमा व्यक्तिहरूलाई गैरकानुनी रूपमा मारेर गाडेका घटनाहरूको अनुसन्धान गर्दा विशेषज्ञबाट शवोत्खनन गरेर अनुसन्धान गरेको थियो । यसैगरी धादिङको केवलपुर काभ्रेपलान्चोकको चलाल गणेशस्थान र काठमाडौँको शिवपुरीमा सशस्त्र द्वन्द्वको क्रममा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको शव उत्खनन गरी अनुसन्धान गरिएको थियो । अन्य स्थानहरूमा आयोगको पहलमा नेपाल प्रहरीबाट शवोत्खनन भएका थिए । हालसम्म आयोगको पहलमा सुरक्षाकर्मीबाट बेपत्ता पारिएको नौवटा र तत्कालीन नेकपा (माओवादी) बाट बेपत्ता पारिएको दुईवटा घटनामा शवोत्खनन भएका छन् । हालसम्म भएका शवोत्खननहरूलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. २ : आयोगको पहलमा भएका शवोत्खननको विवरण

क्र.सं	जिल्ला	घटनास्थल	पीडित सङ्ख्या	मानव अधिकार हननको विषय	उत्खनन गरिएको शव सङ्ख्या	उत्खनन मिति	आयोगको भूमिका
१	रामेछाप	दोरम्बा	२१	गैरन्यायिक हत्या	१८	२०६०/५/ ११	शवोत्खनन
२	नुवाकोट	कुमरी	३	गैरन्यायिक हत्या	२	२०६०/१०/१५	शवोत्खनन
३	धादिङ	केवलपुर	१	सुरक्षाकर्मीबाट बेपत्ता	१	२०६२/९/२७	शवोत्खनन
४	काभ्रेपलान्चोक	चलाल गणेशस्थान	१	सुरक्षाकर्मीबाट बेपत्ता	१	२०६३/३/२० र २१	शवोत्खनन
५	धादिङ	छत्रेदेउराली	१	सुरक्षाकर्मीबाट बेपत्ता	१	२०६३/११/१७	नेपाल प्रहरीलाई प्राविधिक सहयोग र अनुगमन
६	धादिङ	मलेखु	१	सुरक्षाकर्मीबाट बेपत्ता	१	२०६३/१२/२	नेपाल प्रहरीलाई प्राविधिक सहयोग र अनुगमन
७	काभ्रेपलान्चोक	पाँचखाल	१	सुरक्षाकर्मीबाट बेपत्ता	१	२०६३/९/१२	नेपाल प्रहरीलाई प्राविधिक सहयोग र अनुगमन
८	कैलाली	रामशिखर झाला	१	नेकपा माओवादीबाट बेपत्ता	१	२०६४/९/१८	नेपाल प्रहरीलाई प्राविधिक सहयोग र अनुगमन

क.सं	जिल्ला	घटनास्थल	पीडित सङ्ख्या	मानव अधिकार हननको विषय	उत्खनन गरिएको शव सङ्ख्या	उत्खनन मिति	आयोगको भूमिका
९	दैलेख	द्वारी	१	नेकपा माओवादीबाट बेपत्ता	१	२०६५/३/११	शवोत्खनन
१०	काठमाडौँ	शिवपुरी	४३	सुरक्षाकर्मीबाट बेपत्ता	१	२०६४/९/६ र ७	शवोत्खनन
११	धनुषा	गोदार	५	सुरक्षाकर्मीबाट बेपत्ता	५	२०६७ भदौ १९ देखि असोज ३ र फागुन १ देखि ३ गते	नेपाल प्रहरीलाई प्राविधिक सहयोग, शवोत्खनन र अनुगमन ।
		जम्मा	**७९**		**३३**		

४.१.१ गैरन्यायिक हत्याका घटनामा भएका शवोत्खनन

आयोगले सशस्त्र द्वन्द्वको क्रममा भएका दुईवटा गैरन्यायिक हत्याका घटनाहरूमा मारिएका बीस जना व्यक्तिहरूको शव उत्खनन गरी अनुसन्धान गरेको थियो । यसक्रममा भएको अनुसन्धानलाई निम्नबमोजिम उल्लेख गरिएको छ ।

४.१.१ दोरम्बा घटना

४.१.१.१ घटनाको सङ्क्षिप्त ब्यहोरा



दोरम्बाको गुगल नक्सा

सशस्त्र द्वन्द्वको अवधिमा २०६० साउन ३२ गते तत्कालीन नेकपा (माओवादी) का केही कार्यकर्ताहरू रामेछाप जिल्लाको दोरम्बा बजार नजिकको एक घरमा बैठक बसिरहेको जानकारी पाएपछि तत्कालीन शाही नेपाली सेनाको नेतृत्वमा रहेको सुरक्षाकर्मीको टोलीले बैठक बसिरहेको स्थानमा घेरा हाली बिस जनाभन्दा बढी व्यक्तिहरूलाई पक्राउ गरी हत्या गरेको भन्ने जानकारी आयोगमा प्राप्त भएको थियो । शान्तिवार्ताका लागि युद्धविराम भइरहेको समयमा भएको उक्त घटनामा सेनाले दोहोरो भिडन्तमा उनीहरू मारिएको बताएपछि आयोगले स्वविवेकमा उजुरी ग्रहण गरी अनुसन्धान गर्ने निर्णय गरेको थियो ।

४.१.१.२ आयोगले गरेको अनुसन्धान

आयोगले यस घटनाको अनुसन्धान गर्न सर्वोच्च अदालतका पूर्व न्यायाधिशको संयोजकत्वमा भतूपूर्व महान्यायाधिवक्ता, फरेन्सिक विशेषज्ञ, आयोगका कर्मचारी र नागरिक समाजका प्रतिनिधि (पत्रकार) भएको पाँच सदस्यीय अनुसन्धान समिति बनाएको थियो । उक्त अनुसन्धान समितिले यस घटनाको २०६० साल भदौ १० गतेदेखि स्थलगत अनुसन्धान गरेको थियो । अनुसन्धानबाट निम्न तथ्यहरू प्राप्त भएका थिए :

- दोरम्बा गाविस वडा नं.२ स्थित ...को घरमा २०६० साउन ३१ गते बैठक बसिरहेका नेकपा (माओवादी)का कार्यकर्ताहरूमध्ये केही कार्यकर्ताहरू ३१ गतेदेखि नै उक्त घरमा आई बसेका र सो दिन नेकपा (माओवादी) कार्यकर्ताहरू रामकुमार र सङ्गीताबीच विवाह पनि हुन लागेको भन्ने बुझिएको ।
- नेकपा (माओवादी) बैठक बसिरहेको दोरम्बाभन्दा अर्को गाउँ (करिब दुई घण्टाको पैदल यात्रा) गाल्पामा ३१ गते तत्कालीन शाही नेपाली सेनाहरू आई बास बसेका र उनीहरू सबै सेनाको पहिचानयुक्त पोसाकमा नभई सादा पोसाकमा पनि रहेका भन्ने बुझिएको ।
- गाल्पामा बास बसेका करिब असी जनाको सङ्ख्यामा रहेका सेनाहरू ३२ गते दोरम्बा क्षेत्रमा पुगी फरक–फरक समूह बनाई गाउँ पसेका थिए । जसमध्ये एउटा समूह बजारको पूर्वतर्फ रहेको ...को घरतर्फ गएको भन्ने बुझिएको ।
- ...को घरतर्फ गएका सेनाहरूको समूहबाट ...को घरनजिकै पुगी बिहान करिब १०:३० बजेको समयमा बन्दुक पड्काउँदा माओवादी कार्यकर्ता विवेक भनिने टेकबहादुर थापा मगरको मृत्यु भएको र सो आवाज सुनी निज ...को घरमा बैठक बसिरहेका माओवादी कायकर्ताहरू घरबाट निस्किएर भागेका तर सेनाले ...को घरलाई C आकारमा घरेको हुनाले सबै व्यक्तिहरू भाग्न नसकेको र यसक्रममा उन्नाइस जना व्यक्तिहरूलाई सेनाले आफ्नो नियन्त्रणमा लिएको बुझिएको ।
- निजहरूलाई पक्राउ गर्ने क्रममा सेनाले चलाएको गोलीबाट ...को घरको बाहिरी भित्ता, छाना तथा घरको भित्री भागमा झुन्ड्याएर राखेका तस्बिरमा समेत गोली लागेको पाइएको ।
- सेनाले ...को घरभित्र प्रवेश गरी घरधनी ... र निजका छोरा ...लाई समेत भेला गराई उन्नाइस जनालाई नियन्त्रणमा लिई सबैको हात पछाडितिर लगी बाँधेर घरभन्दा माथिल्लो कान्लामा पुर्याई लडाएको भन्ने बुझिएको ।

- यसक्रममा सेनाले ...को घरको खानतलासी गर्दा केही हतियारसमेत बरामद गरेको र पक्राउ परेका सबै जनालाई बिहानको करिब ११.३० बजे त्यहाँबाट स्वास्थ्य चौकीतर्फ लिई गएको भन्ने बुझिएको ।
- सेनाहरूले चलाएको गोलीबाट ...को घरनजिक टेकबहादुर थापा मगरको छाती र पेटमा गोली लागी मृत्यु भएको भन्ने बुझिएको । साथै सोही स्थाननजिकै पहिचान नखुलेकी एक महिलाको फ्रक र सल भेटिएको र ती कपडा अठार वर्षीय उषा उपनाम भएकी महिलाको भएको र उनको अवस्था त्यहीँबाट अज्ञात भएको भन्ने बुझिएको ।
- मृतक टेकबहादुरको लास स्थानीय गाउँलेहरूले भदौ १ गते स्थानीय चिहानडाँडा भन्ने स्थानमा लगेर गाडेको भन्ने बुझिएको ।
- पक्राउ गरी लगिएका उन्नाइस जनालाई सुरक्षाकर्मीले दोरम्बा बजारबाट उकालो बाटो हिँडाउदै डाँडाकटेरी क्षेत्रमा पुर्‍याएर लाइन लगाएर उभ्याएको, पक्राउ परेकामध्ये ठुलोराम तामाङ चिच्याएको र अर्की एक महिलाले मार्‍यो नि मार्‍यो भन्दै कराइरहेको खसी किन्न भनी हिँडेका स्थानीय व्यक्तिले सुनेको र देखेको बुझियो । त्यसको केही समयपछि एकोहोरो बन्दुक पड्केको आवाज आएको, बन्दुकको आवाज स्थानीय बासिन्दाहरू, निगालपानी क्षेत्रका बासिन्दा र विद्यार्थीहरूले समेत सुनेको भन्ने बुझिएको ।
- करिब ५ बजे निगालपानी हुँदै डाँडाकटेरीतर्फ आएका विद्यार्थीहरूले डाँडाकटेरी क्षेत्रमा आइपुग्दा बाटाभरि रगत, गिदी, खोपडीका टुक्राहरू र भिरतिर दसवटा जति लासहरू लडाएर फालिएको अवस्थामा देखेको भन्ने बुझिएको ।

४.१.१.३ शवोत्खनन प्रक्रिया र प्राप्त तथ्यहरू

- सो स्थानमा एघार जनाको लासलाई खप्टिएको अवस्थामा एउटै ठाउँमा, अन्य लासहरू छरिएर रहेको अवस्थामा माओवादी कार्यकर्ताहरूको उपस्थितिमा स्थानीय बासिन्दाहरूले तिनवटा खाल्डोमा क्रमशः सात, आठ र तिन गरी जम्मा अठारवटा लासहरू गाडेको भन्ने बुझियो । सो स्थानमा मारिएका उन्नाइस जनामध्ये मृतक चतुरमान थामीको लास निजका परिवारले आफ्नो परम्पराअनुसार अन्तिम संस्कार गरेको भन्ने बुझिएको थियो ।
- अनुसन्धान समितिले भदौ ११ गते घटनास्थलको जाँच गर्दा सत्रवटा गोलीका खोकाहरू, महिला र पुरुषका गरी सात थान चप्पल, हात बाँध्न प्रयोग गरिएका डोरीका टुक्रा, दुई प्याकेट काँइयो, दाँत माझ्ने ब्रस, ढाका टोपी, टाउकाको हड्डीका टुक्राहरू फेला पारेको थियो ।

- आयोगको फरेन्सिक विशेषज्ञसहितको टोलीले शवहरूको उत्खनन गर्नुपूर्व मृतकका आफन्तहरू र स्थानीय बासिन्दाहरूबाट लिखित मन्जुरी लिएको थियो ।
- विशेषज्ञबाट गाडिएका अठारवटा शवहरूलाई गाडिएको स्थानबाट उत्खनन गरिएको थियो । उत्खननको क्रममा सबै लासको अवलोकन गर्ने, फोटो खिच्ने, भिडियो खिच्ने र लिखित रूपमा अभिलेख गर्ने कार्य गरिएको थियो । मृतकहरूका लासलाई आफन्तहरूले चिनाइदिएका थिए ।
- लास गाडिएको स्थानमा तिन ठाउँमा अठारवटा लाइनहरू थिए । जसमा माथिल्लोबाट पहिलो स्थानमा सात, दोस्रोमा आठ र तेस्रोमा तिनवटा शवहरू गाडिएको पाइएको थियो ।
- माथिबाट दायाँतर्फ सुरु गरी खनिएका डोबहरूलाई १ देखि ७, ८ देखि १५ र १६ देखि १८ सम्म नम्बर दिइएको थियो ।
- लासहरूलाई एकएक गरी माटो निकाली लासमा भएका चोटहरूको अवलोकन गर्ने, फोटो खिच्ने तथा टिपोट गर्ने काम गरिएको थियो ।
- उत्खनन गरिएकामध्ये ८, ९, ११, १३ र १४ नं. का डोवबाट निकालिएका शवहरू महिला र अन्य शवहरू पुरुषका थिए ।
- लासमा भएका चोटपटकहरू राइफल फायर आर्म (Rifle firearm) हतियारबाट भएकासँग मिल्दाजुल्दा थिए ।
- अठारमध्ये पन्ध्रवटा शवका टाउकोमा चोटहरू थिए । टाउकोमा चोट भएका अधिकांश शवको गिदी नभएको र अधिकांश हड्डीका टुक्राहरूसमेत हराएका थिए ।
- टाउकोमा चोट लागेका पन्ध्रमध्ये चारवटा लासका टाउकोमा पूर्ण रूपले खप्पर नभएको हुँदा गोली entry र exit गरेको ठाउँ भेटिन सकेन । केही लासमा entry मा exit मा जस्तै ठुलो चोट लागेको पाइएको थियो ।
- मारेर गाडिएका अठारमध्ये दस जनालाई अगाडि, दुई जनालाई पछाडि र अन्यलाई साइडबाट गोली लागेको भेटिएको थियो जसमा दुईवटा लासमा मात्र एकभन्दा बढी गोली लागेका थिए ।
- लासमा देखिएको चोटबाट गोली नजिकैबाट हानिएको भन्ने पाइएको थियो ।
- लासको उत्खननपछि सबै लासहरूलाई आफन्त र स्थानीय बासिन्दाहरूको सहमतिमा सोही स्थानमा पूर्ववत् अवस्था बनाई पुरिएको थियो ।
- उक्त घटनामा नेपाली सेनाको नेतृत्व मेजर तहका सैनिकबाट भएको र उक्त टोलीमा क्याप्टेनसमेत अन्य सुरक्षाकर्मी भएको भन्ने बुझिएको थियो ।

- अनुसन्धानबाट उक्त घटनामा अठार जना माओवादी, दुई जना सर्वसाधरण गरी बिस जना व्यक्तिहरूलाई मारिएको र एक जनाको अवस्था अज्ञात भएको पाइएको थियो । उक्त घटनामा मारिएका मध्ये चौध जनाको मृत्युको कारण Rifle Firearm Injury to the Head, एक जनाको External Bleeding from Firearm Injury in Rights Upper Extremity र अर्को जनाको Rifle Firearm Injuries in Neck and Chest भनी उल्लेख भएको छ । एक जनाको हकमा मृत्युको कारण खुल्न नसकेको उल्लेख भएको छ ।

तालिका नं. ३ : दोरम्बामा मारिएका व्यक्तिहरूको विवरण

क्र.सं.	नाम, ठेगाना	उपनाम	ठेगाना	कैफियत
१	बाबुराम तामाङ,	पुष्प	बेथान ५, रामेछाप	मृत्यु
२	प्रदीप दोङ,	रक्तिम	बेथान ५, रामेछाप	मृत्यु
३	अम्बिका दाहाल,	ललिता	इकुडोल ६, ललितपुर	मृत्यु
४	हर्कबहादुर तामाङ	यथार्थ	फुलासी ८, रामेछाप	मृत्यु
५	रवि चौहान	(समीर)	गेलु ५, रामेछाप	मृत्यु
६	उमा कार्की	साहारा	चनखु ३, रामेछाप	मृत्यु
७	श्याम तामाङ	इन्क्लाव	चनखु ३, रामेछाप	मृत्यु
८	पदमराज गिरी	असल	पुरानागाउँ ८, रामेछाप	मृत्यु
९	विष्णुमाया थापा मगर	विमा	दोरम्बा १, रामेछाप	मृत्यु
१०	ठूलोराम तामाङ	छोक्पा	दोरम्बा ३, रामेछाप	मृत्यु
११	सानोराम तामाङ	तारा	दोरम्बा ३, रामेछाप	मृत्यु
१२	लक्ष्मण तामाङ	छाया	दोरम्बा ३, रामेछाप	मृत्यु
१३	युवराज मोक्तान	बाबु	दोरम्बा २, रामेछाप	मृत्यु
१४	लिला मोक्तान	बाबु	दोरम्बा २, रामेछाप	मृत्यु
१५	चतुरमान थामी	समीर	डडुवा ५, रामेछाप	आफन्तले अन्तिम संस्कार गरिसकेकाले उत्खनन नभएको।
१६	सङ्गीता थामी	सङ्गीता	डडुवा ४, रामेछाप	मृत्यु
१७	नाम नखुलेको	जमिन	धनुषा	मृत्यु
१८	नाम नखुलेको	सोम	चौबास, काभ्रेपलान्चोक	मृत्यु
१९	हर्कलक्ष्मी राई	विमला	सोलुखुम्बु	मृत्यु
२०	टेकबहादुर थापा मगर	विवेक	रामेछाप	दोरम्बामा नै मारिएको
२१	नाम नखुलेको	उषा	सिन्धुपाल्चोक	बेपत्ता

आयोगको अनुसन्धानबाट उक्त घटनामा दोरम्बा बजारमा बैठक बसिरहेका व्यक्तिहरूलाई घेरा हालेर पक्राउ गरी उक्त स्थानबाट करिब दुई घण्टा हिँडाएर डाँडकटेरी भन्ने स्थानमा पुऱ्याएर हात पछाडि लगेर बाँधी नजिकैबाट गोली हानी हत्या गरिएको निष्कर्ष निकालिएको थियो । उत्खनन गरिएका शवहरूको परीक्षण गर्दा मृतकहरूको टाउकोमा मात्र गोली लागेको र नजिकैबाट गोली प्रहार गरिएको समेत तथ्यहरूबाट घटनामा दोहोरो भिडन्त नभएको निष्कर्ष निकालिएको थियो । विशेषज्ञको प्रतिवेदन र घटनाका प्रत्यक्षदर्शीको भनाइमा एकरूपता आउँदा घटनामा गैरन्यायिक हत्या भई गम्भीर मानव अधिकार हनन भएको पुष्टि भएको थियो ।

४.१.१.४ आयोगबाट भएको निर्णय

विशेषज्ञसहितको अनुसन्धान टोलीबाट आयोगमा प्राप्त प्रतिवेदनको अध्ययन गरी आयोगबाट प्रस्तुत घटनामा २०६० भदौ २५ गते घटनाको स्वतन्त्र र विस्तृत अनुसन्धान गरी दोषीलाई आवश्यक कारबाही गर्न तथा पीडित परिवारहरूलाई उचित राहत दिनको साथै यस्ता घटनाहरू पुनः दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउन सरकारले सुरक्षा निकायलाई सचेत गराउनुपर्ने ठहर गऱ्यो । घटनामा दोषी देखिएका नेपाली सेनाका तत्कालीन गुल्मपति रामलाल पोखरेललाई सैनिक ऐन, २०१६ बमोजिम दुई वर्ष कैद र भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी कारबाही भएको जानकारी प्राप्त भएको छ[१९] । सबै मृतकका परिवारले क्षतिपूर्ति नपाएको अवस्था छ भने यसप्रकारको गम्भीर अपराधमा फौजदारी कार्य विधि अनुरूप कारबाही नभएको हुँदा आयोगको सिफारिस अझैसम्म पनि कार्यान्वयन हुन सकेको छैन । यस घटनामा आयोगले गरेको ठहर अनुसूची- १ मा समावेश गरिएको छ ।

४.१.२ कुमरी घटना

४.१.२.१ घटनाको सङ्क्षिप्त ब्यहोरा

सशस्त्र द्वन्द्वको अवधिमा २०६० माघ ७ गते नुवाकोट जिल्ला कुमरी गाविस वडा नं. ७ स्थित आकासेडाँडामा तकालीन शाही नेपाली सेनाले तिन जना व्यक्तिहरूलाई गैरकानुनी रूपमा मारेकाले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता भएको थियो । तत्कालीन शाही नेपाली सेनाले जबर्जस्ती चन्दा उठाइरहेको अवस्थामा सुरक्षाकर्मीको टोली सो

---

[१९] राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारसमक्ष गरिएका सिफारिसहरूको कार्यान्वयन स्थिति (२०५८–२०७१ असार), २०७१ असार, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिहदरबार काठमाडौं, पृ.२६–२७ ।

स्थानमा पुगेको र टोली सो स्थानमा पुग्दा केही व्यक्तिहरू भागेका, सुरक्षाकर्मीले ती व्यक्तिहरूलाई रोकिनलाई चेतावनी दिएको तर ती व्यक्तिहरूले चेतावनी दिँदा पनि अटेर गरी सुरक्षाकर्मीतिर नै सकेट बम फाल्दै भाग्दा सुरक्षाकर्मीको कारबाहीको क्रममा (दोहोरो भिडन्तमा) राजन पुडासैनी, यदुप्रसाद मुडभरी र मणिराज मुडभरीसमेतका तिन जना व्यक्तिहरू मारिएको भन्ने दावी लिएको थियो । आयोगले प्रस्तुत घटनाको विशेषज्ञसहितको अनुसन्धान टोलीबाट शव उत्खनन गरी अनुसन्धान गरेको थियो ।

४.१.२.२ आयोगले गरेको अनुसन्धान

घटनाको अनुसन्धानका लागि आयोगका अधिकृतको संयोजकत्वमा फोरेन्सिक विशेषज्ञसमेत संलग्न रहेको टोली गठन गरिएको थियो । उक्त टोलीले घटनाको स्थलगत रूपमा अनुसन्धान गर्ने र शवउत्खनन गरी परीक्षण गर्ने कार्य गरेको थियो । विशेषज्ञसहितको आयोगको टोलीले २०६० माघ १५ गते सुरक्षाकर्मीले मारेर गाडिएको अवस्थामा रहेका दुई जनाको शव उत्खनन गरेर अनुसन्धान गरेको थियो । उक्त घटनामा मारिएका मणिराज मुडभरीको शव आयोगको टोली घटनास्थलमा पुग्नुभन्दा पहिले नै दाहसंस्कार गरिसकेको पाइएको थियो । विशेषज्ञको प्रतिवेदनबाट उक्त घटना दोहोरो भिडन्त नभई व्यक्तिहरूलाई नियन्त्रणमा लिएर मारिएको पुष्टि भएको थियो । मृतकहरूको शरीरमा रहेको चोटपटकले निजहरूको मृत्यु गोली प्रहारबाट भएको निष्कर्ष अनुसन्धान टोलीको थियो । घटनामा मारिएका व्यक्तिहरूको विवरण यसप्रकार छ :

तालिका ४ : नुवाकोटको कुमरी घटनामा मारिएका व्यक्तिहरूको विवरण

क्र.सं.	नाम र उमेर	ठेगाना	कैफियत
१.	राजन पुडासैनी, वर्ष २४	कुमरी गाविस ७, नुवाकोट	**Cause of Death**: Rifled firearm injuries to head and neck
२.	यदुप्रसाद मुडभरी, वर्ष २८	कुमरी गाविस १, नुवाकोट	**Cause of Death:**Rifled firearm injuries to neck and chest
३.	मणिराज मुडभरी, वर्ष २६	कुमरी गाविस १, नुवाकोट	अनुसन्धान पहिला नै दाहसंस्कार गरेको बुझिएको ।

४.१.२.३ आयोगबाट भएको निर्णय

उक्त घटनाको अनुसन्धान प्रतिवेदनका आधारमा आयोगबाट नुवाकोट जिल्लाको कुमरी गाविस वडा नं. ७ बस्ने वर्ष २४ को राजन पुडासैनी, ऐ. वडा नं. १ बस्ने वर्ष २८ को यदुप्रसाद मुडभरी र ऐ. बस्ने मणिराज मुडभरीसमेतलाई सुरक्षाकर्मीले गैरन्यायिक हत्या गरेको निष्कर्षसहित दोषी सुरक्षाकर्मीलाई कानुनी कारबाही गर्न र मृतकहरूका परिवारहरूलाई जनही रु. १ लाख ५० हजार रुपियाँका दरले क्षतिपूर्ति उपलब्ध गराउन २०६२ जेठ ३ गते ठहरसहित सिफारिस गरेको थियो । प्रतिवेदन तयार हुँदासम्म पीडित परिवारहरूले पूर्णरूपमा क्षतिपूर्ति प्राप्त गरेको जानकारी प्राप्त भएको छैन । घटनामा दोषीउपर कारबाही गर्नेतर्फ सरकारले कुनै पहल गरेको पनि देखिँदैन । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०६८।२।१० पत्रसङ्ख्या मा.अ. ०६७।०६८ च.नं.४१७ को सिफारिस कार्यान्वयनसम्बन्धी पत्रसाथ प्राप्त विवरणको पृष्ठ २६ क्रमसङ्ख्या ५३ मा उल्लेख भएबमोजिम मृतकका परिवारलाई हालसम्म जनही रु. ५० हजार उपलब्ध गराउन बाँकी रहेको उल्लेख छ। यस घटनामा आयोगले गरेको ठहर अनुसूची- २ मा राखिएको छ।

४.२ बलपूर्वक बेपत्ता पारिएका घटनाहरूमा भएका शवोत्खनन

सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा अनुसन्धान गर्ने क्रममा देशका विभिन्न नौ स्थानहरूमा भएका शवोत्खननहरूमा आयोग संलग्न भएको छ। केही घटनाहरूमा आयोग आफैले शवोत्खनन गरेको थियो भने केहीमा नेपाल प्रहरीबाट शवोत्खनन भई आयोगले प्राविधिक सहयोग उपलब्ध गराएको थियो । बलपूवर्क बेपत्ता घटनाहरूमा भएका शवोत्खननहरूलाई निम्नबमोजिम उल्लेख गरिएको छ।

४.२.१ केवलपुर घटना

४.२.१.१ घटनाको सङ्क्षिप्त ब्यहोरा र आयोगले गरेको अुसन्धान

धादिङ जिल्ला जीवनपुर गाविस वडा नं. १ बस्ने १५ वर्षिया बालिका सरला सापकोटालाई २०६१ साल साउन १ गते आफ्नै घरमा हजुरबाबु र हजुरआमाको सामुन्नेबाट सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको भनी निजको अवस्था सार्वजनिक गरिदिन २०६१ साल साउन ११ मा आयोगमा



केलपुरको गुगल नक्सा

उजुरी दर्ता थियो । यस सम्बन्धमा विभिन्न निकायमा पत्राचार गर्दा गृह मन्त्रालय तथा मातहत निकायबाट निजलाई पक्राउ नगरिएको जानकारी प्राप्त भएको र रक्षा मन्त्रालय तथा मातहत निकायबाट कुनै जवाफ प्राप्त हुन नआएको अवस्था थियो । उक्त घटनामा आयोगको विशेषज्ञसहितको अनुसन्धान टोलीले धादिङ जिल्लाको केवलपुर गाविस वडानं. ८ मा शवोत्खनन गरी अनुसन्धान गरेको थियो ।

पीडितका बाबुले मिति २०६२।९।१६ मा आयोगमा निवेदन दिई आफ्नी छोरीलाई सुरक्षाकर्मीले पक्राउ गरेकै राति घरबाट करिब १५०० मिटर टाढा लगी मारेर खाल्डो खनी पुरेको थाहा पाएपछि ICRC को उपस्थितिमा लास गाडेको आशङ्का गरिएको ठाँउमा खनेर हेर्दा केही हड्डी तथा कपडा फेला परेको र कपडाको आधारमा आफ्नै छोरी हो भन्ने आशङ्का भएकाले उक्त घटनाको निष्पक्ष छानबिन गरिदिन आयोगमा निवेदन दिएका थिए । यस सम्बन्धमा आयोगबाट अनुसन्धान गर्दा निज सरला सापकोटालाई सुरक्षाकर्मीले पक्राउ गरी धादिङ जिल्लाको केवलपुर गाविस वडा नं.८ स्थित मैदान चौतारीमा पुऱ्याई मारेर गाडेको भन्ने विश्वसनीय तथ्य प्राप्त भएको थियो । उक्त घटनाको अनुसन्धान गर्न आयोगले त्रिभुवन विश्वविद्यालय महारजगन्ज मेकिल क्याम्पस, फरेन्सिक मेडिसिन विभागका विशेषज्ञ सम्मिलित अनुसन्धान टोली बनाई निजको भनिएको शव गाडिएको आशङ्का गरिएको स्थानमा २०६२ पुस २७ गते उत्खनन गरेको थियो ।

शव गाडिएको स्थान धादिङ जिल्लाको केवलपुर गाविस वडा नं. ८ स्थित मैदान चौतारी भन्ने चौरको पूर्वपट्टि धार्के जीवनपुर मूल सडकको उत्तरतर्फ झाडी भएको ठाउँमा रहेको थियो । गाडिएको ठाउँमा शवलाई माटाले पुरेर माथिबाट ढुङ्गाले छोपेको अवस्थामा रहेको पाइएको थियो । उत्खननको क्रममा निम्न विधि अवलम्बन गरिएको थियो ।

- शवोत्खननपूर्व पीडितका बाबुबाट आशङ्कित मृतकको एन्टिमोर्टम विवरण सङ्कलन गरिएको थियो ।
- अनुसन्धान टोलीबाट शव गाडिएको आशङ्कित स्थलको नक्साङ्कन गरी कर्डन गरी अनुसन्धान टोलीबाहेक अरूलाई प्रवेश निषेध गरिएको थियो ।
- अनुसन्धान टोलीबाट घटनास्थललगायत प्राप्त प्रमाणहरूको मुचुल्का गरिएको थियो ।
- उत्खननको क्रममा विभिन्न चार तहमा ट्याग नम्बर प्रदान गरी सावधानीपूर्वक खनेर मानव अवशेष तथा अन्य प्रमाणहरूको सङ्कलन गरिएको थियो ।
- प्राप्त मानव अवशेष तथा प्रमाणहरूलाई सिलबन्दी गरी वैज्ञानिक परीक्षणका लागि त्रिवि महाराजगन्ज मेडिसिन क्याम्पसको फरेन्सिक मेडिसिन क्याम्पसमा परीक्षण गरिएको थियो भने DNA परीक्षण भारतको हैदरावादस्थित DNA फिङ्गरप्रिन्टिङ एवम् निदान केन्द्रमा गरिएको थियो ।

- मृतकका बाबुलाई निजको चहानाबमोजिम उत्खननको क्रममा अवलोकन गराइएको थियो ।
- अनुसान्धान टोलीले घटनाका प्रत्यक्षदर्शी एवम् जानकार व्यक्तिहरूसँग थप तथ्यहरू सङ्कलन गरेको थियो ।

४.२.१.२ उत्खननबाट प्राप्त तथ्यहरू

- उत्खननबाट एक जना व्यक्तिको मानव अवशेष फेला परेको थियो ।
- खाल्डामा गाडिएको लासलाई खाल्डाबाट निकालेर हेर्दा निलो तथा सेतो मसिना कोठा भएको धर्के र कोठे मिनिर्स्कट, हरियो रङको सुरुवाल, निलो चप्पल लगाएको शरीरको भाग अस्थिपञ्जर मात्र भएको, शवको अधिकांश हड्डी छुट्टिएको, टाउकोमा रबरले बाँधेको कपाल भएको, गोडा पूर्व तथा टाउको पश्चिमतर्फ भएको अवस्थामा पाइएको थियो ।
- फरेन्सिक मेडिसिन विभाग महाराजगन्जले बरामद गरिएको मानव अवशेष, मृतकका साथमा रहेका कपडा, चप्पललगायतका बरामद भएका प्रमाणहरूको परीक्षण गरी उपलब्ध गराएको अटोप्सी प्रतिवेदनेमा निजको मृत्युको कारण Blunt Force Head Injury उल्लेख गरिएको छ । उक्त प्रतिवेदनमा उत्खनन गरिएका मानव अवशेषहरू १५ देखि १८ वर्षकी युवतीको भएको, मृतकका बारेमा बाबु र राष्ट्रिय मानव अधिकार आयोगले दिएको जानकारी शव परीक्षणबाट प्राप्त तथ्यहरूको तुलना गर्दा मानव अवशेषहरू सरला सापकोटाको भएको उल्लेख गरिएको छ ।
- अटोप्सी रिपोर्टबाट उत्खनन गरिएको शव सरला सापकोटाको भएको र यसको थप पुस्ट्याइँका लागि DNA गर्न सिफारिस गरिएअनुसार भारतको हैदराबादस्थित DNA फिङ्गरप्रिन्टिङ एवम् निदान केन्द्रबाट DNA परीक्षण गराउँदा उक्त प्रयोगशालाले पठाइएका नमुनाबाट DNA प्राप्त गर्न नसकिएको रायसहितको प्रतिवेदन उपलब्ध गराएको छ ।
- आयोगबाट शवोत्खननपूर्व लिइएको एन्टिमोर्टम विवरण एवम् अनुसन्धानको क्रममा बुझिएको प्रत्यक्षदर्शीको भनाइ एवम् विशेषज्ञको प्रतिवेदनका आधारमा उक्त मानव अवशेष सरला सापकोटाको नै भएको आयोगको निष्कर्ष रहेको छ । उत्खनन गरिएको मानव अवशेष पीडित परिवारले बुझी नलिएको कारण यो प्रतिवेदन तयार गर्दासम्म त्रिवि शिक्षण अस्पताल फरेन्सिक मेडिसिन विभागमा राखिएको छ ।

४.२.१.३ आयोगबाट भएको निर्णय

अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणका आधारमा आयोगले २०६५ असार ३० गते उत्खनन गरिएको उक्त मानव अवशेष सरला सापकोटाको नै भएको र उक्त घटनामा निजलाई सुरक्षाकर्मीले पक्राउ गरी मारेर बेपत्ता पारेको ठहर गरेको छ । आयोगको ठहरमा सरला सापकोटाको हत्या गैरन्यायिक रूपमा गरिएको देखिँदा हत्यामा संलग्न व्यक्तिहरू विरुद्ध जिल्ला प्रहरी कार्यालय धादिङमा दर्ता भएको जाहेरी दर्खास्तउपर कारबाही अगाडि बढाउन आदेश दिनु भनी नेपाल सरकारलाई लेखी पठाउने निर्णय गरेको छ । यसका अतिरिक्त पीडित परिवारलाई तिन लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउन पनि नेपाल सरकारलाई लेखी पठाउने र त्रिभुवन विश्वविद्यालय महाराजगन्ज क्याम्पस फोरेन्सिक विभागमा रहेको सरला सापकोटाको शव प्रहरीद्वारा थप अनुसन्धानका लागि माग भई आएमा पत्र प्राप्त भएको मितिले १५ दिनभित्र र सो अवधि भित्र माग भई नआएमा निजको आफन्तलाई बुझाइदिनू भनी ठहर गरेको छ । यस सम्बन्धमा आयोगबाट नेपाल सरकारलाई सिफारिस गरी पठाइसकिएको छ । यो प्रतिवेदन तयार भइरहँदासम्म पीडित परिवारले क्षतिपूर्ति रकम प्राप्त भएको भए पनि पीडित परिवारले जिल्ला प्रहरी कार्यालय धादिङमा दिएको किटानी जाहेरीमाथि प्रभावकारी अनुसन्धान नभएको पाइएको छ । जसको कारण दोषीलाई कारबाही नभएको भन्दै पीडित परिवारले मानव अवशेष नबुझेको अवस्था छ । यस घटनामा आयोगले गरेको ठहरको पूर्ण विवरण अनुसूची -३ मा राखिएको छ ।

४.२.२ चलाल गणेशस्थान घटना

४.२.२.१ घटनाको सङ्क्षिप्त ब्यहोरा र आयोगले गरेको अनुसन्धान

काभ्रेपलान्चोक जिल्ला फूलबारी गाविस वडा नं. ८ बस्ने हरिप्रसाद बोलखेलाई २०६० पुस १२ गते काभ्रेपलान्चोक जिल्लाको बनेपाबाट सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको भनी निजको अवस्था सार्वजनिक गर्नको लागि आयोगमा उजुरी दर्ता भएको थियो ।

आयोगमा उल्लिखित ब्यहोराको उजुरी दर्ता हुन आएपछि आयोगको अनुसन्धान टोलीले घटनाको स्थलगत अनुसन्धान गरेको थियो । स्थलगत अवलोकनबाट निजलाई सुरक्षाकर्मीले पक्राउ गरी काभ्रेपलान्चोक जिल्लाको चलाल गणेशस्थान १ स्थित सल्लाको फेद भन्ने स्थानमा पुऱ्याई मारी जङ्गलमा निजको शव गाडेको तथ्य प्राप्त भएको थियो । शव गाडिएको आशङ्कित जङ्गलमा आयोगको अनुसन्धान टोलीले स्थलगत रूपमा खोजी गर्दा जङ्गलको एउटा भागमा वरिपरिका अन्य स्थानहरूमा भन्दा वनस्पति सप्रिएको अवस्थामा पाइएकोले उक्त स्थानमा शव गाडिएको आशङ्का गरेको थियो ।

अनुन्धान टोलीबाट प्राप्त तथ्यका आधारमा आयोगले फरेन्सिक विशेषज्ञसहितको अनुसन्धान टोली गठन गरी आशङ्कित स्थलमा २०६३ असार २० गते उत्खनन गरिएको थियो । शव गाडिएको उक्त स्थान काभ्रेपलान्चोक जिल्लाको चलाल गणशस्थान गाविस वडा नं.१ स्थित सल्लाको फेद भन्ने स्थानमा रहेको पनौतीबाट ढुङखर्क जाने सडकको करिब ३०० मि. माथि साल्लाको फेद भन्ने स्थानको गोरेटो बाटाको करिब ३० मि. पूर्वमा रहेको, शव गाडिएको स्थान भिरालो कान्लोको तल ठिम्रे, सल्लो, गुराँस तथा चिलाउनेका रूखको वरिपरि रहेका पाइएको थियो । उत्खननको क्रममा निम्न विधि अवलम्बन गरिएको थियो ।

- उत्खनन गर्नुपूर्व मृतक भनी आशङ्का गरिएका निज हरिप्रसाद बोलखेको एन्टिमोर्टमसम्बन्धी विवरण सङ्कलन गरिएको थियो ।
- अनुसन्धान टोलीबाट शव गाडिएको आशङ्कित स्थलको नक्साङ्कन गरी कर्डन गरी अनुसन्धान टोलीबाहेक अरूलाई प्रवेश निषेध गरिएको थियो ।
- अनुसन्धान टोलीबाट घटनास्थललगायत प्राप्त प्रमाणहरूको मुचुल्का गरिएको थियो ।
- उत्खननको क्रममा विभिन्न छ चरणसम्मको ट्याग नम्बर प्रदान गरी सावधानीपूर्वक खनेर मानव अवशेष तथा अन्य प्रमाणहरूको सङ्कलन गरिएको थियो ।
- प्राप्त मानव अवशेष तथा प्रमाणहरूलाई सिलबन्दी गरी वैज्ञानिक परीक्षणका लागि कपडाभित्र रहेको अवस्थामा रहेको शवलाई Body bag मा राखेर तिन ठाउँमा सिल गरी Exhumed body 2063-03-21. Chalal Ganeshthan-1 Kavre भन्ने लेखेर त्रिवि महाराजगन्ज मेडिसिन क्याम्पसको फरेन्सिक मेडिसिन क्याम्पसमा पठाइ परीक्षण गरिएको थियो ।
- शवोत्खननपूर्व मृतक भनी आशङ्का गरिएका हरिप्रसाद बोलखेका परिवारसँग शवोत्खननको सहमति लिनका साथै परिवारका सदस्य तथा आफन्तहरूलाई निजहरूको चहानाबमोजिम उत्खननको क्रममा अवलोकन गराइएको थियो ।
- अनुसान्धान टोलीले घटनाका प्रत्यक्षदर्शी एवम् जानकार व्यक्तिहरूसँग थप तथ्यहरू सङ्कलन गरेको थियो ।

४.२.२.२ उत्खननबाट प्राप्त तथ्यहरू

- उत्खनन गर्दा शव गाडिएको अनुमान गरिएको स्थलमा रातो ज्याकेटभित्र रहेको अवस्थामा शरीरका अधिकांश भाग गलेर मानव अस्थिपञ्जर भएको एक जना व्यक्तिको मानव शरीरको मानव अवशेष फेला परेको थियो ।
- खाल्डोमा गाडिएको शव उत्तानो परेर रहेको, दाँत बाहिर निस्किएको र मोजा लगाइरहेको अवस्थामा फेला परेको थियो ।
- शव उत्खनन गरिसकेपछि पीडितका परिवारले अवलोकन गरी उक्त शव हरिप्रसाद बोलखेको भएको कुरामा विश्वास गरेको बताए ।
- त्रिवि शिक्षण अस्पताल काठमाडौँ एटप्सी सेन्टर फरेन्सिक मेडिसिन डिपार्टमेन्टले दिएको Report of Atopsy मा पीडित भनी आशङ्का गरिएका व्यक्तिका भाइ तथा राष्ट्रिय मानव अधिकार आयोगबाट दिइएको history र exehumation findings तथा autopsy findings का आधारमा प्राप्त मृत शरीर फूलबारी गाविस ८ बस्ने वर्ष ३५ का हरिप्रसाद बोलखेको भएको भन्ने उल्लेख छ ।
- मृतकको शरीरमा फेला परेका दुईवटा परिचयपत्रले समेत मृतक व्यक्ति हरिप्रसाद बोलखे नै भएको प्रमाणित भएको भन्ने उक्त प्रतिवेदनमा उल्लेख छ । उक्त प्रतिवेदनमा निजको मृत्यु Pelvis मा गोली लागेको कारण (Gun Fire Injury to Pelvis) भएको घाउबाट भएको भन्ने किटान गरिएको छ ।
- शव परीणक्षका क्रममा फेला परेका गोलीका खोका र छर्रा केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशाला ब्यालेस्टिक डिपार्टमेन्टमा परीक्षणका लागि दिइएकोमा उक्त कार्यालयबाट २०६३ भदौ ५ मा आयोगमा पठाइएको प्रतिवेदनमा निम्न कुरा उल्लेख गरिएको छ :
  - The Article No. 1 is no. SG (small grain) size lead pellets of 12 bore shotgun catiridge.
  - The article No. 12 is a wad (plastic cup) of 12 bore sotgun cartridge.
- शवोत्खननका क्रममा वैज्ञानिक अनुसन्धान पुरा भएपछि मृतकका परिवारको चाहनाबमोजिम उत्खनन गरिएको मानव अवशेषहरू २०६३।५।२८ गते काभ्रेपलान्चोक जिल्ला फूलबारी गाविस वडा नं.८ मा मृतकका परिवारलाई हस्तान्तरण गरिएको थियो । सोही दिन मृतक परिवारले आफ्नो साँस्कृतिक परम्पराअनुसार अन्तिम संस्कार गरेका थिए ।

४.२.२.३ आयोगबाट भएको निर्णय

आयोगबाट प्रस्तुत घटनामा नेपाली सेनाका मेजर कृष्णध्वज थापा, तत्कालीन क्याप्टेन बाबुराम थापा र प्रहरी हवल्दार खड्गराज लामासमेतका व्यक्तिहरूको प्रत्यक्ष संलग्नता देखिएको हुँदा निजहरूलाई फौजदारी कानुनबमोजिम कारबाही गर्न र मृतकको आश्रित परिवारलाई सरकारले मानव अधिकार उल्लङ्घन भई मृत्यु भएका अन्य घटनाहरूमा दिएसरह (विशेषतः जनआन्दोलन र मधेश आन्दोलनमा मारिएका व्यक्तिका परिवारहरूलाई) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने भनी २०६५ जेष्ठ २४ गते ठहर गरेको छ । आयोगको ठहरबमोजिमको सिफारिस कार्यान्वयनका लागि नेपाल सरकारलाई लेखी पठाएकोमा पीडित परिवारलाई हालसम्म नेपाल सरकारको नीतिबमोजिम तिन लाख रुपियाँ आर्थिक राहत उपलब्ध गराएको बुझिएको छ । दोषीलाई कारबाही नगरिएको र पीडितलाई पर्याप्त परिपूरणको व्यवस्था नभएको हुँदा आयोगको सिफारिस अझै पनि कार्यान्वयन नभएको अवस्था छ । यस घटनामा आयोगले गरेको ठहर अनुसूची-४ मा समावेश गरिएको छ ।

४.२.३ छत्रेदेउराली घटना

४.२.३.१ घटनाको सङ्क्षिप्त ब्यहोरा र आयोगले गरेको अनुसन्धान

धादिङ जिल्लाको छत्रेदेउराली गाविस वडा नं.८ पिपलचौरको तल्लो भागमा एउटा मानव अवशेष गाडिएको अवस्थामा फेला परेको भनी स्थानीय बासिन्दाहरूले शव गाडिएको स्थानको माथिल्लो भाग खनेर शव भएको यकिन गरी आयोग तथा नेपाल प्रहरीलाई टेलिफोनबाट २०६३ फागुन १६ गते जानकारी गराएका थिए । उक्त जानकारी प्राप्त भएपछि आयोगको अनुसन्धान टोली तत्कालै घटनास्थल पुग्दा शव गाडिएको स्थलमा खनेर पुनः पुरिएको अवस्थामा पाइएको थियो । अनुसन्धान टोली घटनास्थलमा पुग्दा करिब पाँच सयको सङ्ख्यामा स्थानीय बासिन्दाहरू, नेपाल प्रहरी, तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ता, बेपत्ता पारिएका

छत्रे देउराली
Chhatre
Deurali
Imagery ©2011 Cnes/Spot Image

छत्रेदेउरालीको गुगल नक्सा

व्यक्तिहरूका परिवार तथा आफन्तहरू, आइसिआरसीका प्रतिनिधि तथा पत्रकारहरूको उपस्थिति रहेको पाइएको थियो । घटनास्थलमा इन्सेक र काहुरास्टलगायतका मानव अधिकार संस्थाका प्रतिनिधिहरूसमेत उपस्थित थिए । आयोगको अधिकृत स्तरीय टोलीसमक्ष स्थानीय बासिन्दाहरूले गाडिएको शव यसअघि नै सुरक्षाकर्मीबाट बलपूर्वक बेपत्ता पारिएका धादिङ जिल्ला जीवनपुर गाविस वडा नं. ९ का राजकुमार मानन्धरको हुन सक्ने भनी आशङ्का भएको बताएका थिए ।

आयोगको अनुसन्धान टोलीबाट उक्त शव बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको हुन सक्ने भएकाले विशेषज्ञबाट अनुसन्धान गर्नुपर्ने विषयमा घटनास्थलमा पुगेका प्रहरी, इलाका प्रहरी कार्यालय खानीखोला, जिल्ला प्रहरी कार्यालय धादिङ, जिल्ला प्रशासन कार्यालय धादिङ तथा नेपाल प्रहरीको मानव अधिकार सेलसँग समन्वय गरिएको थियो । यसक्रममा त्रिभुवन विश्वविद्यालय महाराजगन्ज मेडिसिन क्याम्पस फरेन्सिक विभागका विशेषज्ञसँग समन्वय गरी २०६३ फागुन १७ गते विशेषज्ञबाट धादिङ जिल्लाको छत्रेदेराली गाविस वडा नं.८ स्थित पिपलचौरको तल्लो भागमा बाटाको उत्तरतर्फ रहेको स्थानमा स्थानीय व्यक्तिहरूसमेतले लास गाडिएको हो होइन भनी यकिन गर्नका लागि माथिबाट खनेर पुनः पुरेको अवस्थामा रहेको स्थानमा शोवोत्खनन गरेको गरेको थियो । शवोत्खननका क्रममा निम्न प्रक्रिया अवलम्बन गरिएको थियो :

- शव उत्खनन कार्य २०६३ फागुन १६ गते हुन नसक्ने भएपछि शव गाडिएको स्थानमा नेपाल प्रहरीद्वारा डोरीले घेरेर ऐँसेलुको काँडाले छोप्ने कार्य भयो । घटनास्थलमा नेपाल प्रहरीले सुरक्षा दिने कार्य गरिएको थियो ।
- उत्खनन गर्नुपूर्व मृतक भनी आशङ्का गरिएका निज राजकुमार मानन्धरको एन्टिमोर्टमसम्बन्धी विवरण सङ्कलन गरिएको थियो ।
- अनुसन्धान टोलीबाट शव गाडिएको आशङ्कित स्थलको नक्साङ्कनपश्चात् कर्डन गरी अनुसन्धान टोलीबाहेक अरूलाई प्रवेश निषेध गरिएको थियो ।
- प्रहरीबाट घटनास्थललगायत प्राप्त प्रमाणहरूको मुचुल्का गरिएको थियो ।
- उत्खनन कार्य सावधानीपूर्वक ६ तह (level) मा गरी सम्पन्न भएको थियो । खनेर मानव अवशेष तथा अन्य प्रमाणहरूको सङ्कलन गरिएको थियो ।

४.२.३.२ प्राप्त तथ्यहरू

- उत्खननको क्रममा तिन फिट खनिसकेपछि पहेँलो रङको एक ट्राउजरजस्तो कपडा फेला परेको थियो । खन्दै जाँदा मृतक व्यक्तिको कपाल फेला परेको थियो । यसको नाप लिदा ५ इन्च लामो भएको पाइएको थियो । कपाल डाइ गरिएको जस्तो देखिएको थियो । उत्खननकै क्रममा करङका दुईवटा हड्डीहरू फेला परेका थिए । खाल्डाको पूर्वतर्फ मृतकको टाउको फेला परेको थियो । यसैक्रममा मृतकको शवको मध्यतिर पेटमाथि निलो रङको चप्पल पाइएको थियो । शरीरको तल्लो भागमा अर्को निलो रङकै चप्पलको जोडा फेला परेको थियो । मृतकको शरीरमा अस्थिपञ्जर मात्र रहेको पाइयो । शवको टाउको पूर्व, गोडा पश्चिम पारी टाउको उत्तरतर्फ फर्किएको र गोडा घुँडाबाट दोबारेर माथितिर फर्किएको पाइयो ।
- उत्खनन गरिएको शव त्यहाँ उपस्थित व्यक्तिहरूलाई देखाउँदा कसैले पहिचान गर्न सकेनन् । उक्त शवलाई बडीब्यागमा राखेर त्रिवि शिक्षण अस्पताल फरेन्सिक विभागमा आवश्यक अनुसन्धानका लागि लगिएको थियो ।
- अनुसन्धान टोलीले घटनाका प्रत्यक्षदर्शी एवम् जानकार व्यक्तिहरूसँग थप तथ्यहरू सङ्कलन गरेको थियो ।
- अनुसन्धानका क्रममा बुझिएका प्रत्यक्षदर्शीका अनुसार २०६१ साल असार २ गते उक्त स्थानमा सुरक्षाकर्मीले एक जना व्यक्तिलाई गोली प्रहार गरी मारेर गाउँलेहरूलाई समेत बोलाई शव गाडेको भन्ने बुझिएको छ ।
- उत्खनन भएको मानव अवशेष हाल त्रिवि शिक्षण अस्पताल महाराजगन्ज क्याम्पस, फोरेन्सिक विभागमा परीक्षणको क्रममा रहेको छ । उक्त मानव अवशेषको अझैसम्म पनि पहिचान हुन सकेको छैन ।

४.२.३.३ आयोगबाट भएको निर्णय

आयोगको स्थलगत अनुसन्धानबाट उक्त घटनामा सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिएका तर हालसम्म पहिचान खुल्न नसकेका एक व्यक्तिलाई घटनास्थलसम्म ल्याई गोली प्रहार गरी मारेको र स्थानीय बासिन्दाको सहयोगमा ती व्यक्तिको शवलाई गाडेको भन्ने देखिएको छ । उक्त मानव अवशेष कसको हो भन्ने हालसम्म नखुलेको हुँदा सो सम्बन्धमा अनुसन्धान भइरहेको छ ।

४.२.४ मलेखु घटना

४.२.४.१ घटनाको सङ्क्षिप्त ब्यहोरा र आयोगले गरेको अनुसन्धान


Map
Satellite
Prithivi Rajmarg
Bageswori Sec. School
more info »
Nepal
मलेखु
Malekhu
Bageswori
Sec. School
Prithivi Rajmarga
पृथ्वी राजमार्ग
Prithivi Hwy
Imagery ©2011 Cnes/Spot Image, DigitalGlobe, GeoEye - Terms of Use

मलेखुको गुगल नक्सा

धादिङ जिल्लाको मलेखु गाविस वडा नं. ८ मा पर्ने गोलमहारानी डाँडाको तल्लो भागमा एउटा शव गाडिएको अवस्थामा फेला परेको र उक्त शव बलपूर्वक बेपत्ता पारिएका मकवानपुर जिल्ला आग्रा गाविस वडा नं.२ का किरण कार्कीको हुन सक्ने भनी स्थानीय बासिन्दाबाट आयोगलाई २०६३ चैत १ मा टेलिफोनबाट जानकारी प्राप्त हुन आएको थियो । उक्त जानकारी प्राप्त भएपछि विशेषज्ञबाट शवोत्खनन गर्न नेपाल प्रहरी र त्रिवि शिक्षण अस्पताल फरेन्सिक मेडिसिन विभागका विशेषज्ञसँग समन्वयन गरिएको थियो । आयोगको अनुसन्धान टोली २०६३ चैत २ मा घटनास्थलमा पुग्दा स्थानीय बासिन्दा, नेपाल प्रहरी, तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ता, बेपत्ता पारिएका व्यक्तिहरूका परिवार तथा आफन्तहरू, इन्सेक, काहुरास्ट, संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयका प्रतिनिधि तथा पत्रकारहरूको उपस्थिति रहेको पाइएको थियो ।

धादिङ जिल्ला मलेखु गाविस वडा नं.२ को गोलमहारानी ढाँटस्थित शव गाडिएको स्थानका बारेमा जानकारी पाएपछि प्रहरीले घटनास्थललाई डोरीले घेरेर चौबिसै घण्टा सुरक्षा दिने व्यवस्था मिलाएको पाइयो । त्रिवि शिक्षण अस्पताल फरेन्सिक मेडिसिन विभागका फरेन्सिक विशेषज्ञहरूबाट २०६३ साल चैत २ गते मानव अवशेषहरूको उत्खनन गरिएको थियो । उत्खननका क्रममा निम्न विधि अवलम्बन गरिएको थियो :

- विशेषज्ञबाट जमिनको सतहमा रहेका मानव अवशेषहरू सङ्कलन गर्नुका साथै, जमिनमुनिको भागमा समेत खनेर मानव अवशेष तथा प्रमाणहरूको सङ्कलन गर्ने कार्य भएको थियो ।
- प्रहरीबाट घटनास्थल र शवको मुचुल्का गरिएको थियो ।
- प्राप्त मानव अवशेषहरूलाई बडीब्यागमा राखेर त्रिवि शिक्षण अस्पताल फरेन्सिक मेडिसिन विभागमा अनुसन्धानका लागि पठाइएको थियो ।

४.२.४.२ प्राप्त तथ्यहरू

- शव गाडिएको लामो समय भइसकेको हुँदा मानव शरीरका अवशेष मात्र फेला परेका थिए । शव राम्रोसँग नपुरिएको कारण मानव अवशेषहरू जमिनको सतहमाथि ढुङ्गाको बगरजस्तो स्थानमा छरिएर रहेको अवस्थामा रहेको पाइएको थियो ।
- मानव अवशेषहरू जमिनमाथि छरिएर रहेको अवस्थामा भएको हुँदा एक जना मानिसको टाउको, गोडाको भागलगायतका अस्थिपञ्जरहरू फेला परेका थिए । मानव शरीरका सबै भाग प्राप्त हुन सकेनन् ।
- शवोत्खननका क्रममा बुझिएका व्यक्तिहरूको भनाइबाट उक्त शव माथि उल्लेख गरिएका किरण कार्कीको हुन सक्ने भनी अनुमान गरेको पाइएको थियो ।
- घटनाका प्रत्यक्षदर्शीहरूको भनाइअनुसार निजलाई सुरक्षाकर्मीले २०६१ साल जेठ ११ गते सो स्थानमा ल्याई मारेर बाटाको छेउमा सानो खाल्डो खनी पुरेर सालको स्याउलाले छोपेर हिँडेको भन्ने बुझिएको थियो ।
- नेपाल प्रहरीबाट उत्खनन भएको उक्त मानव अवषेशको हालसम्म DNA परीक्षण हुन नसकेका कारण मृतकको पहिचान हुन सकेको छैन ।
- उत्खनन भएको शव हाल त्रिवि शिक्षण अस्पताल महाराजगन्ज क्याम्पस, फोरेन्सिक विभागमा परीक्षणका क्रममा रहेको बुझिएको छ ।

४.२.४.३ आयोगबाट भएको निर्णय

उत्खनन गरिएको मानव अवशेषको DNA परीक्षण हालसम्म हुन नसकेको र पहिचानसमेत नभएको हुँदा यो घटना हालसम्म पनि अनुसन्धानको क्रममा रहेको छ ।

४.२.५ पाँचखाल घटना

४.२.५.१ घटनाको सङ्क्षिप्त ब्यहोरा

काभ्रेपलान्चोक जिल्लाको खरेलथोक गाविस निवासी वर्ष १५ की मैना सुनुवारलाई २०६० साल फागुन ५ गते सुरक्षाकर्मीहरूले निजको घरबाटै पक्राउ गरी बेपत्ता पारिएको भन्ने सम्बन्धमा आयोगमा उजुरी पर्न आएको थियो । उक्त घटनाका सम्बन्धमा नेपाली सेनाबाट अनुसन्धान हुँदा निजलाई पक्राउ गरी सैनिक ब्यारेकमा थुनामा राखिएको अवस्थामा मारिएको तथा उक्त घटनामा संलग्न सैनिकहरूलाई सैंनिक अदालतबाट कारबाही गरिएको भन्ने जानकारी प्राप्त हुन आएको थियो । सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालय काभ्रेपलान्चोकमा जाहेरी दर्खास्त दर्ता भएको थियो । उक्त घटनाको अनुसन्धानका लागि राष्ट्रिय मानव अधिकार आयोग र संयुक्त राष्ट्रसङ्घीय मानव

अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको पहलमा नेपाल प्रहरीबाट मिति २०६३ पुष १२ गते फरेन्सिक विशेषज्ञसमेतको टोलीले काभ्रेपलान्चोक जिल्लाको पाँचखाल ब्यारेकनजिक रहेको स्थानबाट शवोत्खनन गरेको थियो ।

काभ्रेपलान्चोक जिल्लाको पाँचखालस्थित सैनिक ब्यारेकनजिकको जङ्गलमा शव गाडिएको आशङ्का गरिएको स्थलमा शवोत्खनन गर्दा निम्न प्रक्रिया अवलम्बन गरिएको थियो :

- उत्खनन गर्नुपूर्व मृतक भनी आशङ्का गरिएकी मैना सुनुवारको एन्टिमोर्टम विवरण लिने कार्य गरिएको थियो ।
- प्रहरीबाट चार किल्लामा फलामका रड राखी डोरीले घेरेर घटनास्थल सुरक्षित गरिएको थियो ।
- त्रिवि शिक्षण अस्पताल फरेन्सिक विभागका फरेन्सिक विशेषज्ञहरू तथा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको पहलमा विदेशी फरेन्सिक विशेषज्ञसमेतको टोलीले २०६३ साल चैत ९ गते बिहान करिब ११:३० बजे शव खन्ने काम सुरु गरी करिब साँझ ६:३० बजे सकिएको थियो ।
- उत्खनन कार्य छ चरणमा गरी सम्पन्न भएको थियो ।
- प्राप्त मानव अवषेश तथा प्रमाणहरूलाई बडीब्यागमा राखेर सिलबन्दी गरी त्रिवि शिक्षण अस्पताल फरेन्सिक विभागमा अनुसन्धानका लागि पठाइएको थियो ।
- उत्खननका क्रममा मेटल डिटेक्टरको प्रयोग गरी प्रमाणहरू सङ्कलन गरिएको थियो ।
- मृतक भनी आशङ्का गरिएकी मैना सुनुवारका आमा र बाबुले उत्खननको अवलोकन गरेका थिए ।

४.२.५.२ प्राप्त तथ्यहरू

- शव गाडिएको स्थान पाँचखाल हुँदै पलान्चोक भगवतीको मन्दिर जाने बाटाको करिब १५० मि. तल रहेको थियो । घटनास्थल पाँचखाल ब्यारेकको तारबार एरियाको धेरैनजिक भएकाले सर्वसाधरणको पहुँच नभएको स्थानमा रहेको पाइयो । शव गाडिएको स्थानमा वरिपरि रूखहरू रहेका र जमिनमाथिको भाग पतकरहरूले ढाकिएको पाइयो ।
- उत्खनन क्रममा पहिला शवको टाउकाको भाग फेला परेको थियो । सोभन्दा माथि शव पुर्नलाई ढुङ्गाहरू राखिएको पाइयो ।

- उत्खनन गर्दा एक जना महिला व्यक्तिको मानव शरीरका अवशेषहरू अस्थिपञ्जरका रूपमा फेला परेका थिए । शवको पुरै भागको नाप लिदा ४ फिट ९ इन्च लामो भएको पाइएको थियो । उत्खननकै क्रममा मृतकको घाँटीमा लगाइरहेको अवस्थामा एक डोरा पोते फेला परेको थियो । शवको टाउको पूर्व तथा गोडा पश्चिम भई उत्तानो अवस्थामा रहेको पाइयो ।
- उत्खनन गरिएको मानव अवशेषलाई त्रिवि शिक्षण अस्पताल फरेन्सिक मेडिसिन विभागमा परीक्षण गरिएको थियो । अनुसन्धानपछि प्राप्त विशेषज्ञको प्रतिवेदनमा उक्त मानव अवशेष मैना सुनुवारको नै भएको भनी उल्लेख गरिएको छ । नेपाल प्रहरीबाट भारतको हैदरावादस्थित DNA फिङ्गर प्रिन्टिङ एवम् निदान केन्द्रमा DNA परीक्षण गराउँदा पनि उक्त मानव अवशेष मैना सुनुवारको नै भएको पुष्टि भएको थियो ।
- शवोत्खननको अनुगमन र आयोगले गरेको अनुसन्धानका आधारमा निज मैना सुनुवारलाई २०६० फागुन ५ गते नेपाली सेनाले पक्राउ गरी पाँचखाल ब्यारेकमा ल्याएको र सोही दिन राति ११:३० बजे निजको मृत्यु भएको भन्ने तथ्यसमेत प्राप्त भएको थियो । प्रस्तुत घटनामा सुरक्षार्मीले निज मैना सुनुवारलाई पक्राउ गरी मारेर घटना लुकाउने उद्देश्यले शव गाडिएको देखिएको भन्ने आयोगको अनुसन्धानको निष्कर्ष छ ।
- मैना सुनुवारको शव पहिचान भइसके तापनि दोषीउपर कानुनी कारबाही नभएको भनी पीडितका परिवारले शव नबुझेको अवस्था छ ।

४.२.५.३ आयोगबाट भएको निर्णय

काभ्रेपलान्चोक जिल्ला खरेलथोक गाविस वडा नं. ६ घर भई श्री भगवती मावि खरेलथोकमा कक्षा नौमा अध्ययनरत वर्ष १५ की बालिका मैना सुनारलाई २०६५ फागुन ५ गते सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेपछि निजको मृत्यु सुरक्षाकर्मीले नियन्त्रणमा लिई दिएको अत्यधिक यातनाका कारण भएको निर्णय आयोगले गरेको छ । यस घटनाका सम्बन्धमा दोषीहरू जिल्ला प्रहरी कार्यालय काभ्रेपलान्चोकमा परेको जाहेरीउपर अदालतमा मुद्दा दर्ता भई अदालती प्रक्रिया भइरहेको र निजहरूलाई अदालतबाट आवश्यक कारबाही हुने देखिँदा सो सम्बन्धमा केही गर्न नपर्ने तर पीडित परिवारलाई तिन लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने २०६४ माघ २१ गते ठहर भएको थियो । सो ठहरबमोजिम पीडित परिवारले क्षतिपूर्ति रकम प्राप्त गरेको भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०६८ जेठ १० पत्रसङ्ख्या मा.अ.०६७०६८ च.नं. ४१७ को सिफारिस कार्यान्वयनसम्बन्धी पत्रसाथ प्राप्त

विवरणको पृष्ठ ७७ क्रमसङ्ख्या १६१ मा उल्लेख भएको छ । दोषीलाई कारबाहीको हकमा जनरल सैनिक अदालतबाट दोषीहरूलाई सजाय गरेको भनी उल्लेख छ । तर, हालसम्म पनि काभ्रेपलान्चोक जिल्ला अदालतमा फौजदारी मुद्दा दर्ता भई दोषी देखिएका सैनिकहरूको नाममा आदेशसमेत जारी भएको अवस्थामा समेत नेपाली सेनाले फौजदारी कानुनसम्बन्धी कार्यविधिलाई अपमान गर्दै दोषी सैनिक अधिकारीहरूलाई अदालतमा उपस्थित गराएको छैन । यस घटनामा आयोगले गरेको ठहर अनुसूची-५ मा समावेश गरिएको छ ।

४.२.६ रामशिखरझाला घटना

४.२.६.१ घटनाको सङ्क्षिप्त ब्यहोरा र आयोगले गरेको अनुसन्धान



शवोत्खनन गरिएको स्थानको स्केच

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का कार्यकर्ताहरूले कैलाली जिल्ला रामशिखरझाला गाविस वडा नं. ९ निवासी ठम्मानसिंह बमलाई २०६० जेष्ठ २९ गते आफ्नै गाउँघरबाट कब्जामा लिई अवस्था अज्ञात पारेकाले अवस्था सार्वजनिक गरिपाऊँ भनी आयोगको क्षेत्रीय कार्यालय धनगढीमा उजुरी दर्ता हुन आएको थियो । उजुरीमा निजलाई अज्ञात पारिसकेपछि खोजी गर्दै जाँदा माओवादी कैलालीका इन्चार्जले बमलाई सफाया गरिसकेको भनी परिवारलाई जानकारी गराएको भन्ने बुझिएको थियो । गाउँनजिकैको कन्दरा (कान्द्रा) नदीको किनारामा एउटा शव गाडिएको देखिएको र उक्त शव निज बमको हुन सक्ने हुँदा उत्खनन गरी सद्गत गर्न पाऊँ भन्ने समेत ब्यहोराको निवेदन आयोगमा दर्ता भएको थियो ।

उल्लिखित ब्यहोराको उजुरी आयोगमा प्राप्त हुन आएपछि आशङ्कित शवको उत्खनन गर्ने प्रयोजनका लागि प्रारम्भिक अनुसन्धान र मृतक भनी आशङ्का गरिएका ठम्मान सिंह बमको एन्टिमोर्टम विवरण सङ्कलन गर्ने कार्य भएको थियो । यस घटनाको शवोत्खनन कार्य नेपाल प्रहरीसँगको समन्वय र सहकार्यमा भएको थियो । आयोगले नेपाल प्रहरीलाई फरेन्सिक विशेषज्ञ र विधिविज्ञान प्रयोगशालाका वरिष्ठ वैज्ञानिक र उत्खननका लागि आवश्यक पर्ने सम्पूर्ण प्राविधिक सहयोग गरेको थियो । उत्खनन अवधिमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको

पनि उपस्थिति थियो । प्रस्तुत घटनामा प्रचलित कानुनबमोजिमका घटनास्थल प्रकृति मुचुल्कालगायतका सम्पूर्ण कानुनी कागजातहरू नेपाल प्रहरीबाट तयार गरिएको थियो । उक्त मानव अवशेष अनुसन्धानको क्रममा नै रहेको हुँदा यकिन पहिचान हुन सकेको छैन । मानव अवशेषहरूको DNA परीक्षणलगायतका कार्यहरू भइरहेको बुझिएको छ ।

४.२.६.२ प्राप्त तथ्यहरू

COMMISSION
2008 1 2

- मृतक भनी आशङ्का गरिएका ठम्मान सिंह बमलाई २०५९ सालमा पनि नेकपा (माओवादी) का कार्यकर्ताहरूले आफ्नो कब्जामा लिई छोडेको र २०६० जेठ २९ गते पुनः कब्जामा लिई अवस्था अज्ञात पारेको भन्ने बुझिएको थियो । निजलाई गाउँनजिकैको कन्दरा (कान्द्रा) नदीको किनारास्थित जङ्गलछेउमा पुऱ्याई कुटपिट गरी बेपत्ता बनाएको भन्ने बुझिएको ।
- कैलाली जिल्ला रामशिखरझाला गाविस कार्यालयले २०६३ जेठ २१ मा निज बम नेकपा (माओवादी) बाट कब्जामा परी हालसम्म अवस्था अज्ञात बनाएको भनी सिफारिस गरेको पाइएको थियो ।
- यस घटनाका सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय धनगढीले २०६३ साउन ११ गते नेकपा (माओवादी) कैलालीका इन्चार्ज अखण्ड र बुद्धिजीवी परिषद्का क्षेत्रीय इन्चार्ज युनिभर्सलसँग आयोगको कार्यलयमा गरेको छलफलमा निज बमलाई सफाया गरेको भनी जानकारी गराएका थिए ।
- अनुसन्धानको क्रममा निजलाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले आफ्नो कब्जामा लिई गएकोमा अवस्था अज्ञात रहेको र यसै अवस्थामा कान्द्रा नदीको किनारामा लास गाडिएको देखिएकाले उक्त लास निजको हुन सक्ने भनी उत्खननका लागि पीडितका आफन्तबाट अनुरोध भएपछि आयोगको क्षेत्रीय कार्यालय धनगढीबाट जिल्ला प्रहरी कार्यालय कैलालीसँग सम्पर्क गरी उक्त घटनाको अनुसन्धान कार्य सम्पन्न नभएम्म लासको सुरक्षाको व्यवस्था मिलाउन पहल भएको थियो ।

- आयोगको केन्द्रीय कार्यालयबाट विशेषज्ञहरूसहित गएको टोली २०६४ साल पुस १८ गते बिहान ९:४५ बजे घटनास्थलमा पुग्दा शव गाडिएको भनिएको स्थानको आसपासमा केही स्थानीय बासिन्दा र नेपाल प्रहरी तथा पीडितका आफन्तहरू, संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको धनगढीस्थित कार्यालय प्रतिनिधि र इन्सेकका क्षेत्रीय निर्देशक तथा पत्रकारहरूसमेतको उपस्थिति रहेको थियो ।
- उपस्थित स्थानीय व्यक्तिहरूले गाडिएको शव नेकपा (माओवादी)द्वारा कब्जामा लिई अवस्था अज्ञात पारिएका भनिएका जिल्ला कैलाली रामशिखरझाला गाविस वडानं. ८ का ठम्मानसिंह बमको भएको आशङ्का गरेको पाइयो ।
- निजका बारेमा क्षेत्रीय कार्यालय धनगढीबाट एन्टिमोर्टम विवरण लिइएको यिथो । एन्टिमोर्टम विवरणमा निजको उचाइ Over 5.6" height भएको, ३२ वटा दाँत भएका तथा White brown lining sweater, White color half size shirt लगाएको लगायतका कुराहरू उल्लेख भएका थिए ।
- शव उत्खनन गर्दा प्राप्त एक जना मानिसको मानव शरीरका अवशेषहरूलाई सुरक्षित साथ छुट्टाछुट्टै ब्यागमा राखी आयोगको रोहवरमा नेपाल प्रहरीबाट सिलबन्दी गरिएको थियो ।
- लाहाछाप गरिएका ब्यागको सङ्ख्या १६ रहेका, ती १६ वटा ब्यागलाई बडीब्यागमा राखी बन्द गरी त्यसमा पनि सिलबन्दी गरिएको थियो ।
- उक्त बडीब्याग जिल्ला प्रहरी कार्यालयमार्फत पोस्टमार्टमका लागि सेती अञ्चल अस्पताल पुऱ्याई विशेषज्ञबाट Post - Martom गरिएको थियो ।
- पोस्टमार्टम पछि Autopsy Report विशेषज्ञबाट प्राप्त प्रतिवेदनमा मुख्य रूपमा उक्त शव ४० वर्षभन्दा माथिको पुरुषको भएको, शवको उचाइ ५.५ सम्म भएको, शव हेर्दा टाउकोमा चोट लागी मृत्यु भएको र लास ठम्मानसिंहकै हो भनी किटानी गर्नका लागि DNA परीक्षण अनिवार्य देखिएको हुँदा DNA का लागि दुईवटा दाँतसहित शरीरका हड्डीका भागहरू नमुना लिई नेपाल प्रहरीलाई हस्तान्तरण भएको भन्ने उल्लेख गरिएको छ ।

४.२.६.३ आयोगबाट भएको निर्णय

शवोत्खनन र अन्य अनुसन्धानसमेतका आधारमा आयोगले २०६५ असार २६ गते उक्त शवको DNA परीक्षण गराई DNA प्रतिवेदन उपलब्ध गराउन र पीडितको परिवारलाई हाललाई अन्तरिम राहत स्वरूप एक लाख रुपियाँ उपलब्ध गराउन नेपाल सरकारलाई

आदेश दिएको छ । आयोगको आदेश अनुसूची ६ मा समावेश गरिएको छ । आयोगको आदेशबमोजिमको अन्तरिम राहत रकम पीडित परिवारले प्राप्त गरेको बुझिएको छ । प्रस्तुत घटनाको DNA परीक्षण प्रतिवेदन प्राप्त हुन बाँकी रहेको हुनाले आयोगबाट अन्तिम निर्णय हुन बाँकी रहेको छ । आयोगको आदेश अनुसूचि ६ मा समावेश गरिएको छ ।

४.२.७ द्वारी घटना

४.२.७.१ घटनाको सङ्क्षिप्त ब्यहोरा र आयोगले गरेको अुसन्धान

दैलेख जिल्ला नारायण नगरपालिका वडा नं.१ बस्ने पत्रकार डेकन्दराज थापालाई २०६१ असार १२ गते नेकपा (माओवादी) द्वारा कब्जामा लिई मिति २०६१ साउन २७ गते मारिएको र निजको लास लुकाइछिपाई राखेकाले सोको खोजतलास गराई सनाखत गरिदिन मिति २०६१ भदौ १८ मा आयोगमा उजुरी दर्ता भएको थियो ।

नेकपा (माओवादी) दैलेखको नाममा उक्त पार्टीका सचिव रणजितले जारी गरेको विज्ञप्तिमा डेकेन्द्रराज थापालाई २०६१ साल असार २२ गते सिआइडीं गर्ने योजनामा घुमिरहेको बखत आधार क्षेत्रभित्रबाट गिरफ्तार गरी थप अनुसन्धानपछि कारबाही स्वरूप २०६१ साल साउन २७ गते भौतिक सफाया गरिएको भन्ने समेत उल्लेख गरिएको रहेछ । सोही सम्बन्धमा नेकपा (माओवादी) पश्चिम केन्द्रीय कमान्डका इन्चार्ज दिवाकरले २०६१ भदौ ५ मा विज्ञप्ति प्रकाशित गरी उक्त घटना पार्टीको नीतिविपरीत भएको भन्दै घटनाको अनुसन्धान गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिएको र यस्ता घटना नदोहोरिने प्रतिबद्धता व्यक्त गरेको उल्लेख गरिएको रहेछ ।

आयोगबाट भएको पत्राचारको जवाफमा जिल्ला प्रशासन कार्यालय दैलेखले आयोगमा पठाएको पत्रमा डेकेन्द्रराज थापालाई नेकपा (माआवादी) द्वारा हत्या गरेपश्चात् सुरक्षाकर्मीद्वारा हत्या गरेको सम्भावित गाविसहरूमा खोजतलास हुँदा फेला नपरेको, माओवादी पक्षबाट समेत निजको शव बुझाउने सम्बन्धमा कुनै जानकारी नआएको भन्ने समेत ब्यहोरा उल्लेख भएको रहेछ ।

आयोगको अनुसन्धानबाट निज डेकेन्द्रराज थापालाई तत्कालीन नेकपा (माओवादी)का कार्यकर्ताले मारेको पुष्टि भएको भए पनि निजलाई मारिएर गाडिएको स्थानका बारेमा जानकारी प्राप्त नभइरहेको अवस्थामा नेपाल पत्रकार महासङ्घको पहलमा निजलाई मारेर गाडिएको स्थान पत्ता लागेको भनी शवोत्खननका लागि पहल गरिदिन आयोगमा निवेदन दर्ता भएको थियो ।

आयोगले निजको शवोत्खननका लागि फरेन्सिक विशेषज्ञसमेतको टोली गठन गरी सो टोलीबाट निजको भनिएको शव २०६५ साल असार ११ गते दैलेख जिल्लाको द्वारी गाविस वडा नं. २ स्थित प्रस्तावित नेपाल राष्ट्रिय निम्नमाध्यमिक विद्यालयनजिक शव गाडिएको आशङ्कित स्थानमा उत्खनन गरिएको थियो । उत्खननको क्रममा निम्न विधि अवम्बन गरिएको थियो :

- उत्खनन गर्नुपूर्व मृतक भनी आशङ्का गरिएका डेकेन्द्रराज थापाको एन्टिमोर्टम विवरण लिने कार्य गरिएको थियो ।
- शव गाडिएको स्थान पहिचान भएपछि उत्खनन कार्य सम्पन्न नभएसम्म प्रहरीले चौबिसै घण्टा सुरक्षा प्रदान गरेको थियो ।
- त्रिवि शिक्षण अस्पताल फरेन्सिक विभागका फरेन्सिक विशेषज्ञ र जिल्ला अस्पताल दैलेखका चिकित्सकको टोलीले २०६५ साल असार ११ गते उत्खनन कार्य गरेको थियो ।
- प्राप्त मानव अवशेष तथा प्रमाणहरूलाई बडीब्यागमा राखेर सिलबन्दी गरी जिल्ला अस्पताल दैलेखमा ल्याई परीक्षण गरिएको थियो ।

४.२.७.२ प्राप्त तथ्यहरू

- शव गाडिएको स्थानमा उत्खनन गर्दा एक जना व्यक्तिको मानव शरीरका अवशेषहरू फेला परेका थिए ।
- शवोत्खननपूर्व लिइएको मृतक भनी आशङ्का गरिएका डेकेन्द्रराज थापाको एन्टिमोर्टम विवरण उत्खननपछि गरिएको पोस्टमार्टम लगायतका वैज्ञानिक परीक्षणबाट प्राप्त तुलनात्मक विश्लेषण र विशेषज्ञको प्रतिवेदनबाट समेत उत्खनन गरिएको शव निज डेकेन्द्रराज थापाको नै भएको पुष्टि भएको थियो ।
- प्राप्त मानव अवशेषहरूको परीक्षण गर्दा मानव शरीरका भागहरू चोटपटक लागेर भाँचिएको अवस्थामा पाइएको तथ्य आयोगको टोलीले अवलोकन गरेको थियो ।

- शवोत्खननपछि त्रिवि फरेन्सिक मेडिसिन विभाग दिएको Report of Skeletal Remains Examination मा उत्खनन गरिएको शव डेकेन्द्रराज थापाको नै भएको र मृत्युको कारण Multiple Blunt Force Injuries to Chest and Exremities भन्ने उल्लेख छ । उक्त प्रतिवेदनमा शरीरका विभिन्न भागमा Blunt forece injuries देखिएको भन्ने समेत उल्लेख छ ।
- आयोगबाट भएको अनुसन्धानबाट निज डेकेन्द्रराज थापालाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले अपहरण गरी नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय, द्वारी पुऱ्याई कुटपिट गरी २०६१ असार २६ मारेर विद्यालय नजिकै शव गाडिएको भन्ने पाइएको थियो ।
- मृतक परिवारबाट जिल्ला प्रहरी कार्यालय दैलेखमा दर्ता गरिएको जाहेरी दर्खास्तमाथि अनुसन्धान भई जिल्ला अदालत दैलेखमा मुद्दा दर्ता भएको र घटनाका आरोपित व्यक्तिहरूलाई थुनामा राखी अदालती कारबाही भइरहेको बुझिएको छ । यसक्रममा नेपाल सरकार र महान्यायाधिवक्ताबाट मुद्दा नलाउनका लागि गरिएको प्रयास राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकार समुदायको दबाब र सर्वोच्च अदालतको आदेशपछि सफल हुन सकेन ।

४.२.७.३ आयोगबाट भएको निर्णय

निज डेकेन्द्रराज थापालाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले कब्जामा लिई कुटपिट गरी मारेको देखिएको, उक्त घटनामा नेकपा (माओवादी) जिम्मेवार रहेको भन्ने पाइएको र उत्खनन गरिएको शव जिल्ला अस्पताल दैलेखमा राखिएको भन्ने अनुसन्धान टोलीको प्रतिवेदनबाट देखिएकाले शवको पहिचान भइसकेको अवस्थामा उत्खनन गरिएको मानव अवशेषका रूपमा रहेको उक्त शव पीडितका परिवारलाई बुझाउने र सो घटनामा संलग्न नेकपा (माओवादी) का तत्कालीन सचिव रणजितसमेत जिम्मेवार देखिएकाले निज र अन्य माओवादी कार्यकर्ताहरूको पहिचान गरी फौजदारी अभियोगमा कारबाही गर्न नेपाल सरकारलाई लेखी पठाउने भनी आयोगले २०६५ साउन ६ गते ठहर गरेको थियो । प्रस्तुत घटनामा आयोगको ठहर मितिभन्दा पहिले नै मृतकको परिवारले रु. २ लाख ५० हजार रुपियाँ प्राप्त गरिसकेकाले त्यसतर्फ आयोगले सिफारिस गरेको थिएन । मृतकका परिवारले उत्खनन गरिएका मानव अवशेषहरू बुझेर अन्तिम संस्कार गरिसकेका छन् । प्रस्तुत घटनाका सम्बन्धमा आयोगले गरेको अनुसन्धानको सङ्क्षिप्त प्रतिवेदन अनुसूची -७ मा राखिएको छ ।

४.२.८ शिवपुरी घटना

४.२.८.१ घटनाको सङ्क्षिप्त ब्यहोरा



शिवपुरीको गुगल नक्सा

Map data ©2011 Google Imagery ©2011 Cnes/Spot Image, DigitalGlobe, GeoEye - Terms of Use

सशस्त्र द्वन्द्वका समयमा सुरक्षाकर्मीद्वारा पक्राउ गरी काठमाडौँको हाराजगन्जस्थित सेनाको १० नं वाहिनीअन्तर्गत भैरवनाथ गण र युद्धभैरवनाथ गणमा व्यक्तिहरूलाई थुनामा राखी उनीहरूको अवस्थाका बारेमा कसैलाई पनि जानकारी नदिई बेपत्ता पारिएको भनी निजहरूको मानव अधिकारको संरक्षण गर्नका लागि विभिन्न समयमा राष्ट्रिय मानव अधिकार आयोगमा उजुरीहरू दर्ता भएका थिए । यसै विषयमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय र गृह मन्त्रालयअन्तर्गत गठित बेपत्ता छानबिन समितिका प्रतिवेदनहरू सार्वजनिक भएका थिए । सो विषयमा आयोगबाट भएको अनुगमन तथा अनुसन्धानहरूबाट सुरक्षाकर्मीले विभिन्न मिति र स्थानबाट व्यक्तिहरूलाई पक्राउ गरी नेपाली सेनाको भैरवनाथ गण तथा युद्धभैरव गण महाराजगन्ज काठमाडौंमा समेत थुनामा राखी बलपूर्वक बेपत्ता पारिएको भन्ने तथ्य प्राप्त हुन आएको थियो । यसक्रममा उक्त दुई गणबाट कम्तीमा पनि ३०७ जना व्यक्तिहरूलाई थुनामा राखिएकोमा त्यसमध्ये ४ जना महिलासमेत कम्तीमा ४३ जना व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारिएको पाइएको थियो । आयोगबाट भएको अनुसन्धान र अनुगमनबाट प्राप्त तथ्यहरूका आधारमा आयोगले सुरक्षाकर्मीद्वारा पक्राउ गरी सेनाको भैरवनाथ गण तथा युद्धभैरव गण महाराजगन्जमा राखिएको देखिएको ठहर गरी बेपत्ता पारिएका कम्तीमा ४३ जना व्यक्तिहरूको स्थिति सार्वजनिक गर्न दोषी सुरक्षाकर्मीहरूलाई कारबाही गर्न तथा पीडितका परिवारलाई राहत उपलब्ध गराउन २०६६ भदौ २६ गतेको निर्णयबमोजिम नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

४.२.८.२ आयोगद्वारा भएको अनुगमन एवम् अनुसन्धानबाट प्राप्त तथ्यहरू

(क) थुनुवा केन्द्र र बन्दीहरूको सङ्ख्या

काठमाडौंको महाराजगन्जमा नेपाली सेनाको भैरवनाथ गण र युद्धभैरव गण नामक दुईवटा गणहरू एउटै कम्पाउन्डभित्र रहेका छन् । यी दुबै गणहरू नेपाली सेनाको १० नं. वाहिनीअर्न्तगत पर्दछन् । सेनाको १० नं वाहिनीअर्न्तगत पर्ने अर्को महावीर गण काठमाडौँको छाउनीमा पर्दछ । युद्धभैरव गणको एउटा शाखा काठमाडौंको शिवपुरीको जङ्गलस्थित अल्लेमा समेत छ । भैरवनाथ र युद्धभैरव दुबै गणहरू सैनिक प्रयोजनका लागि बनाइएका कारण यिनमा वैधानिक रूपमा बन्दीहरू राख्ने ठाउँहरू थिएनन् । यद्यपि यी गणहरूका स्क्वास हल, जस्ताको छाना भएको टहरा, भैरवनाथ गणको मूल भवनको माथिल्लो तल्लाका केही कोठाहरू बन्दीहरूलाई राख्न प्रयोग गरिएको र यसका अतिरिक्त गणका स्क्वास हल र मन्दिरनजिक, युद्धभैरव गण र भैरवनाथ गणको बिचमा रहेको केराबारी भएको चोकलगायतका ठाउँहरूमा पालसमेत राखेर त्यसभित्र बन्दीहरूलाई राखिएको बुझिन्छ । कतिपय अवस्थामा बन्दीहरूलाई अन्डरग्राउन्डमा टेन्ट बारले छेकिएको स्थान वा बङ्करहरूमा पनि राख्ने गरिएको जानकारी प्राप्त हुन आएको छ । खासगरी राष्ट्रिय मानव अधिकार आयोग र रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसिआरसी) ले हिरासत अनुगमन गर्दा ती गणहरूमा बन्दीहरूलाई लुकाउन यस्तो स्थानमा राखिने गरेको बुझिन्छ ।

यी दुबै गणहरूमा २०५८ सालमा भएको सङ्कटकालको घोषणापछि कति सङ्ख्यामा व्यक्तिहरूलाई थुनामा राखियो भन्ने यकिन गर्न कठिन छ । तर, अधिकांश व्यक्तिहरूलाई २०६० साल वैशाखदेखि २०६१ साल फागुनासम्मको अवधिमा थुनामा राखिएको पाइएको छ । राष्ट्रिय मानव अधिकार आयोगको टोलीले विभिन्न मितिमा गरेको अनुगमनका क्रममा ती गणहरूमा १६५ जनालाई विभिन्न मितिमा थुनामा राखिएको भन्ने नामावली प्राप्त गरेको थियो । यसबाहेक आयोगले अनुसन्धानका क्रममा अन्य स्रोतहरूबाट उक्त गणहरूमा १४२ जनालाई थुनामा राखिएको जानकारी प्राप्त गरेको छ । आयोगको अनुसन्धानबाट प्राप्त नामावली र गणबाट प्राप्त नामावलीमध्ये ३५ जनाको नाम मात्र मिलेको देखिन्छ । यसरी आयोगले प्राप्त गरेको स्रोत र भैरवनाथ गणबाट प्राप्त नामावलीको कुल योग ३०७ हुन जान्छ; जसमा दुबै लिस्टमा नाम मिलेका ३५ जना घटाउँदा यी दुबै गणमा कम्तीमा पनि २७२ जना व्यक्तिहरूलाई थुनामा राखिएको देखिन्छ । यसरी थुनामा राखिएका व्यक्तिहरूको नामावली आयोगसँग सुरक्षित छ । संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले मे २००६ मा प्रकाशित गरेको प्रतिवेदनमा उक्त गणहरूमा राखिएका ४९ जना व्यक्तिहरूको अवस्था बेपत्ता रहेको उल्लेख छ ।

(ख) थुनुवा केन्द्रको पहिचान तथा परीक्षण

विभिन्न मितिमा पक्राउ गरिएका व्यक्तिहरूमध्ये अधिकांशलाई पक्राउ गर्दाकै अवस्थामा आँखामा पट्टी बाँधेर लैजाने, थुनामा राखिएको अवस्थामा समेत आँखामा पट्टी बाँधेर राख्ने गरिएको पाइन्छ । यस क्रममा आफूलाई कुन ठाउँमा थुनामा राखिएको हो भन्ने कुराको पहिचान गर्न बन्दीहरूलाई कठिन भएको कुरा थुनामा राखिएका बन्दीहरूको अनुभव छ । यद्यपि उनीहरूले विभिन्न तरिकाबाट आफूलाई थुनामा राखिएको स्थानको पहिचान गरेका थिए । उनीहरूलाई आँखामा पट्टी बाँधिए पनि कतिपय अवस्थामा सेनाको आँखा छलेर र पट्टी झिक्न अनुमति पाएको अवस्था पारेर, कहिलेकाहीँ शौचालय जाने अवसर पारेर आफूलाई थुनामा राखिएको स्थान पहिचान गरेको पाइन्छ । उनीहरूका अनुसार यस्ता अवसरहरूमा केही बन्दीहरूले आफूलाई थुनामा राखेको ठाउँबाट त्रिवि शिक्षण अस्पतालसँगै रहेको हिमालय बैङ्क लेखिएको बोर्ड देखेका थिए भने केहीले गणको बाहिर गुडिरहेका गाडीका छत देखेका थिए । बन्दीहरूले नियमित रूपमा आइरहने एम्बुलेन्सको आवाज सुनेर पनि आफूहरू रहेको ठाउँको बारेमा अनुमान गरेका थिए । केही बन्दीहरूले पहेँलो रङको घर देखेका थिए । अधिकांश बन्दीहरूले स्क्वास हल र केराबारीको स्पष्ट पहिचान गरेका थिए । केहीले गणभित्रको इँटामा श्री ३ लेखिएको देखेका थिए भने केहीले गणभित्रको इनार देखेका थिए । केही बन्दीहरूले पानी खाने जगमा भैरवनाथ गण ङ लेखिएको देखेर आफूलाई उक्त गणमा राखिएको थाहा पाएका थिए । केहीले गणभित्र सेतो रङ लगाइएका रूखहरू देखेका थिए । बन्दीहरूले आफूलाई राखेको ठाउँनजिक सैनिक अभ्यास चलिरहेको देखेर आफूहरू सैनिक हिरासतमा रहेको बुझेका थिए । उनीहरूले गणभित्रको टहरा तथा यसको नजिक रहेको सानो मन्दिरसमेत देखेका थिए । कतिपय अवस्थामा सिपाहीहरूले नै भैरवनाथ गणमा राखिएको कुरा बन्दीहरूलाई बताएका थिए भने कतिपय अवस्थामा सैनिकहरूले टेलिफोनमा भैरवनाथ गण भनी कुरा गरेको सुनेर आफू उक्त गणमा रहेको थाहा पाएका थिए । यसैगरी कसैले डाक्टर बस्ने कुर्सीमा भैरवनाथ गण भनी लेखेको देखेर उक्त गणको पहिचान गरेका थिए । कतिपयले प्यारा तालिम विद्यालय लेखिएको बोर्डसमेत देखेका थिए । यसबाट उनीहरूले आफ्नो परिवार तथा अफन्तसँग खबर आदानप्रदन गर्ने अवसरसमेत पाएका थिए । कतिपय बन्दीले हिरासतभित्रबाट परिवार तथा साथीहरूको नाममा लेखिएका पत्रहरूसमेत गणकै सुरक्षाकर्मीले सम्बन्धित व्यक्तिलाई दिएको भन्ने पाइएको थियो ।

बन्दीहरूबाट प्राप्त सूचनाबारे आयोगको टोलीले उक्त गणहरूको स्थलगत अवलोकन गरी प्रमाणीकरण गरेको थियो । यसक्रममा अनुसन्धान टोलीले भैरवनाथ गणबाट हेर्दा त्रिवि शिक्षण अस्पतालसँगै हिमालय बैङ्क लेखिएको बोर्ड देखिएको थियो । गणबाट हेर्दा सडकमा गुडिरहेका गाडीका छतहरू देखिएको थियो भने कम्पाउन्डभित्रबाट एम्बुलेन्सको आवजसमेत सुनिएको थियो । यस्तै ब्यारेकको कम्पाउन्डभित्र पहेँलो रङको भवन भएको र सो भवन प्यारा तालिम संञ्चालन गर्ने घर भएको बुझिएको थियो । भैरवनाथ गणभित्र स्क्वास हल र टहरा रहेको पाइयो । भैरवनाथ गणको मुख्य भवन र युद्ध भैरवनाथ गणका बिच चोकमा केराबारी र छेउमा एउटा इनार रहेको पाइयो । गणभित्र श्री ३ चन्द्र लेखिएका इँटाहरू फेला परेका थिए । अनुसन्धाका क्रममा प्राप्त तथ्यहरू स्थलगत अनुसन्धानका क्रममा परीक्षण गर्दा दुबै माध्यमबाट प्राप्त तथ्यहरूमा एकरूपता पाइएको थियो ।

(ग) थुनाको अवस्था

विभिन्न मितिमा सुरक्षाकर्मीले पक्राउ गरी भैरवनाथ गण तथा युद्धभैरव गणमा थुनामा राखिएका व्यक्तिहरू केही रिहा भएका थिए भने केहीलाई अन्यत्र थुनामा सारिएको थियो । आयोगको अनुसन्धानबाट ती दुबै गणहरूमा विभिन्न स्थानमा व्यक्तिहरूलाई थुनामा राखिएको बुझिएको थियो । भिन्नाभिन्नै ठाउँहरूमा एक्लै वा समूहमा बन्दीहरूलाई राखिएको र उनीहरूलाई एक ठाउँबाट अर्को ठाउँमा ब्यारेकभित्र वा बाहिर पनि सार्ने गरेको बुझियो । केहीलाई माओवादी चिनाउने नाममा ब्यारेकबाहिर घुमाउन लगिएको बुझियो । अधिकांश बन्दीहरूलाई अधिकांश समय हत्कडी लगाएर राखिएको थियो । उनीहरूलाई अधिकांश समय आँखामा पट्टी बाँधेर राखिएको थियो । महिला बन्दीहरूलाई पनि आँखामा पट्टी र हातमा हत्कडी लगाइएको थियो । थुनामा रहँदा हत्कडी लगाएका कारण जिउमा चिलाउँदा कन्याउन नपाएको कुरा बन्दीहरूले बताएका थिए । उनीहरूलाई परिवार, आफन्तसँग समेत भेट गर्न वा कुनै किसिमका सूचनाको आदान-प्रदान गर्न दिइएको थिएन । उनीहरूलाई कहाँ राखिएको छ र के-कस्तो कारबाही हुन्छ भन्ने कुराको जानकारी नदिन विशेष सतर्कता अपनाइएको थियो । बन्दीहरूलाई एकअर्कासँग कुरा गर्न दिइएको थिएन र उनीहरूको नम्बरसमेत तोकिएको थियो, जसलाई चेस्ट नम्बर भनिएको थियो । बन्दीहरूलाई बोलाउँदा नामको सट्टा तोकिएको नम्बर बोलाइन्थ्यो । नाम बोलाउँदा अरूले सुनेर थाहा पाउने भएका कारण कोको थुनामा छन् भन्ने कुरा बन्दीहरूले थाहा नपाऊन् भनेर यस्तो नम्बरको व्यवस्था गरिएको हुन सक्ने बुझिन्छ । कसैलाई पनि पक्राउ पुर्जी दिइएको थिएन । अधिकांशलाई थुनुवा पुर्जीसमेत दिइएको

थिएन । बन्दीहरूलाई जबर्जस्ती कागजमा सही गराइन्थ्यो र त्यसमा के लेखिएको छ भन्ने थाहा दिइँदैन थियो । बन्दीहरूले आवश्यकताअनुसार व्यक्तिगत सरसफाइ गर्न तथा शौचालय जान पाउँदैन थिए । अत्यन्त न्यूनस्तरको खाना दिइने र त्यो पनि पर्याप्त मात्रामा दिइँदैंन थियो । ढुङ्गा, बियाँ मिसाएको खाना दिने तथा एउटाको जुठो प्लेटमा अर्कालाई खुवाउने जस्ता कार्यहरू गरिएको थुनुवाहरूले बताएका थिए । एउटै कोठामा धेरै जना बन्दीहरूलाई राखिएको, पर्याप्त हावा र प्रकाश नछिर्ने कोठामा थुनामा राखिएकाले अक्सिजनको कमीले गर्दा बन्दीहरूको स्वास्थ्यमा असर पर्न गएको थियो । हिरासतभित्रको यातना, हिरासतको अवस्था, खानाको न्यूनस्तर लगायतका विभिन्न कारणले अधिकांश बन्दीहरूको स्वास्थ्यस्थिति खराब भएको र कतिपय अवस्थामा बन्दीहरूलाई उपचारका लागि ब्यारेकभित्रै चिकित्सक बोलाएर उपचार गर्ने र कतिपय अवस्थामा अस्पतालसमेत लाने गरेको बुझियो तर उपचारको पर्याप्त व्यवस्था थिएन ।

(घ) हिरासतभित्र यातना

गणभित्र थुनामा राखिएकाहरूमध्ये अधिकांश व्यक्तिहरूलाई विभिन्न प्रकारका शारीरिक र मानसिक यातना दिइएको तथा क्रूर अमानवीय एवम् अपमानजनक व्यवहार गरेका तथ्यहरू प्राप्त भएका छन् । बन्दीहरूलाई अधिकांश समय हत्कडी र आँखामा पट्टी बाँधेर राखेर ठुलो शारीरिक र मानसिक यातना दिएको भन्ने बुझिएको थियो । बन्दीहरूले आफूलाई सेनाले पाइप, बुट, हात, बाँसको लट्ठीलगायतका विभिन्न साधनहरूको प्रयोग गरी प्रायः दिनहुँ कुटपिट गर्ने गरेको बताएका थिए । खासगरी रातिको समयमा बढी कुटपिट गर्ने, धेरै कुटपिट गरेपछि नदुख्ने औषधी खान दिने गरेको बुझियो । कुटपिटका अतिरिक्त पानीमा डुवाउने, करेन्ट लगाउने गरेको समेत बन्दीहरूले बताए । पर्याप्त खाना र खानेपानी नदिएको बुझियो । महिलाहरूलाई अपशब्द बोल्ने, कपडा खोलिदिने, संवेदनशील अङ्गहरूमा छुने, राति सुतेको समयमा चलाउन जाने र पुरुष सुरक्षाकर्मीद्वारा यातना दिने जस्ता कार्यहरू भएको बुझियो । बन्दीहरूलाई विभिन्न किसिमका धम्की दिने र अरूलाई कुटेको देखाउने जस्ता कार्य गरी मानसिक यातना दिने गरेको बुझियो । ब्यारेकमा यातना पाएका व्यक्तिहरू अधिकांशले डरका कारण आफूले भोगेको यातनाका बारेमा बोल्न नचाहेको पाइन्छ ।

यातनका अन्य तरिकाहरूमा खुट्टा झुन्ड्याएर टाउको पानीमा चोबल्ने, टाउकाबाट दूषित पानी खन्याउने, चिसोको समयमा लुगा लगाउन नदिने, हिरासतबाट अन्यत्र सार्दा धेरै जनालाई एउटै गाडीमा खप्ट्याएर लाने जस्ता थिए । यसका साथै

पोखरीमा डुबाएर कुटपिट गर्ने, ग्रावेलमा सुताउने, धारिलो गिट्टीमा घुँडा टेक्न लगाएर राख्ने, खाना खानेबित्तिकै छदाउने, हिरासतमा खुर्सानी पोलेर खार लगाउने, मार्ने निर्णय भयो भनी मानसिक यातना दिने, जाडाको समयमा सिमेन्टको चिसो भुँइमा सुताउने जस्ता कार्यहरू गरी यातना दिइएको बुझियो ।

यातनाका कारण बन्दीहरूको शरीर सुन्निने, रगत बग्ने, आँखा कमजोर हुने, निद्रा कम लाग्ने जस्ता समस्याहरू भएको देखिएका कारण दीर्घकालीन असरसमेत पर्न गएको पाइन्छ । कतिपय बन्दीहरूले हिरासतभित्र पाएको यातनाका खतहरू पछिसम्म पनि रहेको पाइएको थियो । यातनाका कारण बन्दीहरूलाई शारीरिक र मानसिक दुबै प्रकारका समस्याहरू परेको बुझियो । यातना पाएकाहरूमध्ये कतिपयमा कान कम सुन्ने, कम बोल्ने, तर्सिने जस्ता समस्याहरू रहेको बुझियो । कतिपयका शरीरका जोर्नीहरू दुख्ने, अङ्गहरू नचल्ने समस्या उत्पन्न भएको बुझियो । पीडाका कारण सुत्न नसक्ने, एकतिरबाट अर्कोतिर फर्किन गाह्रो हुने, सास फेर्न गाह्रो हुने, हिँडडुल गर्न गाह्रो हुने जस्ता समस्याहरू भएको यातना पाएका व्यक्तिहरूको भनाइ रहेको पाइएको छ । यातनाको मात्रा र तरिका सबैलाई एकै प्रकारको नभएको हुँदा यसका असरहरू पनि फरकफरक देखिएको पाइन्छ ।

(ङ) हिरासतभित्र मृत्यु

हिरासतभित्रको अवस्था मानोवचित नभएको, बिरामीहरूलाई स्वास्थोपचारको उचित प्रबन्ध नगरिएको तथा यातनका कारण हिरासतभित्रै केही बन्दीहरूको मृत्यु भएको जानकारी पाइन्छ । भैरवनाथ गणभित्र मृत्यु भएका खड्गबहादुर घर्तीमगरका परिवारले शव प्राप्त गरेका थिए । सेनाले आयोगलाई पठाएको पत्रमा निजलाई २०६० असोज ६ गते राति आफ्नै निवास कुसुन्तीबाट पक्राउ गरी भैरवनाथ गणमा हिरासतमा राखिएकोमा बिरामी भई उपचारको क्रममा २०६० फागुन १८ गते छाउनी अस्पतालमा मृत्यु भएको उल्लेख छ । तर, उनीसँगै थुनामा राखिएका बन्दीहरूले उनको मृत्यु यातनाको कारण भएको बताएका थिए । निजसँगै हिरासतमा रहेका व्यक्तिबाट खड्गबहादुरले यातनाका कारण खाना खान नसक्ने अवस्थामा पुगेको र गोडामा रगत जमेको तथा एन्टिबायोटिक खाएर धेरै कमजोर भएको भन्ने बुझिएको थियो । निजलाई चरम यातना दिइएका कारण जिउ सुन्निएर बिरामी भएको र २०६० फागुन १९ गते निजको मृत्यु भएको बुझियो ।

(च) हिरासतबाट बेपत्ता

भैरवनाथ र युद्धभैरव दुबै गणभित्र राखिएका बन्दीहरूलाई कुनै न कुनै समय बेपत्ताको अवस्थामा राखिएको थियो । थुनामा राखिएका बन्दीहरूलाई पक्राउ गर्दाकै समयमा दिइनुपर्ने पक्राउ पुर्जीसमेत नदिई गैरकानुनी व्यवहार गरिएको पाइन्छ । थुनामा राखेपछि दिइनुपर्ने थुनुवा पुर्जी दिइएको थिएन । बन्दीहरूलाई परिवार, आफन्त र कानुन व्यवसायीसँग भेट गर्न नदिई बेपत्ताको अवस्थामा राखिएको थियो । बन्दीहरूलाई कहाँ राखिएको भन्ने जानकारी दिइएको थिएन । उनीहरूका आफन्तलाई समेत पक्राउ गरिएका आफन्तहरूको अवस्थाका बारेमा कुनै सूचना दिइएको थिएन । राष्ट्रिय मानव अधिकार आयोग र आइसिआरसीले सैनिक हिरासतको भ्रमण गरे पनि उनीहरूलाई समेत सबै बन्दीहरूसँग निर्वाध रूपमा भेट गर्न दिइएन । यसका बाबजुद राष्ट्रिय मानव अधिकार आयोग र आइसिआरसीले हिरासतभित्र केही बन्दीहरूसँग भेटी उनीहरूको अवस्थाका बारेमा आफन्त जनलाई जानकारी गराइएको अवस्था थियो ।

यी दुबै गणभित्र थुनामा राखिएको विश्वास गरिएका व्यक्तिहरूमध्ये कम्तीमा ४३ जनाको अवस्था हालसम्म पनि अज्ञात छ । यसरी बेपत्ता रहेका मध्ये ४ जना महिला छन् । भैरवनाथ तथा युद्ध भैरव गणबाट बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको विवरणलाई तालिका नं. ५ मा उल्लेख गरिएको छ ।

तालिका ५: भैरवनाथ तथा युद्ध भैरवगणबाट बेपत्ता पारिएका ४३ जना व्यक्तिहरूको विवरण

क्र.सं.	नाम	ठेगाना
१.	अर्जुन पोखरेल	थानापति गाविस वडा नं. ९, नुवाकोट
२.	अर्जुन महर्जन	कीर्तिपुर नपा वडा नं. ५, सगलटोल, काठमाडौँ
३.	अमृत कँडेल	बेनीघाट गाविस वडा नं. २, धादिङ
४.	अशोक सुनार (अकेला)	बोर्लाङ गाविस वडा नं. ५, चण्डीथोक गोरखा घरभई बुढानिलकण्ठ नारायणस्थान विष्णु गाविस वडा नं. ३, काठमाडौं
५.	आइते भन्ने निमानुर्पु लामा	नाङ्लेभारे गाविस वडा नं. ९, काठमाडौं
६.	किरण रायमाझी	कटारी उदयपुर
७.	कौशल्या पोखरेल	थानापति गाविस वडा नं. ९, नुवाकोट
८.	गोकुलबहादुर निरौला	फाकफोक गाविस वडा नं. १, इलाम
९.	चेतनाथ ढुङ्गाना (सिएन. ढुङ्गाना)	सिङ्गिया गाविस वडा नं. ९, सुनसरी

क.सं.	नाम	ठेगाना
१०.	चन्द्रकुमार ढकाल (कुमार)	पोखरीचौरी गाविस वडा नं.९, खाटगाउँ, काभ्रेपलान्चोक
११.	जालन्धर बाँस्तोला	दुधौली गाविस वडा नं. २, सिन्धुली, हाल नयाँबानेश्वर, काठमाडौँ
१२.	डोलेश्वर लिम्बू (चेम्जोङ)	पाँचथर
१३.	तारामान तामाङ	खहरेपाँगु गाविस वडा नं. ३, काभ्रेपलान्चोक
१४.	तेजमान विश्वकर्मा	हत्पते गाविस वडा नं. ४, गागन, सिन्धुली
१५.	देवीराज दङ्गाल (देवराज)	नाङ्लेभारे गाविस वडा नं. ८, पटाप, काठमाडौँ
१६.	दीपेन्द्र पन्त	गाईखुर गाविस वडा नं. ५, गोरखा
१७.	दुर्गा बिसङ्खे	कटुन्जे गाविस वडा नं. ७, भक्तपुर
१८.	देशभक्त चापागाईं	नेपालडाँडा गाविस वडा नं. ७, भोजपुर
१९.	धीरेन्द्र बस्नेत	दमक नपा वडा नं. १, झापा
२०.	निश्चल नकर्मी	महादेवस्थान गाविस वडा नं. ५, काठमाडौँ
२१.	पदमनारायण नकर्मी	बुङमती गाविस वडा नं. ३, ललितपुर
२२.	पीपल श्रेष्ठ	सीतापाइला गाविस वडा नं. २, काठमाडौँ
२३.	पुष्पराज बस्नेत	दमक नपा वडा नं. १, झापा
२४.	बाबुकाजी श्रेष्ठ	पाँचखाल, काभ्रेपलान्चोक
२५.	बुद्धि लामा	मादनकुँडारी गाविस वडा नं. ३, काभ्रेपलान्चोक
२६.	भवनाथ धमला	बेतिनी गाविस, ओखलढुङ्गा
२७.	भीम गिरी	फूलबारी बिगाउँ, कैलाली
२८.	भीमराज महर्जन	गोङ्गबु गाविस वडा नं. ३, काठमाडौँ
२९.	माधव अधिकारी	मार्पाक गाविस वडा नं. ७, बोराङ, धादिङ
३०.	राजेन्द्र माली	ठेचो गाविस वडा नं. ३ ललितपुर
३१.	रामचन्द्र काफ्ले	डाँडीगुराँसे गाविस वडा नं. ५, सिन्धुली
३२.	रूपक अधिकारी	पिठुवा गाविस वडा नं. ९, चितवन
३३.	रेनुका दुलाल	तिनथाना गाविस वडा नं. ५, काठमाडौँ
३४.	रेवकला (कला) तिवारी	सिर्सेकोट गाविस वडा नं. ७, स्याङ्जा
३५.	लीलाबहादुर पाण्डे	गजुरी गाविस वडा नं. २, धादिङ
३६.	लीलाराज आचार्य	त्रियुगा नपा वडा नं. १, बोक्से खरदारटोल, उदयपुर

क.सं.	नाम	ठेगाना
३७.	सुचेन्द्र श्रेष्ठ	सतुङ्गल गाविस वडा नं. ९, काठमाडौँ
३८.	सुदर्शन रिजाल	नखुलेको
३९.	शान्तिराम भट्टराई	बैगुनधुरा गाविस, झापा
४०.	हिराबहादुर रोक्का	ककनी गाविस वडा नं. ५, नुवाकोट
४१.	हिराबहादुर शारू	दाङ
४२.	हेमनारायण श्रेष्ठ	गाम्नाङटार गाविस वडा नं. ६, ओखलढुङ्गा
४३.	ज्ञानेन्द्र त्रिपाठी	रत्ननगर नपा १३, चितवन

यसबाहेक अन्य केही व्यक्तिहरूलाई पनि भैरवनाथ र युद्धभैरव गणमा थुनामा राखिएको भन्ने केही जानकारीहरू प्राप्त भएका छन् । अरूप परियार (अरूण नेपाली), कर्ण कुँवर (केदार कुँवर), ठाकुर पुडासैनी, प्रकाश लामा, भीम ढकाल, माधव घिमिरेलगायतका छन् । संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयले प्रकाशित गरेको प्रतिवेदनमा अलि वा वली भन्ने एक बालिकासमेत उक्त गणबाट बेपत्ता रहेको उल्लेख छ । यी व्यक्तिहरूको स्पष्ट ठेगाना र पहिचान नखुलेको हुँदा यिनीहरूको अवस्थाको समेत यकिन हुन सकेको छैन । नुवाकोटका राजेन्द्र थापालाई पनि उक्त गणमा राखिएको भनी केही बन्दीहरूले उल्लेख गरेका छन् तर निजलाई जगदल गणमा राखिएको तथ्यहरू प्राप्त हुन आएको हुँदा निजलाई केही अवधि उक्त गणमा राखिएको हुन सक्ने देखिन्छ ।

(छ) शिवपुरी क्षेत्रबाट बेपत्ता

भैरवनाथ गण तथा युद्धभैरव गणको थुनामा राखिएका माथि उल्लिखित विवरण भएका बन्दीहरूलाई शिवपुरी जङ्गल क्षेत्रमा समेत पुऱ्याइएको भन्ने तथ्यहरू प्राप्त हुन आएका छन् । ती गणका बन्दी तथा पूर्व बन्दीहरूले यस प्रतिवेदनमा हालसम्म अवस्था सार्वजनिक नभएको भनी नाम उल्लेख भएका बन्दीहरूलाई २०६० सालको पौष महिनाको पहिलो साता सो स्थानमा पुऱ्याएको बताएका छन् । आयोगले अनुसन्धानका क्रममा भेटेका कतिपय बन्दीहरूलाई समेत उक्त क्षेत्रमा पुऱ्याइएको पाइएको छ । उक्त क्षेत्रमा पुऱ्याइएका बन्दीहरूले जङ्गलैजङ्गल भएको बाटो, चिसो मौसम, हिउँ परेको, शिवपुरी जङ्गलभित्र अल्ले भन्ने स्थानमा युद्धभैरव गणको एक शाखा रहेको, त्यहाँसम्म पुग्नका लागि कच्ची बाटाको समेत प्रयोग गर्नुपर्ने देखिएको, ब्यारेकमा पुऱ्याइएपछि पैदल हिँडाइएको, गोरेटो अग्लो होचो बाटो तथा हिरासतको भौतिक अवस्थासमेतका आधारमा उक्त क्षेत्रको पहिचान गरेको बुझिएको छ । अनुसन्धानका क्रममा बन्दीहरूले दिएको जानकारी र आयोगले अनुसन्धानका क्रममा स्थलगत अवलोकन गर्दा प्राप्त तथ्यहरूमा एकरूपता पाइएकाले उक्त क्षेत्रमा

बन्दीहरूलाई पुऱ्याइएको कुराको पुष्टि हुन आउँदछ । नेपाली सेनाले आयोगलाई उपलब्ध गराएको बन्दीहरूको विवरणमा समेत भैरवनाथ गणले केही व्यक्तिहरूलाई शिवपुरीस्थित गोरखनाथ गणमा बुझाएको देखिन्छ । यसबाट केही बन्दीहरूलाई शिवपुरी क्षेत्रको सैनिक हिरासतबाट बेपत्ता पारिएको देखिन्छ । आयोगको अनुसन्धान तथा अनुगमनबाट प्राप्त तथ्यहरूका आधारमा शिवपुरी क्षेत्रबाट व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारिएको पाइएकाले सो क्षेत्रमा उत्खनन गर्ने कार्यको सुरुवात गरिएको थियो ।

४.२.८.३ शिवपुरी क्षेत्रमा शवोत्खनन

आयोगको अनुसन्धानबाट माथि उल्लिखत तथ्यहरू प्राप्त भइसकेको सन्दर्भमा मानव अधिकार सङ्घ सङ्गठनका प्रतिनिधि तथा नागरिक समाज एवम् पीडितका परिवारद्वारा व्यक्तिहरूलाई बेपत्ता पारिएको आशङ्का गरिएको काठमाडौंको शिवपुरी जङ्गल क्षेत्रको अनुसन्धान गर्न २०६४ साल पुस ४ गते आयोगलाई जानकारी गराइएको थियो । अनुसन्धानका क्रममा उक्त क्षेत्रको अनुगमन गरी देखिएका तथ्यहरूको आधारमा तयार गरिएको स्थलगत मुचुल्कासमेत अधिकारकर्मीले आयोगको टोलीलाई जिम्मा लगाएका थिए । सो प्रतिवेदनसमेतको आधारमा आयोगद्वारा उक्त स्थानको सुरक्षा गर्न गृह मन्त्रालय, नेपाल प्रहरी, रक्षा मन्त्रालय, नेपाली सेना मानव अधिकार निर्देशनालयमा पत्राचार गरिएको थियो । आयोगका सदस्यहरूसहित अधिकृतहरूको टोलीबाट उक्त स्थानमा गई अनुगमन तथा निरीक्षण गरिएको थियो ।

आयोगका पदाधिकारी, स्वदेशी विशेषज्ञको टोली र नेपाल प्रहरीबिच आशङ्कित स्थलको सूक्ष्म अनुसन्धान कसरी गर्ने भन्ने सम्बन्धमा २०६४ साल पुस ५ गते विस्तृत छलफल भएको थियो । छलफलबाट नेपाल प्रहरीको Crime Scene Expert सहित विधिविज्ञान विशेषज्ञहरूद्वारा सूक्ष्म अनुसन्धान गर्ने सहमति गरिएको थियो । यस्तै आयोगबाट उक्त स्थानको शवोत्खनन गर्ने लगायतका कार्यहरू गर्न प्रहरीलाई विशेषज्ञ अनुसन्धान अधिकृतहरू उपलब्ध गराइदिन पत्राचार भएको थियो । तर, नेपाल प्रहरीबाट यस्ता विशेषज्ञहरू उपलब्ध गराउने कार्य नभएपछि आयोगबाट नै विशेषज्ञको व्यवस्था गरी उत्खननलगायतका अनुसन्धान प्रक्रिया अघि बढाइएको थियो ।

बिशेषज्ञसहितको आयोगको अनुसन्धान टोलीले २०६४ साल पुस ६ गते आशङ्कित क्षेत्रमा घेरा हालेर मुचुल्का तयार गरेको थियो । आयोगबाट लगभग ७४ मिटर लामो र १५ मिटर चौडा क्षेत्रमा डोरी बाँधी घेराबन्दी गरी नक्साङ्कन गरेर उक्त क्षेत्रलाई प्रवेश निषेधित क्षेत्र घोषणा गरिएको थियो । सोही दिन विशेषज्ञहरूद्वारा आठओटा प्लास्टिकका साना प्याकेटमा उक्त स्थानमा रहेको दुईवटै तारले बाँधिएको ढुङ्गा

(ग्याभिनवाल) को माथिल्लो भागमा ढुङ्गामा अड्केको अवस्थाको रहेका केही कालो अङ्गारजस्तो देखिने वस्तुहरू सङ्कलन गरेको थियो । ढुङ्गामा अड्केको कालो वस्तु झिक्न विशेषज्ञद्वारा तारसमेत काटिएको थियो । सङ्कलित वस्तुहरूलाई फरकफरक पोकामा सिलबन्दी गरी प्रत्येक वस्तु उठाउनुपूर्व ट्याग (TAG) नम्बर लगाई डिजिटल र भिडियो क्यामेराद्वारा तस्बिर खिची मुचुल्कासमेत तयार गरी सङ्कलित वस्तु आयोगमा ल्याइएको थियो ।

विशेषज्ञ सम्मिलित टोलीबाट २०६४ साल पुस ७ गते उक्त स्थानमा थप अनुसन्धान कार्य गरिएको थियो । अनुसन्धानका क्रममा टोलीले घेरा हालिएको क्षेत्रबाट आधा जलेको बाँस, आंशिंक रूपमा जलेर बाँकी रहेका काठका टुक्रा, वनस्पति, च्यातिएका प्लास्टिक, प्लास्टिकका खाली प्याकेट (चाउचाउ, चियापत्ती), पुरानो मक्किएको निलो रङको ट्राउजर, ह्यान्स्किन ल्याजर वियरको खाली क्यान, कालो रङको काटिएको प्लास्टिकको बट्टा (मोविलको जस्तो देखिएको), चिरेको बाकल, पोलिथिन सिट, कोइलाजस्तो देखिने वस्तु, गोल्डेन लाइन खैनीको खाली प्याकेट, सिमेन्टको जस्तो देखिने च्यातिएको खाली बोरा, फलामको तार, ज्याकेटको गोजीजस्तो देखिने कालो कपडा, कोकाकोला लेखिएको चकलेटको खाली खोल, फुटेको सिसाको गिलास, ग्यालिनको बिर्को, औषधीको पत्ता, यासिमा लेखिएको सानो टर्च लाइटको ब्याट्री, छाताको खोल, अगरबत्तीको ऱ्यापर, पोलिथिनका झोलाहरूसमेत सङ्कलन गरेको थियो । साथै उक्त स्थानमा रहेको दायाँतर्फको (ग्याभिनवाल) को तल्लो तहबाट कालो माटो, कालो धुलो, अँगारजस्ता काला वस्तुहरू सङ्कलन गरी सङ्कलित प्रत्येक वस्तुमा ट्याग (TAG) नम्बर लगाई सिलबन्दी गरी आयोगको कार्यालयमा ल्याइएको थियो । उक्त दिन १ नम्बरदेखि ३२ नम्बरसम्मको ट्याग लगाइएको थियो ।

नेपाली सेना जङ्गीअड्डाबाट २०६४ पुस ८ गते आयोगको अनुसन्धान कार्यमा पूर्ण सहयोग गर्ने जानकारी प्राप्त भएको थियो भने वन तथा भूसंरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र गृह मन्त्रालयबाट पनि आयोगको कार्यमा सहयोग गर्ने जानकारी आयोगमा प्राप्त हुन आएको थियो । सोही दिन आयोगले अनुसन्धानमा संलग्न विशेषज्ञहरूबाट अनुसन्धानका बारेमा थप जानकारी लिएको थियो ।

आयोगले २०६४ साल पुस ९ गते सङ्कलन गरेका वस्तुहरूमध्ये कालो रङको अँगारजस्तो वस्तु तथा कालो माटो तथा धुलो त्रिवि शिक्षण अस्पताल, फरेन्सिक प्रयोगशाला महाराजगन्जमा, अन्य वस्तुहरू राष्ट्रिय विधिविज्ञान प्रयोगशाला खुमलटार र राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला गोदावरी ललितपुरमा अनुसन्धानका

लागि पठाइएको थियो । व्यवस्थापिका संसद्, मानव अधिकार तथा सामाजिक न्याय समिति र राष्ट्रिय मानव अधिकार अयोगको मिति २०६४ पुस ७ मा बसेको बैठकपछि संसद्को मानव अधिकार तथा सामाजिक न्याय समितिले Site protection गर्न, अनुसन्धान कार्यमा आयोगलाई सहयोग गर्न र २४ घण्टाभित्र सुरक्षा पोस्ट खडा गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको थियो । त्यसपछि २०६४ पुस ११ गते नेपाल प्रहरीबाट आशङ्कित स्थानमा प्रहरीको सुरक्षा क्याम्प खडा गरी सो क्षेत्रको चौबिसै घण्टा सुरक्षा गरेको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगको २०६४ पुस ५ मा बसेको बैठकबाट आयोगका सदस्य गौरी प्रधानको संयोजकत्वमा समिति बनाई उत्खनन कार्यलाई अघि बढाइएको थियो । वनस्पति विज्ञबाट २०६४ पुस १३ गते आशङ्कित स्थानमा गई वनस्पतिहरूको नमुना सङ्कलन गरी परीक्षणका निम्ति ल्याइएको थियो । साथै सोही दिन त्रिवि शिक्षण अस्पताल फोरेन्सिक मेडिसिन विभागबाट थप अनुसन्धानका लागि विदेशी Forensic Anthropologist उपलब्ध गराउन आयोगसमक्ष अनुरोध भई आएकाले संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयसँग विदेशी विशेषज्ञका रूपमा Forensic Anthropologist उपलब्ध गराइदिन आयोगले अनुरोध गरेको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगको अनुरोधमा फिन्ल्यान्ड सरकारको सहयोगमा २०६४ माघ २१ गते Professor Helena Ranta (University of Helsinki) / Prof. Pekka Saukko (University of Turku) को टोली नेपालमा आएको र २०६४ माघ २३ गते विदेशी तथा स्वदेशी विज्ञसहित आयोगको टोलीबाट आशङ्कित स्थानमा पुनः अनुसन्धानको कार्य सुरु गरिएको थियो । अनुसन्धानका क्रममा विदेशी विज्ञहरूद्वारा बाँयातर्फको ग्याभिनवालको माथिल्लो भागबाट केही काला वस्तुहरू सङ्कलन गरी प्याकेटमा सिलबन्दी गरी अनुसन्धानका लागि ल्याइएको थियो ।

मिति २०६४ साल माघ २५ गते विदेशी तथा स्वदेशी विशेषज्ञसहित आयोग टोलीबाट आशङ्कित स्थानमा पुनः अनुसन्धान गरी दाँयातर्फको ग्याभिगवालको तल्लो तहमा रहेको कालो माटो खोस्रेर चाल्नीमा चाली केही काला वस्तुका टुक्राहरू दुईओटा प्याकेटमा राखी सिलबन्दी गरी सङ्कलन गरिएको थियो । तत्पश्चात् प्रयोगशालाहरूमा स्वदेशी तथा विदेशी विज्ञहरूद्वारा परीक्षण तथा विश्लेषणको कार्य निरन्तर जारी राखिएको थियो । २०६४ फागुन १ मा विदेशी विशेषज्ञ र राष्ट्रिय विधिविज्ञान प्रयोगशाला तथा २०६४ फागुन २ गते त्रिवि फरेन्सिक मेडिसिन विभागबाट प्रतिवेदन आयोगमा प्राप्त हुन आएको थियो ।

काठमाडौँ अटप्सी सेन्टर/डिपार्टमेन्ट अफ फरेन्सिक मेडिसिन त्रिभुवन विश्वविद्यालयका विशेषज्ञहरूको राय[२०] :

- १ देखि ७ नम्बरसम्मका सङ्कलित नमुनाहरूमा स्पष्टतः मानव वा अन्य कुनै जनावरको जस्तो देखिने जलेका वा नजलेका अवशेषहरू पाइएन । १ देखि ७ सम्मका नमुनाहरूमा जलेका प्लास्टिक र रबरका टुक्राहरूजस्ता देखिने वस्तुहरू पाइएका थिए ।
- सङ्कलित नमुना नम्बर ८ मा जलेको अवस्थाका शङ्कास्पद वस्तु फेला परेकाले विशेषज्ञहरूद्वारा थप मूल्याङ्कनको आवश्यकता रहेको छ ।
- सङ्कलित नमुना नम्बर २४ मा कडा खालको जलेको सामग्री पाइएकाले त्यसको वास्तविक उत्पत्ति (Origin) के हो भन्ने कुरा निश्चित गर्नका निम्ति थप अनुसन्धान गर्नुपर्ने देखिन्छ ।
- फरेन्सिक एन्थ्रोपोलोजिस्टको राय लिन सल्लाह दिइन्छ र अन्तिम निष्कर्षका लागी थप जैविक वैज्ञानिक परीक्षण (Biological Scientific Test) गर्नुपर्ने पनि आवश्यक छ ।

राष्ट्रिय विधिविज्ञान प्रयोगशालाका वैज्ञानिकको राय :

- पूर्ण तथा आंशिक रूपमा जलेका काठहरू रहेको पाइयो ।
- केही काठका टुक्राहरू पहिले प्रयोग भइसकेका ढोका, झ्याल तथा फर्निचरको भएको पाइयो ।
- धेरैजसो काठहरूमा झ्याउ लागिसकेको पाइयो ।
- कुनै रगतका टाटा वा मानव अवशेष रहेको पाइएन ।

विदेशी विशेषज्ञहरू Professor Helena Ranta (University of Helsinki) **/** Prof. Pekka Saukko (University of Turku) **को प्रारम्भिक मूल्याङ्कन/निष्कर्ष :**

- काठमाडौँ अटप्सी सेन्टर/डिपार्टमेन्ट अफ फरेन्सिक मेडिसिन त्रिभुवन विश्वविद्यालय, महाराजगन्जमा माइक्रोस्कोपिक (Microscopic) परीक्षण गरिएका नमुनाहरू मानव उत्पत्तिका हुन् वा होइनन् यकिन गर्नका लागि अन्य थप अनुसन्धान गर्न आवश्यक छ ।
- सङ्कलित नमुनाहरूमध्ये चारओटा नमुनाको थप अनुसन्धानका लागि सिफारिस गरिएको छ । ती नमुनाहरूको Hard Tissue Processing मा अनुभव तथा मान्यताप्राप्त आधुनिक प्रयोगशालाद्वारा DNA-Extraction/Histological Sectioning परीक्षण गरिनु पर्दछ । यी परीक्षणहरू गर्नका लागि आवश्यक साधनस्रोत नेपालमा उपलब्ध छैनन् ।

---

[२०] *विशेषज्ञको राय विशेषज्ञहरूको प्रतिवेदनमा उल्लेख भएबमोजिम अङ्ग्रेजीवाट नेपालीमा अनुवाद गरिएको छ।*

सङ्कलित वस्तुहरूको वैज्ञानिक परीक्षणका निमित्त स्वदेशी तथा विदेशी विशेषज्ञको रायबमोजिम सो वस्तुका नमुनाहरूको उत्पत्ति के हो ? थप अनुसन्धानका लागि विदेशको सुविधा सम्पन्न प्रयोगशालामा पठाउनु आवश्यक भएकाले नेपाल सरकारलाई आवश्यक व्यवस्थाका लागि लेखी पठाउने निर्णय आयोगले गरेको र फिनल्यान्डको सुविधा सम्पन्न प्रयोगशालामा ती वस्तुको परीक्षण गरी प्राप्त प्रतिवेदन देहायबमोजिम रहेको छ।

फिनल्यान्डका अन्तर्राष्ट्रिय विधिविज्ञान विशेषज्ञहरूबाट प्राप्त प्रतिवेदनको सारांश

१. सन्दर्भ : नेपाल सरकार, परराष्ट्र मन्त्रालयमार्फत राष्ट्रिय मानव अधिकार आयोगले मार्च ५,२००८ मा प्रो. हेलेना रन्ता (Reference No.W.E.46.00/385) लाई अनुसन्धानको निम्ति पठाएको अनुरोध पत्र।

२. अनुसन्धानको उद्देश्य : पहिचान नभएको हाडको नमुनाहरूका DNA विवरण तयार पार्ने

३. अनुसन्धान गरिएको प्रयोगशाला : Department of Forensic Medicine, Laboratory of Forensic Biology, University of Helsinki, Finland.

४. अनुसन्धानको निम्ति प्रयोशालामा नमुना वस्तु प्राप्त : अप्रिल १०, २००८

५. अनुसन्धान अवधि : अप्रिल ११-अगष्ट २०, २००८

६. अनुसन्धानका निम्ति पठाइएका नमुना वस्तुहरूको सङ्ख्या :
१) Laboratory Ref.No. 2008-129-372 बाट प्राप्त नमुनाहरू ५
२)Laboratory Ref.No. 2008-129-373 बाट प्राप्त नमुना १।

७.अनुसन्धानको प्रकिया र विधि : हासम्म विश्वमा उपलब्ध सबैभन्दा अत्याधुनिक DNA प्रकियाबाट अनुसन्धान गरिएको।

८.परिणाम : नमुना वस्तुहरू 2008-129-372a, 372b, 372d, 372c र 2008-129-373a थप अनुसन्धानका निम्ति पर्याप्त नभएको। तर, नमुना वस्तु 2008-129-372c को अनुसन्धान परिणामअनुसार उपर्युक्त वस्तुको उत्पत्ति पुरुष मानवको रहेको पुष्टि भएको।

राष्ट्रिय विधिविज्ञान विशेषज्ञ र वैज्ञानिक, फिनल्यान्डका अन्तराष्ट्रिय विधिविज्ञान विशेषज्ञहरू र फिनल्यान्डस्थित Department of Forensic Medicine, Laboratory of Forensic Biology, University of Helsinki बाट प्राप्त अध्ययन अनुसन्धान प्रतिवेदनहरूको आधारमा शिवपुरीमा भएको उत्खननबाट भेटिएको अवशेष एक जना पुरुष मानवको भन्ने पुष्टि भएकाले उक्त अवशेष कसको हो पत्ता लगाउन सेनाको भैरवनाथ गण र युद्धभैरव गणबाट बेपत्ता पारिएका ४३ जनामध्येका आयोगको अनुसन्धानबाट आशङ्का गरिएका एक जना व्यक्तिका आफन्तबाट रगतको नमुना सङ्कलन गरी DNA परीक्षण कार्य भइरहेको छ ।

४.२.८.४ आयोगबाट भएको निर्णय

अनुसन्धानबाट प्राप्त तथ्यहरूको आधारमा यस घटनामा आयोगले नेपाली सेनाको १० नं. वाहिनीअन्तर्गत भैरवनाथ र युद्धभैरव गणको थुनामा रहेका बन्दीहरूलाई शिवपुरी क्षेत्रमा समेत लगी बेपत्ता पारेको र हालसम्म उनीहरूको अवस्था अज्ञात रहेको देखिँदा बेपत्ता पारिएका व्यक्तिहरूलाई कानुनी प्रक्रियामा लैजान र लामो समयसम्म व्यक्तिलाई गैरकानुनी रूपमा बेपत्ताको अवस्थामा राख्ने कार्यमा जिम्मेवार देखिएका तत्कालीन कर्णेल राजु बस्नेत, मेजरहरू पदमसिंह खत्री, राजाराम के.सी., विवेक बिस्ट, हरेन्द्रबहादुर सिंह, क्याप्टेन इन्दीवर राणा र सागर केसी, लेफ्टिनेन्टहरू जगन्नाथ खड्का, राजेन्द्र बोगटी, हरिबोल केसी र रामहरि बिस्ट, हवल्दारहरू खड्गबहादुर महत, मीननाथ पन्त, दिनेश पौडेल, केशव ढकाल, जमदारहरू धनवीर खत्री, वेणुगोपाल श्रेष्ठ, लालबहादुर चन्द, रणबहादुर बुढाथोकी र शङ्कर बस्नेत, नायकहरू सूर्य केसी र गिरिराज घिमिरे तथा सिपाहीहरू शिवकिरण केसी, विनोद थापा, अर्जुन सापकोटा, हरिशरण खड्का, कुलप्रसाद बन्जारा, बाबुराम परियार तत्कालीन प्रधानसेनापति, नेपाली सेना १० नं. वाहिनीका तत्कालीन वाहिनीपति र तत्कालीन युद्धभैरव र भैरवनाथ गणका जिम्मेवार सैनिक अधिकारीहरूसमेत माथि प्रचलित कानुनबमोजिम कारबाही तत्काल अघि बढाउन र पीडित परिवारहरूलाई जनही रु. १ लाखका दरले अन्तरिम राहत प्रदान गर्न लेखी पठाउने भनी २०६६ भदौ २६ गते निर्णय गरेको छ । निर्णयमा बेपत्ता परिवारले भोग्नुपरेका पीडा र उनीहरूको अवस्थासमेतलाई मध्यनजर राखी शैक्षिक, रोजगारीलगायत परिपूरणको विषयमा उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी लागु गर्न नेपाल सरकारलाई सिफारिस गरी पठाउने पनि उल्लेख छ ।

आयोगको ठहरपछि सिफारिस कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पठाइएकोमा सो सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले “पीडितका हकदारले पाउने गरी रु. ३ लाख राहत रकम दिने र पीडित व्यक्तिका पत्नीलाई जीवन निर्वाहका लागि

आर्थिक सहायता स्वरूप एकमुष्ट रु. २५ हजार उपलब्ध गराउने निर्णय भएको छ । दोषी सुरक्षाकर्मीलाई कारबाही गर्न उच्चस्तरीय टास्कफोर्स र प्रहरी प्रधान कार्यालयलाई जिम्मा दिइएको”[२१] भनी उल्लेख गरेको छ । यसभन्दा पहिले २०६८।२।१० को पत्रमा[२२] भैरवनाथ गणबाट बेपत्ता पारिएका भनिएका ४३ जनामध्ये किरण रायमाझीको नाम कार्यदलको प्रतिवेदनमा समावेश भएपछि र सुदर्शन रिजालको ठेगाना यकिन भएपछि निजहरूका नजिकका हकदारलाई नेपाल सरकारका तर्फबाट राहत उपलब्ध हुने बताइएको थियो । सोबाहेक अन्य ४१ जनाको नाम कार्यदलको बेपत्ता सम्बन्धी प्रथम र दोस्रो प्रतिवेदनमा नाम समावेश भएकोले निजहरूका नजिकका हकदारहरूले पाउने गरी रु. १ लाखका दरले राहत रकम सम्बन्धित जिल्लामा पठाइसकिएको भनी उल्लेख गरेको थियो । साथै उक्त कार्यका लागि गृह मन्त्रालयबाट ६५ लाख ५० हजार क्षतिपूर्ति रकम वितरण गरिसकेको देखिन्छ । दोषी सुरक्षाकर्मीलाई कारबाही गर्न उच्चस्तरीय टाक्सफोर्स र प्रहरी प्रधान कार्यालयलाई जिम्मा दिइएको भनी उल्लेख गरेको अवस्था छ । तर, दोषीहरूलाई कानुनी कारबाही सम्बन्धमा कुनै पनि प्रक्रिया अगाडि नबढेको अवस्था छ । आयोगले यस घटनामा अन्तरिम राहत र दोषीलाई कारबाही गर्न भनी गरेको ठहर अनुसूची - ८ मा समावेश गरिएको छ ।

४.२.९ गोदार घटना

४.२.९.१ घटनाको सङ्क्षिप्त ब्यहोरा र आयोगबाट भएको अनुसन्धान



गोदारको गुगल नक्सा

शङ्कास्पद स्थल १ र २

धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. १० स्थायी घर भएका वर्ष २४ का सञ्जीवकुमार कर्ण, ऐ.ऐ. वडा नं.४ बस्ने वर्ष २३ का दुर्गेश लाभ ऐ.ऐ. बस्ने वर्ष २१ का मछली भन्ने जितेन्द्र झा कुर्था गाविस वडा नं.१ बस्ने वर्ष १७ का प्रमोदनारायण मण्डल र दुहवी गाविस वडा नं.७ बस्ने वर्ष १७ का शैलेन्द्र यादवसमेतलाई २०६०

---

[२१] राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारसमक्ष गरिएका सिफारिसहरूको कार्यान्वयन स्थिति (वि.सं. २०५८–२०७१), नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं, २०७१ असार पृष्ठ १५५ ।

[२२] प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका पत्रसङ्ख्या मा. अ. ०६७।०६८ च.नं. ४१७ को सिफारिस कार्यान्वयनसम्बन्धी पत्र साथ प्राप्त विवरणको पृष्ठ १६३ र क्रमसङ्ख्या ३३६ मा उल्लेख भएको ।

असोज २१ गते बुधबार दिउँसो अन्दाजी २:०० बजे जनकपुर नपा वडा नं ४ स्थित विश्वकर्माचोकको दक्षिणतर्फ अवस्थित कटैयाचौरीबाट सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारिएको भन्ने सम्बन्धमा उक्त घटनामा बेपत्ता पारिएका सञ्जीवकुमार कर्णका बाबु जयकिशोर लाभसमेतबाट आयोगमा २०६० असोज २२ लगायत विभिन्न मितिमा उजुरी दर्ता भएको थियो ।

आयोगबाट अनुसन्धानका क्रममा सम्बन्धित सुरक्षा निकायहरूसँग घटनाका बारेमा जानकारी माग गरी पत्राचार गर्दा तत्कालीन शाही नेपाली सेना मानव अधिकार शाखाले २०६२ माघ १० र २० गते आयोगमा पठाएका पत्रहरूमा मध्य पृतना हेडक्वार्टरअन्तर्गत खटिएको शाही नेपाली सेनाको मानव अधिकार विशेष अनुसन्धान टास्कफोर्सले अनुसन्धान गर्दा २०६० असोज २१ गते उल्लिखित व्यक्तिहरूको जनकपुर इलाकामा प्रहरीको एकल कारबाहीमा मृत्यु भएको ब्यहोरा उल्लेख गरेको छ । यसै सम्बन्धमा नेपाल प्रहरी मानव अधिकार सेलले २०६३ असार ४ गते आयोगमा पठाएको पत्रमा उल्लिखित व्यक्तिहरूलाई २०६० असोज २१ गते अन्दाजी १०:०० बजे क्षेत्रीय प्रहरी इकाइ कार्यालयको घुमुवा टोलीको रिर्पोटिङका आधारमा प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक र आर्मी अधिकृतको टोलीले जनकपुर नपा वडा नं.४ कटैयाचौरीबाट पक्राउ गरिएको र उनीहरूलाई सोही दिन बेलुकी प्रहरीले आर्मी ब्यारेक भिमानमा बुझाई फर्किएको बुझिन आएको भन्ने प्रहरीको छानबिन समितिको प्रतिवेदनसमेतको ब्यहोरा उल्लेख गरेको छ ।

उक्त उजुरीमाथि अनुसन्धान गरी उल्लिखित पाँच जना युवाहरूलाई सुरक्षाकर्मीले गैरन्यायिक हत्या गरेको ठहर गरी आयोगको २०६४ माघ १५ गतेको निर्णयबमोजिम मानव अधिकार उल्लङ्घन कार्यमा संलग्न दोषीहरू तत्कालीन वरिष्ठ प्रहरी उपरीक्षक चूडाबहादुर श्रेष्ठ, जिल्ला प्रहरी कार्यालय धनुषाका तत्कालीन प्रहरी उपरीक्षक कुबेरसिंह राना, धनुषा जिल्ला धारापानी गाविसस्थित सैनिक ब्यारेक श्री नम्बर ९ वाहिनी फिल्डका तत्कालीन मेजर अनुप अधिकारी तथा धनुषा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी रेवतीराज अधिकारीमाथि आवश्यक अनुसन्धान गरी कानुनबमोजिम कारबाही गर्न र पीडितका परिवारलाई जनही तिन लाख रुपियाँका दरले क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरिएको थियो । आयोगले गरेको निर्णय अनुसूची ९ मा संलग्न गरिएको छ ।

पीडित परिवारले जिल्ला प्रहरी कार्यालय धनुषामा २०६३ सालमा नै किटानी जाहेरी दर्ता गरेका थिए । यस सम्बन्धमा सर्वोच्च अदालतमा परेको रिट निवेदनमाथि सुनुवाइ हुँदा

"...विपक्षी कुबेरसिंह रानाउपर परेको जाहेरी दर्खास्त र निजसमेत उपर अनुसन्धान गरी कानुनबमोजिम कारबाही गर्नू भनी राष्ट्रिय मानव अधिकार अयोगले प्रधानमन्त्रीलाई २०६४ माघ १५ मा लेखी पठाइसकेकाले त्यस अनुसन्धानको प्रगतिको विवरण यस अदालतलाई जानकारी गराउनका साथै अहिलेसम्म उक्त मुद्दाको अनुसन्धानका लागि कारबाही अगाडि नबढाएको भए सरकारी मुद्दासम्बन्धी नियमावली २०५५ को नियम ४ (१) अनुसार अपराधको तहकिकात गर्ने प्रयोजनका लागि अधिकारप्राप्त नायब प्रहरी उपरीक्षक दर्जाको अधिकृत तोकी निष्पक्ष, स्वतन्त्र र प्रभावकारी ढङ्गले अनुसन्धान गर्न-गराउन तथा विपक्षी बनाइएका र २०६८ असार ८ को नेपाल सरकारको निर्णयबाट एआइजीमा बढुवा भएका कुबेरसिंह रानाले सो अनुसन्धान कार्यमा कुनै हस्तक्षेप गर्न वा प्रभाव पार्न नसक्ने कुराको समुचित व्यवस्था गरी सो मुद्दाको अनुसन्धानमा भएको प्रगतिको जानकारी प्रत्येक महिनामा यस अदालत र राष्ट्रिय मानव अधिकार आयोगलाई पनि गराउँदै जानू भनी विपक्षी प्रधानमन्त्रीको कार्यालय, गृहमन्त्री र प्रहरी प्रधान कार्यालयमा लेखी पठाउनू" भनी सर्बोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ ।[२३] उक्त आदेशबमोजिम जिल्ला प्रहरी कार्यालय धनुषाले सर्वोच्च अदालत र आयोगमा अनुसन्धानको प्रगतिका बारेमा जानकारी गराइरहेको छ, जसमा DNA परीक्षण भइरहेको ब्यहोरा उल्लेख हुँदै आएको छ ।

यस सम्बन्धमा जिल्ला सरकारी वकिलको कार्यालय धनुषाले २०६६ मंसिर १० गते जिल्ला प्रहरी कार्यालय धनुषालाई शवोत्खनन गरी अनुसन्धान गर्न निर्देशन दिएको [२४] तथा सोसम्बन्धमा गृह मन्त्रालयबाट २०६६ साउन २५ गते नेपाल प्रहरीमा शवोत्खनन गर्ने विशेषज्ञ नभएकाले Department of Forensic Science, Institute of Medicine, TU महाराजगन्जमा शवोत्खननसम्बन्धी कार्यविधि निर्देशिका पठाई सहयोग गर्न लेखापढी भएको भन्ने गृह मन्त्रालयको २०६६ साउन ४ गतेको आयोगमा प्राप्त पत्रमा उल्लेख भएको थियो ।

सो सम्बन्धमा बेपत्ता पारिएकामाथि उल्लिखित पाँच जना युवाहरूको शव धनुषा जिल्लाको तल्लो गोदार गाविस वडा नं.३ स्थित कमला नदीको किनारमा गाडिएको आशङ्का भएको भन्ने आयोगको अनुसन्धान टोलीको प्रतिवेदनका आधारमा राष्ट्रिय मानव अधिकार आयोगको २०६७ साउन २७ को निर्णयबाट उल्लिखित व्यक्तिहरूको शव

---

[२३] सर्वोच्च अदालत रिट नं. ६२७/०६७–WO–११९८, मिति २०६८/३/२९

[२४] जिल्ला सरकारी वकिल कार्यालय धनुषाको पत्रसङ्ख्या ०६६।०६७ च.नं.२५४ मिति २०६६।८।१० को जिल्ला प्रहरी कार्यालय धनुषालाई लेखेको पत्र ।

गाडिएको आशङ्कित स्थानबाट शवोत्खनन गर्न नेपाल प्रहरीलाई निर्देशन दिने र आयोगबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय विशेषज्ञहरूको सहयोग लिने निर्णय गरी नेपाल सरकार गृह मन्त्रालयलाई पत्राचार गरिएको थियो । यसै सम्बन्धमा आयोगका अध्यक्षद्वारा सम्बन्धित निकायलाई समन्वय एवम् सहकार्यका लागि आवश्यक निर्देशन दिन २०६७ भदौ १५ गते नेपाल सरकारका प्रधानमन्त्रीलाई पत्राचार गरिएको थियो । यस सम्बन्धमा नेपाल सरकारका गृहमन्त्रीसहितका उच्च अधिकारीहरूसँग २०६७ भदौ १८ गते छलफल गरी विशेषज्ञहरूको परामर्श लिई शवोत्खनन टोली गठन गरी स्थलगत अनुसन्धानका लागि खटाइएको थियो । आयोगको विशेषज्ञसहितको टोलीले नेपाल प्रहरीसँगको सहकार्यमा दुई चरणमा शवोत्खनन गरी अनुसन्धान गरेको थियो ।

४.२.९.२ गोदार शवोत्खनन

४.२.९.२.१ पहिलो चरणको शवोत्खनन

(क) शवोत्खननपूर्व

१) आयोगका अधिकृत एवम् विषेशज्ञको टोलीले पछिल्लो पटक मिति २०६७ असार ७ गते शङ्कास्पद स्थानको अवलोकन एवम् सम्भाव्यता अध्ययन गर्ने कार्य गरेको थियो । यसक्रममा यसअघि नै शव गाडिएको आशङ्कित क्षेत्र भनी प्रहरीद्वारा कर्डन गरिएको भन्ने क्षेत्र र आयोगको स्थलगत अनुसन्धानबाट आशङ्का गरिएको क्षेत्र केही फरक पर्न गएको हुँदा आयोगबाट आशङ्का गरिएको क्षेत्रलाई आशङ्कित स्थल १ र प्रहरीले कर्डन गरिएको क्षेत्रलाई आशङ्कित स्थल नं २ नामकरण गरिएको थियो ।

शङ्कास्पद स्थल १

२) बेपत्ता पारिएका पाँच जना युवाहरूको शव धनुषा जिल्लाको तल्लो गोदार गाविस वडा नं.३ स्थित कमला नदीको किनारमा गाडिएको भन्ने आयोगको अनुसन्धान टोलीको प्रतिवेदनका आधारमा राष्ट्रिय मानव अधिकार आयोगको मिति २०६७ साउन २७ को निर्णयबाट उल्लिखित व्यक्तिहरूको शव गाडिएको आशङ्कित स्थानबाट शवोत्खनन गर्न नेपाल प्रहरीलाई निर्देशन दिने र आयोगबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय विशेषज्ञहरूको सहयोग लिने निर्णय गरी २०६७ साउन ३० मा नेपाल सरकार गृह मन्त्रालयलाई पत्राचार गरिएको थियो । यसै सम्बन्धमा आयोगका अध्यक्षद्वारा २०६७ भदौ १५ गते

सम्बन्धित निकायलाई समन्वय एवम् सहकार्यका लागि आवश्यक निर्देशन दिन नेपाल सरकारका प्रधानमन्त्रीलाई पत्राचार गरिएको थियो ।

३) आयोगबाट २०६७ भदौ १४ गते राष्ट्रिय विधिविज्ञान प्रयोगशाला, पुरातत्व विभाग, त्रिवि महाराजगन्ज क्याम्पसमा पत्राचार गरी विशेषज्ञ उपलब्ध गराइदिन पत्राचार गरिएको थियो ।

४) शवोत्खननका सम्बन्धमा नेपाल सरकारका गृहमन्त्री, महान्यायाधिवक्ता, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, गृह मन्त्रालयका सचिव, कानुन मन्त्रालयका सचिव एवम् नेपाल प्रहरीका प्रहरी महानिरीक्षक समेतसँग आयोगमा २०६७ भदौ १८ मा बैठक बसी शवोत्खननमा सहकार्यको विषयमा छलफल गरिएको थियो । यसक्रममा शवोत्खनन नेपाल प्रहरीबाट आयोगसँगको सहकार्यमा गरिने विषयमा सहमति भएको थियो । आयोगबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय विशेषज्ञ उपलब्ध गराई शवोत्खनन गर्ने जानकारी गराइएको थियो ।

५) मानव अधिकार क्षेत्रमा कार्य गर्ने विभिन्न संस्थाका प्रतिनिधिहरूलाई आयोगमा निमन्त्रणा गरी शवोत्खननमा सहयोग र सहकार्यका बारेमा २०६७ भदौ १९ गते छलफल गरिएको थियो । यसक्रममा विभिन्न मानव अधिकार संस्थाका प्रतिनिधिहरूले आयोगको टोलीमा मानव अधिकार संस्थाहरूको प्रतिनिधि राख्न अनुरोध गरेको हुनाले आयोगबाट मानव अधिकार संस्थाको एक जना प्रतिनिधि राख्ने निर्णय भएको थियो ।

६) आयोगले शवोत्खनन कार्यका लागि २०६७ भदौ २० गते आयोगका सदस्यको नेतृत्वमा नागरिक समाजका तर्फबाट एक जना आयोगका पूर्व सदस्य, आयोगका कर्मचारीहरू, फरेन्सिक प्याथोलोजिस्टहरू, वरिष्ठ वैज्ञानिक, संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयका कर्मचारी, आयोगमा कार्यरत फरेन्सिक एन्थ्रोपोलोजिस्ट (जर्मन विशेषज्ञ), फिन्ल्यान्डबाट आएका दुई जना विशेषज्ञहरूसहित भएको अठार सदस्य भएको शवोत्खनन टोली गठन गरिएको थियो । उक्त टोलीमा केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाका वैज्ञानिकहरू र जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक, सहायक प्रहरी निरीक्षकसमेत शवोत्खनन कार्यमा खटिनुभएको थियो । शवोत्खनन स्थलको सुरक्षाका लागि प्रहरी निरीक्षकको नेतृत्वको उन्नाइस सदस्यीय टोलीले कार्य गरेको थियो ।

७) यसै अन्तर्गत प्राविधिक र व्यवस्थापन एवम् समन्वय टोली रहेको थियो भने आपत्कालीन सहयोगी टोली आयोगको केन्द्रीय कार्यालय हरिहरभवन ललितपुरमा रहने गरी गठन गरिएको थियो ।

८) उत्खनन टोलीका सदस्यहरूलाई आइसिआरसीको सहयोगमा मनोविमर्श तालिम दिइएको थियो ।

९) शवोत्खनन गर्नुअघि आयोगको जनकपुर क्षेत्रीय कार्यालयबाट एन्टिमोर्टम फारम भर्ने तथा पीडित परिवारलाई मनोविमर्श प्रदान गर्ने कार्य गरिएको थियो । शवोत्खननको बारेमा पीडित परिवारलाई जानकारी गराई सहमति लिने कार्य गरिएको थियो ।

१०) आयोगबाट शवोत्खनन कार्य थाल्नुअगाडि सार्वजनिक जानकारीका लागि प्रेस वक्तव्य जारी गरिएको थियो ।

११) आयोगको जनकपुर क्षेत्रीय कार्यालयमा २०६७ भदौ १९ गते आवश्यक छलफल गरी शवोत्खननको अन्तिम तयारी र व्यवस्थापनको योजना बनाइएको थियो ।

१२) आयोगका अधिकृतहरूको टोलीले २०६७ भदौ २० गते शव गाडिएको स्थान देख्ने प्रत्यक्षदर्शी तथा स्थानीय मानव अधिकारकर्मी समेतको सहयोग लिई शङ्कास्पद स्थानको अध्ययन गर्ने एवम् उत्खनन कार्यको पूर्व तयारी गर्ने कार्य गरेको थियो । यसक्रममा पीडित परिवार एवम् शव गाडिएको आशङ्का गरिएको जग्गाधनीलाई समेत शवोत्खननका बारेमा जानकारी गराइएको थियो ।

१३) शवोत्खनन कार्यमा गठन गरिएको प्राविधिक टोलीलाई २०६७ भदौ २० गते घटनाको पृष्ठभूमि एवम् शव गाडिएको शङ्का गरिएको स्थानको वस्तुस्थितिका बारेमा जानकारी गराइएको थियो ।

१४) शवोत्खननमा स्थानीय श्रमिकहरूको सहयोग लिनका लागि आवश्यक परामर्श गरी सोको व्यवस्थापन गरिएको थियो ।

१५) आयोगको टोलीले २०६७ भदौ २० गते धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी, अञ्चल प्रहरी कार्यलय धनुषाका प्रमुख जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एवम् प्रहरी कर्मचारीहरूसँग बैठक गरी शवोत्खननका बारेमा छलफल गरेको थियो । यसक्रममा स्थानीय प्रशासन र प्रहरीबाट अनुसन्धान कार्यमा प्रहरीको नेतृत्व रहने, आयोगको विशेषज्ञसहितको टोलीले विशेषज्ञ सेवा प्रदान गर्ने, प्रमाण एवम् अनुसन्धान टोलीको सुरक्षा प्रहरीबाट गरिने जानकारी अञ्चल प्रहरी कार्यालय जनकपुर एवम् जिल्ला प्रहरी कार्यालय जनकपुर समेतबाट गराइएको थियो ।

१६) जनकपुरमा स्थानीय मानव अधिकारकर्मी र पत्रकारहरूलाई शवोत्खनन प्रक्रियाका बारेमा २०६७ भदौ २१ गते बिहान जानकारी गराई सहयोगका लागि अनुरोध गरिएको थियो ।

(ख) शवोत्खननको क्रममा

१) आयोगका विशेषज्ञसहितको टोली तथा केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाका विशेषज्ञ कर्मचारीहरू एवम् जिल्ला प्रहरी कार्यालय धनुषाअन्तर्गतका प्रहरी कर्मचारीहरूसमेतको टोलीले २०६७ भदौ २१ गतेदेखि शव गाडिएको भनी आशङ्का गरिएको धनुषा जिल्ला तल्लो गोदार गाविस वडा नं.३ स्थित कमला नदीको किनारमा शङ्कास्पद शव गाडिएको स्थान (आशङ्कित स्थल १) लाई केन्द्र मानेर प्रहरी र उत्खनन टोलीद्वारा चारैतिर डोरीले कर्डन गरेर शङ्कास्पद स्थानमा अनुसन्धान टोली र नेपाल प्रहरीबाहेक अरूलाई प्रवेश निषेध गरियो । उक्त डोरीभित्र रिवनले दोस्रो घेरा हाली शङ्कास्पद स्थानलाई सुरक्षित गरिएको थियो ।

२) कर्डन गर्ने कार्यपछि शङ्कास्पद स्थानको जमिनमाथिको सतहमा रहेका झाडी ढुङ्गालगायतका बस्तुहरू सावधानीपूर्वक हटाई जमिनको सतहलाई सफा गरिएको थियो ।

३) आशङ्कित स्थलमा रहेका रूख ढुङ्गालाई केन्द्र मानेर GPS उपकरणबाट मापन गरी शवोत्खनन स्थलको सीमाङ्कन गरिएको थियो ।

४) मानव अवशेष तथा प्रमाणको खोजीका लागि ट्रेन्च तथा ब्लक खन्ने विधि अवलम्बन गरी उत्खनन कार्य गरिएको थियो । उत्खननको विभिन्न चरणमा मेटल डिटेक्टरको प्रयोग गरी फेला पारिएका बस्तुहरूलाई प्रमाणका रूपमा सङ्कलन गरिएको थियो ।

५) उत्खनन गर्दा विशेषज्ञको प्रत्यक्ष निगरानीमा स्थानीय श्रमिकहरूद्वारा ट्रेन्च तथा व्लक खन्ने कार्यमा सहयोग लिइएको थियो ।

६) शङ्कास्पद शव गाडिएको स्थान भनी अनुमान गरिएको स्थानको मुख्य ठाउँ भनी अनुमान गरिएको स्थानबाट निरन्तर दुई दिनसम्म ट्रेन्च खन्दा केही फेला नपरेपछि थप प्रत्यक्षदर्शीहरूलाई बोलाई शव गाडिएको स्थानको पहिचान गर्ने प्रयास गरिएको थियो । घटनाका प्रत्यक्षदर्शीहरूले घटना भएको लामो समय भइसकेको कारण शव गाडिएको स्थान यही हो भनी यकिन गर्न नसकेको बताई थप शङ्कास्पद स्थान औंल्याएकाले कर्डन गरिएको स्थानको पूर्वतर्फ थप कर्डन गर्न प्रहरीलाई अनुरोध गरी थप स्थानमा कर्डन गरी ट्रेन्च बनाई मानव अवशेष खोज्ने क्रमलाई निरन्तरता दिइयो । यसपछि तेस्रो दिन दिउँसोबाट मात्र मानव अवशेषहरू फेला पर्न थालेका थिए ।

७) पाँचवटा शव गाडिएको भनी आशङ्का गरिएको स्थानमा वैज्ञानिक विधिद्वारा ट्रेन्च बनाई मानव अवशेष खोज्ने कार्य गरिएको थियो । यसक्रममा २०६७ असोज २ गतेसम्म कुल ५८ वटा “ट्रेन्च”, ९ वटा “एक्स्टेन्सन” र २ वटा “ब्लक” खनेर आशङ्कित स्थानमा उत्खनन गर्ने कार्य भएको थियो ।

८) खनिएका उल्लिखित ट्रेन्च र ब्लकहरूमध्ये ट्रेन्च १४ मा पाँचमध्ये पहिलो मानव अवशेष फेला परेको थियो । दोस्रो मानव अवशेष ट्रेन्च नं. २१ तेस्रो मानव अवशेष ट्रेन्च नं. २३ र चौथो मानव अवशेष ट्रेन्च नं. ४५ मा फेला परेका थिए । जसलाई Body 1, Body 2, Body 3, Body 4 मानी सोहीबमोजिम कार्टुन बाकस सेतो कपडाले बेरी सिलाएर सिलबन्दी गरी थप परीक्षणका लागि नेपाल प्रहरीलाई हस्तान्तरण गरिएको थियो ।

९) शवोत्खननको हरेक प्रक्रियाको फोटो, भिडियो र विशेषज्ञबाट तयार गरिएको Field Registration and Field Inventory Form भरेर अभिलेखीकरण गरिएको थियो ।

१०) शवोत्खननबाट प्राप्त मानव अवशेषहरू एवम् प्रमाणहरू प्रचलित कानुनबमोजिम नेपाल प्रहरीबाट मुचुल्का एवम् सिलबन्दी गरी आयोग तथा विशेषज्ञ, पीडित परिवार, तल्लो गोदार गाविसका सचिव र स्थानीयबासीहरूको रोहबरमा प्रहरीकै जिम्मामा बुझाइएको थियो । यसक्रममा प्राप्त प्रमाण एवम् मानव अवशेषहरूलाई बाह्य सम्पर्क (Contamination) बाट जोगाउन कागजको खाममा राखी बाकसमा राखेर लाहाछाप लगाई नम्बर प्रदान गरी सिलबन्दी गरिएको थियो ।

११) उत्खनन कार्यपछि खनिएका ट्रेन्च र ब्लकमा माटो हालेर पुरिएको थियो ।

१२) शवोत्खनन कार्यको अवलोकन गर्न पीडित परिवारका सदस्यहरू, संविधानसभाका सभासद्, स्थानीय प्रशासन, केन्द्र र स्थानीयस्तरबाट आउनुभएका मानव अधिकार रक्षकहरू, पत्रकार र राजनीतिक दलका प्रतिनिधिहरूलाई शवोत्खननको प्रक्रिया र प्रगतिका बारेमा निरन्तर जानकारी प्रदान गरिएको थियो ।

१३) नेपाल प्रहरीबाट प्रहरी अधिकृतको नेतृत्वमा रहेको उन्नाइस जनाको प्रहरी टोलीबाट घटनास्थलको चौबिसै घण्टा सुरक्षा प्रदान गरिएको थियो ।

१४) उत्खनन गरिएका मानव अवशेषहरूको पहिचानका लागि DNA परीक्षणसमेत गर्नुपर्ने हुन सक्ने भएकाले मारिएको भन्ने आशङ्का गरिएका व्यक्तिहरूका आफन्तहरूबाट विशेषज्ञद्वारा रगतको नमुना सङ्कलन कार्यसमेत भएको थियो । यसक्रममा मारिएको भन्ने आशङ्का गरिएका पाँच जना व्यक्तिहरूका उन्नाइस जना आफन्तहरूबाट नमुना सङ्कलन गरिएको थियो ।

(ग) शवोत्खननपछि

१) शवोत्खनन गरिएको स्थानमा २०६७ असोज ३ गते पत्रकार सम्मेलन गरी शवोत्खननको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरिएको थियो । यसक्रममा शङ्कास्पद स्थानमा थप शव खोज्ने कार्य स्थगित गरियो । उत्खनन टोलीका सदस्यहरूको थकाइ एवम् अर्को शव फेला पार्न अझ कति समय लाग्छ भन्ने

अनिश्चितताका कारण शवोत्खनन प्रक्रिया विशेषज्ञहरूसँग समन्वय गरी अर्को निर्णयबाट पुन: सञ्चालन गर्ने गरी स्थगित गरिएको ब्यहोरा सार्वजनिक गरियो । पत्रकार सम्मेलनमा धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख, पीडितका परिवारलगायत पत्रकार, मानव अधिकारकर्मीहरू समेतको उपस्थिति थियो ।

२) उत्खनन कार्य स्थगित गरी टोली काठमाडौं फर्किसकेपछि आयोगबाट विभिन्न मानव अधिकार संस्थाका प्रतिनिधिहरू एवम् नागरिक समाजका प्रतिनिधिहरूलाई आमन्त्रण गरी २०६७ असोज ८ गते उत्खनन कार्य अवधिमा भएका कार्यहरू र उपलब्धिका बारेमा जानकारी गराइएको थियो । यस्तै असोज १५ गते कुटनीतिक नियोग एवम् अन्तर्राष्ट्रिय मानव अधिकार संस्थाहरूलाई आमन्त्रण गरी यससम्बन्धी जानकारी गराइएको थियो ।

३) उत्खननबाट प्राप्त सम्पूर्ण मानव अवशेष र सङ्कलन गरिएको रगतको नमुना जिल्ला प्रहरी कार्यालय धनुषाबाट केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालामा २०६७ असोज ३ गते पठाइएको ब्यहोरा जिल्ला प्रहरी कार्यालय धनुषाको २०६७ असोज १३ गतेको पत्रबाट जानकारी प्राप्त भएको थियो ।

४) सङ्कलन गरिएका मानव अवशेषहरूलाई केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाले च.नं. ६५८ मिति २०६७ असोज ८ गते महाराजगन्ज मेडिकल क्याम्पसको फरेन्सिक मेडिसिन विभागमा परीक्षणका लागि पठाएको थियो । त्यसैगरी पीडितका १९ जना आफन्तहरूबाट FTA Card मा सङ्कलन गरिएका रगतका नमुनाहरू च.नं. ६७६ मिति २०६७ असोज ११ गतेको पत्रबाट राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटारमा पठाएको र ब्यालेस्टिक प्रमाणहरू केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालामा परीक्षण भइरहेको जानकारी केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको २०६७ असोज २० गतेको पत्रबाट जानकारी प्राप्त हुन आएको छ ।

५) महाराजगन्ज क्याम्पस फरेन्सिक मेडिसिन विभागमा विशेषज्ञहरूद्वारा मानव अवशेष परीक्षण गरिएको थियो । यसक्रममा आयोगद्वारा आवश्यक सामग्री उपलब्ध गराउने र अनुगमन गर्ने कार्य भएको थियो ।

६) आयोगद्वारा २०६७ कार्तिक २५ मा शवोत्खनन टोलीको बैठक बोलाई अनुसन्धान प्रगतिबारेमा छलफल गरिएको थियो । यसक्रममा विशेषज्ञहरूद्वारा मानव अवशेषहरूको परीक्षण (post-mortom) कार्य सकिएको र प्रतिवेदन तयार गर्ने एवम् DNA परीक्षण गर्ने काम बाँकी रहेको जानकारी गराइएको थियो । DNA परीक्षणका लागि नमुना सङ्कलन गर्न आवश्यक पर्ने Bone Cutter नभएकाले सोको खोजी कार्य भइरहेको जानकारीसमेत प्राप्त भएको थियो । पहिलो चरणको

शवोत्खननका क्रममा फेला नपरेको एउटा मानव अवशेषको खोजी कार्य छठ पर्वपछि गर्ने विषयमा समेत छलफल गरिएको थियो ।

७) विशेषज्ञहरूसँग २०६७ मंसिर ३ गते पुनः छलफल गरी प्रतिवेदन लेखन तथा DNA परीक्षणको काम अघि बढाउने तथा बाँकी एउटा मानव अवशेष खोजीका लागि मिति तय गर्ने विषयमा छलफल भएको थियो ।

८) फरेन्सिक मेडिसिन विभागमा मानव अवशेषहरूको विश्लेषण कार्य सकिएको र DNA परीक्षणका लागि नमुना सङ्कलन गरी केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा पठाइकोमा उक्त प्रयोगशालाले DNA परीक्षणमा आवश्यक पहल गरिदिन आयोगमा २०६७ पुस ७ गते पत्राचार गरेको थियो ।

९) प्रहरी विधिविज्ञान प्रयोगशालाको अनुरोधपछि शवोत्खननका क्रममा आयोगद्वारा गठन गरिएको टोली, राष्ट्रिय विधिविज्ञान प्रयोगशाला, नेपाल प्रहरी मानव अधिकार सेल, केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाका प्रतिनिधिहरू र फिन्ल्यान्ड राजदूतावासका प्रतिनिधिहरूबीच २०६७ पुस १३ गते आयोगमा एक बैठक बसी केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा रहेका मानव अवशेषका नमुना एवम् रगतका नमुनाहरूबाट राष्ट्रिय विधिविज्ञान प्रयोगशाला खुमलटारमा DNA परीक्षण गराउने र मानव अवशेषका एक सेट नमुनाहरूको फिन्ल्यान्डस्थित Forensic Biology Laboratory of Helsinki University, Finland बाट DNA परीक्षण गराउने विषयमा सहमति भएको थियो ।

१०) सो सहमतिबमोजिम आयोगबाट २०६७ पुस १६ गते केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा पत्राचार गरी उत्खनन गरिएका चारवटै मानव अवशेषका नमुनाहरू र सङ्कलन गरिएका रगतका नमुनाहरूलाई राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा DNA परीक्षण गराउन तथा मानव अवशेषका नमुनाहरूको फिन्ल्यान्डस्थित Forensic Biology Laboratory of Helsinki University, Finland मा DNA परीक्षण गराउन पठाउने भनी पत्राचार गरिएको थियो । यसका लागि आवश्यक सहयोग गरिदिन परराष्ट्र मन्त्रालयमा २०६७ माघ ३ गते पत्राचार गरिएको थियो ।

११) चारवटै मानव अवशेषका नमुनाको DNA परीक्षण गर्न आयोगको २०६७ माघ ४ गतेको पत्रअनुसार केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालालाई Forensic Biology Laboratory of Helsinki University, Finland पठाएको थियो ।

१२) Forensic Biology Laboratory of Helsinki University, Finland बाट चारवटा मानव अवशेषको DNA परीक्षण गरिएको प्रतिवेदन २०७० पौष ५ गते प्राप्त भएको हुँदा उक्त प्रतिवेदनको विश्लेषण गर्न राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा पठाइएकोमा सोको प्रतिवेदन २०७० चैत्र १३ गते प्राप्त भएको थियो ।

१३) बाँकी रहेको आशङ्का गरिएको एउटा मानव अवशेषको खोजी माघ महिनाको तेस्रो सातापछि सुरु गर्ने विषयमा समेत छलफल भएको थियो ।

१४) शवोत्खननको क्रममा प्राप्त प्रमाणहरूको केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालामा परीक्षण गरी सोको प्रतिवेदन २०६७ कार्तिक २४ गते प्राप्त भएको थियो ।

४.२.९.२.२ दोस्रो चरणको शवोत्खनन

(क) शवोत्खननपूर्व

धनुषाको तल्लो गोदारमा २०६७ असोज ३ गते स्थगित भएको शवोत्खननसम्बन्धी पहिलो चरणको कार्य पूर्वविधिहरू नै अवलम्बन गरी पुनः २०६७ फागुन १ गतेदेखि ४ गतेसम्म गरिएको थियो ।

१) पहिलो चरणको जस्तै आयोगको जनकपुर क्षेत्रीय कार्यालयमा २०६८ माघ २९ गते आवश्यक छलफल गरी उत्खननको तयारी र व्यवस्थापनको योजना बनाइएको थियो । सोही दिन आयोगको टोलीले शवोत्खनन गर्ने स्थानको समेत अवलोकन गरी उत्खननका लागि आवश्यक पर्ने कामदारहरूको समेत व्यवस्था गरेको थियो ।

२) शवोत्खनन कार्य सुरु गर्नुपहिले सोको जानकारी आयोगका अधिकृतहरूबाट पीडितहरूलाई गराई सहमति लिइएको थियो ।

३) आयोगको टोलीले २०६७ माघ २९ गते धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी, अञ्चल प्रहरी कार्यलय धनुषाका प्रमुख, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एवम् प्रहरी कर्मचारीहरूसँग बैठक गरी शवोत्खननका बारेमा छलफल गरेको थियो र पहिलो चरणमा जस्तै स्थानीय प्रशासन र प्रहरीबाट अनुसन्धान कार्यमा प्रहरीको नेतृत्व रहने, आयोगको विशेषज्ञसहितको टोलीले विशेषज्ञ सेवा प्रदान गर्ने, प्रमाण एवम् अनुसन्धान टोलीको सुरक्षा प्रहरीबाट गरिने जानकारी अञ्चल प्रहरी कार्यालय जनकपुर एवम् जिल्ला प्रहरी कार्यालय जनकपुर-समेतबाट गराइएको थियो ।

४) दोस्रो शवोत्खनन गरिने कार्यको जानकारी पनि स्थानीय मानव अधिकारकर्मी र पत्रकारहरूलाई गराइएको थियो ।

ख) शवोत्खननको क्रममा

१) आयोगको विशेषज्ञसहितको टोली तथा केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाका विशेषज्ञ कर्मचारीहरू एवम् जिल्ला प्रहरी कार्यालय धनुषाअन्तर्गतका प्रहरी कर्मचारीहरूसमेतको टोलीले २०६७ फाल्गुण १ गतेदेखि शव गाडिएको भनी आशङ्का गरिएको धनुषा जिल्ला तल्लो गोदार गाविस वडा नं.३ स्थित कमला नदीको किनारमा शङ्कास्पद शव गाडिएको स्थानलाई केन्द्र मानेर प्रहरीद्वारा

चारैतिर डोरीले कर्डन गरेर शङ्कास्पद स्थानमा उत्खनन टोली र नेपाल प्रहरीबाहेक अरूलाई प्रवेश निषेध गरिएको थियो । उक्त डोरीको भित्र रिवनले भित्री घेरा हाली शङ्कास्पद स्थानलाई सुरक्षित गरिएको थियो ।

२) कर्डन गरिसकेपछि थप एक शव गाडिएको हुन सक्ने आशङ्कित स्थानमा रहेको सुख्खा पातहरू पहिलो चरणमा अवलम्बन गरिएको प्रक्रियाबमोजिम नै हटाई ट्रेन्च खन्ने काम सुरु गरिएको थियो । पहिलो चरणमा ५८ वटा ट्रेन्च खनिएको थियो र त्यसैलाई नै निरन्तरता दिई यस चरणमा खनिएको ट्रेन्चको पहिलो नम्बर ५९ कायम गरिएको थियो । यस चरणमा खनिएका ६ वटा ट्रेन्चसमेत पाँचौं मानव अवशेष प्राप्त हुँदासम्म जम्मा ६४ वटा ट्रेन्चहरू खनिएको थियो । यस्तै पहिलो चरणमा खनिएका ब्लकहरूको नम्बरलाई पनि निरन्तरता दिँदै यस चरणमा खनिएका २ वटा ब्लकहरूलाई क्रमशः ब्लक नं. ३ र ४ मानिएको थयो ।

३) उत्खनन कार्य सुरु भएको दोस्रो दिन फागुन २ गते ब्लक नं. ३ मा आशङ्का गरिएको पाचौं मानव अवशेष प्राप्त भएको थियो । फागुन २ गते देखिएको अवशेषलाई फागुन ३ गते पूर्णता दिई उत्खननबाट प्राप्त मानव अवशेष एवम् प्रमाणहरूलाई प्रचलित कानुनबमोजिम नेपाल प्रहरीबाट मुचुल्का एवम् सिलबन्दी गरी आयोग तथा विशेषज्ञ, पीडित परिवार, तल्लो गोदार गाविसका सचिव र स्थानीयबासीहरूको रोहबरमा प्रहरीकै जिम्मामा बुझाइएको थियो ।

४) शवोत्खनन अवधिमा धनुषा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, जिल्ला न्यायाधिवक्तालाई उत्खनन प्रक्रियाको अवलोकन गराइएको थियो । सोही कार्य मानव अधिकारकर्मी र पत्रकारहरूलाई पनि गराइएको थियो ।

५) उत्खनन अवधिभर प्रहरीबाट चौबिसै घण्टा उत्खनन स्थललाई सुरक्षा प्रदान गरिएको थियो ।

६) मानव अवशेष प्राप्त भइसकेपछि उत्खननको क्रममा खनिएका खाडलहरूलाई पुरिएको थियो ।

ग) शवोत्खननपछि

१) शवोत्खननपछि आयोगको क्षेत्रीय कार्यालय जनकपुरमा २०६७ फाल्गुन ४ गते पत्रकार सम्मेलन गरी शवोत्खननको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरियो । पत्रकार सम्मेलनमा धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख, पीडितका परिवारलगायत पत्रकार, मानव अधिकारकर्मीहरू समेतको उपस्थिति थियो ।

२) उत्खननबाट प्राप्त मानव अवशेष र प्रमाणहरू जिल्ला प्रहरी कार्यालय धनुषाको च.नं. ६४९६ मिति २०६७ फागुन ६ गतेको पत्रबाट केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा पठाइएको जानकारी आयोगमा प्राप्त भएको थियो ।

३) जिल्ला प्रहरी कार्यालयबाट प्राप्त मानव अवशेष र प्रमाणलाई केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाले महाराजगन्ज मेडिकल क्याम्पसको फरेन्सिक मेडिसिन विभागमा परीक्षणका लागि पठाएकोमा मेडिसिन विभागबाट मानव अवशेषहरूको पोस्टमोर्टम लगायतको परीक्षण गरी DNA परीक्षणका लागि केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा नमुनाहरू पठाएकोमा उक्त नमुनाको DNA परीक्षणका लागि आवश्यक सहयोग गर्न आयोगलाई २०६७ चैत्र १३ गते अनुरोध गरी पत्र पठाएको थियो । सो सम्बन्धमा आयोगबाट फिन्ल्यान्ड राजदूताबास तथा Forensic Biology Laboratory of Helsinki University, Finland मा समन्वय गरी नेपाल सरकार परराष्ट्र मन्त्रालय समेतसँग सहयोग लिई उक्त नमुनाहरू Forensic Biology Laboratory of Helsinki University, Finland मा परीक्षण गराउन केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालालाई यसअघि नै २०६७ चैत्र ११ गते केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा पत्राचार भइसकेको थियो ।

४) लामो समयसम्म पनि पाँचौ मानव अवशेषको नमुनाका DNA परीक्षण गर्न नपठाइएको पाइएकोले आयोगको निर्देशनमा केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाले २०७० फाल्गुण १४ गते Forensic Biology Laboratory of Helsinki University, Finland पठाएको थियो ।

५) शवोत्खननको क्रममा प्राप्त प्रमाणहरूको केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा परीक्षण गरी सोको प्रतिवेदन प्राप्त भएको छ ।

६) दोस्रो चरणमा उत्खनन गरिएको पाँचौं मानव अवशेषको DNA परीक्षण गरी Forensic Biology Laboratory of Helsinki University, Finland ले आयोगलाई पठाएको प्रतिवेदन २०७१ ज्येष्ठ १४ गते प्राप्त भएकाले सोको विश्लेषण गर्न राष्ट्रिय विधिविज्ञान प्रयोगशालालाई सोही दिन पठाइएको थियो । प्रयोगशालाले आवश्यक परीक्षण गरी पठाएको प्रतिवेदन २०७१ ज्येष्ठ २३ गते प्राप्त भएको छ ।

७) शवोत्खननको क्रममा आइसिआरसीबाट पीडित परिवारलाई मनोसामाजिक विमर्श प्रदान गर्ने कार्य भएको छ । यसलाई निरन्तरता दिने सम्बन्धमा आइसिआरसीसँग समन्वय बैठक गरी मानव अवशेष हस्तानान्तरण, अन्तिम संस्कार र काजकिरियाको समयमा पनि निरन्तरता दिने कार्य भइरहेको छ ।

४.२.९.३ प्राप्त तथ्यहरू

१) घटनाका प्रत्यक्षदर्शी र स्थानीय मानव अधिकारकर्मीले आशङ्का गरिएको स्थानमा पाँचवटा शव गाडिएको आफूहरूले देखेको, दुईवटा शव नजिकै र तिनवटा शव केही पर गरी अलगअलग खाडलमा गाडिएको देखिएको, शव धेरै गहिरो पारेर पुरेको नपाइएको, एउटा शवको टाउको समेत देखिएकाले जंङ्गली जनावरले लगेको हुन सक्ने हुँदा उक्त शवको टाउको हराएको हुन सक्ने आशङ्का गरिएको, घटना भएको धेरै वर्ष भइसकेका कारण शव गाडिएको खाडलको अवस्थितिका बारेमा ठिक जानकारी दिन नसकिने हुँदा अनुमान मात्र गर्न सकिने समेत जानकारी गराएका थिए ।

२) दुईवटा अलगअलग स्थानमा शव गाडिएको आशङ्का भइरहेको र प्रत्यक्षदर्शीले जानकारी दिएकोभन्दा करिब २०० मिटर पूर्वतर्फको स्थानमा पहिला प्रहरीद्वारा कर्डन गरिएको भन्ने समेत जानकारी रहेको बारेमा घटनाका प्रत्यक्षदर्शीहरूसँग जानकारी माग गर्दा अनुमान गरिएको दोस्रो स्थानमा शव गाडिएको नभई पहिलो स्थानमा शव गाडिएको कुरामा आफूहरू विश्वस्त भएको र जानकारीको अभावले गलत ठाउँमा कर्डन गरिएको जानकारी गराएका थिए ।

३) शवोत्खनन टोलीले २०६७ भदौ २१ गतेदेखि आशङ्कित स्थलमा उत्खनन कार्य सुरु गरेकामा तेस्रो दिन (२०६७ भदौ २३ गते) पहिलो मानव अवशेष फेला परेको थियो । यसैगरी भदौ २४ गते दोस्रो, भदौ २५ गते तेस्रो तथा भदौ ३१ गते चौथो गरी चारवटा मानव अवशेष फेला परेका थिए । शङ्का गरिएको एउटा मानव अवशेष फेला पार्न नसकिएकाले २०६७ फाल्गुण १ देखि ४ गतेसम्म दोस्रो चरणमा शवोत्खनन कार्य गर्दा पाँचौं अवशेष पनि फेला परेको थियो ।

४) प्राप्त मानव अवशेषहरूमा शरीरको हड्डी र दाँतको भागबाहेक अन्य भाग अधिकांशतः पूर्ण रूपमा नष्ट भइसकेको अवस्थामा पाइएको थियो ।

५) उत्खनन गरिएकामध्ये चारवटा मानव अवशेषमा टाउकोदेखि पैतालासम्मका मानव अवशेषहरू फेला परेका थिए भने एउटा (तेस्रो) मानव शरीरमा टाउकाको पूरा भाग पाइएको थिएन ।

६) पहिलो मानव अवशेषको कम्मरको भागमा अन्डरवेयरको माथिल्लो भागबाहेक अन्य कपडा नभएको अवस्थामा पाइएको थियो भने अन्य चारवटै मानव अवशेषहरूमा शरीरमा लगाएको कपडा फेला परेका थिए ।

७) शवोत्खननपूर्व लिइएको एन्टिमोर्टम फारम भर्ने क्रममा सञ्जीवकुमार कर्ण नुहाउँदै गरेको अवस्थामा पक्राउ परेको भन्ने उल्लेख भएको थियो । बेपत्ता पारिएकामध्ये प्रमोदनारायण मण्डलले नक्कली दाँत लगाएको भनी एन्टिमोर्टम फर्ममा उल्लेख गरेको पाइन्छ । उत्खनन गरिएकोमध्ये एउटा मानव अवशेषमा नक्कली दाँत पाइएको थियो ।

८) उत्खनन गरिएका पाँचवटा मानव अवशेषहरूमध्ये चारवटा मानव अवशेषको टाउकामा आँखा छोपिने गरी पट्टी बाँधिएको (Blindfold) अवस्थामा पाइएको थियो । एउटा मानव अवशेषमा टाउकाको पूरा भाग नपाइएकाले Blindfold देखिएन ।

९) एउटा मानव अवशेषको टाउकाको पछाडिको भाग टुक्राटुक्रा भएको अवस्थामा पाइएको थियो । उक्त भागमा गोली लागेको हुन सक्ने देखिन्छ ।

१०) फेला परेका पाँचवटै मानव शरीरका अवशेषहरूलाई विषेशज्ञहरूबाट वैज्ञानिक पद्धतिअनुसार उत्खनन गरी मानव अवशेष एवम् प्रमाणहरू सङ्कलन गरिएको थियो ।

११) उत्खननपछि विशेषज्ञबाट तयार गरिएको Forensic Anthropology Report ले पीडितहरूको मृत्युको कारण "The causes of death of the five (5) individuals are multiple gunshot wounds to the vertebral columns and skulls respectively र The manner of death of the five (5) individuals is homicide; the persons were shot by others using rifled firearms". भनी उल्लेख भएको देखिन्छ ।

१२) उत्खननका क्रममा मानव अवशेषसँग सम्बन्धित रहने गरी केही शङ्कास्पद गोली, गोलीका खोका, कपडाहरूलगायतका प्रमाणहरू फेला परेका थिए । प्राप्त प्रमाणहरूलाई कोड नम्बर दिई सिलबन्दी गरिएको थियो ।

१३) शवोत्खननका क्रममा मानव अवशेषसँग सम्बन्धित हुने गरी गोलीका खोका र धातुका वस्तुहरू फेला परेका थिए । यसबाट व्यक्तिहरूलाई खाडलमा राखेर गोली प्रहार गरिएको बुझिन आएको छ ।

१४) पहिलो चरणमा प्राप्त प्रमाणहरूको केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा परीक्षण गरिएको प्रतिवेदनको (Opinion) रायमा निम्न कुराहरू उल्लेख गरिएका छन् :

1. The Article No.1 to article No. 4 are all (four) fired empty cartridge cases of 0.303-inches caliber rifle and these have been fired thought standard factory made rifle (s).
2. The Article No.5, Article No. 6 and Article No. 7 are three fired empty cartridge cases of 7.62mm caliber self loading rifle (SLR) and these have been fired thought standard factory made rifle(s).
3. The Article No. 8 is a fired (projected) and fragmented bullet of 7.62mm caliber self loading rifle (SLR) and it has been fired thought standard factory made 7.62 mm caliber (SLR).

4. Cand these have been fired thought standard factory made firearm (s).
5. The Article No.11 to Article No. 15 and Article No.17 and Article No. 18 are all fragmented pieces of bullets.
6. The contents of Article No. 16 are not the projectile's (i.e. not he bullet's) parts.

   यसैगरी अन्य प्रमाणहरूको परीक्षण गरी राय खण्डमा निम्न कुराहरू उल्लेख गरिएका छन् :

   Blood could not detect on exhibit nos. 1,2,4,5 and 6.

१५) दोस्रो चरणको उत्खननमा प्राप्त प्रमाणहरूको केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा परीक्षण गरी प्राप्त प्रतिवेदनको राय खण्डमा निम्न कुराहरू उल्लेख गरिएको :पाइन्छ :

The Articles of No.19 and Article No. 20 are three fragmented pieces of bullets.

१६) मानव अवशेषका नमुनाहरूको फिन्ल्यान्डस्थित Labrotary of Boilogy Department of Forensic Medicine Hjelt Institute University of Helsinki Finland मा DNA परीक्षण गराई आशङ्कित मृतकका आफन्तहरूबाट लिइएका रगतका नमुनाहरूको DNA परीक्षण राष्ट्रिय विधिविज्ञान प्रयोगशाला खुमलटार ललितपुरमा भएकोमा उक्त DNA परीक्षणको अन्तिम नतिजाको राष्ट्रिय विधिविज्ञान प्रयोगशालाबाट तुलना गरी उपलब्ध गराइएको प्रतिवेदनको निष्कर्षमा निम्न कुराहरू उल्लेख गरिएको छ :

१) शङ्कित नमुना Body: 1- 2012-0365-2059 को विमलादेवी (नमुना C.3) जैविक आमा हुने सम्भावना (Probability of Matrinity) ९९.८५२१ प्रतिशत छ ।

२) शङ्कित नमुना (Body: 2-2012-0365-2060) को इन्दिरा झा (नमुना E.4) जैविक आमा हुने सम्भावना ९९.९९६६ (Probability of Matrinity) प्रतिशत छ ।

३) शङ्कित नमुना (Body: 3-2012-0365-2061) को बौएराम यादव (नमुना A.1) जैविक बाबु हुने सम्भावना (Probability of Patrinity) ९९.९८१३ प्रतिशत छ ।

४) शङ्कित नमुना (Body: 4-2012-0365-2062) को रामअवतार मण्डल (नमुना B.4) जैविक बाबु हुने सम्भावना (Probability of Patrinity) ९९.९९९८ प्रतिशत छ ।

५) शङ्कित नमुना (Body 5 unidentified body, Godar Exhumation (Godar-1), Sample-3 bone sample 2014-0120-0390) को गायत्रीदेवी कर्ण (नमुना D.3) जैविक आमा हुने सम्भावना (Probability of Matrinity) ९९.५६७१ प्रतिशत छ ।

१७) शवोत्खनन प्रक्रिया सुरु भएपछि उक्त घटनाका बारेमा आफूलाई पूर्ण जानकारी भएको बताउने एक व्यक्तिले राष्ट्रिय मानव अधिकार आयोगमा उपस्थित भई घटनास्थलका बारेमा जानकारी गराएका थिए ।

१८) पीडितका परिवारहरूले हालसम्म राष्ट्रिय मानव आयोगको सिफारिस बमोजिम तिन लाख रुपियाँ र नेपाल सरकारले उपलब्ध गराएको एक लाख रुपियाँ गरी जम्मा चार लाख रुपियाँ आर्थिक राहत पाएको बुझिएको छ । साथै आयोगले गरेको पत्राचारबमोजिम नेपाल सरकारले मृतकका प्रत्येक परिवारहरूलाई काजक्रिया खर्चस्वरूप रु. ४० हजार उपलब्ध गराएको छ ।

१९) शवोत्खननपछि भएको अनुसन्धानबाट मृतकहरूको पहिचान भइसकेपछि आयोगको पहल र सक्रियतामा पीडित परिवारहरूले चाहेको मिति र स्थानमा २०७१ साउन ७ गते जनकपुरस्थित देवीचोकमा उनीहरूका आफन्तहरूको मानव अवशेष हस्तान्तरण गरिएको थियो ।

२०) पीडित परिवारहरूले मृतकहरूको जनकपुरस्थित गङ्गासागर स्वर्गद्वारीमा अन्तिम संस्कार सोही दिन गरी परम्पराअनुसार भारतको सिमरिया घाटमा पुगी अस्तुसमेत विसर्जन गरेका थिए ।

२१) पीडित परिवारले अन्तिम संस्कार गरिसकेपछि आयोगका अधिकृतस्तरीय टोलीले मृतकहरूका घरमा पुगी पीडितहरूसँग भेटेका थिए । सोक्रममा उनीहरूले घटनामा संलग्न दोषीलाई कानुनबमोजिम कारबाही तथा पीडित परिवारलाई परिपूरणको व्यवस्थासँगै पीडितहरूको सम्झनामा जनकपुरको देवीचोकमा पार्क निर्माण गर्नुपर्ने माग दोहोर्‍याएका थिए ।

४.२.९.४ आयोगबाट भएको निर्णय

धनुषा जिल्ला जनकपुर नपा वडा नं.१० घर भएका सञ्जीवकुमार कर्ण ऐ.ऐ. बस्ने दुर्गेशकुमार लाभ, ऐ.ऐ. वडा नं.४ बस्ने जितेन्द्र झा, दुहवी गाविस वडा नं.४, धनुषा बस्ने शैलेन्द्र यादव र कुर्था गाविस वडा नं. १, धनुषा बस्ने प्रमोदनारायण मण्डलसमेत पाँच जनालाई बलपूर्वक बेपत्ता पारेको भनी आयोगमा प्राप्त उजुरीउपर अनुसन्धान गरी आयोगले २०६४ माघ १५ गते निजहरूको गैरन्यायिक तरिकाले हत्या गरी बाँच्न पाउने अधिकारको हनन गरेको निर्णय गरेको थियो । उक्त कार्यमा क्षेत्रीय प्रहरी इकाइ

कार्यालय जनकपुरका तत्कालीन प्रहरी वरिष्ठ उपरीक्षक चूडाबहादुर श्रेष्ठ, जिल्ला प्रहरी कार्यालयका तत्कालीन उपरीक्षक कुबेरसिंह राना, नेपाली सेना श्री ९ नं. वाहिनी फिल्ड धारापानी धनुषाका तत्कालीन मेजर अनुप अधिकारी र प्रमुख जिल्ला अधिकारी रेवतीराज काफ्लेमाथि आवश्यक अनुसन्धान गरी कानुनबमोजिम कारबाही गर्न र पीडितका परिवारलाई जनही रु. ३ लाखका दरले क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने भनी निर्णय भएको थियो । आयोगबाट भएको निर्णय अनुसूची -९ मा समावेश गरिएको छ ।

४.२.१० अन्य घटनाहरू

माथि उल्लिखित घटनाहरूका अतिरिक्त राष्ट्रिय मानव अधिकार आयोगले कास्की जिल्लाको रूपाकोट र सप्तरी जिल्लाको हर्दियामा नेपाल प्रहरीबाट भएको शवोत्खनन कार्यको अनुगमन गरेको थियो । यी घटनामा आयोगको अनुगमनबाहेक थप कुनै भूमिका थिएन । नेपाल प्रहरीबाट भएका यी उत्खननबाट पनि बलपूर्वक बेपत्तापछि सुरक्षाकर्मीले मारेर कास्की जिल्लाको रूपाकोटमा गाडिएका र तत्कालीन (माओवादी) ले अपहरणपछि सप्तरी जिल्लाको हर्दियामा मारेर गाडिएकी एक जना महिलाको शव पहिचान भएको भन्ने बुझिएको छ । यसरी शवोत्खनन भई पहिचान भएका व्यक्तिहरूको विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका ६ : शवोत्खननपछि पहिचान भएका व्यक्तिहरूको विवरण

क्र.सं.	नाम	ठेगाना
१.	चेतोनाथ घिमिरे	ईशानेश्वर गाविस वडा नं. ४, लम्जुङ
२.	शेखरनाथ घिमिरे	ईशानेश्वर गाविस वडा नं. ४, लम्जुङ
३.	फुलोदेवी यादव	हर्दिया गाविस, सप्तरी

माथि उल्लिखित व्यक्तिहरूमध्ये बलपूर्वक बेपत्तापछि मारिएको भनिएका चेतोनाथ घिमिरे र शेखरनाथ घिमिरेको सम्बन्धमा आयोगले उत्खननबाहेकको अनुसन्धानसमेत गरेको थियो । आयोगबाट भएको अनुसन्धानको आधारमा निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी बलपूर्वक बेपत्ता पारी मारेको देखिएकाले पीडितका परिवारहरूलाई जनही रू. ३ लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा दोषी देखिएका भोर्लेटार ब्यारेक लमजुङका तत्कालीन प्रमुखलाई फौजदारी कानुनी कारबाही गर्नू भनी २०६८ असार ३१ गते ठहर गरेको छ ।

परिच्छेद- ५

चुनौती, निष्कर्ष, र सुझावहरू

५.१ चुनौतीहरू

शवोत्खनन कार्य कानुनी तथा वैज्ञानिक विधिको संयोजनबाट सावधानीपूर्वक गर्नुपर्ने कार्य हो । त्यसैले यस्तो कार्यमा कानुनी अख्तियारी र वैज्ञानिक विधिबाट प्रमाणको खोजी र सङ्कलन गर्ने सिपको आवश्यकता पर्दछ । देशमा शवोत्खननसम्बन्धी पर्याप्त दक्ष जनशक्तिको अभाव छ । व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने मनसाय लिई हत्या गरी सम्पूर्ण प्रमाणहरू नै विलुप्त गराउने तरिकाबाट गराइएका घटनाहरूको अनुसन्धान गर्दा क्रमबद्ध र व्यवस्थित रूपमा शवोत्खनन गरी प्रमाणहरू सङ्कलन र संरक्षण गरी पीडकलाई कानुनी दायरामा ल्याउने कार्य पनि त्यतिकै चुनौतीपूर्ण छ । प्रविधिको विकास, कानुनको शासन र पीडितलाई न्याय दिलाउने सन्दर्भमा विकसित हुँदै गएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूले धेरै हदसम्म शवोत्खनन कार्यलाई भरपर्दो, व्यवस्थित र विश्वसनीय बनाउँदै लगेको छ । शवोत्खननको सम्बन्धमा नेपालमा प्रस्ट र एकीकृत कानुनको अभावमा शवोत्खनन गर्ने निकाय र व्यक्तिहरूमा समेत यस सम्बन्धीमा अवधारणागत प्रस्टता हुन सकेको छैन । यस अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको मार्ग निर्देशिकाले शवोत्खननलाई व्यवस्थित गराउन मद्दत पुऱ्याएको छ । देशभित्र शवोत्खननका लागि आवश्यक मात्रामा पनि जनशक्ति र हड्डीबाट DNA परीक्षण गर्ने प्रयोगशाला नहुँदा विदेशी विशेषज्ञ र प्रयोगशालाको सहायता लिनु पर्ने अवस्था छ । यसबाट शवोत्खनन कार्य बढी खर्चिलो र धेरै समय लाग्ने जस्ता समस्याहरू देखिएका छन् । यद्यपि देशभित्रै यससम्बन्धी जनशक्ति विकासका लागि पहलहरू भइरहेका छन् ।

देशमा शवोत्खननमा आवश्यक पर्ने फरेन्सिक एन्थ्रोपोलोजिस्टको पूर्ण रूपमा अभाव रहेको अवस्था छ भने अन्य फरेन्सिक विशेषज्ञको सङ्ख्या पनि अत्यन्त न्यून छ । अर्कोतर्फ बेपत्ताका सम्बन्धमा अनुसन्धान गर्ने दक्ष जनशक्तिको अभाव रहेको देखिन्छ । यसैगरी शवोत्खनन गरी अनुसन्धान गर्नका लागि आवश्यक पर्ने स्रोत साधनको अभावले अरु धेरै समस्याहरू उत्पन्न भएका छन् । सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका तथा गैरन्यायिक रूपमा हत्या गरिएका व्यक्तिहरूको सम्बन्धमा सत्य अन्वेषण गर्न अझै पनि धेरै घटनाहरूमा शवोत्खनन गरी अनुसन्धान गर्नुपर्ने आवश्यकता छ । तर, हाल देशमा उपलब्ध स्रोत, साधन, उपकरण र जनशक्तिको विश्लेषण गर्दा सबै पक्षमा अभाव देखिएको छ । देशको राजनीतिक अस्थिरता, दण्डहीनताको प्रवृत्ति, न्यायप्रतिको प्रतिबद्धता र इन्छाशक्ति तथा अनुसन्धान कार्यमा हुने राजनीतिक हस्तक्षेप पनि शवोत्खनन कार्यमा

देखिएका महत्त्वपूर्ण चुनौतीहरू हुन् । लोकतान्त्रिक मुलकमा दण्डहीनताको स्थिति अझबढि निराशाजनक र कुण्ठापूर्ण रहने अवस्था रहन्छ ।

५.२ निष्कर्ष

सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार हननका घटनाहरूको अनुसन्धान गर्ने क्रममा राष्ट्रिय मानव अधिकार आयोगको पहलमा देशका विभिन्न एघार स्थानमा शवोत्खनन गरी अनुसन्धान भएको छ । शवोत्खननपछि सुरक्षाकर्मीबाट गैरन्यायिक हत्या गरिएका बिस जनाको मृत्यु भएको पुष्टि भएको छ । सशस्त्र द्वन्द्वका क्रममा सुरक्षाकर्मीबाट बेपत्ता पारिएका आठ जना र तत्कालीन नेकपा (माओवादी) बाट बेपत्ता पारिएका एक जना व्यक्तिको अवस्था सार्वजनिक भएको छ । सबै घटनाहरूमा व्यक्तिहरूलाई कब्जामा लिई गैरन्यायिक रूपमा हत्या गरिएको पुष्टि भएको छ । शवोत्खननबाट प्राप्त तथ्यहरूले गम्भीर मानव अधिकार हननका घटनाहरू भएको कुरालाई पुष्टि गरिदिएको छ । त्यस्ता घटनामा संलग्न दोषीहरूलाई कानुनी कारबाही गर्न महत्त्वपूर्ण प्रमाणहरू सङ्कलन भएका छन् । सम्पूर्ण शवोत्खननबाट सङ्क्रमणकालीन न्याय अन्तर्गत घटनाका पीडितहरूको सत्य जान्न पाउने अधिकार र आफ्नो सांस्कृतिक परम्पराअनुसार अन्तिम संस्कार गर्न पाउने अधिकारको संरक्षण हुनुको साथै बेपत्ता हुँदाको अवस्थामा हुने अनेक प्रकारका कानुनी अड्चन हटाउन समेत सहयोग पुग्ने हुन्छ ।

शवोत्खननबाट गम्भीर प्रकृतिका अपराध भएको कुरा स्थापित भई दोषीमाथि कानुनी कारबाही गर्न मार्ग प्रशस्त भएको भए पनि अधिकांश घटनामा दोषीमाथि कारबाही नहुँदा पीडितहरूलाई न्याय प्रदान गर्न अझ धेरै कामहरू गर्न बाँकी नै रहेको छ । देशमा विद्यमान दण्डहीनताको प्रवृत्तिले दोषीलाई कारबाही गर्न अवरोध सृजना गरेको छ । नेपाल सरकार र राजनीतिक दलहरूले यस्ता गम्भीर मानव अधिकार हननका घटनाहरूमा दोषीमाथि कारबाही गर्ने प्रतिबद्धता जाहेर गरे पनि व्यवहारमा त्यसको कार्यान्वयन हुन सकेको छैन । यी गम्भीर प्रकृतिका अपराधहरूलाई आगामी दिनमा दोहोरिन नदिन यस्ता घटनामा संलग्न सम्पूर्ण दोषीमाथि कानूनी कारबाही गर्नु कुनै लोकतान्त्रिक सरकारको प्रथम दायित्व भित्र पर्नु पर्दछ ।

सशस्त्र द्वन्द्वका क्रममा देशका विभिन्न भागबाट द्वन्द्वरत पक्षहरूले व्यक्तिहरूलाई नियन्त्रणमा लिई बेपत्ता पार्ने कार्य व्यापक मात्रामा गरेको तथ्य आयोगको अनुसन्धानबाट पुष्टि भएको छ । यस अवधिमा मारिएका तथा बेपत्ता पारिएका कम्तीमा ३४ जना व्यक्तिको मृत्यु हुनाको वैज्ञानिक कारण पत्ता लागेको छ । उत्खनन गरिएका अधिकांश शवहरूको परीक्षणबाट ती व्यक्तिहरूलाई नियन्त्रणमा लिई मनसायपूर्वक हत्या गरिएको

कुरा स्पष्ट हुन आई गम्भीर मानव अधिकार हनन भएको अवस्थाको पुष्टि भएको छ । यस्तो कार्य मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनबमोजिम मानवता विरुद्धको अपराधअन्तर्गत पर्ने देखिन्छ ।

सशस्त्र द्वन्द्वको अवधिमा यी घटनाहरू भएका र उक्त समयमा तत्कालीन शाही नेपाली सेनाको नेतृत्वमा संयुक्त सुरक्षा फौज र तत्कालीन नेकपा माओवादीको पनि जनमुक्ति सेना परिचालन भएको सन्दर्भमा उक्त घटनामा द्वन्द्वरत दुवै पक्ष जबाफदेही हुनुपर्ने देखिन्छ । आयोगको संलग्नतामा भएका उत्खननबाट फौजदारी अपराधका तत्त्वहरू आपराधिक मानसिकता (Mens Rea) र आपराधिक कार्य (Actus Reus) दुबै तत्त्वहरूको विद्यमानता स्पष्ट रूपमा देखिएको तथा नियन्त्रणमा लिएका व्यक्तिहरूलाई हत्या गरी शव बेपत्ता पारेको स्पष्ट प्रमाण फेला परेको हुँदा गम्भीर प्रकृतिको अपराध भएको पुष्टि हुन आएको छ । नागरिकको सुरक्षा गर्ने जिम्मेवारी पाएका सुरक्षा निकायहरूबाटै पक्राउ गरिएका व्यक्तिहरूलाई कानुनबमोजिम कारबाही गर्नुपर्नेमा सुरक्षा निकायका जिम्मेवार व्यक्तिहरूबाट गैरन्यायिक तवरले हत्या गर्ने कार्यबाट मानव अधिकारको गम्भीर हननको अवस्था देखिएको छ । साथै, विद्रोही माओवादी पक्षबाट पनि पटकपटकको प्रतिबद्धता-विपरीत मानव अधिकार र मानवीय कानुनविरुद्धका कार्यहरू प्रशस्त भएको देखिन्छ ।

सुरक्षाकर्मीको संलग्नता रहेका माथि उल्लेखित घटनाहरूका सम्बन्धमा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ मा हरेक व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताको हक हुने, कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा नराखिने, पक्राउ परेको व्यक्तिलाई बाटाको म्यादबाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने लगायतका मौलिक हकको प्रत्यक्ष उल्लङ्घन भएको छ । आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ तथा यसपछि पटक–पटक जारी गरिएका अध्यादेशसमेतमा कुनै पनि व्यक्तिलाई पक्राउ गर्दा पक्राउ भएको कारणसहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा नराखिने भन्ने व्यवस्थाविपरीत सुरक्षाकर्मीबाट व्यक्तिहरूलाई आफ्नो नियन्त्रणमा लिई मानवीय संवेदना र कानुनविपरीत विभत्सतापूर्व मार्ने तथा बेपत्ता पार्ने कार्य भएको देखिन्छ । साथै नेकपा (माओवादी) बाट पनि मानव अधिकार र मानवीय कानुनविपरीत अपहरण गरी आफ्नो नियन्त्रणमा लिएका व्यक्तिहरूलाई बेपत्ता अवस्थामा राखी यातना दिने तथा हत्या गर्ने गरेको पुष्टि हुन्छ ।

नागरिक अधिकार ऐन, २०१२ ले कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता नहरिने, गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तारीको कारणसहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा नराखिने भन्ने कानुनी व्यवस्थाविपरीत आफ्नो

नियन्त्रणमा लिएका व्यक्तिहरूलाई मार्ने कार्यले मानव अधिकार र प्रचलित कानुनी अधिकारहरूको गम्भीर उल्लङ्घन भएको छ ।

शवोत्खनन गरी भएका अनुसन्धानहरुबाट मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूमा उल्लेखित अनेकन प्रावधानहरूको पनि उल्लङ्घन भएको पुष्टी भएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ मा सबै व्यक्तिलाई जीवन, स्वतन्त्रता तथा वैयक्तिक सुरक्षाको हक, फौजदारी न्यायसम्बन्धी हक तथा निष्पक्ष सुनुवाइको हकजस्ता अधिकारहरू अन्तर्निहित भएको उल्लेख छ । नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धि, १९६६ को धारा ९ मा सुरक्षा तथा स्वतन्त्रताको अधिकारको व्यवस्था गरी कसैलाई पनि स्वेच्छचारी तरिकाले पक्राउ गर्न वा थुनामा राख्न नपाइने, पर्याप्त आधारबिना कसैको पनि स्वतन्त्रताको हरण गर्न नपाइने, व्यक्तिलाई पक्राउ गर्दा पक्राउ गर्नाको कारण र अभियोगसमेतको सूचना दिनुपर्ने, समयमै मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने लगायतका प्रावधानहरू उल्लेख छन् । बन्दीहरूमाथि न्यूनतम रूपमा गर्नुपर्ने व्यवहारसम्बन्धी नियमहरू १९५७, बन्दीहरूमाथि गर्नुपर्ने व्यवहारसम्बन्धी आधारभूत सिद्धान्तहरू १९९०, कानुन कार्यान्वयन गर्ने अधिकारीको आचारसंहिता, १९७९ तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी परिनियम १९९८ लगायतका दस्तावेजहरूमा उल्लिखित प्रावधानहरूसमेतको उल्लङ्घंन गरी बलपूर्वक बेपत्ता पारी गैरन्यायिक रूपमा हत्या गर्नेसम्मका कार्यहरू भएको पाइन्छ ।

सबै व्यक्तिहरूको बलपूर्वक बेपत्ताबाट संरक्षणसम्बन्धी महासन्धि, २००६ मा युद्ध वा युद्धको धम्की वा आन्तरिक राजनीतिक अस्थिरता वा सङ्कटकाल वा अन्य कुनै बहानामा व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पार्न नपाइने तथा राज्यले बलपूर्वक बेपत्ता पार्ने कार्यको अनुसन्धान गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिहरूलाई न्यायको दायरामा ल्याउन आवश्यक उपायहरू अवलम्बन गर्नुपर्ने भनिएको छ । महासन्धिमा राज्यले बेपत्ता पार्ने कार्यलाई फौजदारी कानुनद्वारा अपराध घोषणा गर्नुपर्ने व्यवस्थासमेत समावेश छ । यसमा व्यापक रूपमा हुने बलपूर्वक बेपत्ता पार्ने कार्यलाई मानवता विरुद्धको अपराध घोषणा गरी अन्तर्राष्ट्रिय कानुन आकर्षित हुने उल्लेख गरिएको छ । कुनै पनि व्यक्तिलाई गोप्य रूपमा थुनामा राख्न नपाइने तथा बेपत्ताको कारणबाट कुनै व्यक्तिलाई भएको भौतिक वा नैतिक क्षतिको क्षतिपूर्ति राज्यले उपलब्ध गराउनुपर्ने समेत व्यवस्था गरेको छ । नेपालले हालसम्म उक्त महासन्धिमा हस्ताक्षर नगरे पनि संयुक्त राष्ट्रसङ्घको सदस्य भएका कारण नैतिक रूपमा र उक्त व्यवस्थाहरू नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक विषयक अनुबन्धलगायतका महासन्धिहरूसँग प्रत्यक्ष सम्बन्धित भएकाले ती व्यवस्थाहरूको पनि यी घटनाहरूमा उल्लङ्घन भएको देखिन्छ ।

सबै प्रकारको थुनछेक वा कैद सजायअन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्त सङ्ग्रह १९९८ मा पनि बलपूर्वक बेपत्ता विरुद्धका प्रावधानहरू समावेश भएको पाइन्छ । उक्त सिद्धान्तमा जुनसुकै किसिमको पक्राउ वा थुनछेक गरिएका व्यक्तिहरूलाई मानवीय र मानवमा अन्तरनिहित मर्यादाको आदरसाथ व्यवहार गरिनुपर्ने, व्यक्तिलाई पक्राउ, थुना वा कैद गर्दा अधिकारप्राप्त व्यक्तिबाट मात्र गरिनुपर्ने, पक्राउ परेको कुनै पनि व्यक्तिलाई पक्राउ गर्दाको समयमा नै कारण बताउनुपर्ने, पक्राउ गरी निजलाई थुनामा राखिनासाथ सोसमेतको जानकारी निजको परिवार वा पक्राउ परेको व्यक्तिले इच्छाएको व्यक्तिलाई दिनुपर्ने, थुनिएको व्यक्तिलाई निजका परिवारका सदस्यले भेट्न, पत्राचार गर्न पाउनु परिवारका सदस्यको अधिकार हुने लगायतका व्यवस्थाहरू छन् । तर, पक्राउ गरी आफ्नो नियन्त्रणमा लिएका व्यक्तिहरूउपर यी कानुनी व्यवस्थाहरूको ठिकविपरीत बलपूर्वक बेपत्ता पारेपछि गैरन्यायिक रूपमा हत्या गर्ने गरिएको पाइएको छ ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको परिनियम (रोम विधान) १९९८ ले बलपूर्वक बेपत्ता पारिने कार्यलाई मानवताविरुद्धको अपराधको श्रेणीमा राख्दै त्यस्तो अपराधमा सो अदालतबाट सुनुवाइ हुन सक्ने उल्लेख गरेको छ । यस्तै जेनेभा महासन्धिहरू, १९४९ का साझा धारा ३ ले आन्तरिक सशस्त्र सङ्घर्षका क्रममा युद्धरत पक्षले कसैलाई पनि बन्धक बनाउन र नियन्त्रणमा लिएका व्यक्तिहरूको संरक्षण गर्ने, मानवीय व्यवहार गर्ने लगायतका व्यवस्था गरेको पाइन्छ । सशस्त्र द्वन्द्व कालमा जेनेभा महासन्धीको पालना गर्ने प्रतिवद्धताका बाबजुद पनि गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका घटनाहरू भएका छन् ।

अतः सुरक्षाकर्मीहरूले पक्राउ गरी नियन्त्रणमा लिएका व्यक्तिहरूलाई कानुनी प्रक्रिया अवलम्बन गर्नुपर्नेमा सो नगरी नागरिकको सुरक्षा गर्ने जिम्मेवारी पाएका अधिकारीहरूले पक्राउपश्चात् हत्या गरी सो जानकारीसमेत लामो समय नदिई बेपत्ता पारेको कार्यबाट यस घटनामा संलग्न तत्कालीन शाही नेपाली सेना तथा नेपाल प्रहरीका अधिकारीहरूले मानव अधिकार र मानवीय कानुनको गम्भीर उल्लङ्घन गरेको पुष्टि भएको छ । साथै तत्कालीन ने.क.पा.(माओवादी) का कार्यकर्ताहरुले सशस्त्र द्वन्द्वको क्रममा आफूले नियन्त्रणमा लिएका व्यक्तिहरुलाई मानवीय व्यवहार गर्नु पर्नेमा निजहरूले व्यक्तिलाई नियन्त्रणमा लिएर बेपत्ता पारी हत्या गरी लास समेत बेपत्ता पारेको देखिन्छ । व्यक्तिगत जवाफदेहिताका आधारमा यस्तो आदेश दिने र त्यसको कार्यान्वयन गर्ने सुरक्षाकर्मी र नेकपा (माओवादी) का कार्यकर्तालाई प्रचलित फौजदारी कानुनबमोजिम हदैसम्मको कारबाही हुनुपर्दछ । साथै घटनामा मारिएका व्यक्तिहरूका आफन्तहरूलाई अविलम्व राहत, क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था गर्नुको साथै भविष्यमा त्यस प्रकारका घटनाहरूको पुनरावृत्ति नहुने सुनिश्चितता हुनुपर्दछ ।

५.३ सुझावहरू

प्राप्त तथ्यहरूको विश्लेषणबाट निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

१) राष्ट्रिय मानव अधिकार आयोगको पहलमा शवोत्खनन गरी अनुसन्धान भई गरिएका सिफारिसहरू बमोजिम नेपाल सरकारले सबै घटनाका दोषीलाई कानूनी कारबाही र पीडितहरूलाई क्षतिपूर्ति, राहत परिपूरणको व्यवस्था गरी आयोगका सिफारिसहरूको पूर्ण कार्यान्वयन गर्नुपर्दछ ।

२) आयोगको पहलमा नेपाल प्रहरीबाट शवोत्खनन गरिएका धादिङ जिल्लाका दुईवटा र कैलाली जिल्लाको एउटा घटनाबारे प्राथमिकताका साथ नेपाल प्रहरीबाट अनुसन्धान गर्नुपर्दछ ।

३) विगतको सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार हननका घटनाहरू खासगरी द्वन्द्वरत पक्षहरूबाट भएका बलपूर्वक बेपत्ता पारिएका घटनाहरू अनुसन्धान गर्न शवोत्खनन प्रक्रियाको अवलम्बन गर्नु आवश्यक देखिन्छ । यसरी गरिने शवोत्खननमा आयोगबाट जारी भएको शवोत्खनन मार्ग निर्देशिका, २०६९ को अवलम्बन गर्नुपर्दछ ।

४) शवोत्खननको क्रममा सबै अवस्थामा DNA परीक्षणबाट परिणाम प्राप्त हुन नसक्ने र DNA प्रविधि अत्यन्त महँगो समेत हुने भएकोले प्रमाण संकलन गर्दा एन्टीमोर्टम विवरण प्रभावकारीरूपमा सङ्कलन गरिनु पर्दछ ।

५) शवोत्खननको विभिन्न चरणमा आवश्यक पर्ने जनशक्तिलाई आवश्यक तालिम र देशभित्रै हड्डीबाट DNA परीक्षण गर्ने प्रविधिको विकास गर्नुका साथै DNA Bank को व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

६) विज्ञको सहयोग बिना गरिने शवोत्खननबाट प्रमाण नष्ट हुन सक्ने देखिदा आधिकारीक निकायबाट विशेषज्ञ सहितको टोलीद्वारा मात्र शवोत्खनन गर्नु उपयुक्त देखिन्छ । साथै सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको शव गाडिएको आशङ्का गरिएका स्थलहरूको भरपर्दो सुरक्षाको व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

५.४ सहकार्य र समन्वय

शवोत्खनन कार्यमा नेपाल प्रहरी एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेषज्ञहरूको योगदान कदरयोग्य छ । यस क्रममा जर्मनी तथा फिन्ल्यान्डलगायतका मुलुकहरूबाट अन्तर्राष्ट्रिय विशेषज्ञहरू उपलब्ध गराई सहयोग प्राप्त भएको थियो । हालसम्म भएका शवोत्खननमा फेन्सिक प्याथोलोजिस्ट, फरेन्सिक एन्थ्रोपोलोजिस्ट, पुरातत्त्वविद्, DNA सम्बन्धी बरिष्ठ वैज्ञानिक, क्राइमसिन विशेषज्ञ, वनस्पतिविद्, कानुनविद्लगायतका विज्ञहरूको उल्लेखनीय सहभागिता रहेको छ । यसका साथै राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, Forensic Biology Laboratory of Helsinki University, Finland र

भारतको हैदराबादस्थित DNA फिङ्गर प्रिन्टीङ्ग एवम् निदान केन्द्र, त्रिभुवन विश्व विद्यालय, महाराजगन्ज मेडिकल क्याम्पस, फोरेन्सीक मेडिसिन विभाग लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयोगशालाहरूले प्रमाणहरूको सूक्ष्म अध्ययन गरी प्रतिवेदनहरू उपलब्ध गराएका छन् । नेपाल प्रहरीले घटनास्थललाई सुरक्षा प्रदान गर्ने, शवोत्खननमा सहभागी भई मुचुल्कालगायत कानुनी दस्तावेजहरू तयार गर्ने लगायतका कार्य गरी शवोत्खनन कार्यमा महत्त्वपूर्ण योगदान पुर्‍याएको थियो । यसैगरी शवोत्खनन कार्यमा मानव अधिकारकर्मीहरू, स्थानीय प्रशासन, पत्रकार, सभासद्, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू, स्थानीय श्रमिकहरू एवम् स्थानीय बासिन्दाहरूको सहयोग पनि त्यतिकै महत्त्वपूर्ण रहेको थियो । सञ्चारकर्मीहरूले शवोत्खनन-सम्बन्धी समाचार सम्प्रेषण गरी सत्यतथ्य जनसमक्ष पुर्‍याउन महत्त्वपूर्ण योगदान दिएका छन् । कानून तथा न्याय कर्मी, निजामति कर्मचारीहरू समेतको उल्लेख रूपमा सहयोग र सद्भाव रहेको छ । कतिपय शवोत्खननहरूमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयबाट अनुगमन गर्ने तथा विशेषज्ञ उपलब्ध गराई महत्त्वपूर्ण सहयोग प्राप्त भएको छ । खासगरी आफ्ना प्रियजन तथा आफन्तहरू गुमाएको पीडा र सत्य तथा न्यायको निम्ति पीडित परिवारका सम्पूर्ण सदस्यहरूबाट गम्भीरतापूर्वक शवोत्खनन कार्यमा प्राप्त भएको सहयोग र सद्भाव तथा आयोगप्रतिको असीमित अवस्था, भरोसा र अपेक्षाले आयोगको कार्यमा अत्यन्त महत्त्वपूर्ण बल प्रदान गरेको थियो ।

अनुसूचि – १

रामेछाप जिल्लाको दोरम्बा घटनाका सम्बन्धमा आयोगबाट भएको निर्णय

रामेछाप दोरम्बाको घटनाका सम्बन्धमा प्राप्त प्रतिवेदनबाट माओवादी अतिप्रभावित दोरम्बा बजार नजिकको डडुवा गाविसमा पर्ने ...को घरमा मिति २०६०।४।३२ गतेका दिन माओवादीहरूको बैठक भइरहेको अवस्थामा करिब दिनको १०:३० बजेको समयमा सेनाले घेरा हाली गोली चलाउँदा कतिपय व्यक्तिहरू भागिगएका, एक जना टेकबहादुर भन्ने व्यक्तिको सोही घरनजिक मृत्यु भएको र अन्य उन्नाइस जनालाई सेनाले आफ्नो कब्जामा लिई गएकोमा उक्त घटनास्थलबाट दुईतिन घण्टा टाढापर्ने डाँडाकटेरी भन्ने स्थानमा दिनको अन्दाजी २:३० बजेको समयमा सेनाको गोलीबाट सबै जना मारिएको भन्ने देखिन आएको छ । अनुसन्धान समितिले आफ्नो निष्कर्षमा पुग्न अन्य कुराको अलावा गाडिएका ठाउँबाट लासहरू उत्खनन गरी परीक्षणसमेत गरेको भन्ने देखिएको छ । युद्धविरामको अवस्थामा आफ्नो कब्जामा लिइसकेका व्यक्तिहरू मारिने कार्य देशको संविधान तथा कानुनप्रदत्त अधिकारहरूको हननको कार्य त हो नै यसले जेनेभा कन्भेन्सनको साझा धारा ३ मा उल्लेख भएको अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रावधानको पनि ठाडो उल्लङ्घन भएको छ । अतः उपर्युक्त घटनाको विस्तृत अनुसन्धान गरी दोषीलाई आवश्यक कारबाही तथा पीडित परिवारलाई उचित राहतका साथै यस्ता घटनाहरू पुनः दोहोरिन नदिन आवश्यक सर्तकता अपनाउन श्री ५ को सरकारलाई सिफारिस गरी पठाउने निर्णय गरियो ।" २०६० भदौ २४ ।

अनुसूची – २

कुमरी घटनाका सम्बन्धमा आयोगबाट भएको निर्णय

श्री राष्ट्रिय मानव अधिकार आयोग

ठहर

सम्माननीय अध्यक्ष श्री नयनबहादुर खत्री
सम्माननीय सदस्य डा. गौरीशङ्करलाल दास
माननीय सदस्य श्री कपिल श्रेष्ठ

उजुरीकर्ता

राजकुमार पुडासैनीसमेतका तर्फबाट नेपाल बार एसोसियसन १

विरुद्ध

श्री ५ को सरकार, रक्षा मन्त्रालयसमेत .... **विपक्षी**

विषय : गैरन्यायिक हत्या ।

प्रस्तुत उजुरीको सङ्क्षिप्त विवरण यसप्रकार छ :

नुवाकोट जिल्ला कुमरी गाविस वडा नं. ७ बस्ने वर्ष २४ का राजन पुडासैनी, ऐ. वार्ड नं. १ बस्ने वर्ष २८ का यदुप्रसाद मुडभरी तथा ऐ.ऐ. बस्ने वर्ष २६ का मणिराज मुडभरीसमेत तीन जनाको मिति २०६०।१०।७ गते बिहान ११:०० बजेको समयमा शाही नेपाली सेनाका जवानहरूद्वारा गोली हानी मारिएको भन्ने घटनाका सम्बन्धमा नेपाल बार एसोसियसन, मानव अधिकार परियोजनाले मिति २०६०।१०।११ गते घटनास्थलमा गई आवश्यक तथ्यहरू सङ्कलन गरी प्रारम्भिक रूपमा अनुसन्धान गरी प्रस्तुत घटनाका सम्बन्धमा फरेन्सिक विज्ञसमेतबाट छानबिन गर्नु आवश्यक देखिएको भनी मिति २०६०।१०।१२ गते यस आयोगमा निवेदन प्राप्त हुन आएको रहेछ ।

उक्त परियोजनाको मिति २०६०।१०।११ गतेको प्रारम्भिक अनुसन्धानबाट मृतकहरू सामान्य किसान व्यापारी रहनुका साथै निःशस्त्र रहेको अवस्थामा सुरक्षाकर्मीबाट कब्जामा लिई हत्या गरिएको र मृतकहरूमध्ये मणिराज मुडभरीको लास मारिएको दिनमा नै दाहसंस्कार गरिसकिएको, मृतकहरू यदु मुडभरी र राजन पुडासैनीको लास दाहसंस्कार नगरी मानव अधिकार आयोगबाट छानबिन हुन सक्ने आशाले परिवारले घटनास्थलनजिकै पुरेर मात्र राखेको भन्ने कुरा उल्लेख भएको रहेछ ।

राजन पुडासैनी र यदु मुडभरी २०६० माघ ७ गते बुधबार अन्दाजी ९ बजे मेरो घरमा आउनुभएको थियो । घरमा कुराकानी गरेर बसेको अवस्थामा सेनाहरू आए । आउनासाथ सेनाले दुवै जनालाई हातमा समात्यो । अर्को सेनाले मलाई समात्यो र यी व्यक्ति कोको हुन् ? भनेर सोधे । मैले निर्दोष व्यक्ति हुन् भनेँ । मेरो हातमा नाम्लो डोरी थियो, सोही नाम्लाले मलाई बाँधेर घरमा केही समय राख्यो । राजन र यदुलाई नबाँधिकनै हातमा समाएर पश्चिमपट्टि जङ्गलतिर लगे । पछि लास राखेको ठाँउबाट हामीलाई हिँडाउँदै फर्काएर ल्याए । त्यतिखेर लास देखेको हो । राजनलाई गोली हानेर मारेका रहेछन् । मृतकलाई सेनाहरूले घरबाट पक्राउ गरी हाम्रो घरभन्दा अन्दाजी तिन मिनेट टाढाको जङ्गलमा लगी गोली हानेर मारेको हो । हामीलाई पनि तिमी माओवादीलाई पाल्ने हौ, तिमीहरूलाई पनि पड्काइदिन्छौँ भनी धम्की दिएका भन्ने प्रत्यक्षदर्शीको बयान ।

उक्त घटना घटेको दिन तलबाट राजन र यदु मुडभरी मेरो घरका छेउका छिमेकीको घरमा उक्लेको देखेँ । उनीहरूको हातमा केही थिएन, लगाएको कपडा मात्र थियो । राजन छिमेकीको घरमा केही समय बसी मेरो घरमा आई फर्किएका थिए । त्यस बेला आर्मी आएर घरमा बसेका मानिसहरूलाई छिमेकीको घरबाट पक्राउ गरी गोली हानी मारेको हो भन्ने अर्का प्रत्यक्षदर्शीको बयान ।

मिति २०६०।१०।७ गते म अलि अघि, मेरा श्रीमान् र मेरो देवर अलि पछि तल खेतबाट माथि घर आउँदै गर्दाको क्रममा ३०/३५ जनाजति सैनिकहरूले कहाँ गएर आएको ? भनी मलाई सोधे । मैले भैसी दुहेर आएको हुँ भनेँ । तल आउँदै गरेका को हुन् ? भने । मैले उनीहरूको परिचय दिँदै अनपढ छन् नतर्साउनुहोला आत्तिन्छन् भनेँ । तर, तिनीहरूले आतङ्ककारी होलान् भने, मैले होइनन् भनेँ । त्यस बेलासम्ममा केही सेनाहरू तल पुगिसकेका थिए; केहीले मसँग कुरा गरिरहेको थिए । तल पुगेकाहरूले हान्हान् यसलाई, गोली हान् भन्ने सुनेर म पनि तलतिर मेरो ... निर्दोष छन् मार्ने भए मलाई मार भन्दै फाल हान्दै गएँ । अघि मेरो ... र अर्कोतिर देवर, पछिपछि आर्मी र आर्मीको पछि म लाग्दालाग्दै मैले भेटेको आर्मीले मेरो निर्दोष ...लाई समात, कारबाही गर तर नमार भनेपछि एक जना आर्मीले अर्को आर्मीलाई हातमा भएको फोन गरी गोठमा आएको रहेछ नमारी समात् भन्यो । तर, उसले जान्दिनँ गोठसोठ भनेर कराएको मैले पनि सुनेँ । दौड्दादौड्दै ... भएको ठाँउमा पुग्दा मारिसकेका रहेछन्; म बेहोस हुन पुगेछु भन्ने ... को भनाइ ।

मिति २०६०।१०।७ गते कुमरी ७ आकासेडाँडा भन्ने स्थानमा राजन पुडासैनी तथा यदुप्रसाद मुडभरीलाई सुरक्षाकर्मीले पक्राउ गरी कब्जामा लिई हत्या गरेको तथा रुपिङ्गेस्थित बाङ्गे भन्ने स्थानमा मणिराज मुडभरीलाई समेत गोली प्रहार गरी हत्या गरिएको निजहरू तिनै जना पार्टीको कुनै सङ्गठनमा नरहेको जानकारी गराउछौँ भनी नेकपा माओवादीका तर्फबाट २०६०।१०।२० गते आयोगमा निवेदन प्राप्त हुन आएको रहेछ।

यसैगरी उक्त घटनाका सम्बन्धमा अनुसन्धान तथा छानबिन गर्नका लागि २०६०।१०।१४ गते आयोगको निर्णयबमोजिम दुई जना अधिकृत तथा फरेन्सिक विज्ञसहित संलग्न टोलीले गरेको अनुसन्धान प्रतिवेदन २०६०।१०।१८ मा प्राप्त भएको रहेछ।

प्रस्तुत घटना दोहोरो भिडन्त, मुठभेड अथवा सङ्घर्षको क्रममा भएको भन्ने देखिँदैन। अनुसन्धान टोलीले गरेको लासको अवलोकन एवम् परीक्षणबाट मृतकमध्येका यदुप्रसाद मुडभरीको घाँटी तथा छातीलगायत शरीरका पाँच ठाँउमा गोलीको चोट लागेको र घाँटी तथा छातीको चोटबाट (Rifled Firearm injuries to Neck and chest) मृत्यु भएको भन्ने देखिन्छ। अर्का मृतक राजन पुडासैनीको टाउको तथा घाँटी दुई ठाउँमा राइफलको गोली लागी सोही चोट (Rifled injuries to head and Neck)बाट मृत्यु भएको देखिन्छ। निजको घाँटीमा कुनै वस्तुले केही समय बाँधिएको डामसमेत देखिन्छ। मृतकद्‌वयको तिघ्राभन्दा तल कुनै गोली नलाग्नु तर छाती, घाँटी तथा टाउको एवम् दुवै हातका पाखुरामा समेत दुईदेखि पाँच गोलीसम्म प्रहार भएको देखिएबाट निजहरूलाई निःशस्त्र गर्न वा भाग्न लाग्दा नियन्त्रणमा लिन गोली प्रहार गरिएको हुन सक्ने कथन तर्कसङ्गत देखिँदैन। मृतकहरूमध्ये यदु मुडभरीको गुदद्‌वारबाट दिसा निस्किएको तथा अर्का मृतक राजन पुडासैनीको घाँटीमा एक इन्च चौडा थिचिएको डाम देखिएकोबाट मृतकहरूलाई यातनासमेत दिइएको जस्तो देखिन्छ। तर, निजहरूको मृत्यु भने यातनाका कारणबाट नभई राइफलको गोलीको चोटका कारण नै भएको देखिएको छ। प्रत्यक्षदर्शी, मृतकका आफन्त तथा स्थानीय व्यक्तिको भनाइअनुसार सुरक्षाकर्मीबाट प्रहार गरिएको गोली लाग्न गई मृत्यु भएको र आतङ्ककारी मारिएको भनी सुरक्षाकर्मीले डर धम्की देखाई जबरजस्ती गाउँलेलाई कागज गराई सोही ठाँउबाट भाँडा तथा चामल मागी खाना पकाएर खाई प्रस्थान गरेको भन्ने अनुसन्धान टोलीको प्रतिवेदनमा उल्लेख भएको रहेछ।

उक्त प्रतिवेदन प्रतिक्रियाका लागि २०६१।९।१९ मा रक्षा मन्त्रालय, गृह मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मानव अधिकार प्रर्वद्‌धन केन्द्र तथा शाही

नेपाली जङ्गी अड्डा मानव अधिकार शाखामा पठाइएकोमा शाही नेपाली जङ्गी अड्डा मानव अधिकार शाखाको मध्यपृतना हेडक्वार्टरको पत्रलाई उद्धृत गर्दै लेखिएको पत्रसङ्ख्या १४६४४।१६।ए।०६१।६२।६१ मिति २०६१।११।१४ गतेको पत्रको बुँदा नं. १ मा देहायको कुरा उल्लेख रहेछ :

(क) मिति २०६०।१०।७ गतेको १० बजे माओवादी कार्यकर्ता राजन पुडासैनी र यदु मुडभरी जङ्गलनजिकै रहेको ... को घरमा चन्दा सङ्कलन गरिरहेको अवस्थामा गस्तीमा गइरहेको सुरक्षाफौजलाई देखी भागेको र सुरक्षाफौजले नभाग्न चेतावनी दिँदादिँदै पनि अटेर गरी भागेकाले यदु मुडभरीको उक्त घरभन्दा १५०० मिटर तल र राजन पुडासैनीको ७०० मिटर तल सुरक्षाफौजको प्रतिकारात्मक कारबाहीमा मृत्यु भएको ।

(ख) घटनाको प्रत्यक्षदर्शी चन्दा उठाइरहेको घरको व्यक्तिको भनाइ VCD चक्कासमेत सुरक्षित रहेको ।

(ग) निज मृतक राजन पुडासैनीलाई सङ्कटकालको दौरानमा कुमरी इलाकामा सञ्चालित खोजतलासको कारबाहीमा मिति २०५८।९।४ गते ठुलो परिणाममा विष्फोटक पदार्थ बरामद भएकाले पुर्पक्षका लागि हिरासतमा लिई १९ दिन थुनामा राखी तारिखमा छाडेको र निज २०५९।१।२१ गते तारिखमा आउनुपर्नेमा उक्त मितिदेखि हाजिर हुन नआएको, निज मृतक विद्यार्थी जीवनदेखि क्रान्तिकारी विद्यार्थी सङ्गठनमा आबद्ध रही हालसम्म चन्दा सङ्कलनमा संलग्न रहेको र अर्का मृतक यदु मुडभरी नुवाकोट जिल्लाका भूमिगत कथित DCM ... को सहोदर भाइ माओवादी समर्थित गाँउमा अन्यत्रबाट आएका माओवादीहरूलाई सेल्टर तथा खाना खुवाउने व्यवस्था गर्ने व्यक्ति भएको भन्ने बुझिएको ।

साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मानव अधिकार प्रवद्र्धन केन्द्रको पत्रसङ्ख्या ०६१।६२ च.नं. १२५ मिति २०६१।३।८ को पत्रमा समेत उल्लिखित व्यहोरा मिलान हुने गरी जानकारी प्राप्त हुन आएको रहेछ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, मानव अधिकार प्रवद्र्धन केन्द्रको प्राप्त जानकारीअनुसार निज राजन पुडासैनीलाई २०५८।९।४ मा ठुलो परिणाममा विष्फोटक पदार्थसहित पक्राउ परेको र निजलाई १९ दिन हिरासतमा राखी तारिखमा छाडिएको भन्ने सन्र्दभमा जिल्ला प्रशासन कार्यालय नुवाकोटसँग पत्राचार गरिएकोमा जिल्ला प्रशासन कार्यालय नुवाकोटको च.नं. १८०१ मिति २०६१।११।२६ को पत्रानुसार निज राजन पुडासैनीका बारेमा बुझ्दा निजलाई यस कार्यालय तथा मातहतसमेतबाट पक्राउ गरेको कार्यालयको अभिलेखबाट

नदेखिएको भनी जिल्ला प्रहरी कार्यालय नुवाकोटको पत्रलाई उद्धृत गर्दै लेखिएको जानकारी प्राप्त हुन आएको रहेछ ।

आयोगको ठहर

नियमबमोजिम आयोगको नियमित बैठकमा पेस हुन आएको प्रस्तुत गैरन्यायिक हत्यासम्बन्धी विषयमा नुवाकोट जिल्ला कुमरी गाविस वडा नं. ७ बस्ने वर्ष २४ का राजन पुडासैनी, ऐ. वार्ड नं. १ बस्ने वर्ष २८ का यदुप्रसाद मुडभरी तथा ऐ.ऐ. बस्ने वर्ष २६ का मणिराज मुडभरी समेत तिन जनाको २०६०।१०।७ गतेका दिन बिहान ११:०० बजेको समयमा शाही नेपाली सेनाका जवानहरूद्वारा गोली हानी मारिएको भन्ने घटनाका सम्बन्धमा नेपाल बार एसोसियसन मानव अधिकार परियोजनाले २०६०।१०।११ का दिन घटनास्थल पुगी आवश्यक तथ्यहरू सङ्कलन गरी प्रारम्भिक रूपमा अनुसन्धान गरी प्रस्तुत घटनाका सम्बन्धमा फरेन्सिक विज्ञसमेतबाट छानबिन गर्नु आवश्यक देखिएको भन्ने घटनाका सम्बन्धमा आयोगबाट आवश्यक कारबाही अगाडि बढाइएको प्रस्तुत विषयमा निजहरू राजन पुडासैनी, यदुप्रसाद मुडभरी तथा मणिराज मुडभरीसमेत तिन जनाको मृत्यु कानुनविपरीतको कारबाहीबाट भएको हो, होइन ? र भएको हो भने दोषीमाथि केकस्तो कानुनी कारबाही हुनुपर्ने हो ? र पीडितका हकवालालाई केकति क्षतिपूर्ति उपलब्ध गराउनु उपयुक्त हुन्छ ? हेरी सोही कुराको निर्णय गर्नुपर्ने देखियो ।

यसमा मिसिल संलग्न रहेका सम्पूर्ण प्रमाण कागजातहरूको अध्ययन विश्लेषण गर्दा आयोगमा प्राप्त भएको निवेदनमा नुवाकोट जिल्ला कुमरी गाविस ७ बस्ने वर्ष २४ का राजन पुडासैनी, ऐ. वार्ड नं. १ बस्ने वर्ष २८ का यदुप्रसाद मुडभरी तथा ऐ.ऐ. बस्ने वर्ष २६ का मणिराज मुडभरीसमेत तिन जनाको २०६०।१०।७ गते बिहान ११:०० बजेको समयमा शाही नेपाली सेनाका जवानहरूद्वारा गोली हानी मारिएको भन्ने घटनामा नेपाल बार एसोसियसनले २०६०।१०।११ गते घटनास्थल गई आवश्यक तथ्यहरू सङ्कलन गरी प्रारम्भिक रूपमा अनुसन्धान गरी प्रस्तुत घटनाका सम्बन्धमा फरेन्सिक विज्ञसमेतबाट छानबिन गर्नु आवश्यक देखिएको भनी निवेदन गरेको देखिन्छ भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मानव अधिकार प्रवर्द्धन शाखाको २०६१।३।८ गतेको पत्र र शाही नेपाली जङ्गी अड्डा मानव अधिकार शाखाको मध्यपृतना हेडक्वार्टरको पत्रलाई उद्धृत गर्दै लेखिएको २०६१।११।१४ गतेको पत्रानुसार २०६०।१०।७ गते १० बजे माओवादी कार्यकर्ता राजन पुडासैनी र यदु मुडभरी जङ्गलनजिकै रहेको ... को घरमा चन्दा सङ्कलन गरिरहेको अवस्थामा गस्तीमा गइरहेको सुरक्षाफौजलाई

देखी भागेको र सुरक्षाफौजले नभाग्न चेतावनी दिँदा पनि अटेर गरी भागेकाले यदु मुडभरीको उक्त घरभन्दा १५०० मिटर तल र राजन पुडासैनीको ७०० मिटर तल सुरक्षाफौजको प्रतिकारात्मक कारबाहीमा मृत्यु भएको । घटनाको प्रत्यक्षदर्शी चन्दा उठाइरहेको घरको व्यक्तिको भनाइ VCD चक्कासमेत सुरक्षित रहेको । निज मृतक राजन पुडासैनीलाई सङ्कटकालको दौरानमा कुमरी इलाकामा सञ्चालित खोजतलासको कारबाहीमा २०५८।९।४ गते ठुलो परिणाममा विष्फोटक पदार्थ बरामद भएकाले पुर्पक्षका लागि हिरासतमा लिई १९ दिन थुनामा राखी तारिखमा छाडेको र मृतक विद्यार्थी जीवनदेखि क्रान्तिकारी विद्यार्थी सङ्गठनमा आबद्ध रही हालसम्म चन्दा सङ्कलनमा संलग्न रहेको र अर्का मृतक यदु मुडभरी नुवाकोट जिल्लाका भूमिगत कथित DCM... को सहोदर भाइ माओवादी समर्थित गाँउमा अन्यत्रबाट आएका माओवादीहरूलाई सेल्टर तथा खाना खुवाउने व्यवस्था गर्ने व्यक्ति भएको भन्ने बुझिएको भन्ने खुल्न आउँछ । त्यस्तै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, मानव अधिकार प्रबद्र्धन केन्द्रको प्राप्त जानकारीअनुसार निज राजन पुडासैनीलाई २०५८।९।४ मा ठुलो परिणाममा विष्फोटक पदार्थसहित पक्राउ परेको र निजलाई १९ दिन हिरासतमा राखी तारिखमा छाडिएको भन्ने सर्न्दभमा जिल्ला प्रशासन कार्यालय नुवाकोटसँग पत्राचार गरिएकोमा जिल्ला प्रशासन कार्यालय नुवाकोटको च.नं. १८०१ मिति २०६१।११।२६ को पत्रानुसार निज राजन पुडासैनीका बारेमा बुझ्दा निजलाई यस कार्यालय तथा मातहतसमेतबाट पक्राउ गरेको कार्यालयको अभिलेखबाट नदेखिएको भनी जिल्ला प्रहरी कार्यालय, नुवाकोटको पत्रलाई उद्धृत गर्दै लेखिएको जानकारी प्राप्त हुन आएको देखिन्छ ।

प्रस्तुत घट्नामा मिसिल सामेल रहेको निवेदन, सुरक्षा निकायका तर्फबाट प्राप्त प्रतिक्रिया, आयोगको छानबिन टोलीको प्रतिवेदनसमेतका आधारमा मृतकहरूको मृत्यु सुरक्षाफौजले चलाएको गोलीबाट भएको हो भन्ने कुरामा विवाद नदेखिएको । यस अवस्थामा अब सुरक्षाफौजले केकस्तो परिस्थितिमा गोली चलाएको थियो भन्ने सर्न्दभमा विचार गर्दा २०६०।१०।७ गते नुवाकोट कुमरी गाविस बस्ने राजन पुडासैनी, यदुप्रसाद मुडभरी र मणिराज मुडभरीसमेत तिन जनालाई पक्राउ गरी सुरक्षाकर्मीले गोली हानी मारेको भनी पर्न आएको निवेदन, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मानव अधिकार प्रबद्र्धन केन्द्र तथा शाही नेपाली जङ्गी अड्डाको प्रतिक्रियाअनुसार यी व्यक्तिहरू चन्दा सङ्कलन गरिरहेको अवस्थामा गस्तीमा गइरहेको सुरक्षाफौजलाई देखी भागेको र नभाग्न चेतावनी दिँदादिँदै पनि अटेर गरी भागेकाले प्रतिकारात्मक कारबाहीमा मृत्यु भएको भन्ने घटनाका सम्बन्धमा अनुसन्धान हुँदा उक्त घटनामा दोहोरो भिडन्त वा मुठभेड नभएको

प्रत्यक्षदर्शीहरूको बयान, मृतकका आफन्तको बयान, स्थानीय व्यक्तिहरूले अनुसन्धान टोलीसमक्ष दिएको जानकारी, मृतकहरूका शरीरमा भएका चोटपटकको प्रकृति एवम् गरेका अधिकांश व्यक्तिहरूले मृतकहरू कुनै पनि शङ्कास्पद गतिविधिमा नलागेको सर्वसाधारणको भनाई देखिन्छ । सुरक्षाकर्मीद्वारा पक्राउ गरी आफ्नो नियन्त्रणमा लिएका व्यक्तिहरूलाई गोली प्रहार गरी मारेको र आतङ्ककारी मारिएको भनी जबरजस्ती गाँउलेहरूलाई कागज गराई हिँडेको भन्ने समेत प्रत्यक्षदर्शीहरूको भनाइ रहेकाले सुरक्षाफौजको प्रतिकारात्मक कारबाहीमा मारिएको भन्ने शाही नेपाली जङ्गी अड्डासमेतको भनाइसँग सहमत हुन सकिएन । तसर्थ, सुरक्षाफौजले निजहरूलाई आफ्नो नियन्त्रणमा लिइसकेपछि कानुनको रित पुर्‍याई अनुसन्धान गरी दोषीमाथि प्रचलित कानुनबमोजिम कारबाही गर्नुपर्नेमा सो नगरी कव्जामा लिएपश्चात् गोली चलाई हत्या गरेको देखिन्छ ।

अतः सुरक्षाफौजको यसप्रकारको कार्यबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, १२ र १४ द्वारा प्रदत्त अधिकार, नागरिक अधिकार ऐन २०१२ को दफा १२, नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसङ्घीय अनुबन्ध १९६६ को धारा ६ र धारा २६, जेनेभा महासन्धिहरू १९४९ का साझा धारा ३ मा व्यवस्था भएबमोजिम पक्राउ परेपछि मानवीय व्यवहार गर्नुपर्नेमा सो नगरी मारिएकाले महासन्धिहरूको प्रावधानविपरीत हुन गएको देखिन्छ । साथै मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ३ मा उल्लिखित अधिकारसमेतको उल्लङ्घन भएको देखिएकाले मानव अधिकार आयोग ऐन, २०५३ को दफा १३ को उपदफा (१) र (२) तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १० बमोजिम उक्त कारबाहीमा जिम्मेवार सुरक्षाकर्मीलाई आवश्यक कारबाही गर्न र ऐ. नियम १७ बमोजिम मृतकहरू राजन पुडासैनी, यदु मुडभरी, मणिराज मुडभरीका परिवारलाई निजहरूको पारिवारको दयनीय आर्थिक अवस्थासमेतलाई मध्यनजर गर्दै जनही रु. १५०,०००/- (अक्षरेपि एक लाख पचास हजार रूपैँया) का दरले क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारसमक्ष लेखी पठाउने ठहर्छ ।

यो निर्णयको जानकारी पीडित पक्षलाई समेत दिनू ।

सदस्य	सदस्य	अध्यक्ष

इति संवत् २०६२ साल जेठ ३ गते रोज ३ शुभम् ....

अनुसूची – ३

सरला सापकोटाको उजुरीमा भएको ठहर

राष्ट्रिय मानव अधिकार आयोग

ठहर

माननीय अध्यक्ष केदारनाथ उपाध्याय
माननीय सदस्य रामनगिना सिंह
माननीय सदस्य गौरी प्रधान
माननीय सदस्य डा. लीला पाठक
माननीय सदस्य डा. के.बि. रोकाया

संवत् २०६२ सालको उजुरी नं.: ३०५७

उजुरीकर्ता

सरला सापकोटाको तर्फबाट ...समेत १

विरुद्ध

सादा पोसाक र बर्दीमा आएका सुरक्षाकर्मी..१

विषयः सुरक्षाकर्मीद्वारा बेपत्ता तथा हत्या ।

उजुरीहरूको सङ्क्षिप्त विवरणः

धादिङ जिल्ला जीवनपुर गाविस वडा नं. १ बस्ने वर्ष १५ की सरला सापकोटालाई २०६१।४।१ गते ऐ.ऐ. बाट सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारिएको भनी २०६१।४।११ मा ...को निवेदन आयोगमा पर्न आएको र सोही विषयमा २०६२।९।१६ मा पीडितका ...ले आयोगमा २०६१।३।३१ गते राति सुरक्षाकर्मीले मेरो ...लाई पक्राउ गरी लगेपछि सोही राति हत्या गरी घरदेखि करिब १५०० मिटर टाढा गाडेको भन्ने जानकारीका आधारमा खनेर हेर्दा केही हड्डी तथा कपडाहरू भेटिएकाले उक्त घटनाको छानबिन गरी

दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइपाऊँ भनी २०६२।९।१६ मा निवेदन दर्ता गर्नुभएको रहेछ।

यस सम्बन्धमा आयोगबाट भएको पत्राचारको जबाफमा गृह मन्त्रालयले निजलाई प्रहरीबाट पक्राउ नगरिएको भन्ने उल्लेख गरेको रहेछ। नेपाल प्रहरीले पठाएको पत्रमा निजलाई सेनाको जस्तो कपडा लगाएका हातहतियारसहित आएका व्यक्तिहरूले साथमा लिई गएको र हालसम्म फर्की नआएको भन्ने उल्लेख भएको रहेछ। आयोगबाट शवोत्खनन भई अनुसन्धान भएपछि नेपाली सेनाले पठाएको पत्रमा उक्त घटनाका सम्बन्धमा नेपाली सेनाको केन्द्रीय स्तरबाट उच्चस्तरको छानबिन समिति गठन भई अनुसन्धान भएको उल्लेख रहेछ। उक्त प्रतिवेदनमा सरला सापकोटाको अपहरण भएको भनिएको दिन ६ नं. वाहिनी अड्डा तथा सोअर्न्तगत कुनै पनि युनिटबाट रातको समयमा सानो सङ्ख्यामा सुरक्षाफौज परिचालन नगरिएको हँदा उक्त कार्यमा उक्त वाहिनी तथा सोअन्तर्गतको कुनै युनिटको संलग्नता नभएको निष्कर्ष निकालेको, निज सरला सापकोटाको २०६१।४।१ गते हत्या गरेर मैदान चौतारोमा खाल्डोमा पुरिएको हुन सक्ने अनुमान गरेको, उक्त दिन राति २३:०० बजे नियन्त्रणमा लिएर सोही राति हत्या गर्ने समूहको प्रत्यक्षदर्शीको अभाव र हालसम्म प्राप्त विवरणबाट पहिचान गर्न नसकेकाले अज्ञात समूहले अपहरण गरी निज सरला सापकोटाको हत्या गरेको हुन सक्ने सम्भावना देखिएको उक्त छानबिन समितिको रायमा खुल्न आएको भन्ने उल्लेख भएको रहेछ।

आयोगको अनुसन्धान टोलीले २०६२।७२३ देखि २६ गतेसम्म धादिङ जिल्लाका विभिन्न गाविसहरूमा अनुसन्धान गर्दा सरला सापकोटालाई मिति २०६१।४।१ गते सुरक्षाकर्मीहरूले घरबाट पक्राउ गरी बेपत्ता पारेको तथ्य फेला परेकाले आयोगको अनुसन्धान टोलीले २०६२।९।२७ देखि २०६२।१०।१ सम्म पुनः स्थलगत अनुसन्धान गरेको तथा यसक्रममा त्रिभुवन विश्वविद्यालय फरेन्सिक मेडिसिन विभागका विशेषज्ञसहितको आयोगको अनुसन्धान टोलीले २०६२।९।२७ गते धादिङ जिल्लाको केवलपुर गाविस ८ बाट शव उत्खनन गरी परीक्षण कार्यसमेत सम्पन्न भएको रहेछ।

त्रिभुवन विश्वविद्यालय फरेन्सिक मेडिसिन विभागले दिएको अटोप्सी रिर्पोटमा निज मृतकको मृत्युको कारण Blunt force head injury भन्ने उल्लेख भएको देखिन्छ। अटोप्सी रिपोर्टबाट उत्खनन गरिएको शव सरला सापकोटाको भएको र यसको शत

प्रतिशत पुस्ट्याइँका लागि DNA गर्न सिफारिस गरिएअनुसार भारतको हैदरावादस्थित DNA फिङ्गरप्रिन्ट एवम् निदान केन्द्रमा DNA परीक्षण गराइएकोमा उपलब्ध अस्थिपञ्जरबाट DNA परीक्षण हुन नसकेको भन्ने प्रतिवेदन प्राप्त हुन आएको र उत्खनन गरिएको अस्थिपञ्जर फरेन्सिक मेडिसिन विभाग, शिक्षण अस्पतालमा राखिएको अवस्था रहेछ ।

पक्राउ गरेको अवस्थामा देख्ने पीडितका ... र ...ले सरलालाई घरमा सुतिरहेको अवस्थामा आफ्नै अगाडि सुरक्षाकर्मीले पक्राउ गरी लगेको भन्ने ब्यहोराको बयान अनुसन्धान टोलीसमक्ष दिएको तथा धादिङ जिल्ला जीवनपुर र केवलपुर बस्ने पाँच जना व्यक्तिहरूले आयोगको अनुसन्धान टोलीसमक्ष गरेको कागजमा सरला सापकोटालाई सुरक्षाकर्मीले नै पक्राउ गरी बेपत्ता बनाएका हुन् भन्ने ब्यहोरा खुलाएको र जीवनपुर गाविस ... बस्ने ... ले आयोगको टोलीसमक्ष दिएको बयानमा घटना भएको दिन आफ्नो घरमा समेत सुरक्षाकर्मी आएका थिए र सरला सापकोटालाई पक्राउ गर्ने सुरक्षाकर्मी नै हुन् भन्ने ब्यहोरा खुलाइदिनुभएको रहेछ ।

केवलपुर गाविस ... बस्ने ... ले आयोगको अनुसन्धान टोलीसमक्ष दिएको बयानमा सरला सापकोटालाई सुरक्षाकर्मीले पक्राउ गरेको थाहा पाएको हो भन्ने ब्यहोरा उल्लेख भएको रहेछ भने ऐ. बस्ने ... ले आयोगको अनुसन्धान टोलीसमक्ष दिएको बयानमा सरला सापकोटालाई घरबाट पक्राउ गरी केवलपुर गाविस ८ मा पर्ने आचार्य पोखरीसम्म लगेको थाहा पाएको थिएँ भन्ने ब्यहोरा उल्लेख गरेको देखिन्छ । केवलपुर गाविस ... बस्ने ... ले आयोगको अनुसन्धान टोलीसमक्ष दिएको बयानमा घटना भएको राति १:०० बजेतिर चार जना मानिसले कोदालो मागेर लगे, यसबाट शङ्का मानेर यताउता खोज्दा घटना भएको १८/२० दिनपछि मैदान चौतारोमा खनेको र झिँगा भन्केको ठाउँ फेला पारेँ; पछि सरलालाई पक्राउ गरेको थाहा पाएँ; निजलाई मारेर पुरेको होला भन्ने लाग्यो तर डरले गर्दा कसैलाई भन्न सकिनँ भन्ने ब्यहोरा उल्लेख गरेको रहेछ । केवलपुर गाविस ... बस्ने ... ले आयोगको अनुसन्धान टोलीसमक्ष दिएको बयानमा सरला सापकोटालाई २०६१ साल असार मसान्तको राति ११:०० बजे सादा पोसाकका सुरक्षाकर्मी (सेना) ले समातेर मेरो भाइ ... को घरमा राति अन्दाजी ११:३० बजेको समयमा आई ढोका खोल्न लगाई चाउचाउ पकाउन भन्दा भाइबुहारीले बिरामी छु सक्दिनँ भनेकी, उनीहरूले “अरू. कोको छन् भन् सरला ?” भनेको बुहारीले सुनेको, निजलाई सेनाले नै बेपत्ता पारेको हो भन्ने ब्यहोरा उल्लेख

गरेको रहेछ । केवलपुर गाविस ... बस्ने ... ले आयोगको अनुसन्धान टोलीसमक्ष बयान दिई २०६१ साल असार मसान्तको राति ११:३० बजेतिर बिरामी लिएर आएको ढोका खोल्नुस् पानी खानुपर्‍यो भनेपछि मैले उठेर बत्ती बालेर तल ओर्ली ढोका खोलें; सादा पोसाकमा हतियार बोकेका दुई जना भित्र आए; एक जना चोटामा आयो र तिनवटा बेड रहेछ अरू. कोही रहेनछ भन्यो; अर्को तलै बस्यो; हामीलाई चाउचाउ पकाई दिनुहोस् भने; मैले सन्चो छैन भनें, ...बाट चाउचाउ र ग्लुकोज लिएर खाए; मोबाइल चार्ज गरे; दाइ कहाँ हुनुहुन्छ भनी सोधे; बाहिर सरला तँ किन हिँडेको भनी सोधेको सुनें; उनीहरू आधा घण्टापछि गए । सुरक्षाकर्मीहरू त्यसैगरी अरू. दिन पनि आउँथे; मेरो घरमा सर्च गर्थे; त्यस दिन आएका पनि सुरक्षाकर्मी नै हुन् । सरलालाई सुरक्षाकर्मीले पक्राउ गरी लगेको साउन ३ गते थाहा पाएँ भन्ने समेत ब्यहोरा उल्लेख भएको बयान मिसिल संलग्न रहेछ ।

सरला सापकोटा र मैले ज्योति माविमा कक्षा ७ मा सँगै पढेका हौं; तिन महिना पढेपछि उनले पढ्न नआउने भन्थिन्; पछि माओवादीसँग विद्यालय र घरबाट आएकी थिइन्; घटना भएको दिन हजुरबुबालाई घरबाट पक्राउ गरेर मैदान चौतारोमा ल्याएछन् । ... को घरमा कोदालो मागेर लगेछन् ... को श्रीमतीले धारामा पानी भर्न जाँदा आर्मीले हाम्रो घरबाट कोदालो मागेर लगेका थिए । मान्छे मारेर पुरेका छन् अरे; कोदालो पनि हालसम्म फिर्ता गरेका छैनन् भनिन् । मैले को मारेछन् त भनें, बुबा पसलतिर जाँदा सापकोटाको छोरी पो मारेका रे भन्नुभयो । हामीले एक पटक सिमली देवता थानमा पूजा गर्न जाँदा खाडल खनेको ठाउँमा ढुङ्गा राखेको थियो । यही हो कि भनेर हेर्‍यौं, पहिले त्यहाँ ढुङ्गा थिएन । २०६१ असार मसान्तको दिन दोहोरो भिडन्त भएको वा गोली चलेको केही थाहा भएन तर त्यस दिन गाउँमा ५०/६० जना जति आर्मी ड्रेसमा हतियारसहित आएको देखेको थिएँ भन्ने ब्यहोराको केवलपुर गाविस वडा नं. ... बस्ने ... ले आयोगको अनुसन्धान टोलीसमक्ष दिएको बयानसमेत मिसिल संलग्न रहेछ ।

अनुसन्धानको क्रममा बुझिएका घटनाका प्रत्यक्षदर्शी, जानकार व्यक्तिहरू, पीडितका आफन्तहरूको भनाइ एवम् लासको अवस्थाको आधारमा धादिङ जिल्ला जिवनपुर गाविस १ बस्ने वर्ष १५ की बालिका सरला सापकोटालाई २०६१।३।३१ गते राति करिब ११:०० बजे जीवनपुर गाविस १ स्थित निजको ...को घरबाट सुरक्षाकर्मीले पक्राउ गरी सोही दिन राति धादिङ जिल्लाको केवलपुर गाविस ८ मा लगी मारेर

उक्त स्थानको मैदानचौतारी भन्ने ठाउँमा पुरेको देखिन्छ । निज बालिकालाई सुरक्षाकर्मीहरूले पक्राउ गरी मनसायपूर्वक मारेर शवलाई कसैले नदेख्ने गरी पुरेर सुरक्षा निकायका कुनै पनि रेर्कडमा घटना उल्लेख नगरी घटनालाई ढाकछोप गर्न खोजेको देखिन्छ भन्ने समेत ब्यहोराको अनुसन्धान टोलीको प्रतिवेदन रहेछ ।

पीडित पक्षले जिल्ला प्रहरी कार्यालय धादिङमा मिसिल नम्बर १११ (०६२–०६३) मा जाहेरी दरखास्त दर्ता गराएकोमा त्यसउपर प्रभावकारी अनुसन्धान नगरेको भनी जिल्ला प्रहरी कार्यालय धादिङ र जिल्ला सरकारी वकिल कार्यालय धादिङ विरुद्ध परमादेशसमेतको आदेश जारी गर्न माग गरी सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराएकोमा सर्वोच्च अदालतबाट कारण देखाऊ आदेश जारी भएको भन्ने पीडित पक्षको भनाइ रहेछ ।

आयोगको २०६४।९।१९ गतेको बैठकबाट अनुसन्धानका लागि २०६१।४।१ गते नेपाली सेनाको ६ नं. वाहिनी बैरेनी धादिङमा कार्यरत वाहिनीपति को थियो भनी पत्राचार गर्ने भन्ने निर्णय भएबमोजिम २०६४।१०।२ मा रक्षा मन्त्रालय तथा नेपाली सेना मानव अधिकार निर्देशनालयमा पत्राचार गरिएकोमा उक्त पत्रको जबाफमा तत्कालीन परिस्थितिमा विभिन्न युनिट/फर्मेसनमा कर्तव्य पालनाको सिलसिलामा कार्यरत पतिहरूको भविष्यमा समेत व्यक्तिगत सुरक्षा र गोपनीयताको संवेदनशीलतालाई मध्यनजर राख्दै तहाँबाट माग गरिएका कुनै घटना विशेषको सम्बन्धमा कुनै विवरण आवश्यक परेको भए सदाझैँ जङ्गी अड्डा सम्बन्धितहरूसँग विवरण माग गरी जानकारी गराउने गरेको र गराउने सकिने भन्ने ब्यहोरा उल्लेख गरेको रहेछ । सोही सम्बन्धमा आयोगको २०६५।२।२४ गतेको बैठकबाट नेपाली सेनाको ६ नं. वाहिनी बैरेनीमा घटना भएको समय २०६१।३।३१ गते कार्यरत वाहिनीपतीसँग केही कुरा बुझ्नका लागि उपस्थित गराउन पत्राचार गर्ने भन्ने निर्णयअनुसार २०६५।२।३१ गते नेपाली सेना कार्यरथी विभाग मानव अधिकार निर्देशनालय जङ्गी अड्डा, भद्रकाली काठमाडौँमा पत्राचार गरिएकोमा निजलाई उपस्थित नगराएको अवस्था रहेछ ।

आयोगको ठहर

आयोगबाट शवोत्खननपूर्व लिइएको एन्टिमोर्टम डाटामा उल्लिखित तथ्यहरू मिल्न गएको तथा पीडितका ...ले उक्त शव सरला सापकोटाको नै भएको किटानी निवेदन दिएको र विशेषज्ञबाट जाँच गरी प्राप्त प्रतिवेदनमा समेत उक्त शव सरला सापकोटाको नै भएको

निष्कर्ष भएको पाइएकाले आयोगको अनुसन्धान टोलीद्वारा २०६२ पौष २७ गते धादिङ जिल्लाको जीवनपुर गाविस १ बस्ने वर्ष १५ की सरला सापकोटाको भएको प्रमाणित हुन आएको छ । पीडितका ... समेतले दिएको किटानी उजुरी, अनुसन्धानको क्रममा बुझिएका घटनाका प्रत्यक्षदर्शी एवम् जानकार व्यक्तिहरूको भनाइ तथा नेपाल प्रहरीद्वारा प्राप्त पत्रमा सरला सापकोटालाई सेनाको जस्तो कपडा लगाएका हातहतियारसहितका व्यक्तिहरूले साथमा लिई गएको भन्ने ब्यहोरासमेतको आधारमा सरला सापकोटालाई २०६० असार मसान्तको राति सुरक्षाकर्मीद्वारा पक्राउ गरी सोही स्थानको आचार्य पोखरीको बाटो हुँदै केवलपुर गाविस वडा नं. ८ मा पर्ने मैदान चौतारी भन्ने स्थानमा लगी सोही दिन मारेर खाडल खनी पुरेर व्यक्तिको मृत्यु भएको अवस्थामा गर्नुगर्ने कानुनी प्रक्रियासमेत पुरा नगरेको तथा सुरक्षा निकायको कुनै पनि रेर्कडमा घटना उल्लेख नगरी ढाकछोप गरेको तथा व्यक्तिको अवस्था बेपत्ता बनाएको देखिन आएको छ । उक्त घटनाका सम्बन्धमा नेपाली सेनाको उच्चस्तरीय छानबिन टोलीको निज सरला सापकोटाको अज्ञात व्यक्तिहरूले हत्या गरेको देखिन आएको भन्ने निष्कर्षलाई विश्वास गर्न सकिएन । उक्त घटनामा नेपाली सेनाको प्रत्यक्ष संलग्नता देखिन आयो । सो क्षेत्रमा कार्यरत नेपाली सेनाको ६ नं. वाहिनीलाई सो घटनाका बारेमा जानकारी हुनुपर्ने नै हुँदा उक्त वाहिनीका वाहिनीपतिलाई आयोगमा उपस्थित गराउन गरिएको पत्राचारबमोजिम नेपाली सेनाले निजलाई उपस्थित नगराई आयोगको अनुसन्धानमा असहयोग गरेको समेत देखिन आयो । उक्त घटनामा नेपाली सेनाको ६ नं. वाहिनी बैरेनी धादिङका वाहिनीपतिले पदीय दायित्वअनुसार कानुनबमोजिम आफूलाई तोकिएको जिम्मेवारी पुरा गरी नागरिकको जिउज्यान सुरक्षित गर्नुपर्नेमा सो नगरी मानव अधिकार उल्लङ्घन कार्यमा संलग्न रहेको देखिएन आयो । घटना भएको समयमा कार्यरत नेपाली सेनाको ६ नं. वाहिनी बैरेनी धादिङका वाहिनीपतिसमेत २०६१ असार मसान्तको दिन धादिङ जिल्लाको जीवनपुर तथा केवलपुर क्षेत्रमा खटिने सुरक्षाकर्मीको टोलीका प्रमुख तथा आफ्नो नियन्त्रणमा लिएका व्यक्तिलाई मार्न निर्देशन दिने तथा त्यसको कार्यान्वयन गर्ने र घटनालाई ढाकछोप गरी व्यक्तिको अवस्था बेपत्ता बनाउने कार्यमा संलग्न थप सुरक्षाकर्मीको पहिचान गरी व्यक्तिगत जबाफदेहिताको आधारमा कानुनबमोजिम कारबाही गर्नुपर्ने देखिन्छ ।

घटना भएको बेला क्रियाशील रहेको तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२(१) मा कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण नहुने व्यवस्था रहेको तथा नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ मा पनि

सोअनुरूपको व्यवस्था भइरहेको देखिन्छ । यस घटनामा सुरक्षाकमीद्वारा नागरिक अधिकार ऐन २०१२ को दफा १२ मा उल्लिखित कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता अपहरण नहुने व्यवस्थाको पनि उल्लङ्घन गरेको देखिन्छ । घरमा सुतिरहेकी एक बालिकालाई गैरकानुनी रूपमा नियन्त्रणमा लिई हत्या गरी घटनालाई लुकाउन खोज्ने सुरक्षाकर्मीको नियतले मानव अधिकार उल्लङ्घनको गम्भीर अवस्था देखिएको छ । यस कार्यबाट माथि उल्लिखित राष्ट्रिय कानुनबाहेक नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ को धारा ६ ले प्रत्येक व्यक्तिको जीवनको अन्तर्निहित अधिकार हुने र कानुनद्वारा यस्तो अधिकारको रक्षा गरिने तथा स्वेच्छाचारी किसिमले कसैको पनि जीवन हरण नगरिने भन्ने व्यवस्थाको साथै जेनेभा महासन्धिहरू १९४९ का साझा धारा ३ को समेत उल्लङ्घन भएको छ ।

अतः धादिङ जिल्ला जीवनपुर बस्ने सरला सापकोटालाई २०६१।४।१ गते सुरक्षाकर्मीले कब्जामा लिई मारेको भनिएको घटनामा आयोगबाट विशेषज्ञ सम्मिलित टोली खटाई शवोत्खननसमेत भएको प्रतिवेदन आयोगसमक्ष पेस हुँदा प्रत्यक्षदर्शीको भनाइ, घटनाको परिस्थितिजन्य प्रमाण, विशेषज्ञको प्रतिवेदनसमेतको आधारमा शवोत्खनन भएको लास निज सरला सापकोटाको भएको देखिन्छ । निज सरला सापकोटा २०६१।४।१ देखि बेपत्ता भएको र हालसम्म निजको अवस्था सार्वजनिक नभएकोबाट समेत मानव अधिकारको गम्भीर उल्लङ्घन हुन गएको देखिन्छ । घटनाबारे बुझ्न ६ नं. वाहिनी बैरेनी धादिङमा तत्कालीन अवस्थामा कार्यरत वाहिनीपतिलाई बुझ्न नेपाली सेना मानव अधिकार निर्देशनालयलाई पत्राचार भएकामा कुनै जबाफ प्राप्त भएको देखिएन । यसमा जिल्ला प्रहरी कार्यालय धादिङ, दर्ता नम्बर १११ मा जाहेरी दरखास्त दर्ता भएको मिसिल संलग्न रहेको रेकर्डबाट देखिन्छ । सुरक्षा निकायबाट निज सरला सापकोटालाई गिरफ्तार गरी कब्जामा लिई गैरन्यायिक हत्या गरी तथ्य सङ्कलित सबुत, परिस्थितिजन्य प्रमाणसमेतबाट पुष्टि हुन्छ । अतः गैरन्यायिक हत्यामा संलग्न व्यक्तिहरूमाथि ज्यानसम्बन्धी कसुरमा कारबाही गर्न जिल्ला प्रहरी कार्यालय धादिङमा दर्ता रहेको जाहेरी दरखास्तमा कारबाही अगाडि बढाउन जिल्ला प्रहरी कार्यालय धादिङलाई आदेश दिन नेपाल सरकारलाई लेखिपठाउने र त्रिभुवन विश्वविद्यालय फरेन्सिक मेडिसिन विभाग महाराजगन्जमा रहेको सरला सापकोटाको शव प्रहरीद्वारा थप अनुसन्धान कार्यका लागि पत्र प्राप्त भएको मितिले १५ दिनभित्र माग भई आएमा प्रहरीलाई दिने र सो समयभित्र नेपाल प्रहरीद्वारा माग नभएमा निजको आफन्तलाई शव बुझाइदिन त्रिभुवन

विश्वविद्यालय, फरेन्सिक मेडिसिन विभाग र जिल्ला प्रहरी कार्यालय धादिङलाई सोही ब्यहोराको पत्र लेखी जानकारी गराइदिने । साथै मानव अधिकारको गम्भीर उल्लङ्घनबाट पीडित परिवारलाई भरणपोषणका लागि राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००। (तिन लाख रुपैँया) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ठहर्छ ।

यो निर्णयको जानकारी पीडितसमेतलाई दिनू ।

....

सदस्य सदस्य सदस्य सदस्य अध्यक्ष

इति संवत् २०६५ साल असार ३० गते रोज २ शुभम्......................

अनुसूची – ४

हरिप्रसाद बोलखेका सम्बन्धमा आयोगबाट भएको निर्णय

राष्ट्रिय मानव अधिकार आयोग

ठहर

माननीय अध्यक्ष केदारनाथ उपाध्याय
माननीय सदस्य रामनगिना सिंह
माननीय सदस्य गौरी प्रधान
माननीय सदस्य डा. लीला पाठक
माननीय सदस्य डा. के.बि. रोकाया

संवत् २०६२ सालको उजुरी नं : ३०५७

उजुरीकर्ता

काभ्रेपलान्चोक जिल्ला फूलबारी गाविस वडा नं.८ बस्ने हरिप्रसाद बोलखेका तर्फबाट नेपाल मानव अधिकार सङ्गठन, केन्द्रीय कार्यालय काठमाडौँसमेत १

विरुद्ध

सादा पोसाकका सुरक्षाकर्मी समेत...१

विषय : सुरक्षाकर्मीद्वारा बेपत्ता तथा हत्या ।

उजुरीको सङ्क्षिप्त विवरण :

काभ्रेपलान्चोक जिल्ला फूलबारी गाविस वडा नं. ८ बस्ने हरिप्रसाद बोलखेलाई २०६०।९।१२ गते काभ्रेपलान्चोक जिल्लाको बनेपाबाट सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारिएकाले निजको अवस्था सार्वजनिक गरिदिनका लागि ...को निवेदन २०६२।४।१ समेतमा, सोही विषयमा ...को निवेदन २०६३।३।४ मा र नेपाल मानव अधिकार सङ्गठनले पठाएको निवेदन २०६३।३।११ मा र पीडितका ... को निवेदन २०६३।३।१० मा प्राप्त हुन आएको देखियो ।

आयोगमा उजुरी प्राप्त भएपछि २०६२।४।३ गते श्री रक्षा मन्त्रालय र श्री गृह मन्त्रालयमा पत्राचार गरी सोको बोधार्थ एवम् कार्यार्थ नेपाली सेना मानव अधिकार इकाइ एवम्

प्रहरी प्रधान कार्यालय मानव अधिकार इकाइमा पठाइएकोमा उक्त पत्रको जबाफमा गृह मन्त्रालयले निज हरिप्रसाद बोलखे आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेशअर्न्तगत नजरबन्दमा रहेकोमा २०६०।१।८ मा छाडिएको र निज मासिक रूपमा जिल्ला प्रहरी कार्यालयमा हाजिर हुँदै आएकोमा २०६०।९।२४ मा हाजिर हुनुपर्नेमा हाजिर हुन नआएको भन्ने जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोकको २०६१।६।६ को पत्रबाट जानकारी प्राप्त भन्ने राज्यद्वारा बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको बारेमा छानबिन गरी यर्थाथ स्थिति पत्ता लगाई प्रतिवेदन प्रस्तुत गर्न गठित समितिले २०६१।६।२५ मा प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख भएको तथा निजलाई २०६०।९।१२ मा प्रहरीद्वारा पक्राउ गरिएको अभिलेखबाट देखिन नआएको भन्ने ब्यहोरा उल्लेख गरेको रहेछ । यस सम्बन्धमा नेपाली सेनाले पठाएको पत्रमा निज हरिप्रसाद बोलखे २०६१।६।२६ बाट पक्राउ परेको वा अन्य कुनै घटनामा परेको सम्बन्धमा नेपाली सेनालाई कुनै जानकारी प्राप्त नभएको भन्ने उल्लेख भएको रहेछ ।

यस सम्बन्धमा आयोगको अनुसन्धान टोलीले २०६३।३।१३ गते स्थलगत अनुगमन गर्दा निजलाई सुरक्षाकर्मीले पक्राउ गरी काभ्रेपलाञ्चोक जिल्लाको विभिन्न स्थानमा घुमाउन लगेको र यसक्रममा २०६०।११।४ मा जिल्लाको चलाल गणेशस्थान १ मा ल्याई मारी जङ्गलमा शव गाडेको भन्ने जानकारी प्राप्त हुन आएको आधारमा उक्त स्थानमा गई खोजी गर्दा जङ्गलको बिचमा एउटा शव गाडेको अवस्थामा फेला परेको भन्ने अनुसन्धान टोलीको प्रतिवेदन रहेछ ।

आयोगको २०६३।३।१८ को निर्णयअनुसार फरेन्सिक विशेषज्ञसहितको टोलीले २०६३।३।२० गतेदेखि २०६३।३।२१ गतेसम्म घटनास्थलको अवलोकन गर्ने, शव उत्खनन गरी अनुसन्धान गर्ने घटनास्थलको अवस्था, शवको अवस्थासमेतको मुचुल्का गर्ने, घटनाका जानकार व्यक्तिहरूसँग कागज गराउने र घटनाका बारेमा स्थानीय प्रशासनसँग जानकारी लिने तथा अनुसन्धानका बारेमा जानकारी गराउने कार्यसमेत गरी अनुसन्धान भएको र उत्खनन गरिएको शव परीक्षण कार्य समाप्त भई २०६३।५।२८ मा उक्त शव त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्जबाट बुझिलिई पीडितका आफन्तलाई बुझाइएकोमा मृतक परिवारले मृतकले मान्दै आएको धर्म संस्कृतिबमोजिम जिल्लाको फूलबारी गाविस वडा नं. ८ मा सोही दिन शवको अन्तिम संस्कार गरेका भन्ने प्रतिवेदन रहेछ ।

त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल फरेन्सिक मेडिसिन विभाग महाराजगन्जले दिएको अटोप्सी रिपोर्टमा मृतकको मृत्युको कारण Gunfire injury to Pelvis भन्ने

उल्लेख भएको रहेछ । उक्त विभागले दिएको Report of Atopsy मा पीडित भनी आशङ्का गरिएका व्यक्तिका भाइ तथा राष्ट्रिय मानव अधिकार आयोगबाट दिइएको History / exhumation findings तथा autopsy findings का आधारमा प्राप्त मृत शरीर फूलबारी गाविस वडा नं. ८ बस्ने वर्ष ३५ का हरिप्रसाद बोलखेको भएको र मृत शरीरमा फेला परेका दुईवटा परिचयपत्रहरूले समेत मृतक व्यक्ति हरिप्रसाद बोलखे नै भएको प्रमाणित भएको भन्ने उल्लेख भएको रहेछ ।

शव परीक्षणका क्रममा फेला परेका गोलीका खोका र छर्रा केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशाला ब्यालेस्टिक डिपार्टमेन्टमा परीक्षणका लागि पठाउँदा उक्त कार्यालयबाट २०६३।५।५ मा आयोगमा पठाइएको रिपोर्टमा उक्त खोका र छर्राहरूमा SG (grain) size lead pellets of 12 bore shotgun cartridge and a wad (plastic cup) of bore shotgun cartridge भएको उल्लेख भएको रहेछ ।

भक्तपुर जिल्ला भक्तपुर नगगरपालिका बस्ने ... ले आयोगको अनुसन्धान टोलीसमक्ष दिएको बयानमा आफूलाई सुरक्षाकर्मीले २०६० साल कार्तिक महिनामा पक्राउ गरी पनौती ब्यारेकमा राखेकोमा हरिप्रसाद बोलखेलाई सेनाको ड्रेस लगाएर ल्याएको र सोही दिनदेखि आफूसमेत निज हरिप्रसाद बोलखे र ... का ... लाई सैनिक पोसाक लगाई काभ्रेपलान्चोक जिल्लाको खोपासी, कामीडाँडा, फलामेटार, ढुङखर्क आदि ठाँउहरूमा घुमाउन लगेको, यसरी चारपाँच दिनसम्म घुमाएर अन्तिम रात ढुङ्खर्कमा रहेको तिनतल्ले नयाँ घरमा सुताइएको, भोलिपल्ट बिहान हिँड्दा आफूहरूमध्ये तिनै जनालाई छुट्याएर हिँडाइएको, ढुङखर्कको ओरालोमा आएपछि गोली चलेको सुनेको, सुरक्षाकर्मीले खोपासीसम्म गोली चलाउँदै आएका, ... लाई पनौतीमा ल्याएर छाडिदिएको तर हरिप्रसाद बोलखेसँग भेट नभएको, सुरक्षाकर्मीलाई सोध्दा छाडेको भनेको, सुरक्षाकर्मीले आपसमा कुरा गरेको सुन्दा एक जनालाई उतै छाडेर आइयो भनेको सुनिएको । ब्यारेकमा ल्याएपछि मलाई बोलखेलाई खाना खुवाउन जान्छस् भने मैले जान्छु भनें; तिमीहरू झगडा गर्छौ जानु पर्दैन भने; मलाई मारियो भन्ने लाग्यो भन्ने ब्यहोरा उल्लेख गरेको रहेछ ।

काभ्रेपलान्चोक जिल्ला ... गाविस वडा नं. १ बस्ने वर्ष ... को ... ले आयोगको अनुसन्धान टोलीसमक्ष गरेको कागजमा २०६० फागुन ४ गते बिहान ६:३० बजेतिर म घर लिप्दै थिएँ; ढ्याङ-ढ्याङ गरेको आवाज आयो; पछि धारामा गएको बेलामा घरअगाडिको बाटामा एकैथरीको हरियो ड्रेस लगाएका सुरक्षाकर्मीहरू तलतिर झर्दै थिए । उनीहरू आफ्नो बाटो गए । त्यस घटनामा केकसो भयो थाहा भएन भन्ने ब्यहोरा उल्लेख गरेको रहेछ । यसैगरी काभ्रेपलान्चोक जिल्ला चलाल गणेशस्थान ... बस्ने ... ले आयोगको अनुसन्धान टोलीसमक्ष

गरेको कागजमा घटना भएको दिन म मुख धुन घरबाट बाहिर थिएँ; गाँउमा सुरक्षाकर्मी आएको कुरा सुनेँ; केही माथि आएपछि ड्रेसमा हतियारसहितका सुरक्षाकर्मीहरू बाटामा देखेँ । सङ्ख्या पचास-साठीभन्दा माथि थियो । उनीहरू माथि मूल खोलाबाट गणेशस्थानतर्फ जाँदै थिए । ढल्योढल्यो भनेको सुनियो; फायरिङ रोकिएपछि उनीहरू माओवादी भेटियो भने खबर गर्नू; बिहानै यसरी पुरपार गरेर हिँड्नुपर्छ भन्दै गणेश स्थानतर्फ गए । त्यस घटनामा एक व्यक्तिको मृत्यु भएको र सल्लाको फेद भन्ने जङ्गलमा शव गाडिएको भन्ने कुरा गाँउमा चलेको थियो भन्ने ब्यहोरा उल्लेख गरेको रहेछ ।

काभ्रेपलान्चोक जिल्ला चलाल गणेशस्थान गाविस ... बस्ने वर्ष ... को ... ले आयोगको अनुसन्धान टोलीसमक्ष लेखाइदिएको कागजमा घटना भएको दिन बिहान ६ बजेतिर लड्कु र ढुङ्खर्कतिरबाट सत्तरी-असी जनाको सङ्ख्यामा ड्रेस लगाएका हतियारसहितका सुरक्षाकर्मीहरू पार्थली भन्ज्याङमा आएका रहेछन् । म पनौती जान घरबाट त्यहाँ आएको थिएँ । सुरक्षाकर्मीहरू सरासर गणेश स्थानतर्फ गए; म बसमा पनौतीतर्फ जाँदा चलाल गणेशस्थान १ स्थित खड्गीचौरमा पुगेपछि गोली चलेको आवाज आयो; बसमा चढेका हामीहरूले माओवादी मारिए भन्ने आशङ्का गर्‍यौँ; गाडी रोक्यौँ । पाँच मिनेटपछि गाडी अगाडि बढाई चलाल गणेशस्थान १ स्थित ... को घरनिजक पुग्दा सुरक्षाकर्मीले गाडी रोकेर चेक गरे; गाडी छोडेपछि म पनौती गएँ; मूलखोलास्थित सल्लाको फेद भन्ने स्थानमा बाटाको माथि महिलाको सल देखिएको थियो; त्यहाँ बाहिरको मान्छे मारियो भन्ने सुनियो भन्ने ब्यहोरा उल्लेख गरेको रहेछ ।

काभ्रेपलान्चोक जिल्ला पनौती नगरपालिका ... बस्ने ... ले आयोगको अनुसन्धान टोलीसमक्ष बयान गरी निजलाई पनौतीस्थित सेनाको गोरखनाथ गुल्मले तारिखमा राखेको कारण २०६० साल माघ महिनाको अन्तिम साता तारिखका लागि बिहानै जान लागेको थिएँ । सेनाले घरमै आएर बेलुका आउनु भने; म बेलुका ५ बजेतिर गएँ; ६ बजेतिर त्यहीँ खाना खान दिए; त्यहाँ ... थुनामा नै थिए; अर्का एक व्यक्ति पनि थिए; कुनै बन्दी रहेछन् भन्ने सोचेँ; उनलाई मैले चिनेको थिइनँ; बेलुका ८ बजेतिर म, ... र ती नयाँ बन्दीलाई सेनाले मिसनमा लगे; हामी तिन जनालाई सेनाको ड्रेस लगाएर आर्मीको झोला बोकाएर लगियो । बिहान ४ बजेतिर कामीडाँडा पुगेपछि ती व्यक्तिसहित सुरक्षाकर्मीले दिउँसोसम्म चौरमा त्यहीँ राखे । दिउँसो हरि बोलखे भनी बोलाएको सुनेपछि नाम थाहा भयो । कामीडाँडाका शिक्षकहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी पछि छाडे । त्यहीँ एक स्थानीय ४२ वर्ष जतिकी ... महिलालाई कुटपिट पनि भयो । तिनै महिलाको घरमा खाना खाएर माथि महाभारतको लेकको टुप्पोमा बास बसियो । कामीडाँडामा माओवादीले बम पड्काए; माओवादी भागेपछि माओवादीले ल्याएको बम भनी हामी तिन जनाको बिचमा ल्याई

लेफ्टिनेन्टले फालिदिए तर बम पड्किएन । पछि ... लाई जबरजस्ती बम पड्काउन लगाए; हामीलाई काभ्रेपलान्चोक जिल्लाको फलामेटार लगियो; बिहानको खाना त्यहीँ खायौँ र तालढुङ्गा स्कुलअगाडिको घरमा बास बस्यौँ; भोलिपल्ट बाटोमा माओवादीले बनाएका गेट भत्काउँदै लगे । वाग्मतीको किनारामा तिन जनाले चामल बोकेर ल्याउँदै रहेछन्; सुरक्षाकर्मीले माओवादीलाई ल्याएको चामल भनी खोसेर खाए; चामल बोक्नेलाई कुटेर छाडिदिए । त्यहाँबाट माझीगाँउ भन्ने स्थानमा लगियो । त्यहाँ लेफ्टिनेन्ट र प्रहरीले ... खाए । त्यसपछि मिल्चे लगियो । त्यहाँ स्थानीय केटीहरूलाई नराम्रो व्यवहार गरियो । सिपाहीहरूले ... खाएका थिए । राति मिल्चे स्कुलमा राखियो । राति २ बजेतिर हिँडाएर बिहान एउटा घरमा ढोका खोल्न लगाए । माओवादी को को आउँछन् भनी सोधपुछ गरे । हामीलाई च्याम्राङबेँसी भन्ने स्थानमा पुऱ्याइयो । त्यहाँबाट बेलुका ५ बजेतिर हिँडेर राति ११ बजे ढुङखर्क भन्ने स्थानमा पुगियो । त्यहाँ बाटोमा छेउमा रहेको बोर्डिङ स्कुलमा बास बसियो । बिहान ३:३० बजेतिर उठाएर ५ बजे पार्थली पुऱ्याइयो । हामीलाई सल्लाघारीबाट तलतिर लगियो; तल ... को घरमा ल्याएर ... र मलाई राखियो । माथि जङ्गलतिर गोली चलेको आवाज आयो । धेरै राउन्ड गोली चलेको सुनियो । जङ्गल पुरै सेनाले घेरेका थिए, हरिप्रसाद ढुङ्खर्कदेखि नै हामीसँग थिएनन्; सेनाले गोली खोपासीसम्म चलाएका थिए; लेफ्टिनेन्टले गोली चलाउने आदेश दिएका थिए । सल्लाको फेद भन्ने स्थानमा ... को घरमा आएर लेफ्टिनेन्टले लसुन साँधेर ... खाए । त्यो घटना बिहान ७ बजेतिर भएको थियो; बिहान १० बजेतिर भीमसेनस्थानमा ल्याएर मलाई सेनाको ड्रेस खोल्न लगाएर बेलुका आउनू भनी छोडिदिए । बेलुका ५ बजेतिर गोरखनाथ गणमा गएर तारिख लिएर घर आएँ । मैले हरिप्रसादलाई पहिले चिनेको थिइनँ; सँगै मिसनमा हिँडाएपछि चिनेको हो ।

मिल्चे स्कुलमा पुऱ्याएपछि लेफ्टिनेन्ट बाबुराम थापाले के काम गर्नुहुन्छ भनी सोध्दा निजले क्रिस्चियनको प्रचार गर्छु; तलब ७ हजार छ; आई.ए.सम्म पढेको छु भनेका थिए । माओवादीमा किन लागेको भन्दा माओवादीले दबाब दिएकाले एक-दुईवटा सङ्गठन गरेको भने । कसरी पक्राउ परेको भन्दा शत्रुहरूले पक्राउ गर्न लगाए भने । त्यहाँ ऊसँग हामीले पनि कुरा गर्ने अवसर पायौँ । उसले गाँउकै आफन्त मान्छेले पक्रायो; पहिले पनि उसैले पक्राएको र जग्गाको विवाद छ भनेको थियो । ढुङखर्कमा बास बस्दासम्म हामीसँगै थियौं तर त्यसपछि हाम्रो भेट भएन । पछि गोरखनाथ ब्यारेकमा तारिखमा जाँदा सुरक्षाकर्मीले हरिप्रसाद भेट्न नजाने ? भेट्न जाने भए लगिदिन्छु भन्थे । मलाई लेफ्टिनेन्टले नै यस्तो कुरा गरेका हुन् भन्ने समेत ब्यहोरा उल्लेख गरेको रहेछ ।

सेनाको शत्रुमर्दन गुल्म बाह्रबिसे सिन्धुपाल्चोकमा कार्यरत लेफ्टिनेन्टसँग आयोगको अनुसन्धान टोलीले घटनाका बारेमा जानकारी माग गर्दा २०६० साल माघ महिनाको

अन्तिम सातादेखि फागुनको पहिलो हप्तामा तत्कालीन शाही नेपाली सेनाका पैंतिस जना र प्रहरीका पाँच जनाको संयुक्त सुरक्षाफौजको गस्ती टोली छ दिन काभ्रेपलान्चोक जिल्लाका विभिन्न गाविसहरूमा गएको, त्यस संयुक्त फौजको नेतृत्व आफूले गरेको, प्रहरीतर्फको नेतृत्व सई मानबहादुर गुरुङले गरेको, यसक्रममा थुनामा रहेका भक्तपुरका ... र पनौती काभ्रेपलान्चोकका ... लाई माओवादी चिनाउन मिसनमा सँगै लगिएको, यसक्रममा कामीडाँडा भन्ने स्थानमा माओवादीसँग भिडन्त भए पनि क्षति नभएको, दुई जनालाई पक्राउ गरी छाडिएको, कामीडाँडाबाहेक अन्य कतै पनि भिडन्त नभएको, सुरक्षाफौजको टोली कामीडाँडा, डाँडापानी, फलामेटार, तालढुगा, मिल्चे, खजुरी, नारायणस्थान, ढुङ्खर्क हुँदै पनौती आएको, अन्तिम रात ढुङ्खर्कमा बसेको, कामीडाँडाबाहेक कतै भिडन्त नभएको र गोली पनि नचलाएको र हरिप्रसाद बोलखेलाई पक्राउ गरेको वा निजको मृत्यु भएको सम्बन्धमा आफूलाई जानकारी नभएको भन्ने उल्लेख गरेको रहेछ ।

प्रहरी हवल्दार खड्गराज लामासँग आयोगको टोलीले घटनाका सम्बन्धमा जानकारी माग गर्दा घटना भएको समयमा आफू जिल्ला प्रहरी कार्यालय काभ्रेपलान्चोकमा कार्यरत रहेको र ड्युटी घुमुवाको रूपमा रहेको, प्रहरी नायब उपरीक्षक केशरीराज घिमिरे रहेका र मेजर कृष्णध्वज थापा रहेका, आफूलाई हरिप्रसाद बोलखेलाई पक्राउ गरेको आरोप लगाई पत्रपत्रिकामा नाम छापिएको रहेछ; हरिप्रसाद बोलखेको ...ले बोलखेलाई निकाल्न सहयोग गर्नुपर्‍यो भनी अनुरोध गरेकी तर मैले काम गर्न नसकेकोले गर्दा ... ले आफूलाई आरोप लगाएकी, पक्राउ गर्दा र बुझाउँदा पुर्जी हुन्थ्यो; त्यो नभएकाले पनि पक्राउ गरेको होइन भन्ने पुष्टि हुन्छ; घटना भएको समयमा ड्युटी भएकाले बनेपामा गएको हो; घटनामा म संलग्न छैन भन्ने उल्लेख गरेको रहेछ ।

आयोगको ठहर

आयोगबाट शवोत्खनन गर्नुभन्दा पहिला लिइएको एन्टिमोर्टम डाटा तथा शवोत्खनन प्रतिवेदन र पोस्टमार्टम प्रतिवेदनसमेतका आधारमा काभ्रेपलान्चोक जिल्ला चलाल गणेशस्थान गाविस १ बाट २०६३ पौष २१ गते उत्खनन गरिएको शव काभ्रेपलान्चोक जिल्ला फूलबारी गाविस ८ बस्ने हरिप्रसाद बोलखेको नै भएको पुष्टि हुन आएको छ । ... समेतले दिएको किटानी उजुरी, अनुसन्धानको क्रममा बुझिएका घटनाका प्रत्यक्षदर्शी एवम् जानकार व्यक्तिहरूको भनाइ तथा आरोपित व्यक्तिहरूको भनाइसमेतको आधारमा निज हरिप्रसाद बोलखेलाई २०६० पौष १२ गते सादा पोसाकका सुरक्षाकर्मीद्वारा पक्राउ गरी नेपाली सेनाको शत्रुमर्दन गुल्म धुलिखेलमा कसैसँग पनि भेटघाट एवम् सम्पर्क गर्न

नदिई गैरकानुनी रूपमा बेपत्ताको अवस्थामा थुनामा राखिएको र २०६० साल माघ महिनाको अन्तिम साता काभ्रेपलान्चोक जिल्लाको पनौतीमा रहेको सैनिक ब्यारेकमा लगेको र त्यहाँबाट २०६१ साल माघ महिनाको अन्तिम सातादेखि फागुन महिनाको पहिलो सातासम्म खटिएको नेपाली सेना र नेपाल प्रहरी सम्मिलत सुरक्षाकर्मीको टोली निज हरिप्रसाद बोलखे, काभ्रेपलान्चोक जिल्लाको पनौती नगरपालिका ... बस्ने ... तथा भक्तपुर जिल्ला ... बस्ने ... समेत ३ जना गैरसैनिक व्यक्तिहरूलाई समेत लिई काभ्रेपलान्चोक जिल्लाको कामीडाँडा, डाँडापानी, फलामेटार, तालढुङ्गा, मिल्चे, खजुरी, च्याम्राङबेसी, नारायणस्थान, ढुङ्र्खकलगायतका दुर्गम गाँउहरूमा छ दिनसम्म घुमाउन लगेको र २०६० फागुन ४ गते काभ्रेपलान्चोक जिल्लाको चलाल गणेशस्थान गाविस १ सल्लाकोफेद भन्ने स्थानको जङ्गलको बिचमा निज हरिप्रसाद बोलखेलाई मारेर खाल्डो खनी पुरेर व्यक्तिको मृत्यु भएको अवस्थामा गर्नुपर्ने कानुनी प्रक्रियासमेत पुरा नगरेको तथा सुरक्षा निकायको कुनै पनि रेकर्डमा घटना उल्लेख नगरी ढाकछोप गरेको तथा व्यक्तिको अवस्था बेपत्ता बनाएको देखिन आयो । उक्त घटनामा व्यक्तिलाई गैरकानुनी रूपमा पक्राउ गर्ने कार्यमा प्रहरी हवल्दार खड्गराज लामा, व्यक्तिलाई गैरकानुनी रूपमा बेपत्ताको अवस्थामा थुनामा राख्ने नेपाली सेनाको शत्रुमर्दन गुल्म धुलिखेलका प्रमुखको रूपमा कार्यरत मेजर कृष्णध्वज थापा र गैरसैनिक व्यक्तिलाई सैनिक मिसनमा लिई घुमाउन लगी मार्नेसम्मको कार्य गर्ने सुरक्षाकर्मीको टोलीको नेतृत्व गर्ने तत्कालीन समयमा नेपाली सेनाको पनौतीस्थित गोरखनाथ गुल्ममा कार्यरत क्याप्टेन बाबुराम थापासमेत जिम्मेवार रहेको देखिन आयो । निजहरूले पदीय दायित्वअनुसार कानुनबमोजिम आफूलाई तोकिएको जिम्मेवारी पुरा गरी नागरिकको जिउज्यान सुरक्षित गर्नुपर्नेमा सो नगरी मानव अधिकार उल्लङ्घन कार्यमा सलंग्न रहेको देखिन्छ । उल्लिखित समेत आफ्नो नियन्त्रणमा लिएका व्यक्तिलाई मार्न निर्देशिन दिने तथा त्यसको कार्यान्वयन गर्ने र घटनालाई ढाकछोप गरी व्यक्तिको अवस्था बेपत्ता बनाउने कार्यमा संलग्न थप सुरक्षाकर्मीको पहिचान गरी व्यक्तिगत जबाफदेहिताको आधारमा कानुनबमोजिम कारबाही गर्नुपर्ने देखिन्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२(१) को कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण नगरिने व्यवस्था रहेको तथा अन्तरिम संविधान २०६३ को धारा १२ मा पनि सोअनुरूपको व्यवस्था भइरहेको देखिन्छ । यस घटनामा सुरक्षाकर्मीद्वारा नागरिक अधिकार ऐन २०१२ को दफा १२ मा उल्लिखित कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता नहरिने व्यवस्थाको पनि उल्लङ्घन भएको देखिन्छ । व्यक्तिलाई गैरकानुनी रूपमा नियन्त्रणमा लिई हत्या गरी

घटनालाई लुकाउन खोज्ने सुरक्षाकर्मीको नियतले मानव अधिकार उल्लङ्घनको गम्भीर अवस्था देखाएको छ । यस कार्यबाट माथि उल्लिखित राष्ट्रिय कानुनबाहेक नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ को धारा ६ ले प्रत्येक व्यक्तिको जीवनको अर्न्तनिहित अधिकार हुने र कानुनद्वारा यस्तो अधिकारको रक्षा गरिने तथा स्वेच्छाचारी किसिमले कसैको पनि जीवन हरण नगरिने भन्ने व्यवस्थाको साथै जेनेभा महासन्धिहरू १९४९ का साझा धारा ३ को समेत उल्लङ्घन भएको छ ।

अतः काभ्रेपलान्चोक जिल्ला फूलबारी गाविस ८ बस्ने वर्ष ३६ का हरिप्रसाद बोलखेलाई २०६०।९।१२ मा सुरक्षाकर्मीबाट पक्राउ गरी सुरक्षाकर्मीको मिसनमा सँगै घुमाई हिँडाएको भन्ने प्रत्यक्षदर्शीहरू समेतको भनाइबाट समेत पुष्टि भई सुरक्षाकर्मीको कब्जामा रहेकै अवस्थामा निजको मृत्यु भएको देखिँदा उक्त घटनामा संलग्न सुरक्षा निकायका प्रहरी हवल्दार खड्गराज लामा, नेपाली सेनाका तत्कालीन मेजर कृष्णध्वज थापा र तत्कालीन क्यापटेन बाबुराम थापासमेतका व्यक्तिहरूलाई फौजदारी अभियोगमा कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारलाई लेखी पठाउने निर्णय गरियो । साथै राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम मृतकका आश्रित परिवारलाई रु.३,००,००० (अक्षरेपि तिन लाख रुपैँया) क्षतिपूर्ति सिफारिस गर्न सकिने उल्लेख भए तापनि अन्य घटनामा परी मानव अधिकार उल्लङ्घन भई मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई नेपाल सरकारले उपलब्ध गराउँदै आइरहेसरहको रकम नै प्रस्तुत घटनाका पीडित परिवारले पाउनुपर्ने न्यायोचित र मानवोचित हुने हुनाले पीडितका आश्रित परिवारलाई सोहीअनुसार क्षतिपूर्तिको रकम उपलब्ध गराउन नेपाल सरकारसमक्ष लेखी पठाउने ठर्हछ ।

यस निर्णयको जानकारी पीडित समेतलाई दिनू ।

....	....	....	....	....
सदस्य	सदस्य	सदस्य	सदस्य	अध्यक्ष

इति संवत् २०६५ साल जेष्ठ २४ गते रोज ६ शुभम्..............................

अनुसूची – ५

मैना सुनुवारको उजुरीमा आयोगबाट भएको ठहर

राष्ट्रिय मानव अधिकार आयोगको
ठहर

माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय
माननीय सदस्य रामनगिना सिंह
माननीय सदस्य गौरी प्रधान
माननीय सदस्य डा. के.बि. रोकाया

संवत् २०६० सालको उजुरी नं १५२५, काठमाडौं ।

उजुरीकर्ता

काभ्रेपलान्चोक जिल्ला खरेलथोक -६, निवासी मैना सुनुवारका तर्फबाट ... समेत १

विरुद्ध

नेपाल सरकार १

विषयः तत्कालीन शाही नेपाली सेनाद्वारा बेपत्ता पारी हत्या गरिएको ।

क) उजुरीको सङ्क्षिप्त विवरण

काभ्रेपलान्चोक जिल्ला खरेलथोक गाविस वडा नं ६ निवासी तथा श्री भगवती माध्यमिक विद्यालय खरेलथोकमा कक्षा ९ मा अध्ययनरत वर्ष १५ की मैना सुनुवारलाई २०६०।११।५ गते बिहान करिब ६:३० बजे आफ्नै निवासबाट सुरक्षाफौजले पक्राउ गरी अज्ञात स्थलतर्फ लगेको र निजको स्थिति अज्ञात रहेकाले सार्वजनिक गरी जीवन रक्षाका निम्ति आवश्यक पहल गरिदिन २०६०।११।२० मा आयोगको केन्द्रीय कार्यालयमा उजुरी दर्ता हुन आएको देखिन्छ ।

ख) घटनाका सम्बन्धमा भएका कारबाहीहरूको सङ्क्षिप्त विवरण :

१. प्रकरण (क) मा उल्लिखित घटनाका सम्बन्धमा केकसो भएको हो ? भनी रक्षा मन्त्रालय, गृह मन्त्रालय, तत्कालीन शाही नेपाली जङ्गी अड्डा मानव अधिकार शाखा तथा प्रहरी प्रधान कार्यालय मानव अधिकार सेलमा २०६०।११।२१ गते पत्राचार गरी विवरण माग गरिएको । त्यसैगरी २०६०।११।२७ गते सोही ब्यहोराको पत्र जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोकमा समेत पठाइएको ।

२. मिति २०६०।१२।५ गते प्रहरी प्रधान कार्यालय, मानव अधिकार इकाइबाट श्री गृह मन्त्रालय शान्ति सुरक्षा शाखा, सिंहदरबारमा पत्राचार गरी निज मैना सुनुवारलाई सम्बन्धित प्रहरी इकाइहरूबाट पक्राउ नगरिएको भन्ने ब्यहोराको बोधार्थ पत्र आयोगमा प्राप्त भएको ।

३. मिति २०६०।१२।१२ मा जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोकबाट निज मैना सुनुवारलाई काभ्रेपलान्चोक जिल्लाबाट पक्राउ नगरिएको भन्ने ब्यहोराको पत्र ।

४. मिति २०६०।१२।३० मा निज मैना सुनुवारलाई ९ नं वाहिनी भकुन्डेबेँसीमा राखिएको भन्ने विशेष जानकारी प्राप्त भएकाले आवश्यक अनुसन्धान गरी पाऊँ भनी पुन आयोगमा दर्ता गरिएको निवेदन पत्र ।

५. मिति २०६१।३।११ मा गृह मन्त्रालय शान्ति सुरक्षा शाखाबाट निज मैना सुनुवारलाई सम्बन्धित प्रहरी इकाइहरूबाट पक्राउ नगरिएको भनी प्रहरी महानिरीक्षकको सचिवालयको पत्रबाट लेखी आएको भन्ने ब्यहोराको पत्र ।

६. As Provided by the father of the victim, about 15 security personnels in civil dress came to his house at about 6 am on 17th February … and asked about his ……, who had gone to see … mother in …VDC, …. . She is the eyewitness of … as she was sleeping toghter with Rina on the day of the incident. When they couldnot find his … they arrested Maina. … father of Maina begged not to arrest his juvenile daughter, but security forces didnot listen him but ordered to bring his … in Lamidada army camp if he want his daughter to be released. भन्ने ब्यहोराको एडभोकेसी फोरम नेपालको प्रतिवेदन २०६१।५।११ मा आयोगमा दर्ता भएको ।

७. मिति २०६१।५।२३ गते आयोगबाट श्री रक्षा मन्त्रालय तथा तत्कालीन शाही नेपाली जङ्गी अड्डा मानव अधिकार सेलमा पत्राचार गरी सो घटनाका विषयमा जानकारी उपलब्ध गराइदिनका लागि दोस्रो पटक ताकेता पत्र पठाइएको ।

८. मिति २०६२।९।२० गते रक्षा मन्त्रालयबाट पठाइएको पत्रअनुसार तत्कालीन शाही नेपाली जङ्गी अड्डा कार्यरथी विभाग, मानव अधिकार शाखाको पत्रबमोजिम पाँचखालस्थित एक बन्दीले मैना सुनुवारका बारेमा दिएको बयानअनुसार २०६०।११।५ गते निजलाई खरेलथोक गाविसस्थित निजको घरबाट सुरक्षाफौजले पक्राउ गरी पाँचखाल ब्यारेकमा ल्याएको । निजलाई उक्त ब्यारेकमा ल्याएपश्चात् निजसँग सोधपुछ गर्नका लागि उक्त ब्यारेकका महासेनानीले सोही ब्यारेकका दुई जना सहसेनानीहरूलाई खटाएको र सोधपुछमा खटिएका दुई जना सहसेनानीहरूले गलत तरिकाबाट बयान लिने कार्य गरेको । सो प्रक्रिया अपनाई बयान लिँदा समेत निजबाट कुनै जानकारी प्राप्त हुन नसकेको र बयान लिने क्रम करिब ११ बजेसम्म चलेको थियो । त्यसपछि निजलाई खाना खुवाउन लगेकामा निज शिथिल भएको कारणबाट खाना नखाई बिहोस भएकामा सोही मितिको ११:३० बजे निजको मृत्यु भएको भन्ने ब्यहोरा उल्लेख गरिएको ।

निजको मृत्युपश्चात् परिवारलाई खबर नगरी गलत तरिकाबाट लास गाडिएको र त्यसपश्चात् यस केसका सम्बन्धमा कोर्ट अफ इन्क्वायरी गठन भएको । उक्त कोर्ट अफ इन्क्वायरीबाट माथि उल्लिखित तिन जना अधिकृतहरूबाट निज मैना सुनुवारलाई मार्ने उद्देश्य नभए तापनि अन्य कुनै कारणबाट मरेको हुन सक्ने उल्लेख गरी लासलाई गलत तरिकाबाट प्रक्रिया नपुऱ्याई गाडेको पाइएको ब्यहोरा खुलाई कोर्ट मार्सलका लागि सिफारिस गरेको । कोर्ट मार्सलबाट उल्लिखित तिन जना अधिकृतहरूलाई सोधपुछ गर्दा सही प्रक्रिया नअपनाएको र नियमानुसार लास सम्बन्धितलाई जिम्मा नलगाइएको कसुरमा दोषी ठहऱ्याई महासेनानीलाई दुई वर्ष बढुवा रोक्का, छ महिना कैद र रु. ५०,०००।- जरिवाना, दुई जना सहसेनानीहरूलाई एकएक वर्ष बढुवा रोक्का, छ महिना कैद र रु. २५,०००।- का दरले जरिवाना गरी निजको हकवालालाई क्षतिपूर्ति स्वरूप दिने फैसला गरेको भन्ने ब्यहोराको पत्र ।

९. च.नं. संरक्षण २९१ मिति २०६३।५।११ गते आयोगबाट श्री नेपाली जङ्गी अड्डा मानव अधिकार शाखा भद्रकाली काठमाडौँमा यस घटनाका सम्बन्धमा नेपाली सेनाद्वारा अनुसन्धान हुँदा प्राप्त भएका मृतकको शवको फोटो, मुचुल्का तथा

अनुसन्धानको निमित्त प्रमाणमा लिन सकिने तहाँ उपलब्ध भएका कागजात तथा अन्य प्रमाणहरू पत्र प्राप्त भएको सात दिनभित्र उपलब्ध गराइदिन पत्राचार गरिएको ।

१०. मिति २०६३।१२।७ गते मैना सुनुवारको मृत्युको सम्बन्धमा नेपाल प्रहरी र विधिविज्ञान विशेषज्ञ Forensic Expert सहितको टोलीबाट थप अनुसन्धान हुने भएकाले सो घटनाको अनुसन्धान तथा Antimorteum data collection समेतका लागि आयोगबाट कर्मचारीहरू खटाइएको ।

११. मिति २०६४।९।२३ गते जिल्ला प्रहरी कार्यालय, काभ्रेपलान्चोकबाट श्री परराष्ट्र मन्त्रालयलाई ...को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी महासेनानी बबी खत्री समेतले जाहेरवालाकी छोरी मैना सुनुवारलाई कर्तव्य गरी मारेको भन्ने कर्तव्य ज्यान मुद्दाको अनुसन्धानको सिलसिलामा निम्न स्थान बस्ने निम्न प्रतिवादीहरू हालसम्म फरार भएको हुँदा निजहरू अन्य मुलुकमा समेत भागी लुकीछिपी बस्न सक्ने भएकाले तहाँ मन्त्रालयबाट राहदानी लिएका छन्, छैनन् ? सो सम्बन्धमा राहादानी सम्बन्धी पूर्ण विवरण उपलब्ध गराइ मुद्दाको अनुसन्धान कार्यमा सहयोग गरिदिनका लागि अनुरोध गरिएका बोधार्थ पत्र ।

    ११.१ काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका वडा नं ३ बाँसबारी बस्ने भुतपूर्व सेनानी सुनीलप्रसाद अधिकारी ।

    ११.२ रूपन्देही जिल्ला आनन्दवन गाविस वडा नं ६ बस्ने भुतपूर्व सेनानी अमित पुन ।

१२. मिति २०६३।५।११ मा आयोगमा दर्ता भएको प्रतिवेदनमा नेपाली सेनाका महासेनानीबाट रु. ५० हजार, उपसेनानीहरूबाट रु. २५/२५ हजार गरी रु. १ लाख क्षतिपूर्ति दिने निर्णय भएता पनि पीडित पक्षले लिन मानेका छैनन् । सेनाको विरुद्धमा दर्ता भएको यो नै पहिलो मुद्दा हो । सेनाले कोर्ट अफ इन्क्वायरी गरी कारबाही गरिसकेको भन्ने जानकारी प्राप्त भएको । फिल्डमा खटिनेलाई कारबाही भएको छ । .... छ । ... छ । यो केस २०६० सालमा नै दर्ता भएको हो । ... OHCHR ... को भनाइ भनी उल्लेख गरिएको प्रतिवेदन ।

ग) कानुनी विश्लेषण

प्रस्तुत उजुरी फाइलमा संलग्न प्रमाण कागजातहरूको विश्लेषणका आधारमा निज मैना सुनारलाई सुरक्षाफौजले पक्राउ गरी सुरक्षाकर्मीकै नियन्त्रणमा भएको अवस्थामा निजको

मृत्यु भएको प्रस्ट देखिँदा राज्यबाट प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निम्न कानुनी प्रावधानहरू उल्लङ्घन भएको देखिन्छ ।

१) निजलाई पक्राउ गरी बेपत्ता पार्ने कार्यले तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२(१) बमोजिम वैयक्तिक स्वतन्त्रताको हरण भएको, धारा १४(६) बमोजिम पक्राउ भएको ठाउँबाट बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित नगराइएबाट सोको उल्लङ्घन भएको ।

२) नियन्त्रणमा लिएको व्यक्तिलाई हत्या गरिएकोमा उक्त कार्य मुलुकी ऐन २०२०, ज्यानसम्बन्धी महलको दफा (१) मा कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नका लागि उद्योग गर्न नहुने तथा विद्यमान नेपाल कानुन तथा मुलुकी ऐनको ज्यान सम्बन्धी महलको विपरीत हुन गएको देखिन्छ ।

३) तत्कालीन आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय ऐन २०५८ को दफा ५ (क) बमोजिम निजलाई पक्राउ भएको कारणसहितको सूचना यथाशक्य चाँडो दिनुपर्नेमा सोबमोजिको सूचना नदिएको देखिन्छ ।

४) नागरिक अधिकार ऐन २०१२ को दफा १२ बमोजिम कानुनबमोजिम बाहेक कुनै व्यक्तिको वैयक्तिक स्वतन्त्रता हरण नगरिने भन्ने रहेकोमा त्यसको समेत विपरीत कार्य भएको देखिन्छ ।

५) यस कार्यबाट माथि उल्लिखित राष्ट्रिय कानुनबाहेक नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ को धारा ६ ले प्रत्येक व्यक्तिको जीवनको अन्तर्निहित अधिकार हुने र कानुनद्वारा यस्तो अधिकारको रक्षा गरिने तथा स्वेच्छाचारी किसिमले कसैको पनि जीवन हरण नगरिने भन्ने व्यवस्थाको उल्लङ्घन भएको र जेनेभा महासन्धिहरू सन् १९४९ का साझा धारा ३ को उल्लङ्घन भएको देखिन्छ ।

आयोगको ठहर

प्रस्तुत घटना सम्वन्धमा ठहर गर्नुपर्ने विषय निज मैना सुनुवारलाई सुरक्षाकर्मीले पक्राउ गरी हिरासतमा राखेको र निजको मृत्यु सुरक्षाकर्मीको नियन्त्रणमा भएको हो, होइन ? भन्ने रहेको हुँदा उपर्युक्त प्रकरणहरूमा उल्लेख भएअनुसार तथ्य प्रमाणहरूका आधारमा निज मैना सुनुवारको मृत्यु सुरक्षा नियन्त्रणमा रहेकै अवस्थामा अत्यधिक यातनाका कारण भएको स्पष्ट देखिन्छ ।

रक्षा मन्त्रालयबाट पठाइएको २०६२।९।२० गतेको पत्रअनुसार तत्कालीन शाही नेपाली जङ्गी अड्डा कार्यरथी विभाग, मानव अधिकार शाखाको पत्रबमोजिम पाँचखालस्थित एक बन्दीले मैना सुनुवारको बारेमा दिएको बयानअनुसार २०६०।११।५ गते निजलाई खरेलथोक गाविसस्थित निजको घरबाट सुरक्षाफौजले पक्राउ गरी पाँचखाल ब्यारेकमा ल्याइएको । निजलाई उक्त ब्यारेकमा ल्याएपश्चात् निजसँग सोधपुछ गर्नका लागि उक्त ब्यारेकका महासेनानीले सोही ब्यारेकका दुई जना सहसेनानीहरूलाई खटाएको र सोधपुछमा खटिएका दुई जना सहसेनानीहरूले गलत तरिकाबाट बयान लिने कार्य गरेको । सो प्रक्रिया अपनाई बयान लिँदा समेत निजबाट कुनै जानकारी प्राप्त हुन नसकेको र बयान लिने क्रम करिब ११ बजेसम्म चलेको थियो । त्यसपछि निजलाई खाना खुवाउन लगेकामा निज शिथिल भएको कारणबाट खाना नखाई बिहोस भएकामा सोही दिनको ११:३० बजे निजको मृत्यु भएको भन्ने ब्यहोरा उल्लेख गरिएबाट निजको मृत्यु सुरक्षाकर्मीको लापरबाहीबाट भएको कुरामा कुनै विवाद रहेन ।

निजको मृत्युपश्चात् परिवारलाई खबर नगरी गलत तरिकाबाट लास गाडिएको र त्यसपश्चात् यो मुद्दाको सम्बन्धमा कोर्ट अफ इन्क्वायरी गठन भएको । कोर्ट अफ इन्क्वायरीबाट माथि उल्लिखित तिन जना अधिकृतहरूबाट निज मैना सुनुवारलाई मार्ने उद्देश्य नभए तापनि अन्य कुनै कारणबाट मरेको हुन सक्ने उल्लेख गरी लासलाई गलत तरिकाबाट प्रक्रिया नपुऱ्याई गाडेको पाइएको ब्यहोरा खुलाई कोर्ट मार्सलका लागि सिफारिस गरेको भन्ने सेनाको जबाफबाट सेनाले आफ्नो गल्ती स्वीकार गरेको देखिन्छ । कोर्ट मार्सलबाट उल्लिखित अधिकृतहरूलाई सोधपुछ गर्दा सही प्रक्रिया नअपनाएको र नियमानुसार लास सम्बन्धितलाई जिम्मा नलगाइएको कसुरमा दोषी ठहऱ्याई महासेनानीलाई दुई वर्ष बढुवा रोक्का, छ महिना कैद र रु. ५०,०००।- जरिवाना, दुई जना सहसेनाननीहरूलाई एकएक वर्ष बढुवा रोक्का, छ महिना कैद र रु. २५,०००।- का दरले जरिवाना गरी निजको हकवालालाई क्षतिपूर्ति स्वरूप दिने फैसला गरेको भन्ने सेनाको जबाफले समेत प्रस्तुत घटनाका सम्बन्धमा सेनाको लापरबाही स्पष्ट देखिन्छ ।

अतः काभ्रेपलान्चोक जिल्ला, खरेलथोक गाविस वडा नं ६ कटुन्जे बस्ने तथा श्री भगवती मावि खरेलथोकमा कक्षा नौमा अध्ययनरत वर्ष १५ की बालिका मैना सुनुवारलाई २०६०।११।५ गते बिहान ६.३० बजे आफ्नै घरबाट सुरक्षाफौजले पक्राउ गरी अज्ञात स्थलतर्फ लगेको र निजको स्थिति अज्ञात रहेकाले निजको अवस्था सार्वजनिक गरी जीवनरक्षा गरिदिन आयोगमा उजुरी दर्ता हुन आएकोमा पाँचखालस्थित एक बन्दीले मैना

सुनुवारका बारेमा दिएको बयानअनुसार २०६०।११।५ गते निजलाई खरेलथोकस्थित निजको घरबाट सुरक्षाफौजले पक्राउ गरी पाँचखाल ब्यारेकमा ल्याएको पाइयो । गलत तरिकाबाट बयान लिने क्रममा निज शिथिल भएको कारणबाट खाना नखाई बिहोस भएकामा सोही दिन निजको मृत्यु भएको पाइयो ।

निजको मृत्युपश्चात् परिवारलाई खबर नगरी गलत तरिकाबाट लास गाडिएको, तत्पश्चात् कोर्ट अफ इन्क्वायरी गठन भएको र उक्त कोर्ट अफ इन्क्वायरीबाट निज मैना सुनुवारलाई मार्ने उद्देश्य नभए तापनि अन्य कुनै कारणबाट मरेको हुन सक्ने उल्लेख गरी लासलाई गलत तरिकाले प्रक्रिया नपुऱ्याई गाडेको पाइएकाले कोर्ट मार्सलबाट तिन जना अधिकृतहरूलाई सोधपुछ गर्दा सही प्रक्रिया नअपनाएको र नियमानुसार लास सम्बन्धितलाई जिम्मा नलगाइएको कसुरमा दोषी ठहऱ्याई महासेनानीलाई दुई वर्ष बढुवा रोक्का, छ महिना कैद र रु.५०,०००।- जरिवाना, दुई जना सहसेनानीहरूलाई एकएक वर्ष बढुवा रोक्का, छ महिना कैद र रु.२५,०००।- का दरले जरिवाना गरी निजको हकवालालाई क्षतिपूर्ति स्वरूप दिने फैसला गरेको भनी मानव अधिकार उल्लङ्घन भएको तथ्य स्वयं नेपाली सेना, जङ्गी अड्डाबाट स्वीकार गरी दोषीलाई आन्तरिक रूपमा कारबाहीसमेत भइसकेको देखियो । सो सम्बन्धमा २०६४।१०।२० मा मैना सुनुवारको हत्यामा संलग्न चार सैनिक विरुद्ध जिल्ला अदालत काभ्रेपलान्चोकमा जिल्ला सरकारी वकिलको कार्यालयले ज्यानसम्बन्धी महलको १३ (३) नं. अनुसार कसुर गरेकामा सजायको माग गरी मुद्दा दर्ता भइसकेकाले अदालती प्रक्रियाबाट कसुरदारले सजाय पाउने नै हुँदा केही गरिरहनु परेन ।

अतः मानव अधिकार उल्लङ्घनबाट पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु.३००,०००।- (अक्षरेपि तिन लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय ठहर गरिन्छ ।

....	....	....	....
सदस्य	सदस्य	सदस्य	अध्यक्ष

इति संवत् २०६४ साल माघ २१ गते ...रोज शुभम् ....

अनुसूची – ६

ठम्मानसिंह बमका सम्बन्धमा भएको निर्णय

जिल्ला कैलाली रामशिखरभाला गाविस. वडा नं. ८ बस्ने दीर्घसिंह बमको छोरा ठम्मानसिंह बमलाई २०६०।२।२९ गते नेकपा (माओवादी) का कार्यकर्ताहरूले अपहरण गरी कब्जामा लिई अवस्था अज्ञात गरेको भनी आयोगमा उजुरी पर्न आएकोमा अनुसन्धानकै क्रममा सोही स्थाननजिकै नदीको किनारामा लास भेटिएको; उक्त लासलाई आयोग, जिल्ला प्रहरी कार्यालय कैलाली र विशेषज्ञ टोलीबाट शवोत्खनन भई पोस्टमार्टम हुँदा उक्त लास ठम्मानसिंह बमकै हो भनी किटानी गर्न DNA परीक्षण अनिवार्य भएको भनी Autospy Report प्राप्त हुन आएकाले लासको वैज्ञानिक परीक्षण गरी पहिचान गरिनु आवश्यक देखिँदा स्वदेशी वा विदेशी प्रयोगशालाबाट निजको DNA परीक्षण गराई प्रतिवेदन आयोगमा पठाउन र नेकपा (माओवादी) ले ठम्मानसिंह बमलाई कब्जामा लिई हालसम्म निजको अवस्था अज्ञात रहेको देखिँदा मानव अधिकार र मानवीय कानुनको गम्भीर उल्लङ्घन भएकाले पीडित परिवारको भरणपोषणका लागि अन्तरिम राहत स्वरूप रु. १,००,००० -एक लाख रुपियाँ) उपलब्ध गराउन समेत नेपाल सरकारलाई सिफारिस गरी पठाउने निर्णय गरियो । २०६५ साल असार २६ ।

अनुसूची – ७

द्वारी घटनाका सम्बन्धमा आयोगबाट भएको निर्णय

राष्ट्रिय मानव अधिकार आयोग

ठहर

माननीय अध्यक्ष केदारनाथ उपाध्याय

माननीय सदस्य रामनगिना सिंह

माननीय सदस्य गौरी प्रधान

माननीय सदस्य डा.लीला पाठक

माननीय सदस्य डा.के.बि. रोकाया

संवत् २०६२ सालको उजुरी नं.:- ३०५७

उजुरीकर्ता

नेपाल पत्रकार महासङ्घ केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौँ समेत....................१

विरुद्ध

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) दैलेख १

विषय : - नेकपा (माओवादी)द्वारा कब्जा तथा हत्या सम्बन्धमा ।

उजुरीको सङ्क्षिप्त विवरण :

दैलेख जिल्ला नारायण नगरपालिका वडा नं. १ बस्ने रेडियो नेपालका पत्रकार डेकन्द्रराज थापालाई २०६१।३।१२ गते नेकपा (माओवादी)द्वारा कब्जामा लिई २०६१।४।२७ गते मारिएको र निजको लास लुकाइछिपाई राखेकाले सोको खोजतलास गराई सनाखत गरिपाऊँ भनी पीडितको ... ले २०६१।५।१८ मा आयोगमा उजुरी गरेको तथा नेपाल पत्रकार महासङ्घ दैलेखको टोलीले स्थलगत अध्ययन गर्दा निज डेकन्द्र थापालाई नेकपा (माओवादी)ले मारेर दैलेख जिल्लाको द्वारी गाविसस्थित प्रस्तावित निम्न माध्यमिक विद्यालयको हाताभन्दा करिब १५० मिटरको दुरीमा शव गाडिएको सम्भावना रहेको भन्ने प्रतिवेदन रहेकाले आयोगबाट शवोत्खनन गरी अनुसन्धान गरिदिन नेपाल पत्रकार महासङ्घले २०६५।३।२ मा निवेदन दिएको देखिन्छ ।

नेकपा (माओवादी) दैलेखको नाममा पार्टीका सचिव रणजितले जारी गरेको विज्ञप्तिमा डेकेन्द्रराज थापालाई २०६१ साल असार २२ गते सिआइडी गर्ने योजनामा घुमिरहेको बखत आधार क्षेत्रभित्रबाट गिरफ्तार गरी थप अनुसन्धानपछि कारबाही स्वरूप २०६१ साउन २७ गते भौतिक सफाया गरिएको भन्ने समेत उल्लेख गरिएको रहेछ । सोही सम्बन्धमा नेकपा (माओवादी) पश्चिम केन्द्रीय कमान्डका इन्चार्ज दिवाकरले २०६१।५।५ मा विज्ञप्ति प्रकाशित गरी उक्त घटना पार्टीको नीतिविपरीत भएको भन्दै घटनाको अनुसन्धान गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिएको र यस्ता घटना नदोहोरिने प्रतिबद्धता व्यक्त गरेको उल्लेख गरिएको रहेछ ।

आयोगबाट भएको पत्राचारको जबाफमा जिल्ला प्रशासन कार्यालय दैलेखले आयोगमा पठाएको पत्रमा डेकेन्द्रराज थापालाई नेकपा (माआवादी)द्वारा हत्या गरेपश्चात् सुरक्षाकर्मीद्वारा हत्या गरेको सम्भावित गाविसहरूमा खोजतलास हुँदा फेला नपरेको, माओवादी पक्षबाट समेत निजको शव बुझाउने सम्बन्धमा कुनै जानकारी नआएको र निजका आफन्तहरूले दैलेख बजारमा २०६१/५/५ गतेदेखि आफ्नो रीति परम्पराअनुसार काजक्रिया गरिसकेको तथा डेकेन्द्रराज थापाको नेकपा (माओवादी) द्वारा हत्या भएपछि निजका परिवारले पाउने राहत स्वरूप रु.२,२५,००० (दुई लाख पच्चिस हजार) सरकारबाट उक्त कार्यालयमार्फत पीडितकी पत्नीलाई उपलब्ध गराइसकेको भन्ने उल्लेख भएको रहेछ ।

राष्ट्रिय मानव अधिकार आयोगबाट २०६१।५।११ गते खटिएको अनुसन्धान टोलीको प्रतिवेदनमा डेकेन्द्रराज थापालाई नेकपा (माओवादी)ले कब्जामा लिई भौतिक सफाया गरेको भनी मारेको र निजको शवका बारेमा पीडित परिवारलाई कुनै जानकारी नगराएको भन्ने समेत उल्लेख भएको रहेछ ।

दैलेख जिल्ला नारायण नगरपालिका वडा नं. १ बस्ने रेडियो नेपालका पत्रकार डेकेन्द्रराज थापालाई २०६१।३।१२ गते नेकपा (माओवादी)द्वारा कब्जामा लिई २०६१।४।२७ गते मारिएको र उक्त घटनामा गल्ती भएको कुरा नेकपा (माओवादी)ले सार्वजनिक रूपमा स्वीकार गरिसकेको देखिन्छ । आयोगको निर्णयबमोजिम त्रिभुवन विश्वविद्यालय मेडिकल क्याम्पस महाराजगन्ज, फरेन्सिक विभागका फरेन्सिक विशेषज्ञसहितको अनुसन्धान टोलीले २०६५।३।११ गते दैलेख जिल्लाको द्वारी गाविस वडा नं. १ बाट उत्खनन गरेको शव, आयोगबाट शवोत्खननपूर्व लिइएको एन्टिमोर्टम विवरणमा उल्लिखित तथ्यहरू मिल्न गएको तथा नेपाल पत्रकार महासङ्घको टोलीले उक्त शव डेकेन्द्रराज थापाको नै भएको किटानी निवेदन दिएको, नेकपा (माओवादी)का जिल्ला सचिवसमेतले उक्त शव

डेकेन्द्रराज थापाको नै भएको जानकारी गराएको, स्थानीय बासिन्दा र घटनास्थलमा खटिएको प्रहरी टोलीले समेत उक्त शव डेकेन्द्रराज थापाको नै भएको जानकारी दिएको र विशेषज्ञबाट जाँच गरी प्राप्त प्रतिवेदनमा समेत उक्त शव डेकेन्द्रराज थापाको नै भएको निकर्ष भएको पाइएकाले उत्खनन गरिएको शव डेकेन्द्रराज थापाको भएको देखिन्छ । स्थानीय बासिन्दाको भनाइ एवम् शवोत्खनन तथा पोस्टमोर्टमको क्रममा पीडितको हात तथा खुट्टाको हाडसमेत भाँचिएको अवस्थामा रहेको पाइएको र विशेषज्ञको प्रतिवेदनमा पीडितको मृत्युको कारणमा Multiple blunt force injuries to the chest and extremities भन्ने उल्लेख भएकाले पीडितलाई निजको मृत्युपूर्व नेकपा (माओवादी)का कार्यकर्ताहरूद्वारा गम्भीर रूपमा कुटपिट भएको पुष्टि हुन आएको छ । यस घटनामा नेकपा (माआवादी)का कार्यकर्ताहरूले निःशस्त्र व्यक्तिलाई कब्जामा लिई अमानवीय तरिकाले कुटपिटसमेत गरी मारेको देखिएको हुँदा नेकपा (माओवादी)को यसप्रकारको कार्यले तत्कालीन अवस्थामा जारी रहेको नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ मा उल्लिखित र हालको अन्तरिम संविधान २०६३ मा समान रूपमा उल्लेख भएको वैयक्तिक स्वतन्त्रताको हकको गम्भीर उल्लङ्घन भएको देखिन्छ । उक्त कार्यबाट जेनेभा महासन्धिको साझा धारा ३ तथा माओवादी पक्षले पटकपटक मानव अधिकार तथा मानवीय कानुनको पालनामा गरेको प्रतिबद्धता समेतको उल्लङ्घन भएको देखिएकाले उक्त घटनाको आवश्यक अनुसन्धान गरी त्यस कार्यमा संलग्न तत्कालीन समयमा नेकपा (माओवादी) दैलेखका सचिव रणजीतलगायत घटनामा संलग्न व्यक्तिहरूलाई विद्यमान नेपाल कानुनबमोजिम व्यक्तिगत जबाफदेहिताको आधारमा फौजदारी दायित्वमा सजाय गर्न नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने तथा शवको पहिचान भएपछि पीडित परिवारलाई यथाशक्य छिटो दाहसंस्कारका लागि शव उपलब्ध गराउनुपर्ने देखिन्छ भन्ने समेत आयोगको अनुसन्धान टोलीको प्रतिवेदनमा उल्लेख भएको रहेछ ।

शवोत्खननपछि त्रिभुवन विश्वविद्यालय, फरेन्सिक मेडिसिन विभागले दिएको Report of Skeletal Remains Examination मा उत्खनन गरिएको शव डेकेन्द्रराज थापाको नै भएको र मृत्युको कारण Multiple Blunt Force Injuries to Chest and Exremities भन्ने उल्लेख भएको रहेछ । उक्त प्रतिवेदनमा शरीरका विभिन्न भागमा Blunt forece injuries देखिएको भन्ने समेत उल्लेख भएको रहेछ ।

आयोगको ठहर

दैलेख जिल्ला नारायण नगरपालिका वडा नं. १ बस्ने डेकेन्द्रराज थापालाई नेकपा (माओवादी)द्वारा मारिएको भनी पर्न आएको उजुरीका सम्बन्धमा आयोगको अनुसन्धान टोलीबाट भएका अनुसन्धान, सरकारी निकायको जबाफ, नेकपा (माओवादी)को भनाइ एवम् विशेषज्ञको प्रतिवेदनसमेतका आधारमा निज डेकेन्द्रराज थापालाई नेकपा (माओवादी)का कार्यकर्ताहरूद्वारा कब्जामा लिई मारेको देखिन आएको छ । यस कार्यबाट घटना भएको बेला क्रियाशील रहेको तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२(१) मा रहेको कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण नगरिने व्यवस्था तथा नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ समेतमा सोहीअनुरूपको व्यवस्था भइरहेकाले संविधानले प्रदान गरेको मौलिक हकको हनन भएको देखिन्छ । यस घटनामा नागरिक अधिकार ऐन २०१२ को दफा १२ मा उल्लिखित कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता नहरिने व्यवस्थाको समेत उल्लङ्घन भएको देखिन्छ । यस कार्यबाट माथि उल्लिखित राष्ट्रिय कानुनबाहेक नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ को धारा ६ ले प्रत्येक व्यक्तिको जीवनको अन्तर्निहित अधिकार हुने र कानुनद्वारा यस्तो अधिकारको रक्षा गरिने तथा स्वेच्छाचारी किसिमले कसैको पनि जीवन हरण नगरिने भन्ने व्यवस्थाका साथै जेनेभा महासन्धिले उल्लेख गरेका कब्जामा लिइएका व्यक्तिहरूको अधिकारसम्बन्धी साझा धारा ३ मा रहेका प्रावधानहरूको समेत उल्लङ्घन भएको देखिन्छ ।

अतः मिति २०६१।४।२१ रेडियो नेपालका पत्रकार दैलेख जिल्ला नारायण नगरपालिका वडा नं. १ बस्ने डेकेन्द्रराज थापालाई मिति २०६१।३।१२ गते नेकपा (माओवादी)द्वारा कब्जामा लिई २०६१।४।२७ गते मारिएको भन्ने जानकारीका आधारमा निजको परिवारले आफ्नो परम्पराअनुसार काजकिरिया गरिसकेको तथा पीडितका परिवारले नेपाल सरकारबाट रु.२,२५,००० राहत पाइसकेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट देखिन आएको र निजको शव प्राप्त नभएकाले सो पाउनका लागि आयोगमा निवेदन परेकाले आयोगको विशेषज्ञसहितको अनुसन्धान टोलीले २०६५।३।११ गते दैलेख जिल्लाको द्वारी गाविस वडा नं. १ मा शवोत्खनन गरी अनुसन्धान गर्दा अस्थिपन्जरका रूपमा रहेको एक मानवशव फेला परेकामा आयोगबाट शवोत्खननपूर्व लिइएको एन्टिमोर्टम डाटामा उल्लिखित तथ्यहरू मिल्न गएको तथा नेपाल पत्रकार महासङ्घको टोलीले उक्त शव डेकेन्द्रराज थापाको नै भएको किटानी निवेदन दिएको, नेकपा (माओवादी)का जिल्ला

सचिवसमेतले उक्त शव डेकेन्द्रराज थापाको नै भएको जानकारी गराएको र विशेषज्ञबाट जाँच गरी प्राप्त प्रतिवेदनमा समेत उक्त शव डेकेन्द्रराज थापाको नै भएको निष्कर्ष भएको देखिएकाले उत्खनन गरिएको शव डेकेन्द्रराज थापाको भएको प्रमाणित भएको छ । र, निजलाई नेकपा (मओवादी)का कार्यकर्ताहरूले कब्जामा लिई कुटपिट गरी मारेको देखिएको, उक्त घटनामा नेकपा (माओवादी)का तत्कालीन सचिव रणजीतसमेत जिम्मेवार रहेको भन्ने अनुसन्धानको निकर्ष भएको देखिएको र उत्खनन गरिएको शव जिल्ला अस्पताल दैलेखमा राखिएको भन्ने अनुसन्धान टोलीको प्रतिवेदनबाट देखिन आएकोले शवको पहिचान भइसकेको अवस्थामा उत्खनन गरिएको मानव अवशेषका रूपमा रहेको उक्त शव पीडितका परिवारलाई बुझाउने र सो घटनामा संलग्न नेकपा (माओवादी) दैलेखका तत्कालीन सचिव रणजीत र निजबाट खुल्न आएका हत्यामा संलग्न रहेका नेकपा (माओवादी)का अन्य कार्यकर्ताहरूसमेत माथि फौजदारी अभियोगमा कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ठहर्छ ।

यस निर्णयको जानकारी पीडित समेतलाई दिनू ।

....	....	....	....	....
सदस्य	सदस्य	सदस्य	सदस्य	अध्यक्ष

इति संवत् २०६५ साल साउन ६ गते रोज २ शुभम् ....

अनुसूची – ८

शिवपुरी (भैरवनाथ तथा युद्धभैरव गण) घटनाका सम्बन्धमा आयोगबाट भएको ठहरको सङ्क्षेपीकरण

निर्णय

सशस्त्र द्वन्द्वको समयमा सुरक्षाकर्मीद्वारा पक्राउ गरी व्यक्तिहरूलाई नेपाली सेनाको १० नं. वाहिनीअन्तर्गत भैरवनाथ गण तथा युद्धभैरव गण महाराजगन्ज काठमाडौँमा थुनामा राखी बलपूर्वक बेपत्ता पारिएको भन्ने उजुरी, सूचना तथा जानकारी यस आयोगमा प्राप्त हुन आएकोमा हालसम्मको अनुसन्धानबाट ती गणहरूमा कम्तीमा २७२ जना व्यक्तिहरूलाई थुनामा राखिएकोमा तल उल्लिखित कम्तीमा ४३ जना व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारिएको देखिन आयो ।

(१) अर्जुन पोखरेल, थानापति गाविस वडा नं. ९, नुवाकोट

(२) अर्जुन महर्जन, कीर्तिपुर नपा वडा नं. ५, सगलटोल, काठमाडौँ

(३) अमृत कडेंल, बेनीघाट गाविस वडा नं. २, धादिङ

(४) अशोक सुनार (अकेला), बोर्लाङ गाविस वडा नं. ५, चण्डीथोक, गोरखा

(५) आईते भन्ने निमानुर्पु लामा, नाङ्लेभारे गाविस वडा नं. ९, काठमाडौँ

(६) किरण रायमाझी, कटारी उदयपुर

(७) कौशल्या पोखरेल, थानापति गाविस वडा नं. ९, नुवाकोट

(८) गोकुलबहादुर निरौला , फाकफोक गाविस वडा नं. १, इलाम

(९) चेतनाथ ढुङ्गाना (सि.एन. ढुङ्गाना), सिङ्गिया गाविस वडा नं. ९, सुनसरी

(१०) चन्द्रकुमार ढकाल (कुमार), पोखरीचौँरी गाविस वडा नं. ९, काभ्रेपलान्चोक

(११) जालन्धर बाँस्तोला, दुधौली गाविस वडा नं. २, सिन्धुली

(१२) डोलेश्वर लिम्बू (चेम्जोङ), पाँचथर

(१३) तारामान तामाङ, खहरेपाँगु गाविस वडा नं. ३, काभ्रेपलान्चोक

(१४) तेजमान विश्वकर्मा, हत्पते गाविस वडा नं. ४, सिन्धुली

(१५) देवीराम दङ्गाल (देवराज), नाङ्लेभारे गाविस वडा नं. ८, काठमाडौँ

(१६) दीपेन्द्र पन्त, गाईखुर गाविस वडा नं. ५, गोरखा

(१७) दुर्गा विशंखे, कटुन्जे गाविस वडा नं. ७, भक्तपुर

(१८) देशभक्त चापागाई, नेपालडाँडा गाविस वडा नं. ७, भोजपुर

(१९) धीरेन्द्र बस्नेत, दमक नपा वडा नं. १, झापा

(२०) निश्चल नकर्मी, महादेवस्थान गाविस वडा नं. ५, काठमाडौँ

(२१) पदमनारायण नकर्मी, बुङ्मती गाविस वडा नं. ३, ललितपुर

(२२) पीपल श्रेष्ठ, सीतापाइला गाविस वडा नं. २, काठमाडौँ

(२३) पुष्पराज बस्नेत, दमक नपा वडा नं. १, झापा

(२४) बाबुकाजी श्रेष्ठ, पाँचखाल गाविस वडा नं. ९, तिनपिप्ले, काभ्रेपलान्चोक

२५) बुद्धि लामा, मादनकुँडारी गाविस वडा नं. ३, काभ्रेपलान्चोक

(२६) भवनाथ धमला, बेतिनी गाविस, ओखलढुङ्गा

(२७) भीम गिरी, फूलबारी बिगाउँ, धनगढी

(२८) भीमराज महर्जन, गोङ्गबु गाविस वडा नं. ३, काठमाडौँ

(२९) माधव अधिकारी, मार्पाक गाविस वडा नं. ७, धादिङ

(३०) राजेन्द्र माली, ठेचो गाविस वडा नं. ३, ललितपुर

(३१) रामचन्द्र काफ्ले, डाँडिगुराँसे गाविस वडा नं. ५, सिन्धुली

(३२) रूपक अधिकारी, पिठुवा गाविस वडा नं. ९, चितवन

(३३) रेनुका दुलाल, तिनथाना गाविस वडा नं. ५, काठमाडौँ

(३४) रेवकला (कला) तिवारी, सिर्सेकोट गाविस वडा नं. ७, स्याङ्जा

(३५) लीलाबहादुर पाण्डे, गजुरी गाविस वडा नं. २, धादिङ

(३६) लीलाराज आचार्य, त्रियुगा नपा वडा नं. १, बोक्से, खरदारटोल, उदयपुर

(३७) सुचेन्द्र श्रेष्ठ, सतुङ्गल गाविस वडा नं. ९, काठमाडौँ

(३८) सुर्दशन रिजाल,

(३९) शान्तिराम भट्टराई, बैगुनधुरा गाविस, झापा

(४०) हीराबहादुर रोक्का, ककनी गाविस वडा नं. ५, नुवाकोट

(४१) हीराबहादुर शारू, दाङ

४२) हेमनारायण श्रेष्ठ, गाम्नाङटार गाविस वडा नं. ६, ओखलढुङ्गा

४३) ज्ञानेन्द्र त्रिपाठी, रत्ननगर नपा वडा नं. १३, चितवन

आयोगको अनुसन्धानबाट उल्लिखित व्यक्तिहरूलाई बेपत्ता पार्ने कार्यमा भैरवनाथ गणका तत्कालीन कर्णेल राजु बस्नेत, मेजरहरू पदमसिंह खत्री, राजाराम केसी, विवेक बिस्ट, हरेन्द्रबहादुर सिंह, क्याप्टेन इन्दीवर राणा र सागर केसी, लेफ्टिनेन्टहरू जगन्नाथ खड्का, राजेन्द्र बोगटी, हरिबोल केसी र रामहरि बिस्ट, हवल्दारहरू खड्गबहादुर महत, मिननाथ पन्त, दिनेश पौडेल, केशव ढकाल, जमदारहरू धनवीर खत्री, वेणुगोपाल श्रेष्ठ, लालबहादुर चन्द, रणबहादुर बुढाथोकी र शङ्कर बस्नेत, नायकहरू सूर्य केसी र गिरिराज घिमिरे तथा सिपाहीहरू शिवकिरण केसी र विनोद थापा, अर्जुन सापकोटा, हरिशरण खड्का, कुलप्रसाद बन्जारा, बाबुराम परियारसमेतको संलग्नता रहेको देखियो । यति ठुलो सङ्ख्यामा सुनियोजित रूपमा बेपत्ता पार्ने कार्यका बारेमा सेनाको १० नं. वाहिनीका तत्कालीन वाहिनीपति एवम् उच्च तहका सैनिक अधिकारी तथा तत्कालीन प्रधान सेनापतिसमेत जिम्मेवार हुनुपर्ने देखिन्छ ।

मिसिल अध्ययनबाट यी गणहरूको हिरासतभित्रै केही बन्दीहरूको मृत्यु पनि भएको पाइयो । भैरवनाथ गणभित्र नेपाली सेनाको नियन्त्रणमा रहेका खड्गबहादुर घर्तीमगर र टोपबहादुर आलेमगरको मृत्यु भएको नेपाली सेनाले स्वीकार गरेको देखियो । ...

सुरक्षाकर्मीको माथि उल्लिखित कार्यबाट तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ मा उल्लिखित स्वतन्त्रताको हक, धारा १४ मा उल्लिखित फौजदारी न्यायसम्बन्धी हक तथा नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ मा उल्लिखित स्वतन्त्रताको हक, धारा २४ मा उल्लिखित न्यायसम्बन्धी हक तथा धारा २६ मा उल्लिखित यातना विरुद्धको हकसमेतको उल्लङ्घन भएको देखिन्छ । साथै सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बिच भएको विस्तृत शान्ति सम्झौताको धारा ५ (२) (३), नागरिक अधिकार ऐन २०१२ को दफा १५, सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को दफा १४ र १५, यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा ३, कारागार ऐन २०१९ को दफा ७, तत्कालीन आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ को दफा ९ तथा सरकारको मानव अधिकार तथा मानवीय कानुनको कार्यान्वयनमा २०६० चैत्र १३ गतेको प्रतिबद्धता नं. १, २, ३, ४, ५, ६, ७, ८, २२ र २३ समेत उल्लङ्घन हुन गएको देखिन्छ । यसको साथै नागरिक तथा राजनैतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा ७, ९ र १० यातना र अन्य निर्दयी, अमानवीय अपमानजनक व्यवहार वा दण्डसजाय विरुद्धको महासन्धि १९८४ को धारा १, २(१) र (२), धारा ४, १०, १२ र १३ तथा जेनेभा महासन्धिहरूका साझा धारा ३

समेतको उल्लङ्घन भएको हुँदा नेपाल सरकारलाई निम्नानुसार सिफारिस गरी पठाउने निर्णय गरियो ।

१. भैरवनाथ गण र युद्धभैरव गणबाट सुरक्षाकर्मीले पक्राउ गरी कम्तीमा पनि माथि उल्लिखित त्रिचालिस जना व्यक्तिहरूलाई बेपत्ताको अवस्थामा राखेको देखिएकाले निजहरूको स्थिति सार्वजनिक गरी कानुनी प्रक्रियामा लैजान तथा लामो समयसम्म व्यक्तिलाई गैरकानुनी रूपमा बेपत्ताको अवस्थामा राख्ने कार्यमा जिम्मेवार देखिएका तत्कालीन कर्णेल राजु बस्नेत, मेजरहरू पदमसिंह खत्री, राजाराम केसी, विवेक बिस्ट, हरेन्द्रबहादुर सिंह, क्याप्टेन इन्दीवर राणा र सागर केसी, लेफ्टिनेन्टहरू जगन्नाथ खड्का, राजेन्द्र बोगटी, हरिबोल केसी र रामहरि बिस्ट, हवल्दारहरू खड्गबहादुर महत, मीननाथ पन्त, दिनेश पौडेल, केशव ढकाल, जमदारहरू धनवीर खत्री, वेणुगोपाल श्रेष्ठ, लालबहादुर चन्द, रणबहादुर बुढाथोकी र शङ्कर बस्नेत, नायकहरू सूर्य केसी र गिरिराज घिमिरे तथा सिपाहीहरू शिवकिरण केसी, विनोद थापा, अर्जुन सापकोटा, हरिशरण खड्का, कुलप्रसाद बन्जारा, बाबुराम परियार, तत्कालीन प्रधानसेनापति, नेपाली सेनाको १० नं. वाहिनीका तत्कालीन वाहिनीपति र तत्कालीन भैरवनाथ गण र युद्धभैरव गणका जिम्मेवार सैनिक अधिकारीहरूसमेत माथि प्रचलित कानुनबमोजिम कारबाही तत्काल अगाडि बढाउन नेपाल सरकारलाई लेखी पठाउने ।

२. राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम ३० तथा सर्वोच्च अदालतको २०६४/२/१८ को राजेन्द्र ढकालसमेत विरुद्ध नेपाल सरकारसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा भएको आदेशबमोजिम पीडित परिवारहरूलाई जनही रु. एक लाखका दरले अन्तरिम राहत प्रदान गर्न लेखी पठाउने ।

३. बेपत्ता परिवारले भोग्नुपरेको पीडा र उनीहरूको अवस्थासमेतलाई मध्यनजर राखी शैक्षिक, रोजगारीलगायत परिपूरण (Reparation) का विषयमा उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी लागु गर्न नेपाल सरकारलाई सिफारिस गरी पठाउने ।"

अनुसूची – ९

सञ्जीवकुमार कर्णसमेतको उजुरीमा आयोगबाट भएको निर्णय

राष्ट्रिय मानव अधिकार आयोग

ठहर

माननीय अध्यक्ष केदारनाथ उपाध्याय
माननीय सदस्य रामनगिना सिंह
माननीय सदस्य गौरी प्रधान
माननीय सदस्य डा. लीला पाठक
माननीय सदस्य डा.के.बि. रोकाया

संवत् २०६० सालका उजुरी नं : ९८१, १०११, २४२७, २४२८, २४२९, २४३० र २४३१

उजुरीकर्ता

दिपु भन्ने सञ्जीवकुमार कर्ण, दुर्गेश लाभ र मछली भन्ने जितेन्द्र झाको हकमा जयकिशोर लाभ समेत.. १

विरुद्ध

नेपाली सेना, जङ्गी अड्डा भद्रकाली, काठमाडौं..१
नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं.......................................१
सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हल्चोक काठमाडौं..१
अञ्चल प्रहरी कार्यालय जनकपुर (तत्कालीन क्षेत्रीय प्रहरी इकाइ कार्यालय)..............१
तत्कालीन क्षेत्रीय प्रहरी इकाइ कार्यालय जनकपुर कार्यालयका प्रमुख तथा वरिष्ठ प्रहरी उपरीक्षक श्री चूडाबहादुर श्रेष्ठ १
जिल्ला प्रशासन कार्यालय धनुषा १
जिल्ला प्रशासन कार्यालय धनुषाका तत्कालीन प्रमुख जिल्ला अधिकारी रेवतिराज काफ्ले ..१
जिल्ला प्रहरी कार्यालय धनुषा १
जिल्ला प्रहरी कार्यालय धनुषाका तत्कालीन प्रहरी उपरीक्षक कुबेरसिंह राना मगर १

जिल्ला प्रशासन कार्यालय धनुषा...१

सैनिक ब्यारेक धारापानी (श्री ९ नं.वाहिनी फिल्ड) भीमान, धनुषाका तत्कालीन मेजर अनुप अधिकारी १

विषयः- सुरक्षाकर्मीद्वारा बेपत्ता ।

उजुरीको सङ्क्षिप्त विवरण

माथि उल्लिखित सम्पूर्ण उजुरीहरूको सङ्क्षिप्त विवरण र उजुरी संलग्न कागजात तथा उजुरीउपर भएको कारबाहीको विवरण र ब्यहोरा यसप्रकार रहेछ ।

मेरो छोरा जिल्ला धनुषा जनकपुर नगरपालिका वडा नं. १० स्थायी घर भएको वर्ष २४ को सञ्जीवकुमार कर्ण, ऐ.ऐ. का दुर्गेश लाभ, ऐ.ऐ.वडा नं. ४ घर भएका मछली भन्ने जितेन्द्र झासमेत छ-सात जना युवकहरूलाई जिल्ला प्रहरी कार्यालय धनुषाको जनपद प्रहरीले ऐ. जिल्ला जनकपुर नपा वडा नं ४ कटैया चौरीबाट पक्राउ गरी बेपत्ता पारेकाले जीवन रक्षा गरी स्थिति सार्वजनिक गरिपाऊँ भन्ने ब्यहोराको पीडितमध्ये सञ्जीवकुमार कर्णका पिता जयकिशोर लाभले फ्याक्समार्फत पठाएको उजुरी २०६०।६।२२ गते यस आयोगको मूल दर्ता नं. ४६३३ मा दर्ता हुन आएको रहेछ । यस्तै उक्त घटनामा थप प्रमोदनारायण मण्डल र शैलेन्द्र यादवलाई २०६० साल असोज २१ गते पक्राउ गरी अवस्था अज्ञात पारेकाले उनीहरूको समेत जीवन रक्षा गरी स्थिति सार्वजनिक गरिपाऊँ भनी पुनः जयकिशोर लाभले २०६०।८।१० मा पनि दिएको उजुरी मूल दर्ता नं. ५२४६ मा दर्ता भएको देखिन्छ । यसपछि जयकिशोर लाभले २०६२।६।१६ र २०६२।११।२६ गते दर्ता नं. क्रमशः १३११ र ३१३० मा पनि उजुरी दर्ता गराएको देखिन्छ । निज लाभले आयोगमा २०६०।११।४ गते पठाएको निवेदन पनि मूल दर्ता नं. ६५७५ मा दर्ता भएको रहेछ । यस्तै ऐ.ऐ व्यवहोराको पत्र पीडितमध्ये प्रमोदनारायण मण्डलका ... ले २०६४।६।२७ गते मूल दर्ता नं.४६८२ मा दर्ता गराएको देखिन्छ ।

नेपाल बार एसोसियसन मानव अधिकार परियोजनाबाट सञ्जीवकुमार कर्णको अवस्था सार्वजनिक गरिदिन अनुरोध भई २०६०।८।११ मा यस आयोगमा पठाएको उजुरी आयोगको मूल दर्ता नं. ५२७३ मा दर्ता भएको देखिन्छ भने यसपछि माथि उल्लिखित सम्पूर्ण पीडितहरूको जीवन रक्षा र अवस्था सार्वजनिक गरिपाऊँ भन्दै २०६०।८।२६ मा पीडितमध्ये शैलेन्द्र यादवको ... ले फ्याक्समार्फत पठाएको उजुरी पनि मूल दर्ता नं.

५५९६ मा र पुनः २०६०।१०।६ र ११।२० गते दिएको उजुरी मूल दर्ता नं. ६२१३ र ६८६१ मा दर्ता भएका रहेछन् ।

नेपाल मानव अधिकार सङ्गठनबाट २०६१।६।२१ गते यस आयोगको मूल दर्ता नम्बर १४६४ मा माथि उल्लिखित सबै पीडितहरूलाई २०६१ साल असोज २१ गते सुरक्षाकर्मीहरूले पक्राउ गरी बेपत्ता पारेको र उनीहरूको अवस्था अज्ञात रहेकाले निजहरूको जीवन रक्षा एवम् रिहाइका लागि पहल गरिपाऊँ भन्ने ब्यहोराको उजुरी दर्ता हुन आएको रहेछ ।

पीडितमध्ये दुर्गेश लाभको ... ले निज दुर्गेशको जीवन रक्षाको निम्ति २०६०।१०।६ मा नेपाल प्रहरीलाई पठाएको पत्रको फोटोकपी मिसिल संलग्न रहेछ । यसरी माथि विभिन्न मितिमा मूल दर्तामा अभिलेखित भएका उजुरीहरू उजुरी नं. ९८१, १०११, २४२७, २४२८, २४२९, २४३०, र २४३१ मा दर्ता भई कारबाही अगाडि बढेको रहेछ ।

आयोगमा दर्ता भएकामाथि उल्लिखित विवरण र ब्यहोराका उजुरीबाहेक पीडितहरूको जीवन रक्षाका लागि पहल गरिदिन भनी समाज उत्थान केन्द्र धनुषाले २०६०।६।२१ गते र नेपाल बार एसोसियसन मानव अधिकार तथा जनअधिकार सरोकार समिति जनकपुरले डिसेम्बर १७, २००३ मा प्रेस विज्ञप्ति प्रकाशित गरेको देखिन्छ । यस्तै २०६१ साल जेठ १४ गते इन्सेक मध्यमाञ्चल कार्यालयसमेत ३२ वटा मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूले निजहरूको अवस्था सार्वजनिक गर्न आग्रह गर्दै जारी गरेको संयुक्त प्रेस विज्ञप्ति मिसिल संलग्न रहेछ । निजहरूको अवस्था सार्वजनिक गर्न माग गर्दै पुनः २०६२।५।३० गते मानव अधिकार तथा सामाजिक सरोकार केन्द्र धनुषा, मानव अधिकार पत्रकार मञ्च जनकपुर, समाज उत्थान केन्द्र धनुषा, इन्सेक प्रतिनिधिलगायतका संस्थाहरूले पुनः विज्ञप्ति जारी गरेका रहेछन् । जिल्ला प्रशासन कार्यालयको दर्ता नं. १५१५ मिति २०६०।९।३ मा पीडितका परिवारका सदस्य तथा समाज उत्थान केन्द्र, धनुषा र नेपाल बुद्धिजीवि परिषद् धनुषासमेत दस जनाले प्रमुख जिल्ला अधिकारी धनुषालाई ज्ञापन प्रस्तुत गरी राष्ट्रिय मानव अधिकार आयोग, नेपाल बार एसोसियसन, रेडक्रसको अन्तर्राष्ट्रिय समिति, इन्टरनेसनल सेक्रेटरियट एमनेस्टि इन्टरनेसनल, प्रधानमन्त्रीको कार्यालय, गृह, कानुन तथा न्याय मन्त्रीहरू, सरकारको मुख्य सचिव, प्रधान सेनापति, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, नेपाली सेना मानव अधिकार सेल, क्षेत्रीय प्रहरी इकाइ कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक, नेपाली सेना ३ नं. वाहिनी, लाइट ब्याट्री, धारापानी धनुषा र क्षेत्रीय प्रशासन कार्यालयसमेतलाई बोधार्थ

दिई पठाएको रहेछ । सोको फोटोकपी यस आयोगमा २०६०।९।९ गते प्राप्त भई दर्ता नं.५८१८ मा दर्ता भएको रहेछ । निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको र निजहरूको जीवन रक्षा गरिपाऊँ भन्ने समेत ब्यहोराको जनमोर्चा नेपाल धनुषा, नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) धनुषा, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) धनुषा, दलित मजदुर किसान पार्टी धनुषा, राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) धनुषासमेतले आयोगलाई पत्राचार गरेको मिसिल अध्ययनबाट देखिन आएको छ ।

माथि उल्लिखित पीडितहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी अवस्था अज्ञात पारेको भनी नेपालमा प्रकाशित अधिकांश र भारतबाट प्रकाशित पत्रिकाले पनि प्राथमिकताका साथ समाचार प्रकाशित गरेका रहेछन् । त्यसरी प्रकाशित समाचारको फोटोकपी मिसिल संलग्न रहेछ । यसरी समाचार प्रकाशित गर्ने मिसिल संलग्न पत्रिकाहरूमा मिति २०६० असोज २२ गतेको जनकपुर टुडे, जनकपुर एक्सप्रेस, २३ गतेको स्पेस टाइम्स, २४ गतेको जनकपुर टुडे र जनकपुर एक्सप्रेस, २५ गतेको पूर्वाधार साप्ताहिक, २६ गतेको जनकपुर टुडे, २०६० कात्तिक ७ गतेको जागरण दैनिक, २०६० पुस ४ को जनकपुर टुडे र जनकपुर एक्सप्रेस, २०६० पुस ५ को कान्तिपुर दैनिक, २०६१ साल असार ६ गतेको पूर्वाधार राष्ट्रिय साप्ताहिक, साउन ३ गतेको जनकपुर एक्सप्रेस, ६ गतेको जन सौगात साप्ताहिक, साउन ७ गतेको लोक पुकार साप्ताहिक, २०६१ वैशाख जेठको इन्सेक मध्यमाञ्चल द्वैमासिक प्रकाशन मध्यमाञ्चल खबर, २०६१ पुस ११ गते प्रकाशित नेपाल साप्ताहिक र भारतको सितामढीबाट प्रकाशित दैनिक जागरण नामक पत्रिकाहरू रहेछन् ।

निजहरूको अवस्थाका बारेमा राष्ट्रियस्तरमा जतिकै अन्तर्राष्ट्रिय स्तरबाट पनि उल्लेख्य रूपमा चासो व्यक्त भएको मिसिल अध्ययनबाट पाइयो । विशेष गरी एमनेस्टि इन्टरनेसनलसँगै विभिन्न व्यक्ति र संस्थाहरूका तर्फबाट निजहरूको जीवन रक्षा गर्न, अवस्था सार्वजनिक गर्न तथा अनुसन्धान शीघ्र अगाडि बढाउन भन्दै तिन सयभन्दा बढी सङ्ख्याका पत्रहरू प्राप्त भएका र ती पत्रहरू मिसिल संलग्न गरिएको रहेछ । यसरी चासो व्यक्त गर्ने केही संस्था तथा व्यक्तिहरूमा एमनेस्टि इन्टरनेसनल, Udo Schonberg, 7 Church Hill Edinburg EH 104 BG, Amnesty International Shrewsbury Branch, United Kingdom, Cambria CA 156 TW England, Truro and Falmouth AI Group Southampton Group UK, Clown Bay Group 27 UK, Durham Action Group 51 UK, East Grin stead and District Group 260 UK, New Forest AI UK contact 14 conifer UK, AI Hilling Don Group, AI West Wiltshire group UK section, East Grin stead

England, Amnesty International Launceston Group लगायत रहेछन् । पीडितमध्ये सञ्जीवकुमार कर्णका पिता जयकिशोर लाभले आयोगमा इमेल गरी संयुक्त राष्ट्रसङ्घका तत्कालीन महासचिव कोफी अन्नानसमेतलाई बोधार्थ दिई पठाएको इमेल ब्यहोरामा उनीहरू किन मारिए ? कसले मार्‍यो ? जनकपुर क्षेत्रको कुन ठाँउमा मारिए ? कति बजे मारियो ? लास किन परिवारलाई बुझाइएन ? के पोस्टमार्टम तथा अन्य कानुनी प्रक्रियाहरू पुरा गरिए ? लास गाडिएको छ कि पुरिएको छ ? किन दुई वर्षसम्म परिवार तथा आफन्तलाई निजहरूको अवस्थाका बारेमा जानकारी गराइएन ? किन सेनाले पनि जानकारी गराएन ? उनीहरूलाई प्रहरीले किन मार्‍यो ? यी सबै विषयमा थप कारबाही तुरुन्त अगाडि बढाइपाऊँ भनी उल्लेख भएको रहेछ । Human Rights Features को जेनेभाबाट (4-10 April, 2005) मा प्रकाशित बुलेटिनमा पनि उल्लेख भएको रहेछ । एमनेस्टिले पीडितका पितालाई पठाएको पत्रमा पीडितमध्ये सञ्जीवकुमार कर्णको तस्बिरसमेतलाई निजको अवस्था तत्काल सार्वजनिक गर्न आग्रह गरेको रहेछ । उक्त अपिल *www.amnesty.org.uk/gcc/2005* मा अपडेटसमेत भएको अभिलेख मिसिल संलग्न रहेछ ।

पीडितका परिवारबाट बेपत्ता आफन्तहरूको जीवन रक्षार्थ राष्ट्रिय मानव अधिकार आयेगमा उजुरी दिने कार्यका अतिरिक्त अन्य विभिन्न प्रयासहरू पनि भएगरेका मिसिल अध्ययनबाट देखिन आएको छ । पीडितहरूमध्ये सञ्जीवकुमार कर्णका पिता जयकिशोर लाभले पीडितहरूको जीवन रक्षार्थ गरेको प्रयास सराहनीय देखिन्छ । मिसिल अध्ययन गरी हेर्दा निज लाभले आयोगमा उजुरी दर्ता गराइसकेपछि पनि पटक–पटक घटना र घटनामा संलग्न सरकारी तथा सुरक्षा निकायका कर्मचारीहरूका बारेमा जानकारी गराउनुभएको रहेछ । यसको साथै वहाँबाट घटनाका बारेमा संयुक्त राष्ट्रसङ्घका तत्कालीन महासचिव कोफी अन्नानलगायत एम्नेस्टी इन्टरनेसनल समेतसँग पत्राचार गरी एम्नेस्टी इन्टरनेसनलबाट Urgent Action जारी गराउने कार्य समेत गराउनुभएको देखिन्छ । छोरा सञ्जीवसमेत पाँचै जनाको अवस्था सार्वजनिक गर्ने कार्य गर्नुभएको देखिन्छ । वहाँकै प्रयासमा करिब ३०० को सङ्ख्यामा अन्तर्राष्ट्रिय समुदायबाट उनीहरूको जीवन रक्षार्थ पत्रहरू नेपाल सरकार, सुरक्षा निकायका प्रमुखलगायतमा पठाइएका पत्रहरूका बोधार्थ यस आयोगमा समेत प्राप्त भएका देखिन्छन् । नेपाल प्रहरीसमेत निजले व्यक्तिगत पहलमा पत्राचार गर्ने र जबाफ प्राप्त गर्ने, नेपाल बार एसोसियसनलाई समेत पत्राचार गर्ने, एम्नेस्टी इन्टरनेसनलका नेपाल, श्रीलङ्का र भुटान हेर्ने Acting Campaigner समेतलाई पत्राचार गर्ने, नेकपा (एमाले) का महासचिवका नाउँमा पत्राचार गर्ने, राजासमक्ष बिन्ती पत्र हाल्ने तथा पीडितहरू सुरक्षा कारबाहीमा मारिएको भनी जानकारी प्राप्त हुन आएपछि जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी हाल्ने समेतका प्रयासहरू भएको देखिन्छ ।

जिल्ला प्रहरी कार्यालय धनुषामा पीडितमध्ये सञ्जीवकुमार कर्णका पिता जयकिशोर लाभ र प्रमोदनारायण मण्डलका आफन्तबाट २०६३।३।२५ गते क्रमशः विशेष आन्तरिक दर्ता नं. १२८८ र १२८९ मा दर्ता गरेको *"बेपत्ता पारी हत्या गरी बेपत्ता पारेको (कर्तव्य ज्यान)"* मुद्दा दर्ता गरेको जाहेरीको फ्याक्स २०६४।१०।११ गते आयोगमा प्राप्त भई जाहेरी दरखास्त उजुरी संलग्न रहेछ । यस्तै प्रयास पीडितका अन्य परिवारहरूबाट पनि गरेको मिसिल अध्ययनबाट देखिन आएको छ ।

बेपत्ता परिवार समाजबाट पीडितहरूको जीवन रक्षार्थ केही प्रयास भएको मिसिल अध्ययनबाट देखिन आएको छ । उक्त समाजले २०६२।११।२८ गते एक विज्ञप्ति प्रकाशित गरी घटनाको अनुसन्धान गरी दोषीलाई कारबाहीको माग गरेको देखिन्छ ।

माथि उल्लिखित पीडितहरूको जीवन रक्षार्थ माथि उल्लिखित व्यक्ति निकाय तथा संस्थाहरूको उजुरी, चासो, चिन्ता र पहल सँगसँगै राष्ट्रिय मानव अधिकार आयोगबाट पनि निजहरूको जीवन रक्षा र सार्वजनिकीकरणका लागि मानव अधिकार आयोग ऐन २०५३ बमोजिम पहल र प्रयास भएको संलग्न मिसिलबाट देखिन आएको छ ।

आयोगमा उजुरी प्राप्त हुनासाथ निजहरूको जीवन रक्षार्थ बेपत्ता पारिएको भनिएको जानकारी प्राप्त हुनासाथ २०६३।६।२३ र २८ गते क्रमशः च.नं. ९८१ संरक्षण २२१५ र १०११।२२७१, का पत्र क्षेत्रीय प्रहरी इकाइ कार्यालय जनकपुरमा प्रेषित गरी सोको बोधार्थ नेपाल प्रहरी मानव अधिकार सेलमा दिएको रहेछ । उक्त पत्रहरूमा पक्राउ गरिएका भनिएका माथि उल्लिखित पाँच जना व्यक्तिहरूको मानव अधिकार रक्षार्थ आवश्यक पहल गर्नका लागि अनुरोध गरिएको मिसिल अध्ययनबाट देखिन आएको छ । यस्तै २०६१।१२।१८ र १२।२४ गते च.नं. ९८१ संरक्षण ३७७५ र १०११ संरक्षण ३८४६ का पत्र रक्षा मन्त्रालय, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय धनुषामा पनि प्रेषित गरी शाही नेपाली जङ्गी अड्डा मानव अधिकार सेल, नेपाल प्रहरी मानव अधिकार सेल र जिल्ला प्रहरी कार्यालय धनुषालाई पनि माथिकै ब्यहोरा उल्लेख गरी पत्राचार भएको रहेछ । साथै २०६१।९।९ गते च.नं. २४२७ संरक्षण १०८७, २४२८।१०८९, उल्लिखित पत्रहरूको समयमा नै जबाफ प्राप्त हुन नआएपछि आयोगबाट पुनः २०६१।१।१७, २०६१।४।२१ र २०६१।०७।२० गते च.नं. १५३१ संरक्षण ४०६९, १५३१ संरक्षण १३० र ९८१ संरक्षण ७८१ का ताकेता पत्रहरू पनि प्रेषित भएका रहेछन् । तर, यस अवधिसम्ममा पत्राचार गरिएका निकायहरूबाट यथार्थ जबाफ प्राप्त हुन आएको देखिएन ।

जिम्मेवार सुरक्षा तथा प्रशासनिक निकायहरूबाट यथार्थ जबाफ प्राप्त हुन नआएपछि आयोगबाट २०६२ साल भदौ २४ गते स्थलगत अनुसन्धान गर्नका लागि एक टोली

खटाई पठाइएको रहेछ । उक्त टोलीले अनुसन्धानपछि आयोगमा पेस गरेका कागजातहरूसमेत पेस भएका रहेछन् । यसपछि अनुसन्धानको क्रममा आयोगको मिति २०६१ असोज २१ र २२ गते जिल्ला प्रहरी कार्यालय धनुषाबाट पक्राउ गरी रिहा गरिएका व्यक्तिहरूको नामावली माग गरी पत्राचार गरिएकोमा त्यसको जबाफ आयोगमा प्राप्त हुन सकेको देखिएन । आयोगको अनुसन्धानको क्रममा निजहरू पाँचै जनाको प्रहरीको एकल कारबाहीमा मृत्यु भएको जानकारी प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालय धनुषामा पत्राचार गरी सो कार्यालयमा भएको जानकारी र कागजातहरू उपलब्ध गराइदिन २०६२।१२।३ गते च.नं. ९६१।१७१५ को पत्रबाट पत्राचार गरी जिल्ला प्रहरी कार्यालयलाई बोधार्थ दिइएकोमा त्यसको पनि जबाफ प्राप्त हुन आएको देखिन आएन । निजहरूको मृत्यु भएको भनिएको सम्बन्धमा पनि ऐ. मिति र सोको जबाफ तोकिएको समयमा प्राप्त हुन नआएपछि पुनः २०६३।३।६ मा ताकेता पत्र प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालयमा प्रेषित भएको देखिन्छ । यसबाहेक पीडितहरूलाई मारी उनीहरूको लास धनुषा जिल्लाको कमला नदी किनारामा गाडिएको भन्ने जानकारी प्राप्त भएकाले सो सम्बन्धमा अवलोकन गर्न भनी आयोगबाट पुनः २०६३।१२।२५ मा निर्णय भई अर्को अनुसन्धान टोली खटाई पठाइएको रहेछ । उक्त टोलीले पेस गरेको प्रतिवेदन मिसिल संलग्न रहेछ । यसको साथै आयोगबाट २०६३।३।८ गते प्रहरी कार्यालयबाट प्राप्त प्रतिवेदनमा उल्लेख भएबमोजिम २०६०।६।२१ गते सञ्जीवकुमार कर्णसमेत पाँच जना सँगै पक्राउ परी छुटेका भनिएका व्यक्तिहरू, सञ्जीवकुमार समेतलाई आर्मी ब्यारेक भीमान पुर्‍याई फर्किएका प्रहरीहरू र घटना समयमा कार्यरत जिम्मेवार प्रहरी अधिकृतहरू र जवानहरूको नामावली सात दिनभित्र आयोगलाई उपलब्ध गराइदिन भनी पत्राचार गरिएको रहेछ ।

यसबाहेक जिल्ला प्रहरी कार्यालय धनुषाले २०६३।७।१३ गते आयोगमा एक पत्र पठाई माथि उल्लिखित व्यक्तिहरूसमेतको मृत्युसमेतका अभिलेख सो कार्यालयलाई आवश्यक भएकाले पठाइदिनु भनी अनुरोध गरी पठाएको पत्रको जबाफ आयोगबाट पठाइएको रहेछ । साथै पीडितमध्ये सञ्जीवकुमार कर्णका पिता जयकिशोर लाभलाई निजको मागबमोजिम पटक–पटक आयोगबाट उजुरीमाथि भइरहेको कारबाहीको बारेमा लिखित रूपमा समेत जानकारी गराइएको रहेछ ।

आयोगको संरक्षण तथा अनुगमन महाशाखाबाट २०६४ असोज ७ गते उठाएको टिप्पणी महाशाखा प्रमुखसमक्ष सोही दिन पेस हुँदा समग्र मिसिल अध्ययन गरी तत्कालीन प्रमुख जिल्ला अधिकारी रेवतिराज काफ्ले, क्षेत्रीय प्रहरी कार्यालय धनुषाका तत्कालीन प्रहरी

उपरीक्षक डा.चूडाबहादुर श्रेष्ठ, जिल्ला प्रहरी कार्यालय धनुषाका तत्कालीन प्रहरी नायब उपरीक्षक कुबेरसिंह राना मगर र नेपाली सेना धारापानी (भिमान), धनुषा ब्यारेकका तत्कालीन मेजर अनुप अधिकारीसमेत घटनामा आरोपित देखिएका हुँदा आयोगको क्षेत्राधिकार अर्न्तगत आरोपित व्यक्तिलाई समेत सुनुवाइको मौका दिई निर्णयमा पुग्न आयोगमा बयानका लागि बोलाउन आवश्यक देखिएको तथा घटनाको गम्भीरतालाई हेर्दा Forensic Experts समेतको सहयोग परामर्श लिई शवोत्खनन गर्न र घटनाका बारेमा सार्वजनिक सुनुवाइ गर्न समेत उपयुक्त देखिएको हुँदा निर्णयार्थ आयोगको बैठकमा पेस गर्ने गरी सदर भएको रहेछ । तत्पश्चात् प्रस्तुत उजुरीहरू २०६४।९।२७ गते आयोगको बैठकसमक्ष पेस हुँदा आयोगबाट जिल्ला प्रहरी कार्यालय धनुषामा यस घटनाको विषयमा जाहेरी परेको हुँदा सो जाहेरीउपर के कारबाही भइरहेको छ, कारबाही ब्यहोरा माग गरी पत्राचार गर्न निर्देशन प्राप्त भई सो कार्यालयमा सोही दिन कारबाही ब्यहोरा माग गरी १५ दिनको म्याद दिई पत्राचारसमेत भएको रहेछ । तर, त्यसको जबाफ सो कार्यालयबाट प्राप्त हुन आएको रहेनछ ।

प्रस्तुत उजुरीहरूको अनुसन्धानका क्रममा आयोगबाट बुझिएका प्रत्यक्षदर्शी, जानकार व्यक्ति तथा परिवारका सदस्यहरूले आयोगसमक्ष गरी दिएको बयान कागजमा २०६१ असोज २१ गते जनकपुरको कटैया चौरीबाट सञ्जीवकुमार कर्णसमेतका नौ-दस जना व्यक्तिहरूलाई बिस-पच्चिस जनाको सङ्ख्यामा आएका प्रहरी र सेनाहरूले पक्राउ गरी कुटपिट गर्दै प्रहरीको गाडीमा राखी विश्वकर्मा चोक पश्चिमतर्फबाट तिनवटा प्रहरीका भ्यान आएका थिए । ती भ्यानमा पछाडिको भाग खुला रहेको र सोही खुल्ला भागमा उनीहरूलाई राखेको समेत देखेको हो । भ्यानको पछाडि प्रहरीहरूसँगै सञ्जीवकुमार कर्ण, दुर्गेश लाभसमेतलाई राखिएको थियो । उनीहरूलाई पक्राउपछि एसएसपी कार्यालय लगिएको हो । उनीहरूको खोजीको सम्बन्धमा जिल्ला प्रशासन कार्यालयका तत्कालीन अनुसन्धान अधिकृत विष्णुप्रसाद पोखरेल (२०६२।५।२९ गते नेकपा (माओवादी) बाट हत्या गरिएका) ले खोज्नलाई खर्च गर्नुपर्दैन पनि भनेका थिए । उनीहरूलाई पक्राउ गरी एसएसपी कार्यालयको चौरीमा राखिएको सम्म देखेको हो भनी उल्लेख भएको रहेछ ।

आयोगको ठहर

प्रस्तुत घटनामा २०६० साल असोज २१ गते जनकपुर नगरपालिका वडा नं ४ विश्वकर्मा चोकबाट सुरक्षाकर्मीहरूको गस्ती टोलीले दिपु भन्ने सञ्जीवकुमार कर्ण, दुर्गेश लाभ, प्रमोदनारायण मण्डल, शैलेन्द्र यादव र जितेन्द्र झासमेतलाई बेपत्ता पारिएकाले

स्थिति सार्वजनिक गरी पाउन आयोगमा उजुरी परेको, आयोगको स्थलगत अनुसन्धान प्रतिवेदन तथा प्रत्यक्षदर्शीको भनाइअनुसार समेत सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएको भन्ने रहेको । नेपाली सेना जङ्गी अड्डा मानव अधिकार शाखाको २०६२।१०।१० को पत्रसाथ प्राप्त नामावलीमा शैलेन्द्र यादवको २०६०।६।२१ गते प्रहरीको एकल कारबाहीमा मृत्यु भएको भन्ने र आयोगमा २०६२।१०।२० गते नेपाली सेना मानव अधिकार शाखाबाट प्राप्त पत्रमा क्रमशः सञ्जीवकुमार कर्ण (दिपु), दुर्गेश लाभ, प्रमोदनारायण मण्डल र जितेन्द्र झा (मछली) को प्रहरीको एकल कारबाहीमा मृत्यु भएको भनी पत्र प्राप्त हुन आएको पाइयो । प्रहरी प्रधान कार्यालय नक्सालको २०६२।११।१२ को पत्रानुसार सो घटनाको अनुसन्धान गर्न पाँच जना सदस्य रहेको छानबिन समिति गठन भएको भन्ने जानकारीसमेत प्राप्त हुन आएको थियो । सो टोलीले प्रस्तुत गरेको प्रतिवेदन प्रहरी प्रधान कार्यालयको २०६३।३।४ गतेको पत्रानुसार प्राप्त हुन आएको र सो प्रतिवेदनमा समेत २०६०।६।२१ गते क्षेत्रीय प्रहरी इकाइ कार्यालय घुमुवा टोलीको रिपोर्टिङको आधारमा उल्लिखित पाँच जनालगायतका शङ्कास्पद व्यक्तिहरूलाई प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक र आर्मी अधिकृतसमेतको टोलीले पक्राउ गरेको भन्ने देखिएको र सोही दिन पक्राउ परेकामध्ये केही व्यक्तिलाई छानबिनपश्चात् छाडिएको र उल्लिखित पाँच जनालाई सोही दिन बेलुका प्रहरीले आर्मीलाई बुझाएको भन्ने देखिन आएको छ ।

अतः सुरक्षाकर्मीद्वारा आफ्नो कब्जामा लिइसकेको व्यक्तिमाथि तत्कालीन संविधानमा भएको व्यवस्थाअनुरूप कारबाही गर्नुपर्नेमा सो नगरेको र तत्कालीन संविधानमा कानुनबमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने भनी उल्लेख भइरहेको र हाल नेपालको अन्तरिम संविधान २०६३ मा पनि सोअनुरूपको व्यवस्था भइरहेको देखिन्छ । साथै नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिसम्झौतामा उल्लिखित प्रावधानसमेत विपरीत गैरन्यायिक तरिकाले हत्या गरी मानिसको बाँच्न पाउने अधिकार हनन गरी मानव अधिकारको गम्भीर उल्लङ्घन गरेको पाइयो । सोही विषयमा जयकिशोर लाभले २०६३।३।२५ मा द नं १२८८ र ...ले द नं १२८९ मिति २०६३।३।२५ मा जिल्ला प्रहरी कार्यालय धनुषामा किटानी जाहेरी दरखास्त दर्ता गराएको मिसिल संलग्न रहेको जाहेरी दरखास्तबाट देखिएको, साथै आयोगको अनुसन्धान टोलीको प्रतिवेदन, प्रहरी प्रधान कार्यालयको प्रतिवेदनसहितको पत्रमा समेत वरिष्ठ प्रहरी उपरीक्षक, प्रहरी उपरीक्षक र आर्मी अधिकृतसमेतको टोलीले पक्राउ गरेको भन्ने उल्लेख भएको र त्यसबेला क्षेत्रीय प्रहरी इकाइ कार्यालयसमेतमा हाल अवकाशप्राप्त प्रहरी वरिष्ठ उपरीक्षक चूडाबहादुर श्रेष्ठ,

जिल्ला प्रहरी कार्यालय धनुषाका तत्कालीन प्रहरी उपरीक्षक कुवेरसिंह राना, जिल्ला धनुषा धारापानी गाविसस्थित सैनिक ब्यारेक (श्री नं ९ वाहिनी फिल्ड) का तत्कालीन मेजर अनुप अधिकारी रहेको र संयुक्त सुरक्षाफौजलाई आदेश दिने र निर्देशन दिने अधिकार तत्कालीन प्रमुख जिल्ला अधिकारी रेवतिराज काफ्लेमा रहेको देखिन्छ । निजहरू उक्त कार्यालयहरूमा कार्यरत रहेको भन्ने आयोगको अनुसन्धान टोलीको प्रतिवेदनबाट देखियो । निजहरूले पदीय दायित्वअनुसार कानुनबमोजिम आफूलाई तोकिएको जिम्मेवारी पुरा गरी नागरिकको जिउज्यान सुरक्षित गर्नुपर्नेमा सो नगरी मानव अधिकार उल्लङ्घन कार्यमा संलग्न रहेको देखिँदा आवश्यक अनुसन्धान गरी कानुनबमोजिम कारबाही गर्न मानव अधिकार आयोग ऐन २०५३ को दफा १३ (१) बमोजिम नेपाल सरकारलाई लेखी पठाउने र पीडितका आश्रित परिवारको भरणपोषणका लागि सोही ऐनको दफा १३(२) र राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली) २०५७ को नियम १७ बमोजिम मृतकका प्रत्येक परिवारलाई जनही रु. ३००,००० (अक्षरेपि तिन लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने ठहर्छ ।

यस निर्णयको जानकारी पीडित पक्षलाई समेत दिनू ।

....	....	....	....	....
सदस्य	सदस्य	सदस्य	सदस्य	अध्यक्ष

इति संवत् २०६४ साल माघ १५ गते रोज ३ शुभम्..।

अनुसूची – १०

सम्बन्धित प्रेस नोट/प्रेस विज्ञप्तिहरू

२०७१ साउन ४ गते

गोदार घटनामा मारिएकाहरूको शव पहिचान

धनुषाको गोदार क्षेत्रबाट २०६७ साल भदौ र फागुन महिनामा उत्खनन् गरिएका शवहरूको राष्ट्रिय मानव अधिकार आयोगको पहलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा वैज्ञानिक परीक्षण भई पहिचान भएको छ । ती शवहरू जनकपुरका सञ्जीवकुमार कर्ण, दुर्गेश लाभ, जितेन्द्र झा, प्रमोदनारायण मण्डल र शैलेन्द्र यादवको भएको पुष्टि भएको छ । २०६० साल असोज २१ गते उहाँहरूलाई जनकपुरबाट सुरक्षाकर्मीले पक्राउ गरेपछि बेपत्ता पारेका थिए । पहिचान भएका पाँचवटै मानव अवशेषहरू पीडित परिवारलाई हस्तान्तरण गर्ने सन्दर्भमा आज आयोगको सभाकक्षमा मानव अधिकारकर्मी, कानुन व्यवसायी तथा नागरिक समाजका अगुवाहरूसँग छलफल भयो ।

छलफलको क्रममा राष्ट्रिय मानव अधिकार आयोगबाट जारी ‘शवोत्खनन् मार्ग निर्देशिका २०६९’ बमोजिम पीडित परिवारहरूलाई शव हस्तान्तरण गर्ने कार्यमा नेपाल सरकारका उच्च पदस्थ अधिकारीको उपस्थिति हुनुपर्ने, पीडित परिवारलाई परिपूरणको व्यवस्था गरिनुपर्ने र दोषीलाई कारवाही गरी पीडित परिवारको न्यायप्राप्तिको अधिकारको सुनिश्चितता हुनुपर्नेलगायतका सुझावहरू प्राप्त भएका थिए । उक्त घटना संक्रमणकालीन न्याय र पीडितको न्यायप्राप्तिको अधिकारसँग सम्बन्धित रहेकोले सोको उचित सम्बोधन गर्न आयोग नेपाल सरकारसँग आग्रह गर्दछ ।

छलफल कार्यक्रममा आयोगका पूर्वसदस्यत्रय गौरी प्रधान, सुशील प्याकुरेल र सुदीप पाठक उपस्थित हुनुहुन्थ्यो । यसैगरी चरण प्रसाईं, विष्णुपुकार श्रेष्ठ, प्रदीप पोखरेल, सुबोध प्याकुरेल, कनकमणि दीक्षित, गोविन्द बन्दी, डा. गोपाल शिवाकोटी, भवानी खरेल, देवी सुनारलगायतका मानव अधिकारकर्मी एवम् नागरिक अगुवाहरूको छलफल कार्यक्रममा उपस्थिति थियो ।

(वेदप्रसाद भट्टराई)

कामु सचिव

प्रेस वक्तव्य

United Nations
Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

आइतबार, २०६७ असोज ३

संयुक्त राष्ट्रसङ्घद्वारा धनुषा जिल्लामा शव गाडिएको भनी आशङ्का गरिएको ठाउँमा उत्खनन गर्ने राष्ट्रिय मानव अधिकार आयोगको पहलको स्वागत

काठमाडौँ–संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय–नेपाल) नेपालमा सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता पार्ने कार्यबाट पीडित भएका भनिएका पाँचजना विद्यार्थीलाई गाडिएको भनी आशङ्का गरिएको धनुषाको एक ठाउँमा उत्खननमा नेतृत्व गर्दा राष्ट्रिय मानव अधिकार आयोग (आयोग) ले हासिल गरेको उल्लेखनीय उपलब्धिका लागि बधाई दिन्छ । आयोगका विज्ञहरूको नेतृत्वमा रहेको नेपाल प्रहरी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधि विज्ञानका ज्ञाताहरूको एक टोलीले उच्चायुक्तको कार्यालयको सहयोगमा गरेको उत्खननमा चार व्यक्तिको मानव अवशेष पायो । उक्त उत्खनन कार्य अस्थायी रूपमा शनिबार बन्द गरिएको छ र बेपत्ता पारिएको भनिएका पाँचौं व्यक्तिको अवशेष खोज्न पछि पुनः सुरु गरिनेछ ।

पाइएका यी मानव अवशेषहरू गाडिएका व्यक्तिहरूको पहिचान गर्न र बलपूर्वक बेपत्ता पार्ने कार्यसँग सम्बन्धित यी घटनाहरूलाई स्पष्ट पार्नका लागि डीएनए विश्लेषण गर्न विशेषज्ञहरूका लागि अत्यन्त उपयोगी छन् । नेपालको सर्वोच्च अदालतले सन् २००९ फेब्रुअरीमा नेपाल प्रहरीलाई धनुषामा भएका ती बेपत्ता पार्ने कार्यमा जाहेरी दर्खास्त दर्ता गर्न र अनुसन्धान कारबाही सुरु गर्न आदेश दियो तर यो निर्णय कार्यान्वयनमा अहिलेसम्म कुनै प्रगति हासिल भएको थिएन ।

“यो उत्खनन द्वन्द्वसँग सम्बन्धित मानवअधिकार उल्लङ्घनको एउटा महत्वपूर्ण प्रतीकात्मक घटनामा सङ्क्रमणकालीन न्याय तथा जवाफदेहीतातर्फ अगाडि बढ्ने एउटा महत्वपूर्ण अग्रगामी कदम हो । बेपत्ता पारिएकाहरूका परिवारको अनुरोधमा कारबाही गरेर आयोगले साँचो कुरा थाहा पाउने पीडितहरूको अधिकारको सम्मान गर्नुका साथै न्याय पाउने आफ्नो अधिकार प्राप्तितर्फको उनीहरूको आशालाई प्रगाढ बनाएको छ,” उच्चायुक्तको कार्यालय–नेपालका कार्यवाहक प्रमुख ज्योति साङ्घेराले भन्नुभयो । “आयोगको यो प्रशंनीय कार्य तथा नेपाल प्रहरी र सरकारद्वारा प्राप्त सहयोगको म स्वागत गर्छु । द्वन्द्वका क्रममा गरिएका मानवअधिकार उल्लङ्घनका सम्बन्धमा नेपालको सर्वोच्च अदालतले गरेका महत्वपूर्ण फैसलाहरूको कार्यान्वयन गर्ने बाटो अब खुलेको छ ।”

यस उत्खननमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार कार्यालयले गरेको सहयोगमा अनुगमन, प्राविधिक तथा अन्य बन्दोबस्ती सहायता समावेश थियो । उच्चायुक्तको कार्यालय उत्खनन टोलीमा आफ्नो समावेश तथा आफ्नो योगदानलाई आयोगसँगको सहयोगमा एउटा महत्वपूर्ण कदमका रूपमा लिन्छ र भविष्यमा यो अझ प्रगाढ हुने आशा व्यक्त गर्छ ।

प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ माघ ११ गते

दैलेख घटना दुःखद

पत्रकार डेकेन्द्र थापाको हत्याका अभियुक्तहरूलाई प्रचलित फौजदारी कानुनअनुसार कारबाही चलाउने वा नचलाउने भन्ने सवाललाई लिएर सत्तापक्ष र प्रतिपक्षबीच उत्पन्न द्वन्द्वको रूप लिनु दुःखद हो ।

प्रारम्भिक जानकारीअनुसार स्थानीयस्तरको परिस्थितिलाई नजरअन्दाज गरी मुठभेडको परिस्थिति निम्त्याउनमा सत्तापक्षीको अभिव्यक्ति र एनेकपा माओवादीको जिल्ला अधिवेशनमा नेताहरूलाई जिल्ला प्रवेश निषेध गर्ने प्रतिपक्षको कार्यशैली जिम्मेवार देखिएको छ ।

शान्तिपूर्ण रूपमा प्रदर्शनमा उत्रेका आन्दोलनकारी र सर्वसाधारण नागरिकमाथि भएको प्रहरी हस्तक्षेप र त्यसबाट उत्पन्न उत्तेजनापूर्ण परिस्थितिले एनेकपा माओवादीको कार्यलयमा तोडफोड हुनु खेदजनक छ ।

पत्रकार डेकेन्द्र थापाको हत्याका सन्दर्भमा दोषीलाई कारबाही हुनुपर्ने माग राखी आन्दोलनमा उत्रेका पत्रकार र स्थानीय सञ्चारगृहमाथि भएको दुर्व्यवहार र तोडफोड दुःखद छ ।

दैलेखको सदरमुकाममा भएको पछिल्लो घटनाबारे थप वास्तविकता बुझ्न आयोगको अनुगमन टोली त्यसतर्फ प्रस्थान भइसकेको छ ।

दैलेखमा हिजो भएको घट्नामा घाइतेहरूको यथोचित उपचारको व्यवस्था मिलाउन, जनधनको रक्षा गर्न, पत्रकार र मानव अधिकारकर्मीहरूले निर्भयपूर्वक काम गर्न पाउने वातावरण तयार पार्न, डेकेन्द्र थापाको हत्याको सन्दर्भमा भएका अनुसन्धान र अदालती प्रक्रिया विधिसम्मत ढंगबाट पूरा गर्न-गराउन तथा विद्यमान राजीतिक द्वन्द्वलाई संवाद र छलफलको माध्यमबाट तार्किक निष्कर्षमा पुऱ्याउन आयोग सबैसँग हार्दिक अनुरोध गर्दछ ।

....

(विशाल खनाल)
सचिव

प्रेस विज्ञप्ति

२०६९ असोज २३ गते

नागरिकमाथि अनावश्यक बल प्रयोग नगर

प्रधानमन्त्री निवास अगाडि धर्नामा बसेका बेपत्ता पारिएका नागरिकका परिवारजन र मानवअधिकारकर्मीहरुमाथि प्रहरीले बल प्रयोग गरेको घट्नाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

बेपत्ता नागरिकको अवस्था सार्वजनिक गर्न र तत्कालीन शाही सेनाको भैरवनाथ गणबाट नागरिक बेपत्ता गरेको अभियोग लागेका व्यक्तिलाई हालै बढुवा गरिएकोमा असहमति जनाउन धर्ना आयोजना गरिएको थियो ।

घट्नाबारे राष्ट्रिय मानव अधिकार आयोगले गरेको अनुगमनबाट कतिपय प्रदर्शनकारीको टाउकोमा चोट लागेको तथा केही सुरक्षाकर्मीहरु पनि घाइते भएको खुलेको छ ।

झडपको क्रममा घाइते हुन पुगेका बेपत्ता पारिएका नागरिकका परिवारजन, अधिकारकर्मी तथा सुरक्षाकर्मीलाई यथोचित रूपमा औषधोपचारको व्यवस्था मिलाउन आयोग नेपाल सरकारसंग अग्रह गर्दछ ।

आफ्ना मागलाई शान्तिपूर्ण ढंङ्गबाट राख्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई सम्मान गर्न आयोग नेपाल सरकारसंग आग्रह गर्दछ । यसैगरी आफ्ना माग अघि सार्ने क्रममा हिंसालाई प्रोत्साहन मिल्ने गतिविधिबाट टाढा रहन सरोकारवालाहरुसंग आयोग आग्रह गर्दछ ।

मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोप लागेका व्यक्तिहरुलाई कानुनको दायरामा ल्याउनुपर्छ भन्ने सवालमा आफ्ना सिफारिशहरुको पूर्ण कार्यान्वयन गर्न र दण्डहीनताको संस्कारलाई अन्त्य गर्न आयोग नेपाल सरकारसँग पुनः आह्वान गर्दछ ।

....

(विशाल खनाल)

सचिव

अनुसूची – ११

शवोत्खननको क्रममा लिइएका केही तस्वीरहरू



धादिङ्गको केवलपुरमा सरला सापकोटाको शव गाडिएको स्थानमा शवोत्खनन गर्नुपूर्व



काभ्रेपलाञ्चोकको चलाल गणेशस्थानामा शवोत्खनन गरिँदै

चलाल गणेशस्थानमा शवोत्खननको क्रममा आयोगका सदस्य विशेषज्ञसँग परामर्श गर्दै

EXH. M.S.
23-03-2007

काभ्रेपलाञ्चोकको पाँचखालस्थित मैना सुनुवारको शव गाडिएको स्थान, शवोत्खननपूर्व


EXHUMATION DKT DAILEKH
6
2065/3/11 25/6/2008

दैलेखमा डेकेन्द्रराज थापाको शवोत्खनन गरिँदै

राष्ट्रिय मानव अधिकार आयोग
NATIONAL HUMAN RIGHTS CO

शिवपुरीमा भएको शवोत्खननमा प्रमाण सङ्कलन गरिँदै


SHIVPURI
2064.9.7
2007.12.22
1
2
3

शिवपुरीमा प्रमाण सङ्कलन गरिंदै

SHIVPURI
2064.9.7
2007.12.22
12

निषेधित क्षेत्र
2008 01 02

कैलाली रामशीखरझालामा शवोत्खनन गरिँदं

गोदारमा शवोत्खनन गरिँदै



गोदारमा शवोत्खनन गरिँदै

गोदार शवोत्खननको क्रममा पीडित परिवारसँग परामर्श गर्दै आयोगका सदस्य

गोदार उत्खननको अवलोकन गर्दै आयोगका अध्यक्ष तथा सदस्य

गोदार शवोत्खननको अवलोकन गर्दै आयोगका सदस्य तथा धुनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी

गोदारमा शवोत्खनन गरिदै



गोदार उत्खननको क्रममा Blind Fold गरिएको अवस्थामा फेला परेको मानव अवशेष



गोदार शवोत्खननको क्रममा फेला परेका गोलीका खोकाहरू प्रमाणको रूपमा सङ्कलन गरिँदै



Time: 15:30
GODAR: 1
TRENCH: 23
EXT: 1
BODY: 3
EV: 005 (E15)
Description: Suspected meta

Date: 14-09-10
Time: 12:43
GODAR -1
TRENCH: 23
EXT: 1
BODY: - 3

Date: 14/09/10
Time: 14:26
GODAR - 1
TRENCH: 23
EXT: 1
BODY: 3
Evidence: 004 (E14)
Description: One Piece of "Cartridge"

Time: 10:20
Date: 14-09-10
GODAR: 1
TRENCH: 23
EXT: 1
Evidence: 002 (E-11)

Time: 13:45
Date: 13-09-10
GODAR: 1
TRENCH: 23
EXT: 1
Evidence: 001 (E-7)
Description: One Piece of Suspected "BULLET"

गोदार शवोत्खननको क्रममा फेला परेका प्रमाणहरु सङ्कलन गरी शिलबन्दी गरिँदै

गोदार शवोत्खननको क्रममा फेला परेका प्रमाणहरू सङ्कलन गरी शिलबन्दी गरिँदै

गोदार शवोत्खननबाट प्राप्त प्रमाण प्रहरीलाई हस्तान्तरण गर्दै आयोगका निर्देशक



गोदार शवोत्खननपछिको दृष्य, डोरीको घेराभित्र मानव अवशेष बरामद भएको स्थल



गोदार शवोत्खननपछि पीडित परिवारलाई शव हस्तान्तरण गरिँदै

गोदार शवोत्खननबाट पहिचान भएका मृतकहरूप्रति श्रद्धान्जली

गोदार शवोत्खननबाट पहिचान भएका मृतकहरूको अन्तिम संस्कार